क) विपक्षैकदेशवृत्ति, जस्तै- यस्माद्विषाणी तस्मादश्व अर्थात् यस्मा सिंग (सिङ) भएकाले यो अश्व हो । यहाँ घोडालाई छाडेर गाईभैंसीमा पनि शृङ्ग रहने भएकाले विरुद्धको पहिलो उदाहरण भयो ।

ख) विद्यमानसपक्ष विपक्षव्यापक, जस्तै- नित्यः शब्द, कार्यत्वाद् ।

ग) अविद्यमानसपक्ष विपक्षव्यापक ,जस्तै- सर्वं कार्यं सर्वज्ञकर्तृकं प्रमेयवदिति ।

घ) विद्यमान सपक्ष विपक्षैकदेशवृत्ति, जस्तै- जीवच्छरीरं सात्मकं कार्यत्वादिति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दिग्ध

पक्षमा साध्यको वर्तमानता (रहनु) तथा अवर्तमानता (नरहनु) दुवै धर्मलाई देखेर उत्पन्न हुने सन्दिग्ध सव्यभिचार हेत्वाभास हुन्छ। अर्थात् तत्समानजातीय (सपक्ष) र असमानजातीय (विपक्ष)मा रहने साधारण धर्मलाई देखेर सन्देह (संशय) उत्पन्न हुने अवस्थालाई सन्दिग्ध हेत्वाभास भनिन्छ। यो साधारण,असाधारण र अनुपसंहारी भेदले तीन किसिमको हुन्छ।

क) **साधारण** : ती तीनमध्ये जुन हेतु साध्यको अभावमा पनि रहन्छ भने त्यसलाई साधारण अनैकान्तिक भनिन्छ। जस्तै- पर्वतो बह्निमान प्रमेयत्वात् अर्थात् पर्वत अग्नियुक्त छ, प्रमेय भएकाले। यहाँ प्रयोग गरिएको हेतु प्रमेयत्व बह्निका अभाव जलादिमा पनि रहने भएकाले यो साधारण अनैकान्तिक हो।

ख) **असाधारण** : सबै सपक्ष र विपक्षबाट व्यावृत्त भएर केवल पक्षमा मात्र रहने हेत्वाभास असाधारण अनैकान्तिक हुन्छ। जस्तै- शब्दो नित्यः, शब्दत्वात् अर्थात् शब्द नित्य हो, शब्द भएकाले। यहाँ शब्दत्व हेतु अन्यत्र कहीं नरहेर केवल शब्दमा मात्र रहने हेतु हो। त्यसकारण यो अनैकान्तिक हेत्वाभास हो।

ग) **अनुपसंहारी** : जुन हेतु अन्वय, व्यतिरेक, दृष्टान्त आदि रहित हुन्छ, त्यसलाई अनुपसंहारी भनिन्छ। जस्तै- सर्वमनित्यं प्रमेयत्वादिति अर्थात् सबै अनित्य हुन्, प्रमेय भएकाले। यहाँ सबै पक्ष नै हुने भएकाले दृष्टान्तको अभाव हुँदा अनुपसंहारी हेत्वाभास भयो।

अन्य मत

मीमांसक कुमारिल भट्टले असिद्ध, अनैकान्तिक र बाधक भेदले हेत्वाभास तीनवटा छन् भनेका छन्। तर, उनका अनुयायी नारायणद्वयीले मानमेयोदयमा चार हेत्वाभासको उल्लेख गरेका छन्- 'असिद्धो विरुद्धोऽनैकान्तिकोऽसाधारणश्चेति चत्वारस्तदाभासा (मानमेयोदयः१९७८:७५)। अर्थात् असिद्ध, विरुद्ध, अनैकान्तिक र असाधारण भेदले हेत्वाभास चार किसिमका छन् भनेका छन्। असिद्धका पनि स्वरूपासिद्ध, व्याप्यत्वासिद्ध र आश्रयासिद्ध आदि विभिन्न भेदहरूको उल्लेख आफ्नो ग्रन्थ मानमेयोदयमा गरेका छन्। पार्थसारथी मिश्रले असिद्धका पाँच भेद बताएका छन्-स्वरूपासिद्ध, सम्बन्धासिद्ध, व्यतिरेकासिद्ध, आश्रयासिद्ध र व्याप्यसिद्धि (शास्त्रदीपिकाः१९४८:६५:)

विरुद्धका पनि साध्यस्वरूपबाध र साध्यविशेषबाध भेदले दुई किसिमको हुन्छ भनेर श्लोकवार्तिककारले भनेका छन्। यसैलाई अँगाल्दै नारायणद्वयीले आफ्नो ग्रन्थमा भनेका छन्-

स च बाधक इत्येवं वार्तिके व्यपदिश्यते।

द्विधा चासौ स्वरूपस्य विशेषस्य च बाधनात्॥ (मानमेयोदयः १९७८:७९)।

सव्यभिचारलाई अनैकान्तिक पनि भनिएको छ। नैयायिकहरूले अनैकान्तिकका तीन भेदअन्तर्गत असाधारणलाई राखेका छन् तर मीमांसक नारायणद्वयीले असाधारण छुट्टै हेत्वाभास हो भन्ने मान्यता राख्छन्।

बौद्धाचार्य धर्मकीर्तिले आफ्नो ग्रन्थ न्यायविन्दुमा असिद्ध, विरुद्ध, अनैकान्तिक भेदले तीन हेत्वाभासको चर्चा गरेका छन्। अतएव बौद्ध मतमा हेत्वाभासका तीन प्रकार स्वीकार गरिएको पाइन्छ। दिङ्नागले पनि 'न्याय प्रवेश' ग्रन्थमा यिनै तीन हेत्वाभासको उल्लेख गरेका छन्।

साङ्ख्यहरू पनि असिद्ध, विरुद्ध र अनैकान्तिक नामका तीन हेत्वाभास मान्दछन्। साङ्ख्यको माठरवृत्ति ग्रन्थमा यही कुरा उल्लेख भएको पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जैनाचार्य सिद्धसेन र वादिदेवले पनि माथि बताइएका अर्थात् असिद्ध, विरुद्ध र अनैकान्तिक तीन हेत्वाभासको गणना गरेका छन् । प्रमाणवार्तिक ग्रन्थमा जैन दर्शन स्वीकृत हेत्वाभासहरूको वर्णन गरिएको पाइन्छ ।

निष्कर्ष

यी माथि उल्लेख गरिएका प्रमाणहरूबाट के निष्कर्षमा पुग्न सकिन्छ भने अनुमान वाक्यमा हेतुको जति महत्त्वपूर्ण स्थान छ, त्यति नै हेत्वाभासको ज्ञानविना सम्यक् हेतुको प्रयोग गर्न कठिनाई हुन्छ र सम्यक् हेतुको प्रयोग नभईकन अनुमान वाक्यले भन्न खोजेको अभीष्ट पूरा हुन सक्दैन । त्यसमा पनि वाक्यरूप परार्थानुमानका लागि पञ्चावयव वाक्यको प्रयोग अनिवार्य हुन्छ । र, ती पञ्चावयवमध्येको दोस्रो अवयव हेतुको समीचीन प्रयोगका लागि हेत्वाभासको ज्ञान हुनु अपरिहार्य मानेर नै सम्पूर्ण आस्तिक र नास्तिक दर्शनहरूमा हेत्वाभासको विवेचना भएको पाइन्छ । तिनीहरूको संख्या र स्वरूपमा मतान्तर भए तापनि हेत्वाभासको ज्ञान हुनुपर्ने कुरालाई सबैले स्वीकार गरेका छन् । चार्वाक दर्शनमा प्रत्यक्ष मात्र प्रमाण मानिएकाले अनुमानमा प्रयोग हुने हेत्वाभासको चर्चा भएको पाइँदैन । तर अन्य दर्शनमा भने यथासम्भव हेत्वाभासका बारेमा निरूपण गरिएको पाइन्छ । त्यसकारण विशेषतः परार्थानुमानको सम्यक् ज्ञान र समीचीन प्रयोगका लागि हेत्वाभासको पनि राम्रो ज्ञान हुनु आवश्यक छ भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

सन्दर्भसूची

अन्नम्भट्ट, (२००८), तर्कसंग्रहः, आलेकव्याख्या-टिप्पणीभ्यां संवलित, द्वितीय संस्करण, (व्याख्याकार वरदाचार्य), महीशूरपुरी : आर्षग्रन्थप्रकाशन ।

नारायणद्वयी, (१९७८), मानमेयोदयः, स्वामीयोगिन्द्रानन्दकृत हिन्दी व्याख्या समलंकृत, (सम्पादक योगिन्द्रानन्द), वाराणसी : षड्दर्शनप्रकाशनप्रतिष्ठान ।

प्रशस्तदेव, (वि.सं. २०४०), प्रशस्तपादभाष्यम्, सूक्ति-सेतु-व्योमवती टीकात्रयसहितम्, द्वितीय संस्करण, (संस्कर्ता गोपीनाथकविराज-ढुण्डीराजशास्त्रि), वाराणसी : चौखम्बाअमरभारती प्रकाशन ।

भट्ट, कुमारिल, (१९७८), श्लोकवार्तिकम्, पार्थसारथिमिश्रविरचितया न्यायरत्नाकरव्याख्यया सनाथम् ,(सम्पादकः द्वारिकादासशास्त्रि), वाराणसी : तारा पब्लिकेसन्स ।

भट्टाचार्य, जगदीश, (विसं२०२९), तर्कामृतम्, प्रकाश-संस्कृत-हिन्दीभाषानुवाद, तृतीय संस्करण, (अनुवादक श्रीरामचन्द्रमिश्र), वाराणसी : चौखम्बा विद्या भवन ।

भट्टाचार्य, विश्वनाथपञ्चानन, (१९९१), न्यायसिद्धान्तमुक्तावलि, विलासिनीसंस्कृतव्याख्याया हिन्दीव्याख्ययाचोपेता, द्वितीय संस्करण, (व्याख्याकार ज्वालाप्रसादगौड), दिल्ली : चौखम्बासंस्कृतप्रतिष्ठान ।

मिश्र, केशव, -वि.सं.२०५७) तर्कभाषा, दशम संस्करण, (व्याख्याकार विश्वेश्वरसिद्धान्तशिरोमणि), वाराणसी : चौखम्बासंस्कृत संस्थान)

मिश्र, पार्थसारथि, (१९४८), शास्त्रदीपिका, श्रीराममिश्रशास्त्रिणा संस्कृता-तदीयविरलटिप्पण्या संकलिता च, काशी : मेडिकल हल मुद्रणालये मुद्रयित्वा प्रकाशिता ।

मिश्र, शङ्कर, (वि.सं.२०६४), वैशेषिकसूत्रोपस्कार, प्रकाशिकाहिन्दीव्याख्योपेता, तृतीयं संस्करणम्, (सम्पादक नारायण मिश्र, वाराणसी : चौखम्भा प्रकाशन ।

मिश्र, शालिकनाथ, (वि.सं. २०१८), प्रकरणपञ्चिका, न्यायसिद्ध्याख्यव्याख्यया संवलिता, सम्पादक श्रीसुब्रह्मण्यशास्त्रि), वाराणसी : काशी-हिन्दु-विश्वविद्यालय ।

वात्स्यायन, (१९९८), न्यायभाष्यम्, प्रसन्नपदव्याख्यया युतम, (सम्पादक द्वारिकादासशास्त्रि) अभिनव संस्करण, वाराणसी : बौद्धभारती प्रकाशन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जीवात्माको उत्तमगति विमर्श

डा. चेतमणि न्यौपाने
उपप्राध्यापक, वाल्मीकि विद्यापीठ

लेखसार

वैदिक परम्परामा जन्मदेखि मृत्युसम्म विविध प्रकारका संस्कारहरू हुन्छन् । जसमा मृत्यु संस्कार एक महत्त्वपूर्ण र अनिवार्य संस्कार हो । यही मृत्यु संस्कारका विषयमा विभिन्न सम्प्रदायहरूमा विभिन्न किसिमका चर्चा परिचर्चा हुने गरेको छ । सोही संस्कार जीवात्माको उत्तम गति होस् भन्ने उद्देश्यले पाठ गर्ने गरिएको गरुडपुराण प्रेतकल्पको विषय विश्लेषणीय छ । त्यसैले प्रस्तुत गरुडपराण प्रेतकल्पका विषयमा चल्तीमा रहेको १६ अध्याय प्रेतकल्प व्यक्तिप्रणीत भएकाले ऋषिप्रणीत पुराण नै पाठ पारायण गर्नुपर्ने वैदिक परम्परा भएकाले मूल पुराणको अंश भित्रको गरुडपुराण प्रेतकल्प ४९ अध्यायको नै पाठपारायण गर्नु गराउनु पर्छ र त्यसबाट मात्र मृतात्माको उत्तम गति हुन्छ ।

शब्दकुञ्जी उत्तमगति, ऋषिप्रणीत, जीवात्मा, प्रेतकल्प, मोक्ष ।

विषयप्रवेश – प्रस्तुत विषयमा हाम्रो चल्तीमा आएको १६ अध्यायको प्रेतकल्प पुराणको मूल पाठभित्रको नभएकाले ऋषिप्रणीत ४९ अध्यायको मूलपाठ नै पाठपारायण गराउनुपर्छ भन्ने विषयमा यो आलेख केन्द्रित छ ।

समस्या – प्रस्तुत विषयमा हाम्रो चल्तीमा रहेका व्यक्तिप्रणीत १६ अध्यायको पुराण पाठ भइरहेकोमा यो ऋषिप्रणीत हैनै भन्न प्रस्ट भएकाले यही समस्याको सेरोफेरोमा ऋषिप्रणीत ४९ अध्यायको पुराण मूल हो भन्ने प्रष्ट पार्ने प्रयास गरिएको छ ।

शोधिविधि र सीमाङ्कन – प्रस्तुत विषयमा अध्ययन विधि नै मूलविषय हो । यसै प्रसङ्गमा विश्लेषण र तुलनात्मक विधि पनि यहाँ प्रयोग भएको छ । गरुडपुराणको प्रेतकल्प चर्चा मात्र यो आलेखको सीमा रहेको छ ।

गरुडपुराण प्रेतकल्प

श्रुतिस्मृति पुराणको सुसमृद्ध र महनीय परम्परामा पुराणको ठुलो महत्त्व छ हाम्रो परम्परामा । यी पुराणहरूलाई महापुराण उपपुराण र औपपुराण गरी विभाजन गरेर व्याख्या विश्लेषण गरिएको पाइन्छ । यसमा १८ वटा महापुराण, १८ उपपुराण र १८ औपपुराण छन् । १८ महापुराणमा अग्निपुराण, कुर्मपुराण, गरुडपुराण, नारदीयपुराण, पद्मपुराण, ब्रह्मपुराण, ब्रह्मवैवर्तपुराण, ब्रह्माण्डपुराण, भविष्यपुराण, भागवतपुराण, मत्स्यपुराण, मार्कण्डेयपुराण, लिङ्गपुराण, वराहपुराण, वामनपुराण, वायुपुराण, विष्णुपुराण, स्कन्दपुराण यी पुराणहरू महापुराण भित्र पर्दछन् । यसर्थ, गरुडपुराण पनि महापुराणभित्र पर्दछ । यसरी अकारादिक्रम नमिलाई देवी भागवतमा भनिएको छ ।

मद्वयं भद्वयं चैव ब्रत्रयं वचतुष्टयम् ।

अनाप कूष्क लिङ्गानि पुराणानि पृथक् पृथक् । देवी भा. १। ३। २

यसरी श्रुतिस्मृतिमा स्पष्टरूपमा व्यक्त नभएका धर्मका गूढ रहस्य र व्याख्या विश्लेषण पुराणमा हुन्छ । तसर्थ वेदको उपवृंहण पुराणले गर्दछ भनिन्छ । इतिहासपुराणाम्यां वेदं समुपवंहयेत् । विभेत्यल्पश्रुतात् वेदो मामयं प्रहरिष्यति । शिवपु. ७ ।१।१।४० यसर्थ पुराणले वेदको समुचित व्याख्या विश्लेषण गरेको हुन्छ । गरुडपुराणको हाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तीन संस्करण प्रकाशित छन् (आचार्य, ई.२००४) । ई. १८९० को जीवानन्द संस्करण, कलकत्ताबाट छापिएको १८१२ शकाब्द वङ्गवासी संस्करण र बम्बइको वेङ्कटेश्वर यन्त्रालयबाट छापिएको वि.स. १९६३ को संस्करण गरी ३ संस्करण प्राप्त छन् । वि.स. २०२१ को वाराणसीको चौखम्बा संस्कृत सिरिजको प्रकाशलाई जीवानन्द संस्करणको पुनर्मुद्रण बताइन्छ । यो जीवानन्द संस्करणको पुनमुद्रण चौखम्ब सं.सि.को पुस्तकमा पूर्वखण्ड २२९ अध्याय र प्रेतकल्प ३५ अध्याय प्राप्त छ। त्यसैगरी वङ्गवासी कलकत्ताबाट छापिएको संस्करणमा पूर्वखण्ड २४३ अध्याय उत्तरखण्ड ४५ अध्याय प्राप्त छ। त्यसैगरी वैङ्कटेश्वर संस्करणमा पूर्वखण्ड आचारखण्ड २४१ अध्याय र उत्तरखण्ड धर्मकाण्ड प्रेतकल्प ४९ अध्याय प्राप्त छ। बम्बइको बैङ्कटेश्वर यन्त्रालयबाट छापिएको संस्करणमा ब्रह्मकाण्ड नामको २९ अध्याय को ग्रन्थ प्रकाशित छ त्यसको विवरण शिवराज गुरुद्वारा सम्पादित ४९ अध्यायको ग्रन्थको भूमिका पृ. ३९ मा छ। अत जीवानन्द संस्करणको प्रेतकल्प ३५ अध्याय, वाङ्गवासी संस्करणको प्रेतकल्प ४५ अध्याय र वैङ्केटेश्वर संस्करणको प्रेतकल्प ४९ अध्याय प्राप्त छ। यसैको मृत्युसंस्कारमा उपयोग गर्नुपर्छ।

हाम्रो देशमा र समाजमा बहुप्रचारित र सबैले प्रयोग गर्ने गरेको १६ - १७ अध्यायको गरुण पुराण र सारोद्धार नामको ग्रन्थ व्यक्ति प्रणीत हो यसका लेखक भारतको राजस्थानको झुञ्झुनु नाम गरेको नगरका सुखलाल मिश्रको नाती हरिनारायण मिश्रको छोरा नौनिधिराम मिश्र हुन् (आचार्य, ई.२००४)। उनले नानाशास्त्रको विविध विषयहरू समावेश गरेका छन्। यो कुरो उनले आफ्नै सारोद्धार ग्रन्थमा भनेका छन्। इत्येवं सर्वशास्त्राणां सारोद्धारो निरुपितः। मया ते षोडशाध्यायैः किं भूयः श्रोतुमिच्छसि ॥ सारोद्धार १६। ११७। यसप्रकार यो सारोद्धार अर्वाचीन नौनिधिराम मिश्र कृत हो भन्ने प्रमाणित छ।

त्यसैगरी यो सारोद्धारमा वि.स. १९४५ मा मुम्बइको निर्णयसागर मुद्रणालयबाट छापिएको संस्कृत टीकामा "स्वकृत श्लोक" भनेर १३ वटा श्लोक अन्तमा प्राप्त छ। आधुनिक पण्डितहरूको विप्रलिप्साका कारण ती १३ वटै श्लोकहरू हटाएर पुस्तक प्रकाशित गरिएको हुँदा सामान्य जनमात्र हैन पण्डितै हु भन्ने पनि अन्धकारमा परेको देखिन्छ भनि शिवराज आचार्य गुरुले आनो ग्रन्थको भूमिका पृ. ४० मा बताउनुभएको छ र पृ. ४६ मा ती १३ पद्यहरू पनि छापिदिनु भएको छ।

आसीद् वक्ता पुराणस्य श्रीशार्दूलमहीपते : ।

झुञ्झुणूनगरस्याऽपि मिश्रः श्री सुखलालजी ॥१॥

तस्य श्रीहरिनारायणाऽत्मजस् तत्सुतेन तु ।

मया नौनिधिरामेण कृतोऽयं सारसग्रह : ॥२ ।

सारोद्धारमिमं मिश्राः पठन्तु न पठन्तु क ।

मया तु स्वीयबोधाम कृतमेतत् न सर्वशः ॥१०। भूमिका पृ. ४६।

इत्यादि प्रमाणहरूबाट यो १६ अध्यायको सारोद्धार नौनिधिराम कृत अर्वाचीन भन्ने शब्दतः प्रमाणित हुन्छ। तसर्थ ऋषिप्रणीत ग्रन्थमा मात्र पाठमा अपूर्वता हुन्छ र पाठका लागि ग्राध्य हुन्त व्यक्तिकृत रचनामा अपूर्वोत्पत्ति सामर्थ्य हुँदैन (तन्त्रवार्तिक १।३।७ भूमिका पृ. ४६) भन्ने वैदिक मूल मान्यताको पनि व्यत्तिकृत १६ अध्यायको सारोद्धारमा उल्लङ्घन भएको देखिन्छ तसर्थ १६ अध्यायको सारोद्धार पुराण होइन स्वतन्त्र निबन्ध ग्रन्थ हो। यसलाई हामीले प्रयोगमा ल्याउन मिल्दैन भन्ने छर्लङ्ग हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सोह्र अध्यायको सारोद्धार

सोह्र अध्याय भएको सारोद्धार ग्रन्थ व्यक्तिकृत भएकाले त्यसलाई पाठको ल्याउनु चिन्त्य विषय हो। साथै ऋषिकृत न भएकाले त्यसबाट अपूर्वोत्पत्ति भई मृतात्माको शक्ति वा उत्तमगति कल्पना काशी जाने कुतीको बाटो भन्ने नेपाली उखान चरितार्थ हुने देखिन्छ। साथै ४९ अध्यायको प्रेतकल्पमा नभएका अनाकांक्षित विवरणहरू पनि आएको देखिन्छ। ती यसप्रकार छन् - भक्तिमार्गमा विशेष जोड १। ९। ११, १५।९१ - ९५, मर्ने वित्तिकै यमलोक प्राप्त हुने फेरी फर्केर मनुष्य लोकमा आउने १। ४०-४१। शीमलको रुखमा दिइने दुःख ३। ३४-३८, यमचित्रगुप्तमन्त्र जप विधान ३।४२। शिवहरिगणेशपूजोल्लेख ४। ३६। आश्रित ब्राह्मणलाई छोडेर अरुलाई दानदिनेको निन्दा ५। ४२। गर्भस्तुति ६। १६-२३।, हरिवंशश्रवणविधान ७।८, हरिनामाहात्म्य अजामिलको उदाहरण ८। १२-२१। राज्यमा भएका पापको नाशका लागि भूमिदानको प्रशंसा ८।५०-५५।, अन्तधेनुरुद्रधेनु आदिदान ८।५६। तुलसीको अतिशयमहिमा ९। ६-९।, भागवत श्रवण विधान ९। ३१-३२।, पुत्रवधुले शवको प्रदक्षिणा विधान १०।११ शवदाहमा मस्तकस्फोटको विधान १०।५६, प्रेतपिण्डदानमा कौशिकऋषिको स्थापन पूजन ११।२७,जलाञ्जली सङ्ख्यामा एकपक्षीय व्यवस्था ११।३०, कलौ न पलपैतृकम्को प्रतिपादन ११।३७, दशदिनसम्म प्रतिदिन ब्राह्मणलाई मिष्ठान्न भोजन गराउने व्यवस्था ११।३९ कलिमा सबै वर्णका लागि १० दिनको अशौच व्यवस्था १३।१९। सपिण्डोत्तर ग्रह देवी विनायक पूजा व्यवस्था १३।५४ - ५५। सपिण्डोत्तर क्रियावस्त्रत्याग व्यवस्था १३।५८।, सप्तव्याधा इति श्लोकको उल्लेख १३।११६-११९। षट्चक्रचिन्तन अजपाजपविधान १५। ४-५ प्रेतकल्प श्रवणको अनिवार्यत्व प्रदर्शन श्रवणफल श्लो ७ - १०। यसप्रकारका कृत्यहरू यो सारोद्धार ग्रन्थमा आएको देखिन्छ।

पैंतिस अध्यायको प्रेतकल्प

वङ्गवासी संस्करणमा ४५ अध्याय प्रेतकल्प प्राप्त छ त्यसमा ४९ अध्यायवाला पाठमा सबै जसो विषय साम्य छन् कुनै कुनै अध्यायमा एक दुई श्लोकहरू छुटेका छन् ४ अध्याय मात्र अध्याय विभाजनमा पाठक कमी भएको देखिन्छ। तसर्थ १६ अध्यायको तुलनामा यो प्रेतकल्प सर्वांसनै ग्राह्य छ भनि शिवराज गुरुले पृ. ४८ मा भन्नु भएको छ। त्यसैगरी जीवानन्द संस्करणको ३५ अध्यायको प्रेतकल्पमा ४९ अध्यायको पुराणका शरुका १० अध्यायका विषय छोडिएका छन्। ४९ अध्याय पुराणको आएको ११ औं अध्यायको वियाय पहिलो १२ औं अध्याय विषय दोस्रो अध्यायमा आएको छ। १३ औं को तेस्रोमा आएको छ। ४९ अध्यायको पुराणको २४, २५ अध्यायको विषय ३५ अध्यायको पुराणमा १४, १५ अध्यायमा आएको छ। बैङ्कटेश्वर संस्करणको ४२ अध्यायको विषय जीवानन्द संस्करणमा ३१ अध्यायमा, त्यसैगरी ४४, ४५ अध्यायको विषय ३२, ३३ अध्यायमा त्यस्तै ४६ को ३४ अध्यायमा ४७ अध्यायको विषय ३५ अध्यायमा त्यस्तै ४८, ४९ को विषय ३५ अध्यायको पुराणमा उल्लेख छैन। तसर्थ व्यक्तिकृत १६ अध्यायको सारोधारको तुलनामा विषयहरूको समानता र सिद्धान्तमा एकलोलिभाव रहेको र कतिपय श्लोकहरू उपक्रम र उपसंहार नै सर्वांशमा मिल्ने हुँदा जीवानन्द संस्करणको ३५ अध्यायको प्रेतकल्प ग्राह्य छ। अध्याय विभाजनमा १४ अध्याय कमि भएता पनि यो ३५ अध्यायको प्रेतकल्प १६ को सारोदारको तुलनामा ग्राह्य छ।

उनन्चास अध्याय प्रेतकल्पः

यो ४९ अध्यायको बेङ्कटेश्वर संस्करणमा मोक्षोपाय वर्णन कर्मविपाकको विस्तृत विवरण शवको यात्रा देखि मसानसम्मको यमगाथा आदिका व्यवस्थिततिकरण को विचार गर्दा पारस्करगृहसूत्रको अनुकूल यो प्रेतकल्प छ भन्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सकिन्छ। १६ अध्यायको सारोद्धारमा नभएको कतिपय पुराणका रहस्यात्मक कृत्यहरू र विविध विवरणहरू यो ४९ अध्यायको धर्मकाण्ड नामको प्रेतकल्पमा प्राप्त छ। तिनका विवरणहरू यसप्रकार छन्। - देहान्तरप्राप्तिको विषयमा प्रश्न र उत्तर १। ६८, १०। ७२ - ८९।, वेदान्तसूत्रअनुसारको 'अपि च साप्त' नरकको उल्लेख ३। १। १५। ३। २श्र ४८। अञ्जलीदानमा वेदशाखा सूत्रअनुसारको व्यवस्था ४। ७५ - ७७।, शोकापवादन, ४। ८१ - ८५।, क्रीतलब्धाशन विधान ५। ३।४, वृषोत्सर्गमा ४ वाछा सहितको विकल्प १४। २५, ३६, वृषको अनुकल्प व्यवस्था ५। ४४ - ४६, वशिष्ठ वीरवाहनसंवाद ६।४।२७। तीर्थ विवरण ६।५९ - ७६।, नारदकथा, ६, ८४ - ११०।, पञ्चप्रेतोपाख्यान ७।२।१०२, भीष्म युधिष्ठिर संवाद २२।१८- ७७।, इत्यादि विषयहरू १६ अध्यायमा उपलब्ध छैनन्।

यी सबै विषयहरू प्राप्त भएका हुनाले ३५ अध्याय ४५ अध्याय यी सबै पाठहरू "सर्वं पदं हस्तिपदे निमग्नम्" यसप्रकारको न्यायद्वारा बेङ्कटेश्वर संस्करणको ४९ अध्याय नै मूल पाठ भएको श्राद्धकालमा र प्रेतसंस्कारको कालमा पाठ गर्न र श्रवण गर्न पनि युक्तियुक्त देखिन्छ भनि शिवराज गुरुले पृ ४९ मा उल्लेख गर्नु भएको छ। हामीले पनि यसको अनुशरण गरेमा इष्ट सिद्धि नै हुन्छ।

कतिपय विषयहरू

हाम्रा आचरणहरूमा वा परम्परामा रहेका कतिपय विषयहरू पुराणमा प्रदत्त हुन्छन्। यसै सन्दर्भमा ३५ अध्यायको प्रेतकल्प र ४९ अध्यायको प्रेतकल्प दुवैमा प्राप्त भएको ३ पुस्ते श्राद्ध गर्ने विधान विधि वाक्यको रूपमा आएको देखिन्छ।

तत्र तत्र त्रयं कार्यम् अन्यथा पितृघातकः।
त्रिभिः कुर्यादशक्तश्च पार्वणं मुनिनोदितम्॥ २६।१७।४९ को पुराण
पिता पितामहश्चैव तथैव प्रपितामहः।

एकोदिष्टं त्रयाणां स्यादन्यथा पितृघातकः॥ १६। १७-३५ को पुराण पिताको सपिण्डीकरण भएपछि वर्ष दिनमा क्षयाह श्राद्ध गर्नुपर्ने त्यस्तै पितामह र प्रपितामहको पनि क्षयाह श्राद्ध गनुपर्ने नत्र पितृघातक हुने। साथै तीनपुस्ते श्रयाहश्राद्ध गर्न नसके पिताको तिथिमा एकपार्वण श्राद्ध गर्नुपर्ने भन्ने वचन मननीय छ (गरुड, ४९ अ. ६।१७)। त्यसैगरी मृतात्माको तृप्तिका लागि १२ दिनमा ६ महिनामा ४५ दिनमा वा १ वर्षमा १६ जना ब्राह्मणलाई उदककुम्भ दान दिई भोजन (३५ अ. गरुडमा २७।१३, ४९ अ. गरुडमा ३७।१०) गराउनु भन्ने विधि पनि ३५ र ४९ अध्यायको पुराणमा प्रतिपादन भएको छ र ४९ अध्यायको पुराणमा बहुब्राह्मण भोजन गराउने व्यवस्था प्रतिपादनबाट बुझ्न सकिन्छ।

द्वादशाहे च षण्मासे त्रिपक्षे वाथ वत्सरे।
उदकुम्भाः प्रदातव्या मार्गे तस्य सुखाय वै॥ २७। ६। ३५ को पुराण। ३७।४ को पुराण
षोडश ब्राह्मणश्चैव एकैकं विनिवेदयेत्।
एकादशाहात्प्रभृति देयो नित्यं घटाब्दकः॥ २७।१२। ३५ को पुराण। ३७।११-१२ ४९ को पुराण
विप्रान् बहून् भोजयीत प्रेतस्य क्षुद्विशान्तये। ५।४७।४९ को पुराण

त्यसैगरी आफ्नो शरीर अस्थिर रहेको हुँदा सधैँ बाँचिरहन नसकिने हुँदा यस लोकमा आफ्नो वंशपरम्परा चलाउन र आफू दिवङ्गत भएपछि आफ्नो और्ध्वदेहिक क्रियाका साथमा श्राद्धादि कर्महरू गर्ने महान् उद्देश्यले पुत्रजन्मको प्रयास गर्ने भन्ने उपक्रमको उल्लेख गर्दै आफ्नो मृत्युकाल नजिकिएको महसुस गरी विविध प्रकारका प्रायश्चित्तहरू गर्ने भन्ने विधान पनि ४९ अध्यायको पुराणमा आएको छ। प्रायश्चित्तको व्यवस्था (४। १, १२, ४। २)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उल्लेख छ। त्यसैगरी प्रायश्चित्तको मूल व्यवस्था षडब्दाकिकृच्छ्र गर्न नसकेमा त्यसको अङ्गको रूपमा दशदानहरू, अष्टदानहरू र वैतरणीदानहरू गर्ने व्यवस्था पनि ४९ अध्यायको पुराणको मननीय विषय हो। यसप्रकारका प्रायश्चित्तका साथमा इष्ट र प्रेत कर्मको व्यवस्था पनि यो ४९ अध्यायपुराणको मूल विषय हो। त्यस्तै चिता निर्माण, त्यसमा पूर्व शिर गरेर शव दाह गर्ने, शवको शिरको पूर्वभागमा कुशकण्डिमोक्त अग्निस्थापनाको व्यवस्था यो पुराणको गृह्यसूत्रअनुसारको व्यवस्था बुझ्न सकिन्छ। त्यसैगरी शवयात्रामा सूक्तगान गर्ने व्यवस्था पनि मूल वैदिकपरम्पराको गृह्यसूत्रको अनुकूल छ। खल्को हाल्ने र जलाञ्जलि दिने व्यवस्थालगायत अन्य व्यवस्था पनि गृह्यसूत्रको अनुकूल देखिन्छ। त्यसैगरी द्वादशाहमा व्यवस्था गरिएको सपिण्डीकरण, शैयूयादानादि व्यवस्था र त्रयोदशाहको दिनमा गरिने श्रवणपूजा र पददानादि व्यवस्था पनि स्वशाखा अनुकूल र ग्राह्य छ। पारस्कर गृह्यसूत्रको सपिण्डीकरण व्यवस्थाको विधान बताउने मूल वाक्य "ततः संवत्सरे पूर्णे त्रिपक्षे द्वादशाहे वा यदहर्वा वृद्धिरापद्यत[१] चत्वारि पात्राणि सतिलगन्धोदकानि पूरयित्वा त्रिणि पितृणामेकं प्रेतस्य ॥१॥ परिशिष्ट ५। १। को अनुकूल वाक्यहरू पनि अर्थात् पिण्डमेलन नहुन्जेल मूल आशौच रहन्छ भन्ने वाक्यहरू पनि ४९ अध्यायको पुराणमा पाइन्छ।

अर्वाक् च वृद्धेः करणाच्च तार्क्ष्य सपिण्डनं यः कुरुते हि पुत्रः।
तथापि मासं प्रतिपिण्डमेकमन्नं च कुम्भं सजलं च दद्यात् ॥ २६।६७। ४९ को पुराण

विवाह गर्नका लागि संवत्सर भन्दा पहिले नै जसले सपिण्डीकरण गर्छ र मांगलिक कार्य गर्छ भने पनि उसले प्रतिमास सान्नोदकुम्भ दान गरोस् भन्ने यो वाक्यबाट अर्थात् सपिण्डीकरण भएपछि विवाह नै खुल्छ भने आशौच समाप्त हुने कैमुतिक न्याय सिद्ध छ भन्न सकिन्छ।

पितरि प्रेततापन्ने लुप्यन्ते मातृकाः क्रियाः।
अथ मातुः विपत्तिः स्यात् पितृकार्यं न लुप्यते ॥ २४।१४३ मूलगरुडे।

यसप्रकारको वाक्य पनि यो धर्मकाण्ड नामको प्रेतकल्पमा पाइन्छ, यो विचारणीय विषय हो।

उनन्चास अध्यायका विषयहरू

वेङ्कटेश्वर संस्करणको मूल गरुडपुराणमा पूर्वखण्ड आचारखण्ड २४१ अध्याय र उत्तरखण्ड धर्मकाण्ड प्रेतकल्प ४९ अध्याय प्राप्त छ। यो प्रेतकल्पमा भएका विषयहरू संक्षेपमा निम्न प्रकारका छन्। मृत्युको निश्चितता बोध गरेर वंशपरम्परा चलाउन र पितृकर्म गर्नका लागि साथै आफू नरक पर्नु नपरोस् भनेर पुत्र जन्माउनु र उसलाई सुशिक्षा दिने व्यवस्था, आफ्नो मृत्यु नजिक छ भन्ने बुझेर यथाशक्ति षडब्दादि कृच्छ्र गर्ने व्यवस्था प्रायश्चित्तका लागि ब्राह्मणहरूसँग अनुमति लिने व्यवस्थापूर्वक वपनपूर्वक भस्मादि दशविधमध्ये कुनै स्नान, यथाशक्ति प्रत्याम्नायरूप कृच्छ्र, प्रायश्चितङ्करूप दशदान, वैतरणीदान, अष्टमहादान आदिको व्यवस्था, पददानव्यवस्था, रथदान, महिषीदान, व्यजनदान, वस्त्रदान, शक्तिअनुसार गृह, जल, अन्न, वर्षवृत्ति, हात्ती मुडुङ्गदान, वैदिक कन्यार्थी ब्राह्मणको विवाह गराउने व्यवस्था, ब्राह्मण कन्याको उपनयन स्थानापन्न विवाह गराउने व्यवस्था, पूर्तकर्म गर्ने व्यवस्था, पुत्रको अभावमा आत्मश्राद्ध गर्ने व्यवस्था, यथाधिकार संन्यास लिने व्यवस्था, अनशन व्रतद्वारा प्राणत्याग गर्ने व्यवस्था, तीर्थमरणको इच्छा भएका व्यक्तिका लागि तीर्थसेवा गर्ने व्यवस्था, मरणका लागि अयोध्या, मथुरा, हरिक्षेत्र, कुरुक्षेत्र, भृगुक्षेत्र, प्रभास आदि तीर्थको आश्रय लिने व्यवस्था र त्यहाँ ब्रह्मचिन्तन गर्ने व्यवस्था, अन्त्यकाल सन्निकट भएपछि गोवरले भूमिलेपन गर्ने विधान, लिपेर शुद्ध गरिएको भूमिमा तिल छर्ने व्यवस्था, मण्डलमा

---

१. भारतीयहरू र मैथिलीहरूले सपिण्डीकरण गरेपछि आशौचको पूर्ण निवृत्ति भएको मानी वृद्धि श्राद्ध नै गर्ने गरेको र यो मूल वाक्यको पनि आशय वृद्धि श्राद्धका लागि सपिण्डीकरण गर्न सकिने भनेबाट सपिण्डोत्तरकालमा आशौचको निवृत्ति अर्थतः सिद्ध छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दक्षिणाग्रस्त कुश विच्छ्याउने विधान, मण्डलमा अतुरलाई पूर्व वा उत्तर शिर गरेर सुताउने व्यवस्था, आतुरलाई यथाशक्ति दशदानहरू नगरिएको भए गर्ने व्यवस्था, आतुरको मुखमा पञ्चरत्न र सुवर्णखण्ड राखिदिने र हातमा कुश राख्ने विधान, मण्डलमा शालग्राम, तुलसी राखिदिने विधान, मण्डलमा घ्यूको वत्ती जलाउने व्यवस्था, दशावतारको नामस्मरण व्यवस्था, अष्टाक्षरमन्त्र उच्चारणादि व्यवस्था त्रैवर्णिक आतुरलाई सेतुरानसूक्तादि सूक्त श्रवण गराउने व्यवस्था, त्रैवर्णिक आतुरलाई पुरुषसूक्तादि सूक्त श्रवण गराउने व्यवस्था आतुरको छोरा बन्धुबान्धवहरू छेउमा बस्ने व्यवस्था र ती सबैमा क्षमापन गराउने व्यवस्था, प्राणोत्क्रमणमा विलम्ब भएमा लावण दान गर्ने विधान, प्राणोत्क्रमण पछि पुत्रवन्धुबान्धवादि मिलेर शव निर्हणको व्यवस्था मिलाउने विधान, और्ध्वदेहिक कर्म गर्नेले मुण्डन र स्नान पूर्व शुद्धवस्त्रद्वय परिधान गर्ने विधान, मृतक र पुत्र दुवै पापाचारी भए दुवैको यथाशक्ति प्रायश्चित गर्ने व्यवस्था, शवको शुद्धि र प्रक्षालन गर्ने र कुङ्कुमादि प्रोक्षण गर्ने विधान, शवमा सुवर्ण शलाका राख्ने वस्त्रयुग्म वेष्टन गर्ने, पुष्पमाला पहिराउने मृतस्थान आदिमा श्राद्ध गर्ने शिविकामा राखेर शवयात्रा गर्ने पौत्रद्वारा दहनाग्नि निष्पन्न गरेर शवदाह गर्ने विधान, शवयात्रामा यमगाथा गाउने विधान, चिताको पूर्वभागमा अग्निप्रज्वलनको व्यवस्था शवको आज्य अभ्यञ्जन गर्ने व्यवस्था, क्रव्यादाग्निको प्रार्थना पूर्वक 'लोमभ्य स्वाहा' यो मन्त्रद्वारा हवन गर्ने व्यवस्था यमादिको आहुतिपूर्वक शवको आहुतिको रूपमा हवन गर्ने व्यवस्था शवको अर्धदग्धमा अर्धहोमको व्यवस्था, दाहानन्तर चितामा दुध सेचनको व्यवस्था, अस्थिसञ्चयनको विधान, चिताको परिक्रमा पूर्वक परिहितवस्त्रको प्रक्षालन, उदकर्मको अनुमति पूर्वक स्नान व्यवस्था, शिखा बाँधेर यथाविधि अञ्जलि दिँदै करतालिका पूर्वक प्रेतको गुणको कीर्तन गर्ने व्यवस्था, वालपुरसरेण गृहप्रत्यावर्तन गृहमा पुनुपहिला गाईको स्पर्शपूर्वक निमको पात टोकी आचमन गरी, अग्नि -जल- गोमय - गौरसंर्षप - दुर्वाप्रवाल- वृषभ आदि मङ्गल द्रव्यको स्पर्श गरी घरमा पस्ने व्यवस्था, दश दिनसम्म घरको वाहिर मसानमा वा तीर्थमा प्रेतशब्द उच्चारणपूर्वक पिण्डदान गर्ने व्यवस्था, दश दिन सम्म मृतपुत्रादिले क्रीतलब्ध भोजन गर्ने व्यवस्था, क्षारलवण रहित अन्नखाने भैमा सुत्ने परस्पर स्पर्श नगर्ने दानध्ययन वर्जन गर्ने व्यवस्था, प्रेतमुक्ति र आफ्नो पनि चित्तशुद्ध होस् भन्ने कामनाले गरुडपुराण प्रेतकल्प सुन्ने व्यवस्था। दशौं दिनमा "मृतादल्पवयोमिश्र्च सपिण्डैः परिवापनाम" ५। २९। यस्तो व्यवस्थाअनुसार कपाल काट्ने विधान, दशम दिनको रात्रीमा एकादशाहको ब्राह्मणलाई निम्ता दिने व्यवस्था, एकादशाहमा मध्यम षोडशी - आद्यश्राद्ध - वृषोत्सर्ग- शैय्यादान - धेनुदान- पददानं - मृन्मय जलपात्रदान- बहुब्राह्मण भोजन इत्यादि व्यवस्था। त्रयोदश दिनमा श्रवणकर्म, पददान, एघार दिनदेखि वर्ष दिनसम्म प्रतिदिन सान्नोदकुम्भ दान गर्ने व्यवस्था आदि उल्लेख छन्। १वर्ष सम्म प्रतिदिन सान्नोदकुम्भदान गर्ने र प्रतिदिन घरको बाहिर दिपदान गर्ने र मासिकश्राद्ध गर्ने साथै जीवनपर्यन्त पुत्रले पितामाताको श्राद्ध गर्ने यसप्रकारका विधानहरू यो ४९ अध्याय भएको प्रेतकल्पमा उल्लेख भएको छ भनि शिवराज गुरुद्वारा सम्पादित पुराणको पृ ५१ बाट ६२ सम्म स्थल निर्देशन सहित संक्षिप्त सप्रमाण उल्लेख गरिएको छ।

छोराले गरेको संस्कारबाट पितामाताको गति

हाम्रो परम्परामा पिता र पुत्रको अनन्य सम्बन्ध मानिएको छ। आफ्नो शरस् कालान्तरमा क्षीण हुन्छ र आफ्नो वंश परम्परा चलाउन इहलोकमा सन्तति अनिवार्य छ भन्ने बुझेर उमेरमा नै पुत्र जन्म गराउने र त्यही पुत्रले आफ्नो अन्त्येष्टि संस्कार पनि सम्पादन गर्ने भन्ने हाम्रो परम्परा बुझिन्छ। आफ्नो शरीर नरहे पनि सन्ततिका माध्यमबाट आफू नै बाँचेको भन्ने अभिप्राय बुझाउने शास्त्र वाक्यहरू पनि पाइन्छ। नवीन शरीर लिएर आफू नै छोरो भएर जन्मन्छ भन्ने शास्त्र वाक्यहरू पनि मननीय छन्।

आत्मा नै पुत्र उत्पनन इति वेदानुशासनम्। भा.१०। ७८।३६।

ईशावस्य मिदं सर्वं यत्किञ्च जगत्या जगत्। मा.सं ४०। १

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मावास्य मिदं विश्वं यत् किञ्चिज्जगत्यां जगत् । भा. ८ । १ ।१०। अन्त्येष्टि संस्कार पूर्णतः आफूले गर्न नमिल्ने र आफू दिवंगत भएपछि आफ्नो सन्ततिले गर्ने हाम्रो परम्परा र शास्त्र वचनहरू रहेको बुझिन्छ। षोडषसंस्कारहरूमा अन्येष्टि संस्कार छोराले नै गर्ने सार्वजत्रिक र सर्वमान्य वैदिक सिद्धान्त हो। सामान्य अवस्थाको मरण वा स्वाभाविक मृत्युमा छोराले गरेको संस्कारबाट पिता माताको गति हुने भन्ने सर्वत्रिक सिद्धान्त छदैछ। त्यसदेखि अतिरिक्त दुर्मरण लगाएतका विषयमा पनि पुत्रद्धारा मुक्ति कामना लगाएतका उत्तम गतिका लागि गरिएको मृत्यु संस्काररिक्तका प्रयासहरू पनि शास्त्रमा यत्र तत्र आख्यानात्मक शैलीमा आएको देखिन्छ। सगर राजाका ६० हजार छोराहरूलाई गङ्गाको अवतरण गराएर भगीरथले मुक्त गएको भागवतको प्रसङ्ग। त्यस्तै गोकर्णले धुन्धुकारी को मुक्ति दिलाएको प्रसङ्ग श्रोत्रीय ब्राह्मणले पाँचप्रेतहरूलाई मुक्ति दिलाएको गरुडपुराणको प्रेतोपाख्यान प्रसङ्ग। बभ्रुवाहनले प्रेत संस्कार गरी प्रेतलाई मुक्ति दिलाएको यस्ता प्रसङ्गहरू मननीय छन्।

भगीरथ : स राजर्षिर्निन्ये भुवनपावनीम।
यत्र स्वपितृणां देहा भस्मीभूताः स्म शेरते ॥ भागवत ९ । ९ । १० ।
यञ्जलस्पर्शमात्रेण ब्रह्मदण्डकृता अपि ।
सागरात्मजा दिवं जग्मुः केवलं देहभस्मभि : ॥ भागवत ९ ।९ । १२ ।
दिव्यरूपधरो जातस्तुलसीदाममण्डितः ।
पीतवासा घनश्यामो मुकुटी कुण्डलान्वित । भा. महात्मा ५। ५१ ।
तस्य विप्रस्य सम्भाषात्पुण्यसङ्गीतर्निन च ।
प्रेता : पापनिमुक्ताः परं पदमवाप्नुयुः ॥ ३५ अध्याय गरुड १२ । ७२ ।
चकार विधिवत् पक्षिन्नौर्ध्वदेहादिकं विधिम
तस्य पुण्यप्रदानेन प्रेतो मुक्तो दिवं ययौ ॥४९ अ. गरुडे २७ । ६४ ।

यसरी अरुले दिएको पिण्डपानी र दान प्रदानले त सद्‌गति हुन्छ भने पुत्रले दिएको अवश्य नै पितृले पाउँछन् यसमा संशय छैन भनेर गरुडपुराण प्रेतकल्पमा (श्राद्धेद परदत्तेन गतः प्रेतोऽपि सद्‌गतिम् । किं पुनः पुत्रदन्तेन पिता यातीति चाद्‌भुतम् ॥) २७।६५ मा बताइएको छ। र यो शास्त्रको सार्वत्रिक सिद्धान्त हो। छोराले दिएको दान पुण्यको प्रभावले सद्‌गति हुने सैद्धान्तिक विषय मननीय र सबै आस्तिकहरूले अनुसरण गर्न लायक छ। किनकि छोराले आफ्ना पिता माताको अभिष्ट वस्तुको दान गरी उक्त वस्तुमा उक्त अभिष्ट इच्छाको आधान गरी पिता माताको अग्रगति प्रशस्ति गर्नमा मृत्युसंस्कारको दान प्रदान विनियोजन गरिएको मूलभूत सिद्धान्त नै यसको आधार स्तम्भ हो। यहि आधार स्तम्भको सेरोफेरोमा मृत्यु संस्कार र दान प्रदान हुन्छ र छोराले दशादिक्रिया गर्छन्।

उपसंहार

पितामाताको अन्त्येष्टि संस्कारको समयमा वा श्राद्धमा पितृको मुक्ति होस् भन्ने कामनाले पाठ गरिने र कथा श्रवण गरिने गरुडपुराण प्रेतकल्प ४९ अध्याय नै हो। यसको विकल्पमा पुस्तक प्राप्त भएमा ४५ अध्यायको वा ३५ अध्यायको प्रेतकल्प कथञ्चित् ग्राह्य छ। यसको विकल्पमा व्यक्ति प्रणीत १६ अध्यायको गरुडपुराण भनिने सारोद्धार पुस्तक पाठ गर्न र कथा श्रवण गर्न ग्राह्य छैन किनकि ऋषिप्रणीत ग्रन्थ वाहेकको व्यक्तिप्रणीत ग्रन्थमा अपूर्वोत्पत्ति सामर्थ्य रहँदैन र मृतात्माको कल्याण हुँदैन भन्ने प्रष्ट हुन्छ। अतः १६ अध्यायको नौनिधिरामकृत सारोद्धार अग्राह्य छ। ऋषिप्रणीत नै हाल प्राप्त ३ संस्करणहरू छन्। जीवानन्द संस्करणको ३५ अ. प्रेतकल्प, वङ्गवासीसंस्करणको ४५ अ प्रेतकल्प वैङ्कटेश्वर संस्करणको ४९ अ. प्रेतकल्प मध्ये विषय विभाजन र अध्याय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विभाजन ले केही ठुलो भए पनि ४९ अध्यायको प्रेतकल्प अनुसरणीय र गाह्य छ। यसको विकल्पमा केही विषयहरू छुटेको भएता पनि ऋषिप्रणीत भएकाले ४५ अ.वा ३५ अ. ग्राह्य छन्। यी तीनवटै पुराणमा अपूर्व सामर्थ्य र श्रवण योग्य, विषयहरू छन् जसले मृतात्मा र पुत्रादिको हितसाधन गर्दछ। मृत्यु संस्कारका लागि संज्ञा गरिएको प्रेतको संस्कारको विचमा पाठ गरिने गरुडपुराण प्रेतकल्पले मृतात्मालाई पितृपङ्क्तिमा मिल्नका लागि अपूर्वसहितको सामर्थ्यको आधान गर्दछ यो नै प्रेतकल्पको चुरो कुरो हो। साथै पुत्रादिमा प्रेतकल्पको श्रवणबाट चित्तशोधन हुने सिद्धान्त पनि मननीय छ। यसप्रकार ४९ अध्यायको प्रेतकल्पमा भएको व्यवस्थाअनुसार षडब्कृच्छ्रको क्रमबाट प्रायश्चित व्यवस्था शवयात्रामा यमगाथा गाउने लगायतका पूर्वीशिर बनाएर शबदाहगर्ने कुशकण्डिकोक्त अग्निस्थापन गर्ने विषयहरू पारस्करगृहसूत्रको अनुकूल छ। साथै सान्नोदकुम्भदानको विधि पनि हाम्रो सूत्र ग्रन्थको अनुकूल छ। सपिण्डीकरणमा साग्निकको १२ दिनमा सपिण्डीकरण र निरग्निक को एक वर्षमा सपिण्डीकरण गर्ने भन्ने वचन पनि गृहसूत्रको अनुकूल छ- द्वादशाहे ततः कार्यं साग्निकेन सपिण्डनम् ३४।११२। त्यसैगरी पा. गृ.सू.को संवत्सर पक्षे, त्रिपक्षको पक्षे, द्वादशाहको पक्ष र वृद्धिश्राद्धको पक्ष यी व्यवस्थित विकल्पहरूको अनुकूल

आनन्त्यात् कुलधर्मीणां पुसां चैवाऽऽयुषः क्षयात्।

अस्थिरत्वाच् छरीरस्य द्वादशाहः प्रशस्यते॥२६।१३।

निराग्निकः साग्निको वा द्वादशाहे सपिण्डयेत्।२६।१४।

यस्तो विधि पनि ४९ अध्यायको गरुडमा आएको छ विषयवस्तु र अध्याय विभाजनका हिसाबले यो ४९ अध्यायको प्रेतकल्प केही ठुलो भएपनि स्वशाखा सूत्रग्रन्थको अनुकूल अनेकन विषयहरू आएको हुँदा मृत्युसंस्कारको बिचमा पुत्रले उत्तमगति वा मुक्तिको कामनाका साथ पाठ गराएमा उक्त योग्यताको सामर्थ्यका साथ जीवात्माको पापक्षय सामर्थ्य पनि यो ऋषिकृत पुराणमा छ। किनकि यो पुराण "स्वाध्यायोऽध्येतव्यः" शतपथ - ११।५।७।२। विधिको अङ्कभित्र पर्दछ। स्वाध्यायको क्रममा श्रुति, स्मृति र पुराणमध्ये १८ महापुराणको अंशभित्र प्रेतकल्प पर्दछ पापक्षय सामर्थ्य पनि उक्त अंशमा रहन्छ र अपूर्वोत्पत्ति सामर्थ्ययुक्त भएकाले उत्तमगति पनि प्रेतकल्पको मूलपाठमा छ।

सन्दर्भसूची

माध्यन्दिनीयसंहिता, जवारनगर दिल्ली ई.स. २००४।
आचार्य शिवराज, *वृत्तिकार ब्रहममीमांसासूत्रम्* चौखम्बाविधाभवन ई. २००२।
आचार्य शिवराज, *वैदिकधर्म मूलरूपमा,* स्वाध्यायशाला वि.स. २०६२।
आचार्य शिवराज, सम्पा. *गरुडपुराण प्रेतकल्प,* चौखम्बा विद्याभवन वाराणसी ई.२००४।
प. रामतेज पाण्डेय, सम्पा. *गरुडपुराण* मूल " ई. २००५।
डा. सुधाकर मालवीय, सम्पा. *पारस्करगृह्यसूत्रम्,* चौखम्बा संस्कृत संस्थान वि.स. २०५७।
गरुडपुराण सारोद्धार, सानुवाद हिन्दी, गीताप्रेस गोरखपुर वि.स. २०६१।
आचार्य शिवराज, *अन्त्यकर्मपद्धति,* रत्नपुस्तक भण्डार, वि.स. २०६५।
श्रीभद्भागवतमहापुराणम्, स्थूलाक्षरमूलमात्रम् गीतप्रेस, गोरखपुर वि.स. २०५८।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्याकरणिक कोटिका आधारमा प्राचीन फारसी र नेपाली नामको तुलना

टेकनाथ दहाल
उपप्राध्यापक, वाल्मीकि विद्यापीठ

लेखसार

फारसी र नेपाली दुवै भाषा भारोपेली परिवारअन्तर्गत आर्यइरानेली वर्गका भाषा हुन् । इरानेली भाषाको विकास हुने क्रममा उत्तरपूर्वी भेदबाट अवेस्ता भाषाको विकास भएको मानिन्छ भने दक्षिण पश्चिमी भेदबाट प्राचीन फारसी भाषाको विकास भएको मानिन्छ। प्राचीन फारसीबाट पहलवी हुँदै आधुनिक फारसी भाषाको विकास भएको देखिन्छ। प्राचीन फारसी र नेपालीका व्याकरणिक व्यवस्थामा केही समानता पाउन सकिन्छ भने असमानता पनि त्यत्तिकै छन् । खासगरी दुवै भाषाहरू योगात्मक प्रकृतिका छन् भने नेपाली पश्चयोगात्मक प्रकृतिको छ अनि फारसी पूर्वयोगात्मक र पश्चयोगात्मक दुबै प्रकृतिको रहेको छ । नेपालीका नामहरू वचन र कारकका दृष्टिले पूर्ण र लिङ्गका दृष्टिले आंशिक रूपमा रूपायन हुन्छन् भने फारसीका नामहरू पनि रूपायन हुन्छन् । नेपाली भाषामा माउ भाषाको विभक्ति प्रकार सुरक्षित रहेको छ तर फारसी भाषामा रहेको पाइँदैन । फारसीमा भएको बहुवचनबोधक प्रत्यय र नेपालीको बहुवचनबोधक प्रत्ययमा भने घतलाग्दो समानता देखा पर्दछ ।

शब्दकुञ्जी अवेस्ता, योगात्मकता, लिङ्गव्यवस्था, व्याकरणिक कोटि ।

विषयप्रवेश

फारसी र नेपाली दुबै भाषाहरू भारोपेली भाषा परिवारका सदस्य भाषा हुन् । भारोपेली भाषाका मूल वक्ताहरू एकआपसमा छुट्टिने क्रममा आफ्नो पुर्ख्यौली थलोबाट एउटा समूह पूर्वतिर लाग्यो भने अर्को समूह पनि आफ्नो मूल थलो किर्गिजलाई छोडेर पश्चिमतिर लाग्यो । पूर्व लागेको समूह इरानमा आएर बस्न थाल्यो । हिँड्नु, डुल्नु, जानु, अर्थ बोकेको 'ऋ' धातुमा 'ण्यत्' प्रत्यय लागेर बनेको आर्य शब्दले आदरणीय, योग्य र सम्माननीय अर्थलाई बुझाउँछ । इरान शब्दको निर्माण यही आर्य शब्दबाट अपभ्रंस भएर बनेको भन्ने विद्वानहरूको विचार निकै विचारणीय छ। उनीहरूका अनुसार अफगानिस्तानभन्दा पूर्वका निवासीहरूले आफूलाई आर्यन् भन्ने गर्थे जो किर्गिज छोडेर पूर्वतिर लागेका थिए । त्यस्तै अफगानिस्तानभन्दा पश्चिमका निवासीहरू आफूलाई 'ऐर्यान्' या 'ऐर्यो' भन्ने गर्थे । तिनै 'ऐर्यान्' हरू बस्ने स्थान भएकाले त्यस ठाउँलाई इरान भनिएको चर्चा पाइन्छ।

आफ्नो मूल थलो छोडेर पूर्वतिर लागेको मूल भारोपेली भाषाका वक्ताहरू केही समय इरानमा बसी पछि त्यहाँबाट पनि एउटा समूह छुट्टिएर फेरि पूर्वतिर लाग्यो र पहाडको बाटो हुँदै कस्मिरमा आएर बस्न थाल्यो । कस्मिरमा केही समय बसेर त्यस मध्येको एउटा समूह पुनः पूर्वतिर लाग्यो । यसरी भारोपेली भाषापरिवारको आर्येली शाखाको तिनवटा हाँगा विकास भए । इरानमा बस्नेले इरानेली शाखाको विकास गरे भने कस्मिरमा बस्नेले दरदेली शाखाको विकास गरे । त्यस्तै कस्मिरबाट ओर्लिएर मध्यदेशको सम्म भूभागमा आएका मूल भारोपेली भाषाका वंशहरूले भारतेली शाखाको विकास गरे । भारतेलीहरूले मध्यदेशको सम्म भूभागमा आएर मात्रै वैदिक ऋचाहरूको सङ्कलन गरे । इरानेली शाखाको सबैभन्दा पुरानो नमुना अवेस्तामा पाइन्छ भने भारतेलीहरूको पुरानो नमुना ऋग्वेदमा पाइन्छ । त्यसैले कतिपय विद्वानूहरूले अहिलेसम्म अज्ञात रहेका वैदिक शब्दका अर्थहरू पहिल्याउन तिनै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इरानेली शाखाका साहित्यको साहारा लिनुपर्ने धारणा पनि व्यक्त गरेका छन्। भारतीय भाषाशास्त्री भोलानाथ तिवारी तथा पाण्डुरङ्ग दामोदर गुणेले वैदिक र अवेस्ताबिच समानता रहेको तथ्यलाई पुष्टि गर्न निम्नलिखित उदाहरण प्रस्तुत गरेका छन् :

वैदिक	अवेस्ता
१. यो यथा पुत्रं तरुणं सोमं वन्देत मर्त्यः।	१. यो यथा पुथ्रम तउरुनम् हओमम् बन्दएता मश्यो।
२. शरं धामसु शविष्ठम्	२. सूरं दामौहू शविस्तम्
३. सावने आ ऋतौ आ	३. हावनीम् आ रतुम् आ
४. तं अमवन्तं यजतम् मित्रं यजे होत्राभ्यः।	४. तम् अमवन्तम् यजतम् मिथ्रम् यजै जओथृदव्यो

(गुणे, २०५३ः १०७-१०८, तिवारी, २०४४:१२७)

माथिका यी वाक्यहरूले वैदिक संस्कृत र अवेस्ता निकै नजिकका भाषा थिए भन्ने प्रमाणित गर्दछ। आज जसरी वैदिक साहित्य र वाङ्मयको विकासलाई क्रमबद्ध रूपमा देखाएर आधुनिक आर्यभाषाको वर्तमान स्थितिसम्म अविच्छिन्न गति देखाउन सकिन्छ त्यसरी इरानेली भाषाको विकासलाई देखाउन सकिँदैन। तापनि यी भाषाहरू एउटै माउ भाषाबाट विकास भएको कुरामा भने भाषाशास्त्रीहरू एकमत देखिएका छन्।

लेखको समस्या र उद्देश्य- नेपाली र प्राचीन फारसी एउटै माउ भाषाबाट विकास भएको भन्ने मान्यता छ। नेपाली भाषाको सम्बन्ध खश अपभ्रंस, खश प्राकृत, लौकिक संस्कृत हुँदै वैदिक संस्कृतसँग जोडिएको छ भने प्राचीन फारसीको सम्बन्ध इरानेली शाखासँग जोडिएको छ। व्याकरणिक कोटिका आधारमा यी भाषाबिचमा केकस्तो समानता छ ? भन्ने समस्यामा केन्द्रित रही यो लेख तयार पारिएकाले व्याकरणिक कोटिका आधारमा फारसी र नेपालीमा रहेका समानता र असमानता पत्ता लगाउनु यस लेखको उद्देश्य हो।

अध्ययन विधि- प्रस्तुत लेख मूलतः तुलनात्मक विधिमा आधारित छ। नेपाली भाषाका सामग्रीको लागि विभिन्न प्रचलित व्याकरणलाई आधार बनाइएको छ भने फारसी भाषाका लागि शारदा चतुर्वेदीद्वारा लेखिएको *संक्षिप्त प्राचीन फारसी व्याकरण* प्रमुख स्रोत बनाइएको छ। सामग्री सङ्कलनका लागि पुस्तकालय विधिलाई अपनाइएको छ।

फारसी भाषाको परिचय र विकास

ई.पू. २५०० तिर आर्येली शाखा छुट्टिएपछि इरानेली भाषा छुट्टै शाखाका रूपमा विकास हुन पुग्यो। तर इरानेली भाषाको सर्वप्राचीन नमुना त्यति पुरानो छैन। ई.पू. ७ औं शताब्दीमा लेखिएको भनिएको अवेस्ता नै इरानेली भाषाको सर्वप्राचीन नमुना हो र यो जराथ्रुस्तहरूको धार्मिक ग्रन्थ थियो जसको रचना ईसाको पहिलो दोस्रो शताब्दीसम्म पनि भइ नै रह्यो। ई.पू. ७ औं शताब्दीदेखि नै प्राचीन फारसी भाषाको पनि विकास भएको देखिन्छ। इरानेली भाषाको विकास हुने क्रममा उत्तरपूर्वी भेदबाट अवेस्ता भाषाको विकास भएको मानिन्छ भने दक्षिण पश्चिमी भेदबाट फारसी भाषाको विकास भएको मानिन्छ (तिवारी, २०२० : ३८४)। त्यसैले फारसी भाषामा सेमेटिक भाषाको प्रभाव देखिन्छ भने अवेस्ता वैदिक भाषाको निकट देखिन्छ।

इरानको पश्चिमी भूभागलाई 'फारस' भनिन्थ्यो र त्यही फारसमा बोलिने भएकाले त्यस भाषालाई फारसी भनिएको

हो। हुख्मशी राजाको राज्यकाल (ई.पू. ६००-ई.पू. ३३०) का अभिलेखहरू नै प्राचीन फारसीका सर्वप्राचीन नमुना हुन्। राम्रोसँग विकास भएको फारसी साहित्यलाई सिकन्दर (ई २२) ले जलाएर नष्ट गरिदिए पनि सस्सानियन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राज्यकाल (ई. २२६-६५१) मा फारसी साहित्यको पुनः विकास भयो तर सातौँ शताब्दीमा अरब विजेताहरूले त्यो पनि जलाएर नष्ट गरिदिए । प्राचीन फारसीबाट पहलवी भाषा विकास भएको मानिन्छ । पहलवीबाटै आधुनिक फारसीको विकास भएको हो जो प्रारम्भिक दिनहरूमा कीलाक्षर लिपिमा लेखिन्थ्यो (पूर्ववत्, ३८४) ।

नेपाली भाषाको परिचय र विकास

नेपाली भाषा वैदिक, लौकिक संस्कृत, खश प्राकृत, खश अपभ्रंस हुँदै विकास भएको हो (भट्टराई र दहाल, २०६४ : १४६) । खश शब्दको प्रयोग भरतको नाट्यशास्त्र, विभिन्न पुराण, पाणिनि व्याकरण तथा संस्कृतका अन्य ग्रन्थहरूमा पनि भएको पाइन्छ । त्यहाँ विभिन्न जातिहरू र जनपदका नाम सँगसँगै 'खश' पनि उल्लेख गरिएकाले खश् जाति थिए भन्ने प्रमाणित हुन्छ र तिनै 'खश्' हरूले नै नेपाली भाषाको विकास गरेका थिए । कवि कल्हणको राजतरंगिणीमा खशहरूको राम्रो वर्णन गरिएको छ (बन्धु, २०३६ : १८६) तर खश प्राकृत र अपभ्रंसको नमुना भने हाल प्राप्त छैन ।

नेपाली भाषाको आधिकारिक प्राचीन नमुना विक्रमको एघारौँ-बाह्रौँ शताब्दीदेखि प्राप्त हुन थाल्दछ । त्यसपछिको समयमा भने नेपाली भाषाले उत्तरोत्तर रूपमा विकास हुने अवसर प्राप्त गरेको छ र हालमा नेपाल लगायत बर्मा, भुटान, भारतका केही प्रान्त तथा संसारभरमा छरिएर रहेका नेपाली डायस्पोराले नेपाली भाषालाई दैनिक व्यवहारको भाषा बनाउँदै आएका छन् ।

फारसी र नेपाली भाषाको संरचना

वैदिक भाषा र अवेस्ता भाषाका बिचमा जुन किसिमको समानता माथि देखाइएको छ त्यस्तो समानता फारसी र नेपालीमा देख्न पाइँदैन तापनि भाषाको संरचनालाई लिएर यिनीहरूका बिचमा समानता खोज्न सकिन्छ । नेपाली र फारसी दुबै भाषा योगात्मक छन् । अर्थात् भाषाका रूपरचनागत वर्गीकरण गर्दा यी दुबै भाषाहरू एउटै वर्गमा पर्दछन् । श्लिष्ट योगात्मकता दुबै भाषामा पाइन्छ, जस्तै :

(i) फारसी– पदर > पदरान् (आन्- बहुवचन बोधक प्रत्यय)
मादर > मादरान् (आन्- बहुवचन बोधक प्रत्यय)
मर्द > मर्दरा (रा- चतुर्थी विभक्तिको चिन्ह)

(ii) नेपाली– बाबु > बाबुहरू (हरू- बहुवचन बोधक प्रत्यय)
आमा > आमाहरू (हरू बहुवचन बोधक प्रत्यय)
व्यक्ति > व्यक्तिका लागि (का लागि- चतुर्थी विभक्तिको चिन्ह)

नेपाली भाषा अन्त्ययोगात्मक प्रकृतिको छ तापनि पूर्वसर्ग आधारपदको अगाडि पनि जोडिन्छ । खासगरी व्याकरणिक कोटिले लिने सम्बन्धतत्त्वहरू पश्चयोगात्मक नै छन् तर फारसी भाषामा भने पूर्वयोगात्मकता पनि देखिन्छ, जस्तै :

मर्द > इमर्द (इ- षष्ठी विभक्तिको चिन्ह)
अज् मर्द (अज्- पञ्चमी विभक्तिको चिन्ह)

यसरी हेर्दा प्राचीन फारसी र नेपाली भाषाको संरचनामा केही समानताहरू देखिन्छन् । यस्तो किसिमको समानता भारोपेली परिवारका प्रायः सबै भाषामा फेला पार्न सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्याकरणिक कोटिहरू र नामको रूपायन

पदहरूको व्याकरणिक अर्थद्योतन गर्न सघाउने भाषिक तत्त्व लाई व्याकरणिक कोटि भनिन्छ। यिनीहरूले सरल र तिर्यक दुबै प्रकृतिका आधेय तत्त्व लिन सक्छन् तर यी आधेय तत्त्वहरूले शब्दको कोशीय अर्थ परिवर्तन गर्न सक्दैनन् र वर्ग परिवर्तन गर्न पनि सक्दैनन्। यिनीहरूको काम पदहरूको व्याकरणिक अर्थ निष्पत्ति गर्नुमा नै सीमित देखिन्छ। लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्य, कारक, ध्रुवियता र आदरलाई समग्रमा व्याकरणिक कोटि भन्ने गरिएको छ। यसैलाई व्याकरणिक एकाइ पनि भनिन्छ। यिनै व्याकरणिक एकाइहरूले विकारी वर्गका शब्दहरूलाई रूपायन गरेर पद बनाउँदछन् र व्याकरणिक अर्थ निष्पत्ति गराउँछन्। सामान्यतया नामको रूपायन लिङ्ग, वचन र कारकका आधारमा हुने गर्दछ (शर्मा, २०५३ : १२)। तर सबै भाषामा लिङ्ग, वचन र कारकका आधारमा नामको रूपायन नहुन पनि सक्छ। खासगरी लिङ्गका आधारमा नामको रूपायन हुँदा दुई किसिमका व्यवस्था देखिन सक्छन्; व्याकरणिक व्यवस्था र प्राकृतिक व्यवस्था। संस्कृत जस्ता भाषामा प्राकृतिकभन्दा व्याकरणिक व्यवस्था शक्तिशाली देखापर्छ भने नेपालीमा प्राकृतिक व्यवस्था ज्यादा समृद्ध र शक्तिशाली छ। फारसीमा पनि व्याकरणिक व्यवस्थाका सापेक्षतामा प्राकृतिक व्यवस्था ज्यादा समृद्ध देखिन्छ, जस्तै :

(i) मर्द > जन्, पदर > मादर

(ii) शीर् इनर > शीर इ मादह, नर् गाऊ > मादह् गाऊ

माथि मानवीय नाममा स्त्रीलिङ्गबाट पुलिङ्गमा जाँदा निश्चित प्रत्ययको प्रयोग नभएर शब्दको संरचना नै बदलिएको छ। त्यस्तै मानवेतर नाममा चाहिँ क्रमशः इनर, इ मादह, नर र मादहले लिङ्ग भेद देखाएका छन्। नेपालीमा केही मानवेतर सजीव नामका अघि भाले पोथी विशेषणले लिङ्ग भेद देखाउन सकिन्छ साथै निश्चित प्रत्ययद्वारा पनि लिङ्ग भेदलाई देखाउन सकिन्छ। तर सबै नामको लिङ्ग भेद देखाउन सकिँदैन। खासगरी व्यक्तिवाचक र जातिवाचक सजीव नामहरूको मात्रै लिङ्गभेद देखिने गर्दछ। तसर्थ नामको रूपायन हुँदा वचन र कारक बढी सक्रिय भएका देखिन्छन्।

फारसी र नेपालीमा वचनको व्यवस्था

नेपाली भाषाको माउ भाषामा तिन प्रकारका वचनका व्यवस्था थिए भने फारसी भाषाको माउ भाषामा द्विवचनको प्रयोग विस्तारै कम हुँदै गएको थियो भनिन्छ। अहिले नेपालीमा पनि द्विवचनको प्रयोग हटेको छ। नेपाली व्याकरण लेखनका प्रारम्भिक दिनहरूमा द्विवचनको व्यवस्था रहे पनि उत्तरवर्ती समयमा भाषाको प्रयोग पक्षलाई ख्याल गरेर उक्त व्यवस्थालाई हटाइएको छ। प्राचीन फारसीमा वचनका आधारमा नामको रूपायन गर्दा 'हा' र 'आन' लाई वैकल्पिक रूपमा प्रयोग गरिन्छ। अर्थात् एक वचनबाट बहुवचनमा लैजाँदा उक्त प्रत्ययद्वयलाई समान रूपमा प्रयोग गरिन्छ। नेपालीमा पनि 'हरू' र 'आ' लाई वैकल्पिक रूपमा प्रयोग गर्ने गरिन्छ–

फारसी	नेपाली
मर्द > मर्दान् > आन्	छोरो > छोरा > आ
पदर > पदरान् > आन्	केटो > केटा > आ
मुर्ग > मुर्गान् > आन्	चरो > चरा > आ
जाम > जाम्हा > हा	प्याला > प्यालाहरू > हरू
किताब > किताबहा > हा	किताब > किताबहरू > हरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राह > राह्-हा > हा   केटो/केटा > केटाहरू > आ/हरू

माथिको उदाहरणमा के देखिएको छ भने फारसीको एकवचनबाट बहुवचनमा जानका लागि 'हा' र 'आन' प्रत्यय प्रयोग भएको छ भने नेपालीमा पनि एकवचनबाट बहुवचनमा जानका निम्ति 'हरू' र 'आ' को प्रयोग भएको छ।

नेपालीमा बहुवचनबोधक प्रत्यय 'हरू' कहाँबाट आयो भन्नेमा अहिलेसम्म निर्क्योल भएको छैन। प्राचीन नेपालीमा यसको प्रयोग पाइँदैन (बन्धु, २०३६ : १३६)। कन्नोज भाषामा रहेको 'ह्वरु' बाट 'हरू' बनेको शङ्का एकातिर छ भने बालकृष्ण पोखेलको विचारमा फारसीको 'हरूव' नै नेपालीमा 'हरू' भएको हो (पोखेल, २०२१ : ११३)। बाइसे चौबिसे राज्यकालमा नेपालीमा फारसी शब्दको आगमन भएको देखिएकाले पोखेलको विचार बढी तार्किक लाग्दछ। अजीर्णमञ्जरी (१८३०), नृपश्लोकी (?) तथा दिव्योपदेश (१८३१)मा यसको प्रयोग भए पनि विक्रमको १८ औं शताब्दीको पूर्वार्द्धपूर्व यसको प्रयोग फेला पर्दैन।

फारसीमा सजीव र निर्जीव नामका निम्ति अलगअलग व्यवस्था पाइन्छ। सजीव नामको् एकवचनमा 'आन' प्रत्यय लगाएर बहुवचन बनाइन्छ भने निर्जीव नामको एकवचनमा 'हा' प्रत्यय जोडेर बहुवचन बनाइन्छ, जस्तै :

बादशाह् > बादशाहान् > आन, मुर्ग > मुर्गान् > आन

दिल > दिल-हा > हा, जाम > जाम्हा > हा, राह > राह्-हा > हा

नेपालीमा यस्तो किसिमको व्यवस्था पाइँदैन। सजीव निर्जीव र मानवीय-मानवेतरमा एकै किसिमको व्यवस्था पाइन्छ, जस्तै :

मोटर > मोटरहरू, मानिस > मानिसहरू, केटो > केटाहरू/केटा,

गाई > गाईहरू, चरो > चाराहरू/चरा, नेता > नेताहरू

फारसीमा उपर्युक्त व्यवस्थाका अतिरिक्त केही अन्य व्यवस्था पनि पाइन्छ। एकवचनबाट बहुवचनमा जाँदा 'य' मध्यसर्ग लिएको अवस्था पनि फेला पर्छ, जस्तै : तुवाना (योग्य व्यक्ति) श्र तुवानायन (योग्य व्यक्तिहरू)। त्यस्तै मध्यसर्ग 'ग' आएका स्थान पनि फेला पर्छन्, जस्तै : बचह (एक बच्चा) श्र बचह्-गान (बच्चाहरू)। यस्तो अवस्थामा कतै 'ह्' लोप भएको अवस्था पनि फेला पर्दछ।

फारसी र नेपालीमा विभक्तिको व्यवस्था

संस्कृतमा सुप् र तिङ्लाई विभक्ति भनिए पनि (पाणिनि १।४।१०४) नेपालीमा सुपूलाई मात्रै विभक्ति भनिने गरेको छ भने विभक्तिलाई अर्थ्याउँदा कारकहरू व्यक्त गर्ने चिन्हका रूपमा अर्थ्याइन्छ (अधिकारी, २०५५ : १८८)। नेपालीमा सात प्रकारको विभक्तिको व्यवस्था रहेको छ भने पाणिनीय व्याकरणमा रहेका छवटा कारकहरूकै ज्यादै चर्चा भएको छ। छैटौं विभक्तिका चिन्हहरू लागेका नामिक शब्दले क्रियासँग साक्षात् सम्बन्ध नराख्ने भएकाले बाँकी छवटा विभक्तिहरूले कारकलाई व्यक्त गर्दछन्।

फारसीमा ६ प्रकारका विभक्तिको मात्रै व्यवस्था रहेको छ। तृतीय र सप्तमी विभक्तिको प्रयोग फारसीमा पाइँदैन। नेपालीमा कारकले लिने चिन्ह वा विभक्ति प्रत्यय नामको पछाडि मात्रै आउँदछ तर फारसीमा अगाडि र पछाडि दुबैतिर आउन सक्दछ। फारसीको षष्ठी विभक्तिको चिन्ह 'इ' सम्बोधनको 'अइ' र पञ्चमीको 'अज्' नामिक शब्दको अगाडि आउँछन् भने द्वितीय र चतुर्थी विभक्तिका चिन्हहरू नामिक शब्दको पछाडि मात्रै आउँछन्, जस्तै :

प्रथमा विभक्ति - किताब (किताब (ले))

द्वितीया विभक्ति - किताब-रा (किताब (लाई))

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चतुर्थी विभक्ति - किताब-रा (किताबका निम्ति/लाई)
पञ्चमी विभक्ति - अज् किताब (किताबबाट/देखि)
षष्ठी विभक्ति - इ किताब (किताबको/का)
सम्बोधन विभक्ति - अइ किताब (ए! किताब)

माथिको उदाहरणमा एकवचनलाई देखाइएको छ भने यसैलाई बहुवचनमा पनि लैजान सकिन्छ, जस्तै :

प्रथमा विभक्ति - किताब-हा (किताबहरू (ले))
द्वितीया विभक्ति - किताबहारा (किताबहरू (लाई))
चतुर्थी विभक्ति - किताबहा-रा (किताबहरूका निम्ति/लाई)
पञ्चमी विभक्ति - अज् किताबहा (किताबहरूबाट/देखि)
षष्ठी विभक्ति - इ किताबहा (किताबहरूको/का)
सम्बोधन विभक्ति - अइ किताब हा (ए/किताबहरू)

निष्कर्ष

फारसी र नेपाली दुबै भाषा एउटै माउ भाषाबाट विकास भए पनि यिनीहरूका बिचमा निकै अन्तरहरू छन् । भारोपेली भाषाको शतम वर्गअन्तर्गतको आर्य-इरानेली शाखाबाट यी दुबै भाषाहरू विकास भएका हुन् । इरानेली, आर्येली र दरदेली एकआपसमा छुट्टिसकेपछि इरानेली भाषालाई दुईतिरका भाषाले प्रभावित पारेको देखिन्छ । एकातिर सेमेटिक-हेमेटिक भाषाले प्रभाव पारेको छ भने अर्कातिर आर्येली भाषाले प्रभावित पारेको छ । प्राचीन फारसीमा साहित्यको विकास त्यति धेरै भएको पाइँदैन भने प्राचीनताका दृष्टिले उल्लेख्य नै छ ।

जसरी नेपालीका नामहरू वचन र कारकका दृष्टिले पूर्ण र लिङ्गका दृष्टिले आंशिक रूपमा रूपायन हुन्छन् त्यसरी नै फारसीका नामहरू पनि रूपायन हुन्छन् । जुन रूपमा नेपाली भाषामा माउ भाषाको विभक्ति प्रकार सुरक्षित रहेको छ त्यसरी फारसी भाषामा रहेको पाइँदैन तापनि योगात्मकता भने दुबै भाषामा सुरक्षित रहेको छ । नेपाली पश्चयोगात्मक प्रकृतिको छ अनि फारसी पूर्वयोगात्मक र पश्चयोगात्मक दुबै प्रकृतिको रहेको छ । फारसीमा भएको बहुवचनबोधक प्रत्यय र नेपालीको बहुवचनबोधक प्रत्ययमा भने घतलाग्दो समानता देखा पर्दछ ।

सन्दर्भसूची

अधिकारी, सूर्यमणि (२०५६) *नेपाली भाषाको इतिहास*, काठमाडौं : भुँडीपुराण प्रकाशन ।
अधिकारी, हेमाङ्गराज (२०५५) *समसामयिक नेपाली व्याकरण*, दो.सं. काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।
गुणे पाण्डुरंग, दामोदर (२०५३) *तुलनात्मक भाषाविज्ञान*, वाराणसी : मोतीलाल बनारसी दास ।
चतुर्वेदी, शारदा (२०४१) *संक्षिप्त प्राचीन फारसी व्याकरण*, वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय ।
तिवारी, भोलानाथ (२०२०) *भाषाविज्ञान कोश*, वाराणसी : ज्ञानमण्डल लिमिटेड ।
.... (२०४४) *भाषाविज्ञान*, बिसौं सं. इलाहावाद : किताब महल ।
पोखेल, बालकृष्ण (२०२१) नेपाली भाषा र साहित्य, काठमाडौं : रत्न पुस्तक भण्डार ।
बन्धु, चूडामणि (२०३६) *नेपाली भाषाको उत्पत्ति*, ते.सं., काठमाडौं : साझा प्रकाशन ।
भट्टराई, रामप्रसाद र टेकनाथ दाहाल, (२०६५) *सामान्य तथा प्रायोगिक भाषाविज्ञान*, दो.सं., काठमाडौं : पुस्तक घर ।
शर्मा, मोहनराज (२०५३) *शब्दरचना र वर्णविन्यास, वाक्यतत्त्व, अभिव्यक्ति र पाठहरू* काठमाडौं : नवीन प्रकाशन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नारीका शुभाशुभयोगको विश्लेषण

तनुजा दाहाल
उपप्राध्यापक, वाल्मीकि विद्यापीठ

लेखसार

जन्मिएका सम्पूर्ण प्राणीहरूको जन्मसमयका आधारमा शुभाशुभको अध्ययन गर्ने शास्त्रलाई जातकशास्त्र भनिन्छ। नारीको जीवनसँग सम्बन्धित भूत, भविष्य र वर्तमानका सुख, दुःख, सौभाग्य, दुर्भाग्य, आयु र आरोग्य जस्ता विषयहरूमा शुभाशुभको विश्लेषण स्त्रीजातकमा पाइन्छ। नारीसँग सम्बन्धित शुभाशुभको अध्ययनका निम्ति १२ भाव मध्ये प्रथम, पञ्चम, सप्तम, अष्टम, नवम भाव र चन्द्रमाको भूमिका महत्त्वपूर्ण मानिन्छ। यी भावमा गुरु, शुक्र जस्ता शुभग्रहको राशि, स्थिति र दृष्टिबाट बनेका योगहरूलाई शुभ योग भनिन्छ। यस अन्तर्गत गुणवती, सौभाग्यवती, बहुपुत्रवती जस्ता योगहरू पर्दछन् भने सूर्य, मङ्गल र शनि जस्ता पापग्रहको राशि, स्थिति र दृष्टिबाट बनेका योगहरूलाई अशुभ योग भनिन्छ। यस अन्तर्गत वन्ध्यायोग, विषकन्यायोग, व्यभिचारीयोग जस्ता योगहरू पर्दछन्। शुभयोगहरू भएको नारीको जीवनमा अनेक प्रकारका सुखको प्राप्ति हुन्छ भने अशुभ योगहरूले युक्त नारीको जीवन विभिन्न किसिमका दुःखहरूले भरिएको हुन्छ।

शब्दकुञ्जिका केन्द्रस्थान, त्रिकोण स्थान, नवांश, परित्यक्ता, विषकन्या

विषयपरिचय

दैवको गति जान्ने व्यक्तिलाई ज्योतिर्विद् वा दैवज्ञ भनिन्छ। त्यस्ता दिव्य प्रतिभा भएका दैवज्ञहरूको ज्ञान र प्रत्यक्ष अनुभूतिबाट उद्‌भव भएको शास्त्रलाई नै ज्योतिषशास्त्र भनिन्छ । पूर्वीय दर्शनको आद्यग्रन्थ वेदमा ज्योतिषशास्त्रका दिव्यज्ञान सूत्रबद्ध रूपमा निर्दिष्ट गरिएको पाइन्छ। वेदका शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष षडङ्गहरू छन् ; तीमध्ये ज्योतिषशास्त्र चक्षुरूप मानिन्छ। ज्योतिषशास्त्रका सिद्धान्त, संहिता र होरा तीन स्कन्धहरू रहेका छन् । तिनै स्कन्धरूपी स्तम्भहरूमा ज्योतिषशास्त्रको विशाल गृह निर्माण भएको मानिन्छ। ग्रहस्थिति, तिथि, नक्षत्रद्वारा मनुष्यको सुखदुःख आदिको निर्णय गर्ने शास्त्रलाई नै होराशास्त्र भनिन्छ ।

जातकमिति प्रसिद्धं यल्लोके तदिह कीर्त्यते होरा।

अथवा दैवविमर्शनपर्यायः खल्वयं शब्दः ॥ श्लो. ४, अ. २, सारावली

जातमिति जातकम् अर्थात् जन्मिएको सम्पूर्ण प्राणीहरूको जन्मसमयका आधारमा शुभाशुभको अध्ययन गर्ने शास्त्रलाई जातकशास्त्र भनिन्छ। अर्थात् होराशास्त्रलाई जातकशास्त्रको पर्यायवाची मानिन्छ। पूर्वजन्मार्जित कर्मानुरूप प्राणीहरूको शुभ र अशुभ समय दर्पणरूपी कुण्डलीमा अभिव्यक्त भएको हुन्छ। यसकै आधारमा भूत, भविष्य र वर्तमान समयको सुख, दुःख, लाभ र हानि जस्ता कुराहरू निर्धारित भएका हुन्छन् भन्ने जातकशास्त्रको मान्यता रहेको देखिन्छ।

नारीको जीवनसँग सम्बन्धित शुभाशुभको विषयमा अध्ययन गर्ने शास्त्रलाई स्त्रीजातक भनिन्छ । शुभाशुभयोगहरूको अध्ययन र विश्लेषणका निम्ति विद्वान्‌हरूले लग्न, होरा, नवांश, द्रेष्काण, द्वादशांश, त्रिंशांश, षोडशांश, षष्ट्यंश लगायतका बिभिन्न कुण्डलीहरूको निर्माण गरेका छन्। त्यसमा भएका कोठालाई भाव भन्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिन्छ। ती भावहरूमा मेष, वृष, मिथुन, कर्कट, सिंह, कन्या, तुला, बृश्चिक, धनु, मकर, कुम्भ र मीन १२ राशिहरू र सूर्य, चन्द्र, मंगल, गुरु, शुक्र, शनि,राहु र केतु यी नौ ग्रहहरूको संयोग हुँदा विभिन्न योगहरू बन्ने गर्दछन् । तिनै योगहरूको अध्ययन गरेर शुभाशुभफलहरूको निर्धारण गरिन्छ । ती योगहरू कुनै शुभ हुन्छन् त कुनै अशुभ । शुभयोगहरूले सुख प्रदान गर्दछन् भने अशुभ योगहरूले दुःख र कष्टफल प्रदान गर्दछन् ।

शोधसमस्या

नारीका शुभाशुभयोगको विश्लेषणका लागि देहायबमोजिमका समस्याहरू निर्धारण गरिएका छन् :

(क) नारीका शुभाशुभयोगहरूको परिचय कसरी दिन सकिन्छ ?

(ख) नारीयोगमा प्रतिपादित विषयहरू के के छन् ?

(ग) ज्योतिषमा नारीयोगको भूमिका के छ ?

उद्देश्यहरू

शोधसमस्याका प्रस्तुत विषयहरूलाई यसरी समाधान गर्नु नै प्रस्तुत शोधकार्यको विशिष्ट उद्देश्य रहेको छ :

(क) नारीका शुभाशुभयोगहरूको परिचय प्रस्तुत गर्नु,

(ख) नारीका शुभाशुभयोगहरूको विश्लेषण गरी महत्त्व र स्थान निरूपण गर्नु,

(ग) फलादेशमा नारीयोगको वैशिष्ट्यहरू केलाउनु ।

अध्ययन विधि

यो गुणात्मक प्रकृतिको अनुसन्धान हो । यसमा सामग्रीसङ्कलनका लागि पुस्तकालयको उपयोग गरिएको छ। त्यहाँबाट प्राप्त सामग्रीलाई यथासम्भव विश्लेषण, तुलना र व्याख्यानात्मक पद्धतिबाट उपयोग गरिएको छ।

नारीका शुभाशुभयोगहरू

सुख वा आनन्द प्रदान गर्ने योगहरूलाई शुभयोग भनिन्छ भने दुःख वा कष्टप्रदान गर्ने योगहरूलाई अशुभयोग भनिन्छ। नारीको जीवन स्वतन्त्र नभएर पति, सन्तान, विद्या, भाग्य, धर्म र मृत्यु जस्ता तत्त्वहरूबाट प्रभावित भएको हुन्छ । यिनै तत्त्वहरूको पूर्णता र अभावका कारण स्त्रीको जीवनको सुख र दुःखको विश्लेषण गरिन्छ । जातकपारिजात ,होरारत्न, सारावली , फलदीपिका, सुगमज्योतिष ,भावकुतूहलम्, जातकालङ्कार जस्ता जातकग्रन्थहरूमा उल्लेख गरिएका नारीका विशिष्ट योगहरू यहाँ प्रस्तुत गरिएको छ।

शुभयोगहरू

स्त्री आकृतियोग, सौभाग्यवतीयोग, अधिकगुणवतीयोग, गुणवतीयोग, सुखप्रदायोग, नारीराजयोग, बहुपुत्रवतीयोग, दीर्घायुयोग, ब्रह्मवादिनीयोग, सम्मानितयोग, शिल्पयुक्तायोग, राज्यपूज्यपतियोग, दासीप्राप्तियोग, पतिव्रतायोग, कुलोहितायोग, वेदवेत्तायोग, भाग्यवान्पतियोग, विद्वान्पतियोग, कोमल स्वभावले युक्त पतियोग, परिश्रमी पतियोग, गुणी तथा जितेन्द्रिय पतियोग, प्रतिष्ठित पतियोग, पतिपूर्व मृत्युयोग, पितृगृहमा सुखयोग, वैधव्यभयीग, विषभयीग, पति समक्ष मृत्युयोग, पति पत्नी सह मृत्युयोग, साध्वीयोग, सुभगायोग, पुत्रिणीयोग, धनान्वितायोग, गर्वितायोग, श्रेष्ठायोग, भोगिनीयोग जस्ता योगहरू सुखप्रदायक मानिन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अशुभयोगहरू

पुरुषाकृति योग ,वैधव्य योग, पुनर्भू योग, व्यभिचारी योग, अल्पपुत्रवती योग, दारिद्र्य योग, रोगिणी तथा निन्दिता योग, धर्महीना, भयातुरा, अभिमानी, धनहीना, निर्गुणा, कलहप्रिया योग, विशीला तथा अल्पसन्तति युक्ता योग, प्रमत्ता, मलिना, धर्महीना तथा कापटी योग, दुःस्वभावा, मलिना, धूर्ता तथा पतिसुख रहिता योग, वन्ध्या योग, गर्भस्राव योग, कुलनाशक योग, सन्यासिनी योग, व्यभिचारी योग, गर्भाशयरोगी योग, निन्दनीय पति योग क्लीव पतियोग, प्रवासी पति योग, परित्यक्ता पति योग, कुमारी वृद्धयोग वृद्ध तथा मूर्ख पतियोग

व्यभिचारी पति योग , ईर्ष्यालु योग, विषकन्या योगहरू अशुभ योग मानिन्छन् ।

नारीयोग कारक तत्त्वहरू

जातकग्रन्थहरूमा स्त्रीको शुभाशुभको विषयमा चर्चा गर्ने क्रममा कुण्डलीको प्रथमभाव, पञ्चमभाव, सप्तमभाव, अष्टमभाव, नवमभाव र चन्द्रमालाई विशेष महत्त्व दिएको देखिन्छ। त्यसैले यिनै सम्बन्धित भावहरूलाई शुभाशुभ निर्धारण गर्ने कारक तत्त्व मान्न सकिन्छ ।

प्रथमभाव

सामान्यतया मानिसको शरीर, वर्ण, चिन्ह, आयु, वय, यश, गुण, स्थानसुख, प्रवास,तेज, बल, दुर्बल, सुख, दुःख, जाति, शील स्वभाव जस्ता कुराहरूको विचार प्रथम भावबाट गरिन्छ। तर स्त्रीको भने लग्न र चन्द्रमामध्ये जुन ग्रह बलवान् छन् त्यसका आधारमा शरीर ,रूप ,बल, तेज र सम्पत्तिको अध्ययन गर्नु पर्दछ।

स्त्रीणां जन्मनि लग्नशीतकरयोर्मध्ये बली यस्यतः ।

सम्पद् रूपबलानि तन्नवमतःपुत्रायवृद्धिं वदेत् ॥ श्लो ५,अ १६, जातकपारिजात

लज्जा, कोमलता, भावुकता, मिठो स्वर, सच्चरित्र, मनोहर र आकर्षक गुणहरू नारीका स्वभाव मानिन्छन्। लग्न र चन्द्रमा दुवैलाई स्त्रीका स्वभाव , प्रकृति, आचरण र चरित्रसँग तुलना गरिन्छ। प्रथम भावमा भएका सम र विषम राशिले स्त्री चरित्र निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । स्त्रीको कुण्डलीमा लग्न र चन्द्रमा समराशिमा (२,४,६,८,१०,१२) अथवा सम राशिको नवांशमा छन् भने कन्या नारीकै शील स्वभाव र गुण भएकी सुन्दरी हुन्छिन् यदि लग्न वा चन्द्रलाई शुभ ग्रहले देखेमा वा शुभ ग्रहले युक्त भएमा सुन्दर भाग्य भएकी, पतिव्रता,धनी र प्रसिद्ध हुन्छिन्। यीमध्ये एक मात्र समराशिमा भएमा शुभ, दुवै समराशिमा भएमा अतिशुभ मानिन्छ। तिनमा गुरु, शुक्र र बुधमध्ये कुनै एकको संयोग वा दृष्टि छ भने नारीलाई सच्चरित्र भएकी, मनोहर, आकर्षक स्वभावकी र धनी बनाउँछ। यी तीनवटै शुभ ग्रहको लग्न र चन्द्रमासँगको संयोग वा दृष्टिले नारीलाई राजयोग प्राप्त हुन्छ फलस्वरूप दासदासीले युक्त अत्यधिक गुण,सुखले युक्त सौभाग्यशाली बनाउँदछ। बुध, गुरु, शुक्र र चन्द्रमा चारैवटा ग्रह लग्नमा भएकी नारी अत्यधिक ब्रह्मचिन्तन गर्ने , पुत्र,वित्त र सुखले सम्पन्ना तथा अनेक शास्त्रमा कुशल हुन्छिन्।

विषमराशिमा भएका लग्न र चन्द्रमाले स्त्रीलाई लग्नमा पापग्रहको दृष्टि वा योग छ भने व्यभिचारी,गुणले रहित, दुइटा पाप ग्रहका बिचमा लग्न र चन्द्रमा भएकी कन्या कुलको नाश गर्ने वाली हुन्छिन्। एक पापग्रह एक शुभग्रह भएर दुइटा पापग्रह शत्रुराशिमा भएकी स्त्री विषकन्या मानिन्छिन्। धेरै वटा पाप ग्रहको संयोगले भएमा अशुभ फलको वृद्धि हुने भएकाले सन्तानको सुख नहुने ,पतिको मत्यु, सन्तानबाट कष्ट जस्ता दुर्भाग्यहरू जीवनमा आइ पर्दछन्। यस भावमा शुभ र पाप दुवैको संयोग भएकी नारी मिश्रित स्वभाव र चरित्र भएकी तथा सुख र दुःख दुवैको उपभोग गर्ने हुन्छिन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समराशौ समभागे लग्नेन्द्वोः स्त्री गुणन्विता कन्या ।

सौम्ययुते दृष्टे वा सुभगा साध्वी सुविख्याता ॥ श्लो ५, अ १०, होरारत्नम्

विषमे पुरुषकारा दुःशीला पापवीक्षितौ ।

पापाढ्यौ च गुणैर्हीना मिश्रे मिश्रफलं वदेत् ॥ श्लो ६,७ अ ८२, बृहत्पाराशरहोराशास्त्रम्

पञ्चमभाव

पञ्चम भावबाट सन्तान, देवता, राज्यप्राप्ति, पिताको धन, पुण्य, यात्रा, मन्त्र, विद्या, धन आर्जन गर्ने उपाय, गर्भ जस्ता कुराहरूको विचार गरिन्छ । स्त्री सृष्टिकी कारक तत्त्व भएकी हुनाले सन्तानबिनाको नारीजीवन अपूर्ण मानिन्छ । सबल, सफल र निरोगी सन्तान भएमा नारीलाई भाग्यमानी मानिन्छ भने रोगी र दुर्वलसन्तानबाट नारीलाई कष्ट र दुःख हुने भएकाले दुर्भाग्य मानिन्छ । पञ्चमभावलाई शुभग्रहले पूर्ण दृष्टिले देखेको छ , पञ्चमभावेश केन्द(१,४,७,१०) वा त्रिकोण (५,९) भावमा बसेको छ भने नारी बहुपुत्रवती हुन्छिन् । लग्नमा चन्द्रमा , शनि र शुक्र भएमा, पञ्चम भावमा पापग्रह भएमा साथै पापग्रहले पञ्चम भावलाई देखेमा स्त्री निःसन्तान हुन्छिन् । सप्तममा राहु र सूर्य वा अष्टममा शुक्र, गुरु र राहु तथा पञ्चममा पापग्रह भएमा स्त्रीको गर्भनाश हुन्छ । यस भावमा बलवान शुभग्रह गुरुको योगले धेरै छोराहरू हुने ,शुक्रले छोरी सन्तानको विशेष सुख मिल्ने ,बुधले विद्या, विवेक र सन्तान सुख मिल्ने, ज्ञान सिप र कलामा दक्ष बनाउने, सूर्यको युति र दृष्टि भए गर्भको नास, मङ्गलको संयोगबाट नारीलाई सन्तानको विषयमा कष्ट र शोक, शनि, केतु र राहु भएमा निसन्तान बनाउँदछ । त्यसैले यसमा पापग्रहको युति र दृष्टि ,पाप राशिको सम्बन्धबाट नारीलाई सन्तानबाट कष्ट, विद्याहीन, गर्भको नास, निसन्तान बनाउदछ पञ्चमेशको केन्द्र वा त्रिकोण भावमा सम्बन्ध भएमा सन्तानको सुख मिल्दछ भने त्रिक (६,८,१२) भावको सम्बन्धले सन्तानबाट कष्ट मिल्दछ ।

पञ्चमे शुभ संदृष्टे पञ्चमाधिपतावपि ।

केन्द्रकोणे सदा नारी बहुपुत्रवती भवेत् ॥ श्लो. ४३, अ ९,भावकुतूहलम्

सप्तमभाव

सातौं भावबाट पति वा पत्नी, व्यापार, नष्टवस्तु, विस्मृति, यात्रा, पुत्र, सम्पूर्ण सुख, सन्तानसुख जस्ता कुराहरूको विचार गरिन्छ । विशेष गरी यस भावबाट पुरुषको पत्नी र नारीको पतिको विचार गरिन्छ । हाम्रो समाजमा नारीको संरक्षक वा अभिभावकको रूपमा पुरुषलाई मान्ने गरेको देखिन्छ । विवाहपूर्व पिता र विवाहपश्चात् पतिको पराक्रम र पुरुषार्थका आधारमा नारीको भाग्य निर्धारण गर्ने प्रचलन अझै पनि व्याप्त छ । राम्रो पति पाउनका निम्ति स्वस्थानीको व्रत लिने प्रचलन यसको राम्रो उदाहरण मान्न सकिन्छ । प्राचीन समयमा नारीहरूमा शिक्षाको अभावले आत्मनिर्भरतामा कमि थियो । नारीका सम्पूर्ण सुखहरू, धनसम्पति ,सन्तान लालन पालन र अध्ययन ,मान प्रतिष्ठा जस्ता कुराहरूमा पतिको पराक्रम नै आधार मानिन्थ्यो । पति विनाको जीवनको औचित्यहीन हुने र समाजमा तिरस्कार सहनु पर्ने वाध्यताहरूका कारण पति सँग सँगै सती गएका कथाहरूबाट पनि पतिलाई सर्वोपरी स्थान दिएको देखिन्छ । वर्तमान समयमा पनि पतिको पुरुषार्थ र चरित्रका आधारमा नारीको भाग्य, सुख र दुःख निर्धारण गर्ने प्रचलन देखिन्छ । त्यसैले स्त्रीको शुभ र अशुभफलमा सप्तम भावलाई महत्त्व दिएको देखिन्छ । स्त्रीका राजयोगहरू निर्धारणमा यस भावको भूमिका महत्तवपूर्ण मानिन्छ । त्यसैले यसलाई सौभाग्य स्थान पनि भनिन्छ । दुईटा शुभग्रहले देखिएको शुक्र सातौं भावमा भएमा सौभाग्यवती राजरानी हुन्छिन् । जन्म लग्नमा बृहस्पति वा शुक्र सातौं भावमा,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कन्याराशिमा बुध, मकर राशिमा मर्लि, कर्कट राशिमा चन्द्रमा भएमा महारानी हुन्छिन् । भतृणामगुणं गुण मदगृहात् अर्थात् पतिको गुण अवगुण, पतिको सुखदुःख, सम्पति वा सामर्थ्य,स्वभाव र चरित्र आदि कुराको अध्ययन यसै भावबाट गरिन्छ । समराशिमा सप्तमभावमा बुध, गुरु, शुक्र मध्ये कुनै शुभग्रह भएमा र शुभ ग्रहले त्यसलाई देखेमा पति राजाद्वारा सम्मानित हुने , यस भावमा वृष र तुला राशि वा शुक्रको नवांश भएमा पति सुन्दर व्यक्तित्व तथा भाग्यशाली , मिथुन र कन्या राशि वा बुधको नवांशले विद्वान् तथा कार्यकुशल ,कर्कट राशि वा चन्द्रको नवांशले कोमल स्वभावले युक्त ,सिंहराशि वा सूर्यको नवांशले परिश्रमी र अनेक कार्यमा कुशल, धनु तथा मीन राशि वा गुरुको नवांश भएमा गुणी तथा जितेन्द्रिय हुन्छ । (मंगल,सूर्य,केतु,शनि,राहु वा बुध) मध्ये कुनै तीन पापग्रह सातौं भावमा भएमा स्त्री विधवा हुन्छिन् । यीमध्ये कुनै तीन पापग्रह का साथमा शुभग्रह भएमा स्त्रीको दोस्रो विवाह हुन्छ। (क) लग्न वा चन्द्रबाट सप्तम भावमा कुनै ग्रह छैन भने (ख) कुनै शुभ ग्रहले सप्तमभावलाई देख्दैन वा युक्त छैन भने (ग) सप्तमभाव निर्बल भएमा यी तीनै अवस्थामा स्त्रीको पति निन्दित हुन्छ । यसमा बुध नवांश भए नपुंसक, शनिको नवांश भए वृद्ध तथा मूर्ख, मंगलको नवांश भए स्त्रीलोलुप तथा क्रोधी पति हुन्छ । चरराशि भएमा पति प्रवासी हुन्छ, सूर्य भएमा पतिद्वारा परित्यक्ता , शनि भएमा त्यसलाई पापग्रहले देखेमा स्त्री विवाह नभई वृद्धा हुन्छिन् । यो भाव बलवान् भएमा पति प्रतिष्ठित हुन्छ । यसभावमा मंगलको नवांशमा शनिको योग र दृष्टि भएमा स्त्री गर्भाशयको रोगले पीडित हुन्छिन् (वृद्धो मुर्खः सूर्यजर्क्षेऽशङ्के वा स्त्रीलोलः स्यात् क्रोधनश्चावनेये । श्लो ११,अध्याय २२,बृहत् जातकम्) ।

अष्टम भाव

आठौं भावलाई आयु स्थान वा मृत्युस्थान भनिन्छ । मानिसको आयुको विचार यसै भावबाट गरिन्छ । यी बाहेक प्राचीन धन, संग्राम, शत्रु, नष्टवस्तु, पारिवारिक समस्या, जस्ता कुराहरूको विचार पनि यस बाट गरिन्छ। सामान्यतया यस भावबाट आयुको विचार गरिने भए तापनि नारीको पतिको मृत्युको तथा दुर्भाग्यको विचार पनि यसैबाट गरिन्छ । त्यसैले नारीको जीवनका दुःखद् पाटाहरूको अध्ययनमा यस भावबाट गरिने हुँदा नारीजन्य अशुभफलमा यसको महत्त्व देखिन्छ।

कुण्डलीमा पापग्रहद्वारा देखिएको वा सँगै बसेको सप्तम भावको मालिक अष्टम भावमा बसेको छ भने स्त्री बालविधवा हुन्छिन् । यसभावमा पापग्रह भए विधवा , दुर्वल,रोगी,कुरूपा,शोक र सन्तापले दुःखी हुन्छिन् । यस भावमा क्रूर ग्रह र द्वितीयमा शुभ ग्रह भएमा स्त्रीको मृत्यु पतिपूर्व हुने, शुभ ग्रह भएमा त्यसलाई पाप ग्रहले नदेखेमा पति समक्ष मृत्युहुने , समान बलवान् दुईटा शुभ र पाप ग्रहहरू अष्टम भावमा भएमा पति पत्नीको एकै समयमा मृत्यु हुन्छ । यसभावमा सूर्य भए दुःखी ,दरिद्री ,अर्विहीन र अधर्मी, चन्द्र भए रोगी तथा निन्दित भाग्यरहित, बुध भए धर्महीन, भयातुर, धनहीन, निर्गुण तथा कलहप्रिय, गुरु वा शुक्र भएमा शीलहीन, अल्पसन्तति युक्त, पतित्यक्ता तथा अधिक भोजन गर्ने , शनि भएमा दुःस्वभावकी, मलिन, धूर्त तथा पतिसुखले रहित हुन्छिन् । कर्कटराशिको चन्द्रमा वा सिंहको सूर्य भएमा निसन्तान , मिथुन,कर्कट र कन्या राशि बुध र चन्द्रमा स्थित भए स्त्रीको एक मात्र सन्तान, शनिद्वारा युक्त वा दृष्ट अष्टमभावमा मङ्गल भए स्त्रीको गर्भसन्तानको नाश हुन्छ वा गर्भधारणमा असमर्थ हुन्छिन् ।

जसरी कन्याको कुण्डलीमा पतिनाशक योग हुन्छ त्यसरी नै पुरुषको कुण्डलीमा पनि स्त्री नाशक योग हुन्छ। यस्ता कन्या र पुरुषका विचमा विवाह भएमा वैधव्ययोग नष्ट हुन्छ । यसकारण सूक्ष्म अध्ययन नगरी गरिएको फलादेश व्यर्थ बन्न सक्दछ। त्यसैले यस भावको विशेष महत्त्व रहेको स्पष्ट हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्मिन् योगे समुत्पन्ना पतिं हन्ति कुमारिका ।
तस्मिन् योगे समुत्पन्नो पत्नीं हन्ति नरोऽपि च ॥
स्त्रीहन्ता परिणीता चेत् पतिहन्त्री कुमारिका ।
तदा वैधव्ययोगस्य र्भा भवति निश्चयात् ॥ श्लो ४८,४९ अ ८२ बृहत्पाराशरहोराशास्त्रम्

नवम भाव

नवौँ भावबाट मानिसको भाग्य, प्रभाव, गुरु, धर्म, तप, शुभ, देवता, रति, धर्मोपाय ,पुरोहित जस्ता कुराहरूको विचार गरिन्छ । स्त्रीहरूको लागि पुत्र वा सन्तानको विचार, आयवृद्धि ,सन्यास योग, अत्यन्त सुख जस्ता कुराको विचार यस भावबाट गर्नु पर्दछ । पतिको शुभ र अशुभको निर्णयमा पनि यस भावको भूमिका रहेको हुन्छ (प्रवज्यामपि योषितामतिसुखं धर्मोपयातग्रहैः, ६।१६, जातकपारिजात) ।

धर्म, भाग्य जस्ता शुभ कुराहरूको अध्ययन यसै भावबाट गरिने भएकोले यसलाई शुभभाव पनि भनिन्छ । यस भावमा बुध र शुक्र र अष्टम भावमा पापग्रह भएमा पुत्र र पति सुखले सम्पन्न भएर दीर्घायु हुन्छिन् । कुनै एक ग्रह र सप्तम भावमा पापग्रह भएमा स्त्री सन्यासी हुन्छिन् । नवम भावमा मङ्गल, लग्नमा शनि, पाचौँ भावमा सूर्य बसेमा कन्या विषले युक्त हुन्छिन् । यस भावमा शुभ ग्रहहरू भएमा नारीलाई सुख र भाग्यको वृद्धि गराई,दीर्घायु बनाउँदछन् । यस भावमा मङ्गल, शनि, सूर्यको योग र दृष्टि भएमा नारीलाई सन्तान , पति, सुख र भाग्य र आभूषणले रहित बनाउँदछन् । जस्तै : विषाख्या शोकसन्तप्ता दुर्भगा मृतपुत्रिका ।

वस्त्राभरणहीना च पुराणरुदिता बुधैः ॥ श्लो. ४८,अ.९ भावकुतूहलम्

शुभाशुभमा नारीको विशिष्टता

स्त्रीलाई पुत्री, देवी, दुर्गा, लक्ष्मी, माता अनेक नामहरूले पुकारिन्छ । हिन्दुधर्ममा स्त्रीलाई माता वा जननीका नामले सम्मान गर्ने गरेको देखिन्छ । प्राचीन कालमा स्त्रीका महिमा गरेर लेखिएका दुर्गासप्तशति, स्वस्थानीव्रतकथा, सन्तोषी माताको पूजाविधि जस्ता पुस्तकहरूको अध्ययनका आधारमा नारीलाई स्वतन्त्र एवम् साहसका प्रतीक मानेको देखिन्छ ।

मानव जीवनको सर्वोत्तम उपलब्धि सुखलाई मानिन्छ । ज्योतिषशास्त्रमा चौथौ भावलाई मातृ स्थान वा सुख स्थान भनिन्छ । सन्तानको जन्म हुनु भन्दा अगाडिदेखि र जन्म भए पश्चात् सक्षम नहुन्जेलसम्म बालकको सुरक्षा , लालन पालन, स्वास्थ्य र शिक्षा जस्ता सम्पूर्ण कुराहरूमा आमाको महत्त्वपूर्ण योगदान रहने हुँदा बच्चाको लागि प्रथम सुखकी आधार नै आमा मानिन्छिन् त्यस कारणले पनि स्त्रीलाई सुखको प्रतीक मानेर विशिष्टता प्रदान गरेको देखिन्छ ।

ज्योतिषशास्त्रहरूमा स्त्री र पुरुषको दशाजन्यफलहरू ,भाग्यकारक एवम् दुःखदायक योगहरू समान भए तापनि पुरुषका योगहरूमा विषपुरुषयोग, विधुरयोगहरूको भन्दा पुरुषराजयोग, भाग्यशाली योगहरूको चर्चा प्रशस्तरूपमा भेटिन्छन् तर स्त्रीका राजयोगहरू भन्दा बाल विधवा योग ,वैधव्ययोग, वन्ध्यायोग, पुनर्भूयोग, विषकन्यायोग जस्ता अशुभ योगहरू प्रशस्तरूपमा पाइन्छन् । यस्ता अशुभयोगहरूको बाहुल्यता नारीमा हुनुको पछाडि प्राचीन समयमा हुने गरेको बालविवाहको प्रचलन ,अशिक्षा, रुढिवादी परम्परा, यातायात र स्वास्थ्यको असुविधा जस्ता समस्या मान्न सकिन्छ । पति र पत्नी दुवै बालक भएका कारण मृत्यको सम्भावना बढी हुने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कारणले बाल विधवायोग, यातायातको असुविधा र अशिक्षा जस्ता समस्याहरूले अध्ययन वा रोजगारका निम्ति परदेशिएका पति घर नफर्कने कारणले परित्यक्तायोग, अशिक्षा र आत्मनिर्भरताको अभावका कारण पुनर्भूयोग , गर्भवती भएको समयमा घाँस,दाउरा जस्ता कठिन काम गर्नुपर्ने वाध्यताले वन्ध्या र निसन्तानयोगको प्रचुरता भएको मान्न सकिन्छ । घर परिवार र सन्तानको हेरविचारमा नै जीवन समर्पण हुने, पढ्ने अवसरबाट वञ्चित हुने जस्ता अनेक समस्या र बाध्यताबाट गुजार्नु पर्ने भएकाले नारीको जीवनमा त्यस समयमा सुख भन्दा दुःखको वाहुल्य थियो । यस्ता समस्याहरूले ग्रसित नारी जीवनको प्रतिकूल परिस्थितिको उपज अशुभयोगहरूको प्रवलता मान्न सकिन्छ । त्यस्ता प्रतिकूल समयका विशिष्ट उपलब्धि गार्गी,मैत्रेयी जस्ता विदुषीहरू, राजेन्द्रलक्ष्मी, राजेश्वरी, झाँसीकी रानी जस्ता विरङ्गनाहरूको उदय मान्न सकिन्छ।

पुरुषको कुण्डलीमा भएको राजयोगहरूको उपभोग गर्न पुरुष समर्थ हुने त्यसको शुभ फलको असर उसकी पत्नीलाई पर्ने तर स्त्रीको राजयोगहरूको उपभोग गर्न नारी असमर्थ हुने तर त्यसको असर विवाह पश्चात् पतिमा र विवाहपूर्व पितामा पर्ने हुनाले नारीले त्यस्ता राजयोगको अप्रत्यक्ष प्रभावको अनुभूति मात्र गर्दछिन् भन्ने मान्यता रहेको देखिन्छ। यस विषयहरूलाई अध्ययन गर्दा नारी भित्रको ज्ञान ,गुण , साहस र धैर्यको विशिष्टतालाई नचिनेर कमजोर र असक्षम मानेर अवसर प्रदान नगर्ने पुरुषप्रधान समाजको सोचको प्रतिफल मान्न सकिन्छ साथै पुरुषको पुरुषार्थमा नारीको योगदान पनि मान्न सकिन्छ।

आधुनिक समयमा परिवर्तित सोच,बाल विवाहको अन्त्य, शिक्षामा नारीको दक्षता जस्ता कुराहरूले नारीलाई सक्षम र योग्य बनाएको छ । त्यसले राजयोगहरू नारी आफैले उपभोग गरेको देखिन्छ । इन्दिरा गान्धी,बेनजिर भुट्टो,फ्लोरेन्स नाइटिंगेल,क्लारा जेटकिन विद्यादेवी भण्डारी आदि यसका उदाहरण मान्न सकिन्छ । त्यसकारण बालविधवा योग ,नारी राजयोग जस्ता कतिपय नारी योगहरूलाई समय सापेक्ष परिवर्तन गर्नु आवश्यक देखिन्छ।

निष्कर्ष

नारीजीवनसँग सम्बन्धित सुख वा आनन्द प्रदान गर्ने योगहरूलाई शुभयोग भनिन्छ भने दुःख वा कष्टप्रदान गर्ने योगहरूलाई अशुभयोग भनिन्छ । सौभाग्यवतीयोग, गुणवतीयोग, सुखप्रदायोग, नारीराजयोग, बहुपुत्रवतीयोग, दीर्घायुयोग, ब्रह्मवादिनीयोग जस्ता योगहरू शुभयोग मानिन्छन् भने पुरुषाकृतियोग ,वैधव्ययोग, पुनर्भूयोग, व्यभिचारीयोग, अल्पपुत्रवतीयोग, जस्ता योगहरू अशुभ मानिन्छन् । नारीको जीवन स्वतन्त्र नभएर पति, सन्तान, विद्या, भाग्य, धर्म र मृत्यु जस्ता तत्त्वहरूबाट प्रभावित भएको हुन्छ। यिनै तत्त्वहरूको पूर्णता,अपूर्णता र अभावका आधारमा स्त्रीको जीवनको सुख र दुःखको विश्लेषण गरिन्छ । स्त्री र पुरुषको जन्मफल समान हुन्छ । तर स्त्रीजातिसँग सम्बन्धित विशेष राजयोगका शुभफलहरू जुन आफैले उपभोग गर्न सक्दिन सो फलको प्रभाव उनको विवाहपूर्व पितालाई अनि विवाहपश्चात् पतिलाई पर्ने भएकाले पुरुषको पुरुषार्थमा स्त्रीको भूमिका भएको मान्न सकिन्छ। स्त्रीको शुभाशुभफलमा चन्द्रमाको स्थिति, लग्न, पञ्चमभाव, सप्तमभाव, अष्टमभाव र नवमभावमा भएका राशि र ग्रहहरूको विशेष योगदान रहेको हुन्छ। नारी जीवनका प्रत्यक्ष र अप्रत्यक्ष सुख र दुःखहरूमा ग्रहहरूकै प्रभाव रहेको हुन्छ । यिनै ग्रहहरूका स्वभाव र चरित्रका आधारमा नारीका शील,स्वभाव , गुण र अवगुणको विश्लेषण गरिन्छ। लग्न र चन्द्रमामध्ये जो बलवान् हुन्छ त्यसका आधारमा स्त्रीको शरीरको वर्णन गर्नु पर्दछ। समसंज्ञक राशि(२,४,६,८,१०,१२)मा लग्न र चन्द्रमा भएमा कन्या लज्जा, कोमलता, भावुकता, मिठो स्वर, सच्चरित्र, मनोहर र आकर्षक गुण र स्वभावकी हुन्छिन् भने विषम राशिमा अर्थात् (१,३,५,७,९,११) लग्न र चन्द्रमा भएमा पुरुषगुण र स्वभाव भएकी,कठोर र क्रोधी हुन्छिन् । त्यस्तै पञ्चमभावमा बाट सन्तानको विचार ,नवम र सप्तमभावबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सौभाग्यको विचार र अष्टमभावबाट वैधव्यको विचार गर्नु पर्दछ । पापग्रहहरू सूर्य,मंगल,शनि,राहु र केतुको यी भावहरूमा संयोग हुदा सन्तानबाट कष्ट, पतिको सुखमा न्यूनता वा मृत्यु ,दुर्भाग्यको प्राप्ति हुन्छ भने यी भावहरूमा गुरु,शुक्र,पूर्णचन्द्र र बुधको संयोग हुँदा शुभफल प्रदान गर्दछन् । फलस्वरूप नारीलाई सन्तानकोसुख, पतिको सुख, आयु, आरोग्य र सौभाग्यको प्राप्ति हुन्छ।

सन्दर्भसूची

आचार्य वराहमिहिर, *लघुजातकम्,* व्या. दैवज्ञवाचस्पति श्रीवासुदेव, सावित्री ठाकुर प्रकाशन, वाराणसी (सन् १९९८)
आचार्य वराहमिहिर, *बृहज्जातकम्,* व्या .डा. सुरेशचन्द्र मिश्र, रञ्जन प्रकाशन , नयाँदिल्ली, संस्करण (सन् १९९७)
ओझा गोपेशकुमार, *फलदीपिका* , मोतिलाल वाराणसीदास,१२सं, (सन् २०१५)
कवि कालिदास, *उत्तरकालामृत,* रञ्जन प्रकाशन नयाँदिल्ली, (सन् २००९)
ज्योतिषतत्वाङ्ग,गीताप्रेस, गोरखपुर वर्ष ८८,जनवरी (सन् २०१४)
झा रूपनारायण, *मानसागरी,* सम्पादक वाराणसी ज्योतिष प्रकाशन (सन् १९९९)
देवीदत्त जोशी, *सुगमज्योतिष,* मोतिलाल वाराणसीदास,(प्र.सं १९२२)
दैवज्ञ गणेश, *जातकालङ्कार,* सं व्या .डा. सत्येन्द्र मिश्र, वाराणसी चौखम्वासूरभारती प्रकाशन (सन् २०१३)
दैवज्ञ पराशरः, *लघुपाराशरी,* व्या,सं.डा सूरकान्त झा, वाराणसी चौखम्वासूरभारती प्रकाशन (सन् २००३) ।
दैवज्ञ पराशरः, *बृहत्पराशर होराशास्त्रम्* ,सं पं श्री सीताराम झा मेससे खेलाडीलाल संकटाप्रसाद (सन् १९६८)
वर्मा कल्याण, *सारावली,* मोतिलाल वनारसीदास, प्र.सं वाराणसी (सन् १९७७)
वैद्यनाथ, *जातकपारिजातः,* सं.सत्येन्द्र मिश्र, वाराणसी, चौखम्वासंस्कृतसीरीजभवनम्,(बि.सं २००६)
शर्मा देवराज, *ज्योतिषसार,* श्री सत्य नारायणयन्त्रालयः, (श्री सम्वत् १९५९)
श्री जीवनाथ, *भावकुतूहलम्,* प्रकाशन श्री ठाकुर प्रसाद पुस्तक भण्डार,कचौडीगल्ली, वाराणसी, (वि.सं २०४९)
श्री मन्मिश्र बलभद्र, *होरारत्नम्,* द्वितीयभाग,नरेन्द्र प्रकाश जैन, मोतिलाल वनारसीदास, वंगोलरोड दिल्ली (सन् १९८१)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विश्वेश्वरप्रसाद कोइरालाको साहित्य र राजनीतिमा समन्वयवादी चिन्तन

डा. नारायण चालिसे
सहप्राध्यापक, वाल्मीकि विद्यापीठ

सारांश

प्रस्तुत शोधलेख साहित्यकार एवम् राजनीतिज्ञ विश्वेश्वरप्रसाद कोइरालाको साहित्य र राजनीतिमा समन्वयवादको प्रभाव रहेको छ भन्ने तर्कलाई पुष्टि गर्ने उद्देश्यले लेखिएको छ। राजनीतिमा बी.पी र साहित्यमा विश्वेश्वरका नामले सुपरिचित कोइरालाका साहित्यिक र राजनीतिक व्यक्तित्व उत्तिकै अग्ला छन्। उनी समाजवादी राजनीतिज्ञ र क्रान्तिकारी(अराजकतावादी) साहित्यकार हुन्। उनको जीवन सङ्घर्षको पर्याय बनेको पाइन्छ। राजनीति र साहित्य बिपी का मुख्य दुई मार्ग हुन्। यी दुवै मार्गमा उनले सधैँ तर्कपूर्ण समाधान र निकासको बाटो रोजेका छन्। यी दुवै मार्गमा उनले समन्वय र मेलमिलापको नीति अवलम्बन गर्न चाहेका छन्। राजनीतिमा राष्ट्रिय मेलमिलापको नीति र साहित्यमा समन्वयको चाहना उनको वास्तविक परिचय हो। उनका राजनीतिक दस्तावेजहरू र साहित्यिक कृतिहरूले यस कुराको पुष्टि गरेका छन्। यही मूलभूत दर्शनको मियोमा अडेको बिपीको जीवनदर्शनलाई पर्गेल्ने काम यस लेखमा गरिएको छ। जीवन र राजनीतिमा केही औपचारिक नियमहरूमा बाँधिनु पर्दा सैद्धान्तिक र व्यावहारिक रूपमा समन्वयभाव सशक्त बन्न नसके पनि साहित्यमा आफ्ना स्वतन्त्र मान्यताहरूका बिचबाट स्पष्ट रूपले मिलनबिन्दुलाई अघि सारेका छन्। आवश्यक तर्क र प्रमाणहरूले यो कुराको पुष्टि गर्ने र निष्कर्ष प्रस्तुत गर्ने काम यस लेखमा गरिएको छ।

शब्दकुञ्जी अन्ततोगत्वा, आयाम, ब्रह्मसूत्र, मार्क्सवाद, समन्वयाकाङ्क्षी

विषयप्रवेश

यस लेखमा विश्वेश्वरप्रसाद कोइराला (१९७१-२०३९) ले राजनीति र साहित्यमा स्थापना गर्न चाहेको समन्वयवादी भावनालाई मात्र विषय बनाइएको छ। बिपीको जीवन, राजनीति र साहित्य आफैमा समन्वयका तीन पक्ष हुन्। जीवनलाईसमन्वयको माध्यमले नै सार्थक तुल्याउन सकिन्छ भन्ने मान्यता राख्ने बिपीले साहित्यमा स्पष्टतः समन्वयको सन्देश प्रवाह गरेका छन्। राजनीतिमा पनि सधैँ मिलनबिन्दुको खोजी बिपीको प्रयत्न रह्यो। ज्यादै विरोधाभासयुक्त लाग्ने बिपीको राजनीति साहित्यमा समन्वयवादी विचारको धारलाई समातेर उनको वैचारिकतालाई दिग्दर्शन गराउनु यस आलेखको अभीष्ट रहेको छ।

समस्या एवम् उद्देश्य

विश्वेश्वरप्रसाद कोइरालाको राजनीतिक दर्शन र साहित्यिक लेखनमा समन्वयवादको के कस्तो प्रभाव छ र त्यो कसरी प्रकट भएको छ ? भन्ने मूल समस्यामा केन्द्रित रहेर उनको राजनीति र साहित्यमा प्रयुक्त समन्वयवादको विश्लेषण गर्नु यस लेखको मुख्य उद्देश्य रहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शोधविधि एवम् सैद्धान्तिक आधार

यो लेख निगमनात्मक विधि अन्तर्गतको पाठविश्लेषण र सन्दर्भपरक विश्लेषण मान्यतामा आधारित भएर तयार गरिएको छ। यहाँ प्रयुक्त समन्वयवादको मूल दार्शनिक आधार श्रीमद्भगवद्गीतामा वर्णित दर्शन हो। यस लेखमा समन्वयवादका केही वैचारिक आधारमा विश्वेश्वरप्रसाद कोइरालाका राजनीति र साहित्यसम्बन्धी विचारहरूलाई विश्लेषण गर्ने काम गरिएको छ।

समन्वयवादको वैचारिक आधार

नेपाली बृहत् शब्दकोशमा समन्वयको शाब्दिक अर्थ दुई वा अनेक कुराको पारस्परिक सम्बन्ध वा मेल; संयोग, कार्य र कारणको सङ्गति भन्ने गरिएको छ। वामन आप्टेले नियमित परम्परा या क्रम, सम्बद्ध अनुक्रम, पारस्परिक सम्बन्ध, तात्पर्य, संयोग आदि र ब्रह्मसूत्रको १/१/१४ सूत्र *तत्तु समन्वयात्* अर्थात् ब्रह्मस्वरूपको परिचयका निम्ति पनि समन्वय शब्दको प्रयोग भएको भनेर समेत अर्थ गरिएको छ। कोशीय अर्थहरूले सङ्केत गरे जस्तै दुई भिन्न विचार, दर्शन, मान्यता, मूल्य, आदर्श, स्थापना, क्रिया, कर्म, व्यवहार इत्यादि फरक तत्त्वहरूको बिचमा मिलनको वा संयोगको क्रम समेतलाई समन्वय भन्न सकिने आधारहरू शब्दार्थले नै सङ्केत गरेका छन्। समन्वयलाई नै मुख्य मान्नको निम्ति अघि सारिएको वैचारिक धार र त्यसले चिन्तनबाट स्पष्ट पारिएको अनुमोदित मान्यतालाई जोड्दा समन्वयवाद शब्दको निर्माण हुन्छ। समन्वय आवश्यक छ भन्ने मतको पूर्वपक्ष र उत्तरपक्ष समेतको योगबाट समन्वयवादको वैचारिक धरातल निर्माण गर्न सकिन्छ। समन्वय, विरोधी धर्मका बिच र मित्र विचारका बिच पनि हुन्छ। समन्वय स्वयंमा सकारात्मक अर्थको सङ्केतक शब्द हो। यसले मिलन, योग, संयोग, सहकार्य, सद्भाव, सहमति, सहयात्रा इत्यादि समन्वयात्मक भाव, चिन्तन, विचार र अभियान र कर्म समेतलाई सङ्केत गर्ने भएकाले यो अनुकूल अर्थद्योतक मित्रधर्मी शब्द हो भन्न सकिन्छ।

समन्वयवाद भनेपछि यसभित्र द्वित्व धर्म अनि त्यसमा एकत्वको प्रयास यसको मूल अभीष्ट हो भन्ने पनि बुझ्न सकिन्छ। समन्वय केके कुरामा सम्भव छ भन्ने कुरा र के कस्ता कुरामा समन्वय आवश्यक छ ? भन्ने कुरा समन्वयाकाङ्क्षी विचार, दर्शन, मान्यता आदिका चरित्र र गुण धर्ममा भरपर्ने कुरा हुन्। आवश्यकताले नै समन्वयको खोजी गर्ने हुनाले समन्वय खाँचो हो; एक अर्काको परिपूरक पनि हो भन्ने बुझ्न सकिन्छ। कतिपय विरोधी चरित्र जस्ता लाग्ने विचार, दर्शन, सिद्धान्त र मान्यताहरूलाई योग गरेर लैजान सकियो भने कस्तो हुन्थ्यो होला ? भन्ने जिज्ञासाले वा आवश्यकताले समन्वयको जन्म हुन्छ। त्यसैले यो योग एकताको, सहकार्यको, सहमतिको, सहयात्राको सङ्केतक पनि हो। हामी पूर्वीय सभ्यता र संस्कृतिका अनुयायीहरूले ठुलो भरोसा गरेको शास्त्र श्रीमद्भगवद्गीता समन्वयवादको सबैभन्दा उत्कृष्ट दृष्टान्तग्रन्थ हो। यो ग्रन्थ समाजशास्त्र, धर्मशास्त्र, राजनीतिशास्त्र र दर्शनशास्त्र इत्यादि धेरै शास्त्रहरूको समन्वय ग्रन्थ हो। त्यसमध्ये पनि कर्म, ज्ञान र भक्तियोगको त यो अद्वितीय ग्रन्थ नै हो। सबै दर्शनशास्त्रहरूको सार समेटेर तयार गरिएको यो ग्रन्थमा विभिन्न दर्शनहरूको समन्वय गरिएको छ। वेदान्त, साङ्ख्य र योगदर्शनको योग, कर्म, ज्ञान र भक्तिको योग, यो ग्रन्थका मुख्य प्रतिपाद्य विषय नै हुन्। त्यति मात्र होइन लौकिक र अलौकिक जीवनको योग, अध्यात्म र भौतिकताको योग, देवधर्म र मानव धर्मको योग, संसारी र असंसारी विचारको योग, प्रारब्ध र कर्मको योग, ज्ञान र विज्ञानको योग इत्यादि धेरै योगहरूको समन्वय गीता दर्शन हो। यस अर्थमा समन्वयवादको सबैभन्दा आधिकारिक दृष्टान्तग्रन्थ श्रीमद्भगवद्गीता हो। समन्वयवादका नयाँ व्याख्याहरूको निम्ति भगवद्गीता वैचारिक आधारग्रन्थ नै हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवद्गीतामा कर्मयोग, ज्ञानयोग र भक्तियोगको सुन्दर समायोजन गरिएको छ। गीतामा कर्मलाई साधन र ज्ञानलाई साध्यको रूपमा लिइएको छ। यसैलाई उपेयरूप ज्ञानयोग र उपायरूप कर्मयोग भनिएको छ (सरस्वती, २०६०,पृ. २११)। यहाँ व्यक्त भएको साधन रूप कर्मयोग भनेको विज्ञान रूप हो। विज्ञानको आधार भौतिक जगत् हो, अर्थात् ज्ञानको आधार पनि विज्ञानस्वरूप जगत् हो। विज्ञानस्वरूप भौतिक जगत्को अस्तित्वविना हाम्रो ज्ञानरूप अध्यात्म जगत्को परिकल्पना सम्भव छैन। हामी सबै भौतिक जीवनको आधारमा अध्यात्म जीवनको अभ्यासमा छौं। यत्रा विधि-विधान र हाम्रो ज्ञान (विचार) को आधार हाम्रो देह अर्थात् भूत जगत् नै हो र संसारको अस्तित्वको कल्पनाभन्दा पर कुनै लोकमा बसेर हाम्रो आध्यात्मिक चिन्तन निश्चय पनि सम्भव भएको होइन। भगवान् श्रीकृष्णले गीताको उपदेश दिन आफूले पनि भौतिक देह धारण गर्नु पऱ्यो अनि कुरुक्षेत्रको भूमि रोज्नु पऱ्यो वा अर्जुनको सारथि बन्नु पऱ्यो। यस अर्थमा विज्ञान आधार बन्यो, ज्ञान आधेय बन्यो। ज्ञानको प्रस्फुटनको आधार पनि विज्ञानमय जगत् बन्नु पऱ्यो। ज्ञान विस्तारको माध्यम भौतिक शरीर र उसले बोकेको मस्तिष्क बन्यो। हामी भौतिक देहप्रति अनुदार बनेर कर्म, ज्ञान र भक्ति कुनै मार्गको कल्पना पनि गर्न सक्दैनौं। यो मर्त्य यथार्थ नै ज्ञानको पनि आधार हो। त्यत्रो ज्ञानराशीले पूर्ण भगवद्गीतामा भौतिक मार्ग (विज्ञान मार्ग) समाएर ज्ञानको यात्रा गर भनिएको छ। श्रीकृष्ण स्वयं भौतिक शरीरले युक्त भूत जीवनका कर्महरूको अधीनमा छन्। सशरीर कर्महरूलाई नै गीतामा प्राथमिकता दिइएको छ। विदेह रूपमा कर्म सम्भव छैन कर्म जीवनको अनिवार्य एवम् अपरिहार्य गति हो। हामीले अवतार जन्ममा विश्वास गरेका छौं। राम, कृष्ण, विष्णु, बुद्ध, महावीर, अल्लाह, ईशु सबैले भौतिक देह धारणा गरेर आफ्नो विचार प्रवाह गरे। अर्थात् सबै धर्मका आदिदेव सशरीर थिए र छन् भनिएको छ। सबैको देही रूपका बिम्ब हामीसँग छन्। यिनै भौतिक शरीरबाट आध्यात्मिक विचारको जन्म भएको छ। समन्वयको यो भन्दा आदिम, आधार अरू केही पनि हुन सक्दैन। हामी स्वयं समन्वयका रूपहरू हौं। त्यसैले समन्वयको आधार खोज्न अन्यत्र कहीँ पनि भौंतारिन आवश्यक छैन।

बिपी र समन्वयवाद

समन्वयवादको यो ज्यादै विराट् परिभाषाका आँखाबाट हेर्दा कुनै पनि तत्त्व विरोधी लाग्दैनन् बरू सहयोगी लाग्दछन्। यहाँ प्रसङ्ग साहित्यकार बिपी कोइरालाको वैचारिक चिन्तन र उनको व्यवहाररूप कृतिहरूमा अभिव्यक्त विचारको सार कतातिर लक्षित छ भन्ने विषयमा केन्द्रित छ। वास्तवमा बिपी कुनै एउटा पक्ष, विचार र वादका पक्षपोषक मात्र नभएर वैचारिक र व्यावहारिक समन्वयका पक्षधर हुन्। त्यो कुरा उनका साहित्यिक कृतिमा स्पष्ट परिलक्षित भएको पाइन्छ। बिपीको समन्वयवाद र भगवद्गीताको समन्वयवादी चिन्तनको सार मिलेको छ। यही समन्वयवादको विराट् आलोकमा बिपीको जीवन र साहित्यको निर्माण भएको छ।

"मेरो जीवनको थालनीदेखि नै राजनीति र साहित्य यी दुई तत्त्वले मेरो मनमा पूरा प्रभाव पारेकाले यी दुई तत्त्व अलग अलग अन्तःप्रेरणाका उपज भए पनि मेरो हृदयमा दौंतरी जस्तै भएर बसेका हुँदा म एक अर्काको प्रभावमा एक अर्कालाई विर्सन सक्ने अवस्थामा थिइन र चाहन्नथें पनि" (कोइराला (सम्पा.), २०५८,पृ. १६)। यहींबाट बिपीको समन्वयवादी विचार, व्यवहार र चिन्तनधाराको अध्ययन प्रारम्भ गर्न सकिन्छ। बिपीकै शब्दमा अलग-अलग धर्म र चरित्रका यी दुई तत्त्वहरूलाई दौंतरी बनाएर सँगै लिएर हिंड्नु समाज र जीवनमा प्रकट गर्नु र एक अर्कालाई हस्तक्षेप नगरीकन सँगसँगै हिंडाएर दुवैतिर अनालोच्च्य प्रतिष्ठा प्राप्त गर्नु बिपीको जीवनको सबैभन्दा महत्त्वपूर्ण उपलब्धि हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बिपीले धर्म, दर्शन, जीवन र व्यवहारमा धेरै ठाउँ समन्वयको सङ्केत गरेका छन्। त्यहाँ उनको विचार, सिद्धान्त, दृष्टिकोण कमजोर भएर केवल सम्झौताको निम्ति मात्र समन्वय भनेका छैनन् बरु आवश्यकताले, औचित्यले समन्वयको खोजी गरेका छन्। तार्किक, व्यावहारिक र जीवन जगत् सापेक्ष समन्वयको खोजी गर्नु बिपीको समन्वयवादी विशेषता हो जुन हाम्रो हकमा ज्यादै मौलिक प्रयत्न पनि हो।

साहित्य र राजनीतिमा समन्वय आवश्यक छ कि छैन ? भनी सोधिएको प्रश्नमा बिपीले "यी दुई विरोधी तत्त्व हुन्। राजनीतिले नियम कानुन बनाउँछ र आफू पनि कानुनको दायराभित्र अडिएको हुन्छ तर साहित्यका पनि नियम त हुन्छन् नै तर साहित्यकार उन्मुक्त हुन्छ" (कोइराला (सम्पा.) २०५८,पृ. ४४-४५) भन्दै आफू पनि राजनीतिमा नियम आवद्ध अनुशासित नागरिक र साहित्यमा स्वतन्त्र अनि नियम बाहिर बस्ने भएकाले एक अर्थमा अराजक हुन चाहेको कुरा गरेका छन्। भौतिकवादलाई अँगाल्दा अध्यात्मवादको अभाव खट्किएको अनि कोरा अध्यात्मवादले मात्र पनि जीवनवोध गर्न नसकेको अवस्थामा बिपीले दुवैको विचार र व्यवहारलाई समन्वय गर्न चाहेका छन्।

"म मन्दिर जान्न, धर्मकर्म गर्दिन, ईश्वर छ वा छैन भन्ने विषयमा बहस गर्न पनि चाहन्न, कुनै अलौकिक तत्त्व, वा शक्तिमाथि भरोसा पनि गर्दिन तर यी सबैमा विश्वास गर्नेहरूलाई पनि म सम्मान गर्छु। कुनै न कुनै अन्तःप्रेरणाले तिनीहरूको प्रवृत्ति त्यता हुन गएको प्रति मेरो अन्यथा विचार छैन। मलाई एक प्रकारले अध्यात्मवादी र अर्को प्रकारले अनध्यात्मवादी ठान्न सकिन्छ" (कोइराला (सम्पा.), २०५८,पृ. ५८)

भन्ने कोइरालाले आफूमा सँगसँगै अध्यात्मवादी र अनध्यात्मवादी विचारलाई समन्वय गरेर राखेका छन्। त्यस्तै एउटै व्यक्ति मार्क्सवादी र प्रजातन्त्रवादी कसरी हुन सक्छ ? भनी सोधिएको प्रश्नमा बिपीले "मार्क्सवादको पनि अन्तिम लक्ष्य प्रजातन्त्र नै हो। अझ सारमा भन्दा अन्ततोगत्वा सबै विचारहरूको लक्ष्य नै एउटै भएको देखिन्छ" (कोइराला (सम्पा.), २०५८,पृ. ५२) भनेर विचारको सार समन्वय नै सबैको लक्ष्य हुनु पर्ने कुरालाई स्वीकारेका छन्। मानिसले तर्क, बुद्धि, विचार र कर्मका अतिरिक्त यी सबैले भ्याउन नसकिने नियतिसँग पनि आफूलाई समन्वय गरेर जानु पर्ने अनौठो यथार्थलाई पनि त्यत्तिकै इमान्दारीपूर्वक स्वीकार गर्न पुगेका छन्।

साहित्यको आदर्शलाई राजनीतिले अनुसरण गर्न सम्भव छ भनी सोधिएको प्रश्नमा बिपीले "साहित्यकारको दक्षता (हरेक पक्षमा) सामान्य मानव समाजको भन्दा धेरै बढी हुन्छ। राजनीति मानव समाजसापेक्ष हुन्छ। कतिपय साहित्यिक आदर्शको पूर्ण परिपालन राजनीतिमा कठिन हुन्छ तैपनि आदर्शको अनुसरण गर्ने यथाशक्य प्रयास भने भइरहनु पर्छ" (कोइराला (सम्पा.), २०५८,पृ.५३) भनेर बिपीले साहित्यिक आदर्श र राजनीतिक यथार्थलाई पनि समन्वय गरेरै हिँड्नु पर्ने सन्देश दिएका छन्। साथै आफ्नो जीवन थिनै मूल्य र आदर्शको सारांश हो भनेर त्यसको व्यावहारिक प्रयोग आफू नै भएको स्वीकारोक्ति पनि दिएका छन्। "मेरो राजनीतिक जीवन त्यही साहित्य र राजनीतिका बिचमा रहने द्वन्द्व र त्यो द्वन्द्वबाट उत्पन्न सामाजिक प्रगतिको आदर्शको अनुसरण गर्ने प्रयास हुन सक्छ" (कोइराला (सम्पा.), २०५८,पृ. ५४) भन्ने बिपीको धारणा रहेको छ।

बिपीले एकातिर कर्मवादमा विश्वास गरेका छन् भने अर्कोतिर उनको कर्मवाद नियतिवादसँग समन्वय गरेर अघि बढेको छ। कर्मवाद र नियतिवाद पनि विरोधी धर्म हुन्; कर्ममा विश्वास गरिन्छ भने नियति स्वतः निस्क्रिय हुनु पर्ने हो। नियतिको सम्बन्ध प्रकारान्तरले प्रारब्ध वा भाग्यसँग जोडिन आउँछ। भाग्यको भरोसामा पर्नेहरूले कर्ममा विश्वास नगर्न सक्छन् तर बिपीको नियति र कर्मका बिचको सम्बन्ध भगवद्गीताको प्रारब्ध कर्मवादी मान्यता जस्तै छ। जसरी गीतामा एकातिर सबै कुरा प्रारब्धले भइरहेको छ भनिएको छ अनि अर्कोतिर *लोकोऽयंकर्मबन्धन* भनिएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ। त्यस्तै बिपीले मानिस आफूले कर्म गर्न स्वतन्त्र छ तर उसको त्यो स्वतन्त्रता नियतिको कठोर बन्धनमा बाँधिएको छ। त्यसैले नियति निर्दिष्ट यथार्थलाई उछिनेर अघि बढ्न सक्ने कर्मस्वतन्त्रता मानिसमा छैन भनेर नियतिवाद र कर्म स्वतन्त्रतालाई पनि समन्वय गरेर हेर्न चाहेका छन्। जसलाई एकातिर गीताको प्रारब्ध कर्मवादी मान्यताका आधारमा हेर्न सकिन्छ भने अर्कोतिर यो मान्यता बिपीको समन्वयवादी चिन्तनको मौलिक अवधारणा हो।

गीताको *प्रकृत्यैः क्रियमाणानि गुणै कर्माणि सर्वशः अहंकार विमूढात्मा कर्ता हमिति मन्यते* (गीता, ३/२७) भन्ने गीता वचनले निर्देश गरेजस्तै बिपीले पनि प्राकृतिक नियमको क्रमलाई अन्यथा गर्न नमिल्ने कुरा गरेर प्रकृतिसँग समन्वय गरेर नै सृष्टि र जीवनको चक्र चलेको हुनाले प्राकृतिक नियम विरुद्ध जान नहुने भन्ने तर्क बिपीले गरेका छन्। सृष्टिको सारा प्रक्रिया प्राकृतिक नियमले सञ्चालन भइरहेको छ र मान्छे पनि सृष्टिमै अङ्ग भएको हुनाले ऊ प्रकृतिको नियम विरुद्ध जान सक्दैन भन्ने बिपीको तर्क छ (पाण्डे, २०६२, पृ. १५) भन्ने भनाइ बिपीको प्रकृतिपरक चिन्तनको पक्षधरताको दृष्टान्त हो जुन समन्वयवादमा पुगेर अडिएको छ।

बिपी कोइराला स्वतन्त्रता र नैतिकताका पक्षपाती व्यक्ति हुन्। स्वतन्त्रतालाई अँगाल्दा सामाजिक सम्बन्ध र नैतिकता नखल्बलियोस् भन्नेमा उनी सचेत छन्। उनले आफू फ्रायडवादी हुँदाहुँदै पनि नैतिकताको पक्षधर रहेको कुरा स्वीकार्दै "म फ्रायडवादलाई मान्छु, म अझ त्यसमाथि नैतिकतामा पुगेको छु" (कोइराला (सम्पा.) २०५८,पृ. २८) भनेर कोइरालाले यौनस्वतन्त्रतामा नैतिकता समन्वय भएको फ्रायडवाद आफ्नो मान्यता भएको तर्क गरेका छन्। यो कुरा उनका यौनिक रूपले आलोच्य ठानिएका कथा, उपन्यासका पात्र र घटनाहरूमा पनि राम्ररी पालन भएको छ। यो कुराले बिपीले पाश्चात्य चिन्तन, व्यवहारमा पूर्वीय चिन्तन र व्यवहारको समन्वय गर्न चाहेको बुझिन्छ।

उनले आफूलाई साहित्यमा अराजकतावादी र राजनीतिमा समाजवादी हुँ भनेका छन् र यी दुई व्यक्तित्वलाई उनले कति राम्ररी समन्वय गरेर एउटै जीवनमा स्वतन्त्र हिंडाउन सकेका छन्। दुई विरोधी धर्मलाई सँगसँगै उनीहरूको अस्तित्व जोगाएर, उनीहरूको धर्म बचाएर हिंडाउन सक्नु विपीको समन्वयवादी चिन्तनको गहकिलो विशेषता हो। त्यति मात्र होइन समाजवादी चिन्तनको आर्थिक पक्षमा उनी मार्क्सवादको नजिक छन् र उनले त्यसलाई सहज किसिमले व्याख्या गर्दै साम्यवादमा प्रजातन्त्र (स्वतन्त्रता) थपि दिए समाजवाद बन्छ अनि समाजवादबाट प्रजातन्त्र (स्वतन्त्रता) झिकिदिए साम्यवाद बन्छ (कोइराला, २०३८,पृ. ३२) भनेर आफ्नो मौलिक धारणालाई स्पष्टसँग राखेर आर्थिक समानताको पनि जग राजनीतिक स्वतन्त्रता हो जुन लोकतान्त्रिक समाजवादमा मात्र सम्भव छ भन्ने मान्यतालाई स्पष्ट व्याख्या गरेर देखाएका छन्। र त्यो समाजवादी चिन्तन कुनै छुट्टै मुलुकको आयातित दर्शन मात्र भएर पुग्दैन त्यसलाई आफ्नो माटो सुहाउँदो पार्नु त्यस मुलुकका विचारक वा योजनाकारको दायित्वको कुरा हो भन्दै विपीले "समाजवाद आफ्नो देशको परिस्थितिमा आधारित हुन्छ" (कोइराला, २०३८,पृ. १४) भनेर त्यसलाई देश, काल सापेक्ष समन्वय गरेर लैजानु पर्छ भन्ने मौलिक चिन्तनलाई अघि सारेका छन्।

बिपीले विरोधी धर्मका तत्त्वहरूलाई आफूभित्र राख्नुलाई हामीले झट्ट सुन्दा कतै समन्वय र सम्झौताको बाटो लिएर कुनै क्रान्तिकारी परिवर्तनलाई अँगाल्न नसक्नुको परिणाम त होइन भन्ने तार्किक प्रश्न पनि उठ्ने सम्भावना देखिन्छ। त्यसभन्दा पर गएर गरिने सम्झौता पनि घातक हो साथै समन्वयको भित्री धर्म चलायमान तत्त्वहरूको पनि वस्तुधर्म सापेक्ष समन्वय मात्र हितकर हुन्छ अन्यथा सर्वत्र समन्वयको अर्थ रहँदैन। यस अर्थमा "साहित्य र राजनीतिजस्ता पारस्परिक विरोधी तत्त्वहरूबाट प्रेरित विरोधी प्रेरणा-तत्त्वहरू मानिसमा विद्यमान रहन्छन् सहज वृत्तिका रूपमा" (कोइराला (सम्पा.) २०५८,पृ. ३७-३८) भन्ने बिपीको चिन्तनमा दुवै तत्त्व सहज अटाउने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थिएनन् । समयले, परिस्थितिले, आवश्यकताले माग गरेको अनि क्रान्तिको बीज धर्मलाई बचाएर अस्तित्ववान् बन्न सक्ने समन्वय नै वास्तवमा बिपीको समन्वयवादी चिन्तन हो ।

बिपीको राजनीतिक जीवनमा पनि समन्वयवादले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ। उनी सम्झौतावादी भएर होइन सधैँ जिम्मेवारीपूर्वक देश, जनता र प्रजातन्त्रका पक्षमा बोल्दा के कसरी हुन्छ यिनै पक्षको हित र संरक्षणको मुद्दालाई केन्द्रमा राखेरै राणा र राजासँग अधिकारको खोजी गरिरहे । उनको उद्देश्य थियो प्रजातन्त्र, मानवअधिकार र नागरिक स्वतन्त्रतामा कहीँ पनि सम्झौता हुँदैन त्यसबाहेक राजा वा अन्य शक्तिसँग सहकार्यको सम्भावना रहन्छ भन्ने बिपीको धारणा रह्यो । यहाँसम्मकि *राष्ट्रियताको सवालमा राजा र मेरो घाँटी एकै ठाउँ जोडिएको छ* भन्दा भएका आलोचनाहरूले बिपीलाई विचलित तुल्याएन । राष्ट्र नरहे बरु मेरो त नागरिकको हैसियतले विराटनगरमा जग्गा जमीन छ तर राजाको त त्यो पनि ठाउँ छैन (चटर्जी, २०६३,पृ. ३) भनेर ज्यादै गम्भीर अनि जिम्मेवार अभिव्यक्ति दिने सामर्थ्य बिपीमा रहेको थियो । उनी यो देशका जिम्मेवार राजनेता थिए जसले सम्पूर्ण रूपले देश र जनताकै पक्षमा सधैँ सङ्घर्ष गरिरहे ।

आफूमाथि जीवनभर दरबारबाट विभिन्न प्रकारका षड्यन्त्रहरू भइरहँदा पनि बिपीले दरबारलाई निमिट्यान्न पार्नु पर्ने शत्रुजस्तो देखेनन् । कुबेर शर्मालाई दिएको एउटा अन्तर्वार्तामा "म आफ्नो मान्यतालाई आफ्नो प्राणको बाजी राखेर राजाको देशभक्तिको संवेदनशीलतालाई जगाउन चाहन्छु । ... विचारको समान रूपता नै एकताको बलियो आधार हो" (कोइराला (सम्पा.) २०५८,पृ. ७१) भनेर बिपीले राजासँग समन्वय र सहकार्यको तर्कसङ्गत, औचित्यपूर्ण प्रस्ताव अघि सारेको पाइन्छ । त्यस्तै मनमोहन भट्टराईलाई दिएको अन्तर्वार्तामा बिपीले "आजको मूल राष्ट्रिय समस्या हो राष्ट्रिय एकता । राष्ट्रिय एकता भन्नाले राजपक्ष र जनपक्षको विचारको नितान्त विश्वासको सम्बन्धलाई जनाउँछ अर्थात् राजमुकुट र प्रजातान्त्रिक शक्तिहरूका बिचको स्थायी एवम् आश्चर्यपूर्ण एकता" (कोइराला (सम्पा.) २०५८,पृ. ७२) भनेर बिपीले समन्वय र सहकार्यको आफ्नो राजनीतिक अभियानको परिचय दिएको पाइन्छ । यतिसम्मकि बिपीले राष्ट्रको उत्थानको आधार राजनीतिक, आर्थिक विकास मात्र होइन कला, साहित्य र संस्कृतिको पनि समान किसिमको उत्थान हुन र कला र सांस्कृतिक पक्षको मजबुती आवश्यक छ" (कोइराला (सम्पा.) २०५८,पृ. ७४) भनेर समेत समन्वयवादी चिन्तनलाई बल प्रदान गर्न चाहेको बुझिन्छ ।

भोला चटर्जीले बिपी, नेपालको राष्ट्रियताका पनि संरक्षक थिए, उनको व्यक्तित्वको उचाइकै बलले दरबार समेत सुरक्षित थियो भन्ने ज्यादै गहिरो कुटनीतिक विचार राखेका छन् यसबाट बिपीको समन्वयकारी व्यक्तित्वको पनि परिचय पाउन सकिन्छ । कुनै एउटा चिन्तन, एउटा बाटो वा एउटा मात्र काम गर्ने गरी निर्धारण गरिएको जीवन एक पक्षीय मात्रै हुन्छ । तर मानिसको जीवनको प्रकृति बहुआयामिक छ । त्यसैले भिन्न भिन्न युग, धर्म, कर्म र व्यवहारमा आफूलाई बाँड्दै अनि समेट्दै लैजाने जीवन राम्रो हो । किनभने विभिन्न धरातलमा रहन नसक्ने व्यक्ति पूर्ण रूपमा बाँच्न सक्दैन (चटर्जी, २०६३,पृ. १०८) भन्ने बिपीको जीवन दर्शन बहुआयामिक लाग्छ । र ती विविध आयामको संयोग जीवन भएकाले जीवन समन्वयात्मक छ भन्ने आशय नै बिपीको जीवन दर्शनको निष्कर्ष हो । बिपी एकैपटक भौतिकवादी, अध्यात्मवादी र अज्ञेयवादी भएर तिनै तहको अनुभूतिको समन्वयमा बाँचेका व्यक्ति हुन् । जुन कुरालाई उनले धेरै ठाउँमा पटक, पटक भनेका पनि छन् । एउटै मात्र विचारको पछि नदौडिएर धेरै विचारहरूबाट एउटा विचार निर्माण गर्ने सामर्थ्य बिपीको मौलिक जीवन दर्शन हो । बिपीले यो कुराको निचोडमा भनेका छन् "मलाई के लाग्छ भने म सबैको अंश हुँ" (चटर्जी,२०६३,पृ.१०९) । धेरै सम्भावनाहरूलाई मैले स्वीकार गरेझैँ धेरै विचारको अंश मिलेर म बनेको छु भन्ने बिपीको समन्वयात्मक विचार पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देशकै हितको निम्ति राष्ट्रिय मेलमिलापको समन्वयवादी प्रस्तावलाई राजाका सामु प्रस्तुत गरेका छन् जसले बिपीको जिम्मेवार दृष्टिकोणको परिचय दिन्छ। बिपीको वैचारिकता समन्वयवादमा परिलक्षित हुन्छ भन्ने कुरा यी समीक्षा धारणाहरूबाट पनि स्पष्ट हुन्छ।

कोइरालाका उपन्यासमा कतै पश्चिमी कतै पूर्वीय दर्शन र चिन्तनको प्रभाव देखिए पनि कुनै धर्म वा दर्शनको एकपक्षीय यथावत् प्रयोग गर्न यी कृतिहरू लेखिएका होइनन्, बरु सबै धर्म र दर्शनको सार समाहित गरेर मौलिक मानवीय जीवनमूलयलाई औपन्यासिक शिल्प प्रदान गर्न लेखिएका हुन्। ... उनको योगदानले लेखक तथा पाठकलाई नवीन शिल्पसञ्चेतना र 'सर्वधर्मसमन्वय', मानवनियति र अस्तित्व तथा पूर्वीय दर्शनको युगीन मानवीय मूल्यबोधको औपन्यासिक अनुप्रेरणा प्रदान गरेको छ (शर्मा, २०६८,पृ. २) भन्ने समीक्षा भनाइले बिपीका समग्र उपन्यासहरूको वैचारिक सन्देशको सार समेटेको अनुभव हुन्छ।

कुनै पनि प्रकारको अतिवादका विपक्षी बिपीले समाज र जीवनमा सधैँ मिलनबिन्दुको खोजी गरेको पाइन्छ। सबै खाले अतिवादले हठले मानिसलाई कुनै पनि लक्ष्यमा पुऱ्याउँदैन। लक्ष्यमा पुग्न बिचको बाटो हिँड्न खोज्नु पर्छ भन्ने बिपीको चिन्तनको सार सन्देश हो (दाहाल, २०६०,पृ. ३११)। यो भनाइले पनि बिपीको समन्वयवादी दर्शनलाई नै सङ्केत गर्दछ।

पूर्वीय तथा पाश्चात्य चिन्तन तथा साहित्य अनि सामाजिक पारिवारिक परिवेशबाट अनुप्रेरणा ग्रहण गरी त्यसलाई आफ्नै अनुभव र ज्ञानको उज्यालोमा केलाउँदै नौलो स्वरूपमा प्रस्तुत गर्न सक्नु कोइरालाको चिन्तनको आफ्नो क्षमता हो (पाण्डे, २०६२,पृ. १०)। यो भनाइबाट एकातिर विपी पूर्वीय र पाश्चात्य साहित्य र दर्शनको चिन्तनबाट प्रभावित छन् भन्ने कुरा र अर्कोतिर उक्त चिन्तन, विचार र दर्शनलाई समन्वय गरेर आफ्नो नवीन वैचारिक जीवन दर्शन तयार गर्न विपी सक्षम भएका छन् भन्ने कुरा ध्वनित भएको छ। विपीको समन्वयवादको सार कुरा पनि उनको चिन्तनको मौलिक पक्ष हो। बिपीको स्वचिन्तन विधि भनेकै समन्वयवादी चिन्तन हो। जहाँ पूर्व र पश्चिम अनि यिनका मान्यताहरू समन्वय भएर अटाएका छन्।

विपीले सामाजिक परिवर्तन झगडा र लडाइँमा होइन समन्वयमा सम्भव देख्छन्, सम्झौतामा सम्भव देख्छन्। ... यिनी प्रत्येकले आफूमाथि अन्याय नगरीकन समाज परिवर्तनको अभियानमा सहभागी हुनु पर्ने र समन्वय र सम्झौताको मार्ग अवलम्बन गर्दै परम्परको सम्बन्धलाई मजबुत पार्दै रुढिग्रस्त सामाजिक सोचहरूलाई निर्मूल पार्न पुरुष र नारी दुवै आपसमा मिलेर लाग्नु पर्ने आवश्यकता बोध गर्दछन् (पाण्डे, २०६२,पृ. १०-११)। यो अभिव्यक्तिबाट पनि विपीको समन्वयवादी अभियानकै विशिष्टता अभिव्यञ्जित भएको छ।

निष्कर्ष

यी धेरै कुराहरूले बिपीको वैचारिक दर्शन समन्वयवादी चिन्तनमा केन्द्रित थियो भन्ने सङ्केत गर्दछन्। अनेक सम्भावनाहरूबाट मिलनबिन्दुको खोजीतर्फ बिपीको विचारको सार केन्द्रित भएको कुरा पनि त्यत्तिकै महत्त्वपूर्ण छ। बिपीले आफ्ना अन्तर्वार्ताहरूमा व्यक्त गरेका, विश्लेषकहरूले ठम्याएका र उनका साहित्यिक (खासगरी उपन्यास) कृतिहरूमा व्यक्त भएका केही दृष्टान्तहरूलाई मात्र आधार सामग्री बनाएर यो लेख तयार गरिएको छ। क्रान्ति र शान्ति दुवैका अगुवा बिपीको मौलिक चिन्तन नेपाली माटो सुहाउँदो हुनु नै उनको विशिष्ट योगदानको परिचायक हो। समन्वयवादी चिन्तन पनि यस अर्थमा नेपालको सन्दर्भमा बिपीको मौलिक चिन्तनको प्रारम्भ हो भन्न सकिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भसूची

कोइराला, जीवनचन्द्र (सम्पा.) (२०५८), *बिपी कोइरालाका छरिएका सामग्री,* काठमाडौं : मनिका (ज्योति) कोइराला ।

कोइराला, कुलप्रसाद र पाण्डे, ध्रुवलाल (२०७१), *बिपी कोइराला व्यक्ति एक आयाम अनेक,* काठमाडौं : सनराइज पब्लिकेसन प्रा.लि. ।

कोइराला, विश्वेश्वरप्रसाद (२०२७), *सुम्निमा,* वाराणसी : प्रशान्त प्रकाशन ।

चटर्जी, भोला (२०६३), *बिपी कोइराला एक क्रान्तिकारी व्यक्तित्व,* ललितपुरः साझा प्रकाशन ।

चालिसे, नारायण (२०६९), *पौरस्त्य दार्शनिक मान्यतामा कोइरालाका उपन्यास,* दाङ : बिपी चिन्तन केन्द्र ।

............(२०७३), *साहित्यकार बिपी कोइराला,* काठमाडौं : जननायक बिपी कोइराला स्मृति ट्रस्ट ।

दाहाल, कृष्णप्रसाद (२०६०), *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा द्वन्द्वविधान,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पाण्डे, ज्ञानू (२०६२), *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद,* काठमाडौं : नेपाली आख्यान समाज ।

शर्मा, हरिप्रसाद (२०७१), "विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासका सम्बन्धमा" (भूमिका), बिपीका उपन्यास, ललितपुर : साझा प्रकाशन ।

सरस्वती, मधुसूदन (टीका) (सन् २००४), *श्रीमद्भगवद्गीता,* चौ.सं., वाराणसी : चौखम्बा संस्कृत संस्थान ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उड्डुदायप्रदीप : फलादेशसिद्धान्त र वैशिष्ट्य

डा. पुरुषोत्तम भट्टराई
उपप्राध्यापक, वाल्मीकि विद्यापीठ

लेखसार

वर्तमानमा प्रचलित र प्रख्यात लघुपाराशरीको वास्तविक नाम नै उडुदायप्रदीप हो । नक्षत्रप्रदत्त आयुर्दायलाई प्रकाश पार्ने भन्ने अर्थमा उडुदायप्रदीप नाम सार्थक बन्छ । यसमा ग्रन्थकारले दशाविश्लेषणमा नक्षत्रदशापद्धतिलाई जोड दिँदै विंशोत्तरी दशा ग्रहण गरेका छन् । मङ्गलाचरण, भाव एवम् भावेशको शुभाशुभत्वविवेचन, ग्रहदृष्टिवर्णन, मारकविश्लेषण, आयुनिर्धारण, दशाफलविश्लेषण लगायतका ग्रन्थप्रतिपाद्य विषयहरूको प्रस्तुतिमा सूत्रात्मक पृथक् शैली प्रस्तुत गरिएको छ । यो फलादेशको सिद्धान्त ग्रन्थ हो । बृहत्पाराशरहोराशास्त्रमा अन्तर्निहित समग्र विषयवस्तुलाई विश्लेषण गर्ने दृष्टिकोणस्वरूप प्रस्तुत सूत्रग्रन्थको रचना गरिएको हो । यसमा प्रतिपादित सिद्धान्तसूत्रको अवलम्वन गर्दा बृहत्पाराशरहोराशास्त्रको मात्र नभएर समग्र जातकफलादेशकै मार्गचित्र स्पष्ट हुन्छ ।

शब्दकुञ्जी उडुदायप्रदीप, नक्षत्रदशा, विंशोत्तरी दशा, भाव, भावेश

विषयप्रवेश

पौरस्त्य ज्योतिष वाङ्मयमा लघुजातक भन्नाले वराहमिहिरको बृहज्जातक नामक अनुपम जातकग्रन्थको लघुतम रूप बुझिएजस्तै *लघुपाराशरी* भन्नाले पनि सामान्यतया पराशरप्रणीत बृहत्पाराशरहोराशास्त्रकै लघुतम रूप हो भन्ने बुझाइ प्रायःजसो पाठकहरूमा रहेको पाइन्छ । त्यसो त शब्दगत रूपमा हेर्दा लघुपाराशरी बृहत्पाराशरहोराशास्त्रकै लघु रूप हो अनि मध्यपाराशरी मध्यम स्वरूप हो भन्न सकिन्छ । तर संरचनागतरूपमा हेरेमा यथार्थमा यी दुवै ग्रन्थ बृहत्पाराशरहोराशास्त्रको आयामगत लघु एवम् मध्यम रूप हुन् भन्ने सबै भ्रमहरू हटेर जान्छन् । यी कृतिहरूका स्रष्टा पनि फरकफरक हुन् । बृहत्पाराशरहोराशास्त्रका प्रणेता महर्षि पराशर हुन् भने लघुपाराशरी एवं मध्यपाराशरी दुवै पराशरका शिष्य (अनुयायी)हरूले रचना गरेका कृतिहरू हुन् । यी दुई कृतिहरूमध्ये लघुपाराशरी फलादेशसिद्धान्त प्रतिपादित सूत्रात्मक ग्रन्थ हो अनि मध्यपाराशरी त्यसको प्रयोग । बृहत् काय भएको पराशरप्रणीत होराशास्त्रको समग्र फलादेशपद्धति र फलमात्र नभएर ज्योतिषशास्त्रोक्त समग्र जातकफलादेशविधि नै लघुपाराशरीमा प्रयुक्त सिद्धान्तले समेटेको छ । यस लेखमा कालान्तरमा लघुपाराशरीका नामले प्रसिद्ध भएको पराशरशिष्यरचित, *उडुदायप्रदीपनामक* लघुकायग्रन्थको संरचना र वैशिष्ट्यका बारेमा उल्लेख गरिएको छ । प्रसिद्धिका कारण लघुपाराशरी नामलाई समान रूपमै प्रयोग गरिएको छ ।

समस्याकथन – लघुपाराशरी बृहत्पाराशरहोराशास्त्रकै लघुरूप हो र यो एउटा फलादेशपरक सानो ग्रन्थ हो भन्ने आम बुझाइ एउटा समस्याका रूपमा रहेको छ ।

अनुसन्धानको उद्देश्य – लघुपाराशरी बृहत्पाराशरहोराशास्त्रको लघुरूप नभई फलादेशसिद्धान्त प्रतिपादन गरिएको स्वतन्त्र सूत्रग्रन्थ हो भन्ने सन्देशप्रवाह गर्नु नै लेखनको मूल उद्देश्य रहेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्ययनविधि – प्रस्तुत लेख लेख्दा मूलतः वर्णनात्मक र तुलनात्मक विधिको प्रयोग गरिएको छ।

ग्रन्थको उत्पत्ति

जिज्ञासा नै आविष्कारको जननी हो भन्ने कुरा सर्वविदित छ। जिज्ञासाबाटै आत्मोत्कर्ष र विज्ञान जन्मन्छ। प्राकृतिक परिघटनामा लोक संवेदनशील हुन्छ। यो समस्त मानवजातिको नैसर्गिक स्वरूप हो। ब्रह्माण्डीय घटना र रहस्यमा प्राग् ऐतिहासिक कालदेखि नै मानवसमुदाय कति उत्सुक थियो र यसले कति ज्ञान हासिल गरेको थियो भन्ने कुरा वैदिकसंहिता, ब्राह्मण, उपनिषद् आदि शास्त्रग्रन्थहरूको अध्ययनबाट थाहा हुन्छ।

आत्मा नै कर्ता हो। आत्माद्वारा जन्मजन्मान्तरमा गरिएका शुभाशुभ कर्मको प्रभावले पुनर्जन्म हुन्छ। यो जन्म पनि कर्मफल प्राप्तिको लागि नै हो। ऋषिमहर्षिद्वारा प्रतिपादित कर्मवाद र पुनर्जन्मवादका यस्ता विशिष्ट सिद्धान्तको प्रतिपादन वैदिक दर्शनहरूमा यत्रतत्र गरिएका पाइन्छन्। यदि जीवन कर्मफलको भोगका लागि हो भने ती फलहरू कहिले-कहिले ? कहाँ-कहाँ ? र कसरी-कसरी ? प्राप्त हुन्छन् भनेर जान्ने साधन नै ज्योतिषशास्त्र हो। अन्धकारमा बत्तीको सहायताले वस्तुज्ञान गरेजस्तै ज्योतिषशास्त्रको सहायताले जन्मजन्मान्तरको शुभाशुभ कर्मजन्य फलको प्राप्तिबारे जान्न सकिन्छ।

यदुपचितमन्यजन्मनि शुभाऽशुभं तस्य कर्मणः पक्तिम्।

व्यञ्जयति शास्त्रमेतत्तमसि द्रव्याणि दीप इव॥ (लघुजातक, १।३)।

ऋषिमुनिहरूका मतमा सञ्चित, प्रारब्ध र क्रियमाण गरी कर्म तीन प्रकारका मानिएका छन्। गर्ग, पराशर लगायतका ऋषि-महर्षिहरूले पनि यी तीन प्रकारका कर्मका फल एवम् प्रभाव ज्ञान गर्नका लागि तीन प्रकारका ज्योतिषीय फलादेश विधिहरूको प्रतिपादन गरेका छन्। कुण्डलीमा निर्मित ग्रहजन्य विविध योगहरूको विश्लेषण गरेर सञ्चित कर्मको फल ज्ञान गरिने विधिलाई योगपद्धति भनिन्छ। दशा, अन्तर्दशाको माध्यमद्वारा प्रारब्ध कर्मको फल ज्ञान गरिन्छ, जसलाई दशापद्धति भनिन्छ। यसरी नै वर्तमान ग्रहसञ्चारको विश्लेषणद्वारा क्रियमाण कर्मको ज्ञान गरिन्छ जसलाई गोचरपद्धति भनिन्छ। साधारण फल, योगफल, स्वभावानुगत (आत्मभावानुसार) फल, दशाफल र गोचरफलहरूका उपर्युक्त तीन विधिहरू तीन प्रकारका कर्मका निकट देखिन्छन्।

पराशरले रचना गरेका र आयामका दृष्टिले समेत विस्तृत भएको हुनाले नै उनको होराशास्त्रलाई बृहत्पाराशरहोराशास्त्र भनिएको हो। *होराशास्त्र* संयुक्त शब्द हो। यो होरा र शास्त्र दुई शब्द मिलेर बनेको छ। होराशास्त्रमा अन्तर्निहित होरा शब्द दिन र रात (चौबीस घण्टा वा साठी घडी)लाई बुझाउने अहोरात्र शब्दको पहिलो र पछिल्लो अक्षर (वर्ण) लोप भएर बनेको हो। यो होरा शब्दको पहिलो हो अहः (दिन) को पछिल्लो हः र रा रात्रिको पहिलो रा वर्ण (अक्षर) मिलेर बनेको छ। संस्कृत व्याकरणमा अन्तर्निहित सन्धिको नियमअनुसार हको विसर्ग र-वर्ण पर भएकोले विसर्ग-सन्धि भएर हो बनेको देखिन्छ (हशि च, पाणिनिव्याकरण ६।१।११४)। यसरी ज्योतिष जगत्मा प्रचलित होरा शब्द अहोरात्रकै लघुरूप मानिन्छ।

होरेत्यहोरात्रविकल्पमेके वाञ्छन्ति पूर्वापरवर्णलोपात्।

कर्मार्जितं पूर्वभवे सदादि यत्तस्य पक्तिं समभिव्यनक्ति। (बृहज्जातक १।३)।

जुन शास्त्र वा ग्रन्थमा अहोरात्र (चौबीसै घण्टा)को आकाशीय घटनाहरूको विवेचन गरिएको हुन्छ त्यसलाई होराशास्त्र वा होराग्रन्थ भनिन्छ (खोत, १९९९:२)। शास्त्र भनेको विषयानुशासन मात्र हो भने आचार्यप्रणीत र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निश्चित शब्दानुपूर्वी रचना ग्रन्थ हो (दाहाल, २००३:३)। लघुपाराशरी यस्तै ग्रन्थधर्मी रचना हो र जातकका उपर्युक्त कर्मका बारेमा प्रकाश पार्नकै लागि यसको उत्पत्ति भएको हो।

ग्रन्थको स्वरूप

लघुपाराशरीलाई ग्रन्थकारले *उडुदायप्रदीप* भन्ने नाम दिएका छन्। यो कुरा उनले ग्रन्थको प्रस्तावनाको क्रममै स्पष्ट रूपमा उल्लेख गरेका छन्।

वयं पाराशरीं होरामनुसृत्य यथामतिः ।

उडुदायप्रदीपाख्यं कुर्मो दैवविदां मुदे ॥ (लघुपाराशरी १।२) ।

उडुको अर्थ नक्षत्र हो। नक्षत्रहरूद्वारा जातकमा पर्ने प्रभाव र नक्षत्रप्रदत्त आयुका बारेमा प्रकाश पार्ने ग्रन्थ भन्ने अर्थमा यसको नाम उडुदायप्रदीप राखिएको हो जुन कालान्तरमा लघुपाराशरीका नामले प्रसिद्ध भयो। ग्रन्थको प्रस्तावनास्वरूपको उक्त श्लोकमा **वयं** बहुवचनको प्रयोग हुनु र नक्षत्रदशामध्ये विंशोत्तरी दशाका आधारमा नक्षत्रप्रदत्तफल वर्णन गर्छौं भनेका हुनाले यो रचना विंशोत्तरी दशाक्रम र तज्जन्य प्रभावफलमा विश्वास गर्ने पराशरका अनुयायी सबै ज्योतिर्विद्को प्रतिनिधि ग्रन्थ हो भन्ने बुझिन्छ।

फलानि नक्षत्रदशाप्रकारेण विवृण्महे ।

दशा विंशोत्तरी चात्र ग्राह्या नाष्टोत्तरी मता ॥ (लघुपाराशरी १।३)

विंशोत्तरी दशाफलमा अनुसन्धान गर्ने समग्र ज्योतिषीहरूलाई समेट्न र आफ्नो विनयी एवम् निरहंकारी भावको प्रस्तुतिका लागि पनि ग्रन्थकारले आफ्नो नाम नराखेर **वयं** जस्तो बहुवचन शब्दको प्रयोग गरेका हुन् (खोत, १९९९ : २)।

पाणिनीय व्याकरणमा प्रवेश गर्नका लागि लघु सिद्धान्तकौमुदीजस्तै फलितज्योतिषमा गहिरो अध्ययनका लागि यो प्रवेशद्वार हो। विराट्को अणु परमाणुमा समेटेर अन्तश्चेतनामा प्रत्यक्ष गर्नसक्ने शक्तिद्वारा भारतीय मनीषिले भगवद्गीता, दुर्गासप्तशती, श्रीमद्भागवत्जस्ता बृहत् ग्रन्थलाई सात, सात र चार श्लोकमा समेटेजस्तै पराशरको समग्र सिद्धान्तलाई यसमा जम्मा बयालीस (४२) श्लोकमा समेटिएको छ। संक्षेपीकरणको यो एक श्रेष्ठतम नमुना हो (मिश्र, २००९ : भूमिका खण्ड)।

कलौ पाराशरी स्मृतिः भनेर कलियुगमा सर्वत्र पराशरको महत्त्व देखाइनुले पनि उनको होराशास्त्रलाई कम आँक्न सकिन्न। **नक्षत्रायुः कलौ युगे** भन्ने मान्यता प्राचीन दैवज्ञका अनुभवसिद्ध कुराको साक्ष्य हो। त्यस्तो महत्त्वपूर्ण होराशास्त्रको विस्तृत ज्ञानलाई लोककल्याणका निमित्त फलादेशको सिद्धान्तस्वरूप प्रतिपादन गरिएकाले लघुपाराशरी ज्योतिषजिज्ञासूहरूको उपकारक बनेको छ। सय अध्यायको हाराहारीमा भएको (सम्पादनका क्रममा ९९ देखि १०३ अध्यायसम्ममा विभाजन गरेको देखिएकाले) समग्र बृहत्पाराशरहोराशास्त्रको सारस्वरूप उडुदायप्रदीपमा अनुष्टुप् छन्दका जम्मा बयालीस श्लोकहरू छन्। यो पराशरका कुनै विशिष्ट प्रतिभाशाली शिष्यको प्रभावपरक स्वतन्त्र रचना हो। यसमा संज्ञाध्याय, योगाध्याय, आयुर्विचाराध्याय, दशाफलाध्याय र मिश्रकाध्याय गरी जम्मा पाँच (५) अध्याय छन्। सम्पादनका क्रममा कतिपय सम्पादकहरूले मङ्गलाचरण समेत ग्रन्थप्रस्तावनाका सुरुका तीन श्लोकहरूलाई छुट्टै सङ्कल्पाध्यायका रूपमा राखेर प्रस्तुत गरेको पनि पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लघुपाराशरीको केही प्राचीन टीकाकार र टीका

फलादेशको सैद्धान्तिक ग्रन्थ भएकाले प्राचीनकालदेखि नै लघुपाराशरीमा विभिन्न विद्वानहरूको दृष्टि परिरहेको देखिन्छ । यसै क्रममा ग्रन्थमा विशेष अनुसन्धान गरी धेरै ज्योतिर्विद्हरूले टीका लेखेका भए पनि केही प्रसिद्ध टीकाकार र टीकाहरू निम्नअनुसार भएको कुरा अध्ययनबाट थाहा हुन्छ ।

क) ह.ने.काटवे (मराठी टीकाकार)

ख) वि.गो. नवाधे (मराठी टीकाकार)

ग) रघुनाथ शास्त्री पटवर्धन (मराठी टीकाकार)

घ) पण्डित ज्योतिषतीर्थ सीतारामजी झा (हिन्दी टीकाकार)

ङ) पण्डित रामेश्वर भट्ट (हिन्दी टीकाकार)

च) राजज्योतिषी चतुर्वेद चन्द्रशेखर शास्त्री (हिन्दी टीकाकार)

छ) विद्यारत्न माधवप्रसाद व्यास (हिन्दी टीकाकार)

ज) दैवज्ञ वाचस्पति पं. विनायक शास्त्री, वेताल (संस्कृत टीकाकार)

झ) पण्डित रामयत्न ओझा

ञ) शास्त्री तुलजाशङ्कर धिरजराम पंड्या (गुजराती टीकाकार)

ट) पण्डित उत्तमराम ठाकुर (गुजराती टीकाकार)

ठ) सज्जनरञ्जनी

(स्रोतः १९९९:२०५-२११) ।

ग्रन्थको प्रतिपाद्य विषय र प्रस्तुति शैली

हाल प्राप्त होराशास्त्रहरूमध्ये बृहत्पाराशरहोराशास्त्र एक मात्र प्रसिद्ध र बहुप्रचलित आर्ष होराशास्त्र हो जसलाई आधिकारिक फलादेशकर्ताहरूले अवलम्बन गर्ने गरेको पाइन्छ । लघुपाराशरी यसैको सैद्धान्तिक सोपान हो । मूलतः बृहत्पाराशरहोराशास्त्रमा प्रतिपादित अनेक दशापद्धतिहरूमध्ये चान्द्रनक्षत्रदशापद्धति नै यस ग्रन्थको प्रतिपाद्य विषय हो । मारकनिर्णयप्रकार पनि यसमा विशेष किसिमले प्रस्तुत गरिएको छ । बृहत्पाराशरहोराशास्त्रलगायत सबै प्रामाणिक जातकग्रन्थहरूमा मनुष्यहरूको भाग्याभाग्य एवम् शुभाशुभ प्रसङ्गहरू तथा विविध घटनाहरूको जानकारी प्रदान गर्नका लागि अनेक प्रकारका पद्धतिहरूको अवलम्बन गरिएको पाइन्छ । तीमध्ये जातकको जन्मकुण्डलीका आधारमा फलादेश गरिने निम्नलिखित केही पद्धतिहरू ज्यादै प्रायोगिक मानिन्छन् र प्रसिद्ध पनि छन् ।

जातकपद्धति - जन्मलग्नकुण्डलीमा लग्नादि द्वादशभावस्थित ग्रहहरूको अवस्थिति र तिनको पारस्परिक सम्बन्धका कारण उत्पन्न जातकफलका बारेमा विवेचन गरिने पद्धति नै जातकपद्धति हो । जन्मसमयमा जुन नक्षत्र र राशिमा चन्द्रमा हुन्छ जातकको त्यही नक्षत्र र राशि हुन्छ । यस पद्धतिमा त्यही नक्षत्रका आधारमा दशाको गणना गरेर फलादेश गरिन्छ ।

गोचरपद्धति - अभीष्टकालका आकाशीय पिण्डहरू (ग्रह एवम् नक्षत्रहरू)को स्थितिका आधारमा जातकमा पर्ने प्रभावफल वर्णन गर्ने पद्धति नै गोचरपद्धति हो । जातकको जन्मलग्नकुण्डली र राशिकुण्डली स्थिर हुन्छ तर ग्रहहरू भ्रमणशील भएकाले राशिकुण्डलीमा ग्रहहरूको स्थिति र पारस्परिक सम्बन्ध समयअनुसार परिवर्तन भइरहन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसैले गोचरपद्धतिमा समयअनुसार कुण्डली बदलिरहन्छ र त्यसका आधारमा गरिएको फलादेश तात्कालिक तर बढी प्रभावकारी हुन्छ। यसको राशिगोचरपद्धति तथा नाक्षत्रपद्धतिजस्ता भेदहरू प्रसिद्ध छन् ।

ताजिकपद्धति - ताजिकशास्त्र जातकशास्त्रजस्तै होराशास्त्रकै एक भेद हो । जातकको जन्मसमय सूर्यको निश्चित सूक्ष्म अवस्थितिसँग सम्बद्ध हुने हुँदा जुन समयमा हरेक वर्ष सूर्य उही स्थितिमा पुग्छ त्यसलाई आधार मानेर सौरवर्षप्रवेशकुण्डली तयार पारी तात्कालिक ग्रहस्थिति र तिनको पारस्परिक सम्बन्धका आधारमा जातकको शुभाशुभ फलादेश गरिने शास्त्रलाई ताजिकशास्त्र भनिन्छ। एक सौरवर्ष अर्थात् ३६५ दिन १५ घडी ३१ पला ३० विपला समाप्त हुँदा जुन लग्नको उदय हुन्छ त्यसका आधारमा तयार गरिने कुण्डलीलाई वर्षप्रवेशकुण्डली वा वार्षिककुण्डली भनिन्छ। वर्षप्रवेशकुण्डलीमा अवस्थित ग्रहहरूको पारस्परिक सम्बन्धका आधारमा फलादेश गरिने पद्धति नै ताजिकपद्धति हो।

राशिफलादेश पद्धति - जन्मसमयमा जुनजुन ग्रहहरू जुनजुन राशिमा हुन्छन् ती राशिका स्वभावअनुसार फल विवेचन गर्ने पद्धति नै राशिफलादेशपद्धति हो । जैमिनीप्रतिपादित यस पद्धतिमा लग्नलाई गौण मानिन्छ । मूलतः यसमा चन्द्रस्थित नक्षत्र एवम् राशिलाई आधार मानेर फलादेश गर्ने परम्परा प्राचीन समयदेखि बढी प्रचलित छ। यसमा राशि एवम् नक्षत्रको दशा हुन्छ।

नक्षत्रदशापद्धति - जन्मसमयमा चन्द्रमा बसेको नक्षत्र नै जातकको जन्मनक्षत्र हो र त्यसका आधारमा गणना गरिने दशा नक्षत्रदशा हो । नक्षत्रदशाको आधारमा फलादेश गरिने पद्धतिलाई नक्षत्रदशापद्धति भनिन्छ । यसअनुसार प्रत्येक नक्षत्रको स्वामी ग्रह हुन्छ र तिनको दशासमय फरक-फरक हुन्छ। चन्द्रमा जति समय नक्षत्रमा बस्छ त्यसलाई भभोग र जति समय बसिसकेको हुन्छ त्यसलाई भयात भनिन्छ। नक्षत्रको भोग्न बाँकि समयलाई भोग्य भनिन्छ। नक्षत्रको भुक्त र भोग्यका आधारमा दशाको समय पनि भुक्त र भोग्य हुन्छ। नक्षत्रदशाका विविध प्रकार छन् तापनि विंशोत्तरी, अष्टोत्तरी र त्रिभागी नै प्रसिद्ध छन्।

लघुपाराशरीमा मूलतः नक्षत्रदशापद्धतिको शैलीलाई अपनाइएको छ र सामान्य विषयमा जातकपद्धतिको समर्थन गरिएको छ।

वैशिष्ट्य

ग्रन्थमा अन्तर्निहित वैशिष्ट्यलाई छुट्टाछुट्टै निम्न आधारमा स्पष्ट्याउन सकिन्छ :

मङ्गलाचरण - *ग्रन्थसमाप्तिकामो मङ्गलमाचरेत्* भन्ने शास्त्रीय मान्यताअनुसार प्रायः सबै ज्योतिषीहरूले सूर्यलाई आधार मानेर मङ्गलाचरण गर्ने गरेको देखिन्छ। एकाध ग्रन्थकारहरूले गणेशको स्मरण पनि गरेका छन् भने यसमा सरस्वतीको उपासना गरिएको छ । ज्योतिषका ग्रन्थहरूको आरम्भमा सरस्वतीको उपासना गरिएको विरलै देखिन्छ। यो एउटा विशिष्ट पक्ष हो। यस्तै विषयवस्तु निर्देश गर्दा दोस्रो र तेस्रो श्लोकमै स्पष्टरूपमा ग्रन्थनिर्माणको औचित्य र ग्रहण गरिएको विषय एवम् सन्दर्भलाई सङ्केत गरिएको छ।

विषयवस्तु - ग्रन्थकारले प्रतिपाद्य विषयको वस्तुनिर्देश गर्दै सुरुमै विद्वान्हरूले तन्वादि भाव एवम् ग्रहका प्रकृति आदिका विषयमा सामान्य शास्त्रहरूबाट ज्ञान गर्नू, यसमा विशेष कुरा मात्र बताउँछु भनेका छन् । ग्रन्थमा प्रवेश गर्नुपूर्व ज्योतिषसम्बद्ध सम्पूर्ण आधारभूत ज्ञान गर्नु आवश्यक छ। सामान्य व्यक्तिले यस ग्रन्थमा प्रवेश गर्न सक्दैन । अझ गन्थाकारले बुध शब्दको प्रयोग गरेकाले ज्योतिषसम्बद्ध सम्पूर्ण आधारभूत ज्ञान प्राप्त गरेका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्वान्‌मात्र अध्ययनको अधिकारी हुनसक्छ भन्ने आशय देखिन्छ । यो विशेष ग्रन्थ हो त्यसैले जातकशास्त्रका आधारभूत मूल विषयहरू ग्रन्थान्तरबाट हेर्नू भन्ने अभिप्राय व्यक्त गरिएको छ ।

बुधैर्भावादयः सर्वे ज्ञेयाः सामान्यशास्त्रतः ।

एतच्छास्त्रानुसारेण संज्ञां ब्रूमो विशेषतः ॥ (लघुपाराशरी १।४) ।

ग्रन्थनिर्माण गर्दा अन्य ग्रन्थहरूलाई समेत स्वीकार गर्नु आफैंमा महत्त्वपूर्ण कुरा हो । यसको विशेष प्रयोजन छ भनेर सुरुमै स्पष्ट गरिएको छ । यसमा प्रतिपादित विषयवस्तु एवम् तत्सम्बद्ध सिद्धान्तको प्रस्तुतिलाई ग्रन्थकारको पूर्व सङ्कल्पका आधारमा नै हेर्नु उपयुक्त हुन्छ ।

ग्रहदृष्टि

ग्रहदृष्टिका विषयमा अन्य ग्रन्थहरूमा भन्दा पृथक् मान्यता यस ग्रन्थमा देखिन्छ । सप्तम स्थानमा सबै ग्रहको पूर्ण दृष्टिका साथै बृहस्पतिको पञ्चम र नवम स्थानमा, शनिको तृतीय र दशम स्थानमा एवम् मङ्गलको चतुर्थ र अष्टम स्थानमा पनि पूर्ण दृष्टि हुन्छ भन्ने स्पष्ट मान्यता यहाँ देखिन्छ ।

पश्यन्ति सप्तमं सर्वे शनिजीवकुजाः पुनः ।

विशेषतश्च त्रिदशत्रिकोणचतुरष्टमान् ॥ (लघुपाराशरी १।५) ।

पराशरको मतमा ग्रहहरूको पाददृष्टि हुँदैन । तर दृष्टिसम्बन्धमा जैमिनीप्रभृति आचार्यहरूको मान्यता फरक छ । जैमिनीको मतमा राशिको दृष्टि हुन्छ । राशिमा अवस्थित ग्रहहरूको दृष्टि पनि राशिवत् हुन्छ ।

अभिपश्यन्त्यृक्षाणि । पार्श्वभे च । तन्निष्ठाश्च तद्वत् ।

(जैमिनीसूत्रम् १। १। २-४ ।) ।

ग्रहदृष्टिवर्णनमा स्थानदृष्टिका सम्बन्धमा वराहमिहिरलगायतका केही आचार्यहरूको पराशरको समान अभिमत पाइए पनि पाददृष्टिको मान्यतालाई अँगालिएको देखिन्छ । सामान्यतया सबै ग्रहको तृतीय र दशमस्थानमा एकपाद(२५ प्रतिशत), पञ्चम र नवमस्थानमा द्विपाद(५० प्रतिशत), चतुर्थ र अष्टमस्थानमा त्रिपाद(७५ प्रतिशत) र सप्तमस्थानमा पूर्ण (१०० प्रतिशत) दृष्टि हुन्छ भन्ने वराहमिहिरप्रभृति आचार्यहरूका मतभन्दा पराशरमत यसै कारण फरक छ र विशिष्ट पनि । अरू आचार्यहरूले पाददृष्टिको कुरा उठाए पनि पराशरले मानेको विशेष दृष्टिलाई भने पूर्ण रूपमा स्वीकार गरेको देखिन्छ ।

दशम-तृतीये नव-पञ्चमे चतुर्थाष्टमे कलत्रं च ।

पश्यन्ति पादवृद्धया फलानि चैवं प्रयच्छन्ति ॥

पूर्णं पश्यति रविजस्तृतीयदशमे त्रिकोणमपि जीवः ।

चतुरस्रं भूमिसुतः सितार्कबुधहिमकराः कलत्रं च ॥ (लघुजातक २।१२-१३) ।

शनि पाददृष्टिमा, बृहस्पति कोणदृष्टिमा, मङ्गल त्रिपाददृष्टिमा र बाँकि ग्रह सप्तम दृष्टिमा बलवान् हुन्छन् भन्ने कतिपय आचार्यहरूको मान्यता र उर्ध्वदृष्टि, तिर्यग्दृष्टि आदि विषयमा पराशरले कुरै उठाएका छैनन् । अन्य जातकग्रन्थहरूमा जस्तो त्रिदशमा पाददृष्टि, त्रिकोणमा अर्धदृष्टि र चतुरष्टमा त्रिपाददृष्टि हुन्छ भनेर नमानी ती स्थानमा क्रमशः शनि, बृहस्पति र मंगलको पूर्णदृष्टि मानी पाददृष्टिलाई मान्यता दिइएको छैन । जैमिनिको जस्तो राशिदृष्टिलाई पनि यस ग्रन्थमा महत्त्व दिइएको छैन । सप्तमस्थानस्थ ग्रहलाई देख्ने हो राशिलाई होइन । यद्यपि कुनै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टीकाकारले मूल लेखकको आशय विरुद्ध त्यस्तो अभिमत प्रकट गरेका छन् (खोत, १९९९:१५) । जैमिनिको मतमा राशिको दशा निर्धारित भएकाले राशि दृष्टिको कुरा आएको हो । जैमिनिमतमा राशिको प्रधानता देखिन्छ भने पराशरमतमा राशिस्वामी (ग्रह)को प्रधानता देखिन्छ । जैमिनिका अनुसार राशिको राशिसँग सम्बन्ध देखिन्छ भने लघुपाराशरीमा भावसँग राशिको, त्यसपछि राशिस्वामीको र अन्त्यमा भावशेका बिच सम्बन्ध देखिन्छ।

भावेशको शुभाशुभत्व

भावेशको शुभाशुभत्वको सम्बन्धमा चर्चा गर्दा यसमा केही फरक र विशेष दृष्टिकोण राखिएको देखिन्छ। सामान्यतया त्रिकोणेशको शुभत्व, तृतीयेश, षष्ठेश, अष्टमेश र एकादशेशको अशुभत्व अनि द्वितीयेश र द्वादशेशको प्रभावी फल बताइएको छ भने केन्द्रेशको शुभाशुभत्व केन्द्रेशमा भर पर्ने कुरा देखाइएको छ । जसअनुसार केन्द्रेश शुभग्रह हुँदा अशुभ फल र अशुभ ग्रह हुँदा शुभ फल हुन्छ। प्रथम, चतुर्थ, सप्तम र दशम भावमध्ये उत्तरोत्तर बलवान हुन्छ भनिएको छ। (लघुपाराशरी १। ६-८)।

अन्य भाव र भावेशको सम्बन्धमा प्रस्तुत दृष्टिकोण केही हदसम्म मिल्दोजुल्दो देखिए पनि केन्द्र र केन्द्रेशको सम्बन्धमा उठाइएको दृष्टिकोण अन्य जातकग्रन्थको तुलनामा नितान्त नौलो देखिन्छ। केन्द्रेश शुभ ग्रह हुँदा अशुभ फल र अशुभ ग्रह हुँदा शुभ फल, त्यसमाथि पनि बृहस्पति र शुक्र जस्ता अत्यन्त शुभ ग्रहको केन्द्रेशत्वजन्य दोष अधिक हुन्छ भन्ने कुरा ग्रन्थान्तरमा उठाइएको देखिँदैन। यस्तै लग्नेश नै अष्टमेश भए अष्टमेशको शुभफल हुन्छ भने कुरा पनि फरक खालको छ। पापग्रहहरूको केन्द्रेशत्वजन्य शुभफललाई सीमाङ्कन गर्दै पापग्रह केन्द्रेश मात्र नभएर त्रिकोणेश पनि भएमा मात्र शुभफल प्राप्त हुन्छ भनेर केन्द्रस्थान एवम् त्रिकोण स्थानको आधिपत्यमा पापग्रहको महत्त्वलाई दर्शाइएको छ । बलवान राहु एवम् केतुले द्वितीयेश र द्वादशेशले जस्तै प्रभावपरक फल दिन्छन् भने ग्रन्थकारको मान्यता रहेको छ (लघुपाराशरी १।९-१३) ।

ग्रहयोग

जातकशास्त्रमा कुण्डलीका विभिन्न भावमा हुने ग्रहहरूको अवस्थितिअनुसार विविध योगका बारेमा वर्णन गरिएको देखिन्छ तर लघुपाराशरीमा मुख्य रूपमा केन्द्रेश र त्रिकोणेशको सम्बन्धलाई योगका रूपमा लिइएको छ। यस्ता योग केन्द्रेश र त्रिकोणेशको चार किसिमको सम्बन्धले उत्पन्न हुन्छन्।

व्यत्यस्ताश्रयसम्बन्ध – केन्द्रेश र त्रिकोणेश परस्परमा स्थान साटिएर बसेमा अर्थात् केन्द्रेश त्रिकोणमा अनि त्रिकोणेश केन्द्रमा बसेमा यस्तो सम्बन्ध हुन्छ।

दृष्टिसम्बन्ध – केन्द्रेश र त्रिकोणेश परस्पर सप्तम स्थानमा वा दृष्ट स्थानमा बसेमा यस्तो सम्बन्ध हुन्छ। यसलाई परस्परदृष्टिसम्बन्ध पनि भनिन्छ। केन्द्रेश र त्रिकोणेश शनि, गुरु र मंगल भएमा त्रिदश, त्रिकोण र चतुरष्ट स्थानको दृष्टि पनि यसमा गणना गरिन्छ।

कुनै राशिमा बसेर राशीस्वामीलाई देख्ने सम्बन्ध : केन्द्रेश वा त्रिकोणेशमध्ये कुनै एक ग्रह अर्काको राशिमा बसेर सम्बन्धित राशिको अधिपतिलाई देखेमा यस्तो सम्बन्ध हुन्छ।

सहवाससम्बन्ध – केन्द्रेश र त्रिकोणेश दुवै एकै ठाउँमा बसेमा सहवास सम्बन्ध हुन्छ।

केन्द्रेश र त्रिकोणेशका यी चारमध्ये कुनै पनि सम्बन्ध भएमा विशेष योगकारक हुन्छन् तर अन्यसँग सम्बन्धित भएमा योगकारक हुँदैनन्। केन्द्रेश वा त्रिकोणेश दोषयुक्त भए पनि उपर्युक्त सम्बन्धले बलवान र योगकारक हुन्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चारमध्ये पूर्वापूर्व क्रमले भएका सम्बन्ध बलवान हुन्छन् । केन्द्रेश र त्रिकोणेश उत्तरोत्तर बलवान हुन्छन् भनिएकाले उत्तरोत्तर केन्द्रेश एवम् त्रिकोणेशका कारण उत्पन्न योग बढी उत्कृष्ट हुने देखिन्छ । त्यसैले दशमेश र नवमेशको सम्बन्धजन्य योगलाई सर्वोत्कृष्ट मानिएको हो । केन्द्रेश र त्रिकोणेश एउटै भएमा पनि योगकारक हुन्छ भने अर्कोको सम्बन्धले झन् उत्कृष्टता ल्याउँछ । केन्द्रमा अवस्थित राहु र केतु समेत त्रिकोणेशको सम्बन्धले योगकारक बन्छन् तर नवमेश वा दशमेश अष्टमेश पनि भएमा योग नष्ट हुन्छ ।

आयुर्दाय एवम् मारकनिर्णय

लग्नकुण्डलीमा अष्टमस्थान र तृतीयस्थानलाई आयुस्थान एवम् आयुस्थानदेखि व्ययस्थान अर्थात् सप्तमस्थान र द्वितीय स्थानलाई मारकस्थान भन्दै द्वितीय स्थानलाई प्रबल मारकस्थान मानिएको छ । मारकेशको दशा र आयुर्दायको समाप्ति एकैचोटि भएमात्र जातकको मृत्यु हुन्छ अन्यथा विशेष कष्ट हुन्छ भन्ने ग्रन्थकारको मान्यता व्यवहारमा प्रत्यक्ष देखिन्छ । दुवै स्थितिको संयोग नभएमा मारकस्थानमा बसेका वा मारकेशसँग सम्बन्ध राख्ने पापग्रहको दशा एवम् अन्तर्दशामा जातकको मृत्यु हुन्छ । यो दोस्रो अवस्था पनि प्राप्त नभएमा आयुर्दायको समाप्त भएको समयमा द्वादशेशको दशामा पनि मृत्यु हुन सक्छ । यो तेस्रो अवस्थाको पनि संयोग नभएमा आयुर्दायको समाप्ति भएको अवस्थामा प्राप्त हुने द्वादशेशसँग सम्बन्ध राख्ने कुनै पनि शुभ ग्रहको दशामा समेत जातकको मृत्यु हुन्छ । चौथो अवस्थाको पनि संयोग नभएमा अष्टमेशको दशामा पनि मृत्युको सम्भावना हुन्छ । उपर्युक्त कुनै पनि अवसरको सम्भावना नभएमा मारकेशसँग सम्बन्ध नै नराख्ने पापग्रहको दशामा पनि जातकको मृत्यु हुन्छ । जुनसुकै अवस्थामा पनि मारकसँग सम्बन्ध राख्ने शनि प्रबल मारक हुन्छ । त्यसैले मारकेशसँग शनिको कुनै प्रकारको सम्बन्ध छ भने उही शनिकै दशा वा अन्तर्दशामा जातकको मृत्यु हुन्छ । ग्रन्थकारले आयुर्दाय गणना गर्ने सन्दर्भमा भने जैमिनिको मतलाई नै सङ्केत गरेका हुन् भन्ने आशय अधिकांश टीकाकारहरूको छ (लघुपाराशरी ३।१-६) ।

दशाविचार

यसको दशाफल विवेचनसिद्धान्त ज्योतिषजगत्मा वरदानसिद्ध छ । यसका अनुसार कुनै पनि ग्रहले आफ्नै दशा र अन्तर्दशामा आफ्नो प्रकृतिअनुसारका शुभ वा अशुभ फल पूर्ण रूपमा प्रदान गर्दैन तर आफूसँग सम्बन्ध राख्ने कुनै पनि ग्रहको अन्तर्दशामा वा आफ्नो सधर्मी (प्रकृति मिल्ने) ग्रहको अन्तर्दशामा आफ्नो दशाफल प्रदान गर्दछ । आफूसँग सम्बन्ध पनि नभएका र आफ्नो प्रकृति पनि नमिल्ने अन्य ग्रहहरूको अन्तर्दशामा प्राप्त हुने फललाई दशाको अधिपति ग्रह र अन्तर्दशा अनि ग्रहको गुणसाम्य विचार गरेर मात्र विचार गर्नुपर्ने हुन्छ । ग्रह दुई प्रकारका हुन्छन् । सम्बन्धी र असम्बन्धी । तिनीहरू पनि छ प्रकारका हुन्छन् । सम्बन्धी सधर्मी, सम्बन्धी विरुद्धधर्मी, सम्बन्धी तटस्थ, असम्बन्धी सधर्मी, असम्बन्धी विरुद्धधर्मी र असम्बन्धी तटस्थ । यीमध्ये जुन जुन ग्रहहरू सम्बन्धी र सधर्मी पनि छन् तिनीहरूको दशाफल सर्वथा उत्तम हुन्छ । सम्बन्धी र तटस्थ ग्रहहरूको दशा एवम् अन्तर्दशाफल मध्यम र सम्बन्धी तर विरुद्धधर्मीको फल सर्वदा न्यून र अधम हुन्छ । यसैगरी असम्बन्धी तर सधर्मी ग्रहको दशा तथा अन्तर्दशाफलभन्दा असम्बन्धी एवम् तटस्थ ग्रहहरूको दशाफल न्यून र असम्बन्धी एवम् विरुद्धधर्मी ग्रहहरूको दशाफल त्यो भन्दा पनि अत्यन्त न्यून मात्र हुन्छ ।

केन्द्रेश र त्रिकोणेशको परस्पर दशा एवम् अन्तर्दशा शुभ र प्रभावकारी हुन्छ । अर्थात् केन्द्रेशको दशामा त्रिकोणेशको अन्तर्दशा अथवा त्रिकोणेशको दशामा केन्द्रेशको अन्तर्दशा भएको अवस्थामा प्रभावकारी रूपमा शुभफल प्राप्ति हुन्छ । तर यी दुई (केन्द्रेश र त्रिकोणेश)को परस्परमा सम्बन्ध हुनु आवश्यक छ । सम्बन्ध नभएमा अशुभफलको प्राप्ति हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजयोगकारक ग्रहको दशा एवम् मारकको अन्तर्दशामा राजयोगको प्रारम्भ भएको अवस्थामा पापग्रहको अन्तर्दशामा उक्त योगजन्य शुभफलको वृद्धि हुँदै जान्छ र सम्बन्धी शुभ ग्रहको अन्तर्दशा तथा असम्बन्धी ग्रहको अन्तर्दशामा राजयोगजन्य शुभ फल मध्यम रूपमा प्राप्त हुन्छ । योगकारक ग्रहहरू आफ्नै (आफ्नै वा सम्बन्धी) दशा एवम् अन्तर्दशामा कहिलेकहीँ मात्र योगजन्य शुभफल प्रदान गर्दछन् ।

दशाफल प्रदानका सन्दर्भमा राहुकेतुको केही भिन्न प्रकृति देखिन्छ । यी ग्रहहरू शुभस्थान (त्रिकोणस्थान)मा भएमा कुनै पनि सम्बन्ध नभए पनि आफ्नो अन्तर्दशाअनुसारको फल योगकारक ग्रहको दशामा प्रदान गर्दछन् (लघुपाराशरी ४।१-८) ॥

महादशाका स्वामी पापग्रह भएमा तिनीहरूसँग सम्बन्ध नराख्ने शुभ ग्रहको अन्तर्दशा अशुभ फल नै प्रदान गर्दछन् । तर सम्बन्धी शुभ ग्रह मिश्रितफल प्रदान गर्दछन् । पापग्रहको दशामा असम्बन्धी योगकारक ग्रहको अन्तर्दशा अत्यन्त अशुभफलदायक हुन्छ ।

पापा यदि दशानाथः शुभानां तदसंयुजाम् ।
भुक्तयः पापफलदास्तत्संयुक्शुभभुक्तयः ॥
भवन्ति मिश्रफलदा भुक्तयो योगकारिणाम् ।
अत्यन्तपापफलदा भवन्ति तदसंयुजाम् ॥ (लघुपाराशरी ५।१-२) ।

आफ्नो सम्बन्ध भए पनि मारक ग्रह आफ्नो दशा र शुभ ग्रहको अन्तर्दशामा जातकलाई मार्दैन तर सम्बन्ध नभए पनि पापग्रहको अन्तर्दशामा मार्छ ।

सत्यपि स्वेन सम्बन्धे न हन्ति शुभभुक्तिषु ।
हन्ति सत्यप्यसम्बन्धे मारकः पापभुक्तिषु ॥ (लघुपाराशरी ५।३) ।

शुक्र र शनि परस्परमा एकको दशा र अर्कोको अन्तर्दशामा पूर्ण रूपमा शुभाशुभ फल प्रदान गर्दछन् ।

परस्परदशायां स्वभुक्तौ सूर्यजभार्गवौ ।
व्यत्ययेन विशेषेण प्रदिशेतां शुभाशुभम् ॥ (लघुपाराशरी ५।४) ।

दशाविचार तथा भाग्ययोग एवम् मारकयोग विचारको लागि उत्तमग्रन्थ हो लघुपाराशरी । यसका योगका उदाहरण मध्यपाराशरी हो (ओझा, भूमिका भाग) ।

राजयोग

ग्रन्थकारका मतमा केन्द्रेश र त्रिकोणेशको सम्बन्धले नै उत्कृष्ट योगहरू जन्मन्छन् । यी मध्ये दशमेश र लग्नेश वा नवमेश र लग्नेशको परस्परमा व्यत्यस्ताश्रय सम्बन्ध भएमा मात्र विशिष्ट राजयोग बन्दछ (लघुपाराशरी ५।५-६) । अन्यत्र जस्तो कुण्डलीमा ग्रहहरूको अवस्थितिजन्य राजयोगहरूलाई यहाँ उल्लेख गरिएको छैन ।

निष्कर्ष

कालान्तरमा लघुपाराशरी भनिएको पराशरका कुनै शिष्य विशेषले स्वतन्त्र रूपमा रचना गरेको उडुदायप्रदीपनामक ग्रन्थ संसारमा पराशरको नामबाट प्रसिद्ध भयो । यसमा जम्मा बयालीस (४२) श्लोक र पाँच अध्याय छन् । बृहत्काय भएको बृहत्पाराशरहोराशास्त्रको गम्भीर अध्ययन र अनुसन्धानपछि त्यसको मर्म बुझेर समग्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जातक ग्रन्थहरूलाई समेत परिचालन गराउन मिल्ने गरी सूत्रात्मक रूपमा तयार पारिएको ग्रन्थरचना हो लघुपाराशरी। विशेष गरी मारकनिर्णय र दशाफलविधानमा अत्युत्तम रत्नका रूपमा यो रचना प्रसिद्ध र उपयोगी छ। फलादेश नै ज्योतिषशास्त्रको लक्ष्य हो भन्ने कुरा प्राचीन आचार्यदेखि अर्वाचीन ज्योतिष अध्येताहरूको बुझाइ छ र त्यसको उच्च शिखरमा आरोहण गर्नका लागि सैद्धान्तिक सोपान बनेको छ प्रस्तुत ग्रन्थ। ज्योतिषजगतमा निकै ठुलो स्थान ओगट्न समर्थ लघुपाराशरीको प्राप्त अन्य कैयौँ जातक ग्रन्थहरूभन्दा भिन्नै विशेषता छन्। ती विशेषताहरूले गर्दा नै यसको फलादेशपद्धति आफ्नै खालको र मौलिक देखापर्छ। मध्यपाराशरी यही सिद्धान्तको प्रयोग देखिएको उदाहरणग्रन्थ हो। त्यसैले फलादेश विधानमा वरदानसिद्ध भएको छ यो ग्रन्थ। यसले जातकको जन्मकुण्डलीमा ग्रहहरूको यस्तोयस्तो स्थिति भएकाले यस्तोयस्तो फल प्राप्त हुन्छ भनेर भन्नुभन्दा कस्तोकस्तो अवस्थिति भएमा के फल प्राप्ति हुन्छ भनेर फलादेश गर्नको लागि सैद्धान्तिक आधारभूमि तयार पारेको छ। त्यसैले यो फलितज्योतिषक्षेत्रकै महत्त्वपूर्ण उपलब्धि हो।

सन्दर्भसूची

(सम्पा.) गुप्ता वासुदेव, *लघुपाराशरी* (विनायक शास्त्रीको संस्कृतटीकाको हिन्दी टीका, इ.सं.२०००), वनारस : सावित्री ठाकुर प्रकाशन।

जैमिनि, *जैमिनिसूत्रम्* (तत्त्वादर्श हिन्दीटीका, इ. सं. १९९२), वनारस : चौखम्बा विद्याभवन।

(सम्पा.) झा सुरकान्त, *लघुपाराशरी* (मध्यपाराशरी एवम् पं. रामयत्न-ओझाको संस्कृत एवम् क्षेमङ्करी हिन्दीटीका सहित, इ.सं. २०११-१२), वनारस : चौखम्बा सुरभारती प्रकाशन।

दाहाल लोकमणि, *भारतीय ज्योतिषशास्त्रको इतिहासः* (द्वि.सं., इ.सं.२००३), वनारस : चौखम्बा सुरभारती प्रकाशन।

पराशर, *बृहत्पाराशरहोराशास्त्र* (भावबोधिनी हिन्दीव्याख्या, इ.सं.२००९), वनारस : चौखम्बा सुरभारती प्रकाशन।

(सम्पा.) मिश्र सुरेशचन्द्र, *लघुपाराशरी* (विद्याधरी हिन्दी व्याख्या, इ.सं.२००९), नयाँ दिल्ली : रञ्जन पब्लिकेशन।

(सम्पा.) मेजर एस.जी.खोत, *लघुपाराशरी सिद्धान्त* (इ.सं. १९९९), दिल्ली : मोतीलाल बनारसीदास।

वरदराज, *लघुसिद्धान्तकौमुदी* (इ.सं.२००५), गोरखपुर : गीताप्रेस।

वराहमिहिर, *बृहज्जातक* (भट्टोत्पलव्याख्या तथा केदारदत्तको हिन्दीव्याख्या, इ.सं.१९९९), वनारस : चौखम्बा सुरभारती प्रकाशन।

वराहमिहिर, *लघुजातक* (भट्टोत्पल-भारती-संस्कृत-हिन्दीव्याख्या, द्वि.सं., इ.सं.१९९८), वनारस : चौखम्बा सुरभारती प्रकाशन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सनातन परम्परामा योग

यतिराज भट्टराई,
सहप्राध्यापक, वाल्मीकि विद्यापीठ

लेखसार

पौरस्त्य आध्यात्मिक जीवनको मूल आधार नै योग हो । योगको शाब्दिक अर्थ जोड हो ता पनि यसको उच्चतम दार्शनिक अभिप्राय चाहिँ आत्मा र परमात्माको मिलन भन्ने बुझिन्छ । प्रस्तुत लेखमा हिन्दु सनातन परम्परामा योगको अर्थ र अभिप्रायको खोजी गर्दै वाल्मीकीय रामायण, महाभारत र विभिन्न उपनिषद् ग्रन्थहरूमा पाइने योगको स्वरूपको विवेचना गरिएको छ । सनातन परम्पराभित्रै योगका विविध आयामहरू, जस्तैः गुरु चेला परम्परा, आत्माको बारेको विविध बुझाइहरूको बारेमा विशेष गहिराइमा पुग्ने यस लेखले प्रयास गरेको छ । त्यसैगरी काम, क्रोध, लोभ,मोह तथा भय जस्ता विषयमा विविध आयामहरूले कसरी सिद्धान्त प्रतिपादन गरेर कसरी ती सिद्धान्तहरूलार्य व्यावहारिक जीवनमा प्रयोग गरे भन्ने कुरालाई प्रस्ट पापरिएको छ । विविध आध्यात्मिक व्यक्तित्वहरूको जीवनशैली विश्लेषण तथा आध्यात्मिक ग्रन्थहरूको विश्लेषणलाई आधार बनाई लेखिएको यस लेखको प्राप्ति भने सनातन परम्परा योगसाधनाको मुख्य परम्परा हो भन्ने कुरा रहेको छ । सनातन परम्पराका विविध आयामहरू योगका उदिवकासका प्रमुख माध्यम हुन् भन्ने कुरा उक्त लेखको निचोड हो । पुनश्च ऐतिहासिक, आध्यात्मिक र धार्मिक ग्रन्थहरू तथा व्यक्तित्वहरूको जीवन दर्शनलाई व्याख्या र विश्लेषण गर्दा प्राप्त विषयवस्तु उक्त लेखले प्रयोग गरेको छ । त्यसैले सनातन परम्परा र योग एक अर्काका परिपूरक हुन् ।

शब्दकुञ्जी अध्यात्म, आत्मा, उपनिषद्, सनातन परम्परा, योग ।

लेखको समस्या र उद्देश्य– *वाल्मीकीय रामायण, जनकदर्शन, भागवद् गीता, उपनिषद्हरू र अन्य सनातन परम्पराका बृहद् ग्रन्थहरूमा योगको चर्चा कसरी गरिएको छ भन्ने प्राज्ञिक प्रश्न नै यस शोधलेखको मूल जिज्ञासा हो । यसैलाई आधार बनाएर काव्यिक रचनाहरूको चर्चा गर्नु र उपयुक्त निष्कर्ष निकाल्नु यस लेखको उद्देश्य हो ।*

अध्ययन विधि– प्रस्तुत लेख मूलतः वर्णनात्मक र व्याख्यात्मक विधिमा आधारित छ । सामग्री सङ्कलनका लागि पुस्तकालय विधिलाई अपनाइएको छ ।

विषयप्रवेश

यो लेख **सनातन परम्परामा योग** विषयमा आधारित छ । यसमा *राम, जनक, भागवद्गीता, उपनिषद्हरू र अन्य सनातन परम्पराका बृहद् ग्रन्थहरूमा गरिएको योगको चर्चा गरिएको छ ।* कुनै पनि एउटा सिङ्गो साहित्यिक सिर्जना लाखौं भारतीय र एसियाली जीवनमा प्रभावशाली छैन, जति प्राचीन महाकाव्य रामायण (रामको जीवन) छ । रामायण परम्परागत रूपमा पहिलो 'आदिकाव्य' भएको विश्वास गरिन्छ । राजा राम र उनकी प्रिय रानी सीताको दुःखान्त प्रेम कथाले आध्यात्मिक शिक्षण र मनुष्य विद्यामा संग्रहको रूपमा काम गऱ्यो, असंख्य पुस्ताका लागि । रामायणका थुप्रै भनाइहरू विभिन्न उत्सवहरूमा वाचन, पुनर्वाचन गर्न थालियो । बारम्बार भन्न थालियो । यो क्रम आजको दिनसम्म पनि चलिरहेकै छ । सन् १९८७ देखि भारतीय टेलिभिजनले यो काव्यिक कृतिमा आधारित टेलिसिरियल साप्ताहिक रूपमा प्रसारण गर्न थाले, जुन (८) आठ करोड भन्दा बढीले हेरे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अहिलेको स्वरूपमा रामायण करिब २४,००० परिष्कृत छन्दहरूमा सातभन्दा बढी काण्डहरूमा संरचित छ। रामायण वाल्मीकिको एकल सिर्जना भए पनि अहिलेसम्म यसका थुप्रै लेखकहरू देखा परेका छन्। वाल्मीकि नामको अर्थ हो, कमिलाको पर्वत, जुन रंगीन कथाहरूसँग जोडिएको हुन्छ। किम्बदन्तीहरूका अनुसार वाल्मीकि ब्राम्हण परिवारमा जन्मिएका थिए। तर उनी धेरै वर्षसम्म डाकुका रूपमा बाँचे। केही सदाशयी संन्यासीहरूको सम्बन्धका कारण उनले आफ्ना जीवनका गलत कार्यहरूको बोध गरे। ध्यानका माध्यमबाट उनले आफ्ना अपराधहरूप्रति पश्चात्ताप गरे। ध्यान गर्दा वाल्मीकि एउटै थलोमा हजारौं वर्षसम्म स्तम्भित मात्र भएनन्। ध्यानमग्न भएको उनको शरीरमा कमिलाले पहाड नै खडा गरिदियो।

रामायणमा अभिलिखित नाटकले प्राचीन मुलुक कोशललाई प्रकट गर्दछ। यसको कथा राजधानी अयोध्याका वयोवृद्ध शासकको प्रसंगबाट शुरु हुन्छ। कथामा राजाले आफ्नो सन्तान रामलाई राजगद्दीमा सफल बनाउने मनशाय प्रकट गर्छन्। तर दशरथका तीनवटी रानीमध्ये मध्यम कैकेयी, जसले दुईवटा अनुग्रहको अधिकार पाएकी थिइन्, ले आफ्नोतिरका छोरा भरतलाई गद्दीमा बसाल्न र रामलाई १४ वर्षका लागि निर्वासित गर्न आदेश दिइन्। राजासँग आफ्ना इच्छा विपरीत काम गर्नुबाहेक कुनै उपाय थिएन।अनि उनले आफ्नो असाध्य प्रिय पुत्रलाई निकाला गरे। जेठी रानी कौशल्याका पुत्र राम तुरुन्त वनवासका लागि तयार भए। राम आफ्नी पत्नी सीता र भाइ लक्ष्मणसहित वनवासमा गए। सीता 'भेटिएकी केटी' हुन्, जसलाई विदेह अधिराज्यका राजा जनकले हुर्काएका थिए। उनको नामको अर्थ हुन्छ, जोत्दा बनेको सानो खाडल। जनकले उनलाई यस्तो नाम अर्पण गर्नुको पनि कारण थियो। त्यो हो, राजा जनकले राजसंस्कारकै एक हिस्साका रूपमा जोतिरहेको बेला सानो खाडलमा उनी भेटिएकी थिइन्।

आफ्ना पिता दशरथको मृत्यु भएपछि भरत राजगद्दी छोडेर निर्वासित भाइहरूको खोजीमा हिंडे। यद्यपि रामको उद्देश्य भनेको निर्वासनलाई सम्मान गर्नु थियो। स्वमी मुकुन्दानन्दका अनुसार राज्यमा फर्कनुको सट्टा उनी दुष्टहरूविरुद्ध युद्धमा गए। जसले गर्दा जंगलका संन्यासी र ऋषिहरू भयभीत एवम् अशान्त बन्न पुगे। रामले राक्षसहरूका हजारौं सेनाहरूलाई मारिदिए। अनि प्रधान राक्षस रावणले रूपवती सीतालाई हरण गरे(पृष्ठ ११३, २०१३)। त्यसको बदला लिए बाँदरहरूका नेता हनुमान् र अन्य थुप्रै साहसीहरूको सहयोगमा रामले रावणको हत्या गर्न सफल भए र आफ्नी पत्नीलाई मुक्त बनाए। जतिबेला सीता लंका भन्ने टापुमा बन्धक बनाइएकी थिइन्।

राजधानीबासीहरू सीताको निर्दोषपनप्रति अनभिज्ञ थिए। जनताको दबाब परेपछि रामले गर्भवती भएको तथ्यलाई समेत बेवास्ता गरेर आफ्नी प्राणप्रिया पत्नीलाई निर्वासित गरिदिए। ऋषिमुनि वाल्मीकिको आश्रममा निर्वासित रहेकै बखत सीताले जुम्ल्याहा सन्तान लव र कुशलाई जन्म दिइन्। वाल्मीकिले रामायण रचना गरे र दुवै बालकलाई सिकाए उक्त कृतिमा हस्ताक्षर गर्न लगाए, ताकि त्यसबाट यी बालक रामको सन्ततिको रूपमा प्रमाणित होउन्। यी दुई बालक आफ्नो सन्ततिको रूपमा पत्तो लागेपछि राम तीन छक्क परे र आफ्नी पत्नीलाई त्यतिबिघ्न पीडा दिएको ठुलो पश्चात्ताप गरे। अभिमानी सीता राजदरबार परिसरमा उपस्थित विशाल जनसमुदायको अगाडि प्रकट भईन् र धर्ती मातालाई आफ्नो पवित्रताको साक्षीको रूपमा आमन्त्रित गरिन्। तुरुन्तै धर्ती खुला भयो र सुनको सिंहासन प्रकट भयो। त्यही सुनौलो गोलो पृथ्वीभित्र सीता बिलाइन्। पूर्वावस्थामा फर्किएकी आफ्नी प्राणप्यारी एवम् सौभाग्यवती जोडी गुमाएपछि उदास बनेका रामले आफ्नो राज्य छोडिदिए र भगवान्को शरणमा फर्किए। अनि हिन्दूहरूका लागि राम त्याग, संन्यास, धैर्य र आत्मा अनुशासनको प्रतीक बन्न पुगे भने सीता स्त्रीयोचित पवित्रता र दाम्पत्य निष्ठाको प्रतीक बनिन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रामायणको आध्यात्मिकता निकै आदिम हो र यसले योगमा भन्दा बढी मात्रामा वैराग्यप्रति झुकाव राखेको चित्रण गर्छ। योग र रामायण यी दुई विधि बिचको भिन्नता अध्याय ३ मा अझ बढी प्रस्ट्याइएको छ। वनवासका क्रममा राम जंगलमाझ घुम्दाघुम्दै मोहित बनेको चित्रण गरिएको छ। ऋषिमुनिहरूको भूमिमा प्रखर तपस्याका कारण वातावरण मोहित बन्थ्यो, जहाँ ऋषिहरू चामत्कारिक शक्ति एवम् हतियार सहितको अधिकार लिएर देखापर्थे र ती रामको अधीनमा राखिदिन्थे। यही शक्ति र हतियार रामले राक्षस, दुष्टहरूसँग लड्नका लागि प्रयोग गर्थे।

आफ्नो कृपालु गुण, असंख्य कर्महरूमा प्यारसहित गरिएको चित्रणका कारण हिन्दू त्रिमूर्तिका तीन पक्षमध्ये विष्णु ज्यादै सहज रूपमा उपलब्ध छन्। विष्णुको ज्यादै आश्चर्यजनक विशेषता भनेका उनका अवतारु हुन्, जुन समयको विभिन्न कालखण्डमा विश्वका विभिन्न भागमा पाउन सकिन्छ। उनको दश अवतार सिद्धान्तमा चारवटा मात्र मनुष्य जातिसँग सम्बन्धी छन्। बाँकी चामत्कारिक जनावरहरूका छन्। विष्णुको ज्यादै महत्त्वपूर्ण दुई मानव अवतार भनेको राम र कृष्ण हो।

अमरत्व जनक महाकाव्य

यो काव्यिक आख्यानका अनुसार राजा पाण्डुका पाँच भाई छोरामध्येका युधिष्ठिरले पाण्डवको राज्यमा आफ्नो स्वामित्व मात्र गुमाएनन् आफ्नी श्रीमती पनि गुमाए। योसँगै युधिष्ठिरको प्राचीन वैदिक राम्रो समय पनि सकियो। विनाशकारी पास खेलको छलकपटपूर्ण खराबीका कारण युधिष्ठिरको यस्तो हालत भएको थियो। परिणामस्वरूप युधिष्ठिर आफ्ना अन्य चार भाइहरूसहित निर्वासित भए। यसमा भगवद्गीताका नायक अर्जुन समेत थिए। १३ वर्षे वनवासको अन्तिमतिर पाण्डुका सदाचारी पाँच पुत्रहरूले राज्यमा आफ्नो पैतृक अधिकार पुनः प्राप्त गरे। जतिखेर उक्त राज्यमा राजा धृतराष्ट्र र उनका सयौं छोराहरूले एक्लै शासन गरिरहेका थिए। यसमा शक्तिका भोका दुर्योधन समेत थिए। जब उनीहरूको न्यायसम्मत कुराहरू खारेज भयो त्यसपछि कौरव र पाण्डवहरू युद्धमा होमिए। पाण्डवहरूको पक्षमा भगवान्को रूपमा चित्रित कृष्ण थिए। कृष्ण हतियारविहीन थिए। तर उनले पाण्डुका छोराहरूको राम्रोका लागि कृष्णले विभिन्न दिव्य चालहरू चालेर सहयोग गरे। १८ दिनको भयानक युद्धपछि कौरवहरू परास्त भए। यद्यपि कौरवहरू संख्यात्मक रूपमा निकै बढी थिए।

ऐतिहासिक तथ्य जे भएपनि महाभारतले सांकेतिक र लाक्षणिक व्याख्याका लागि आधारहरू प्रदान गर्छ। यसकारण पाण्डव र कौरव दाजुभाइबिचको दरारलाई हमेसा विश्वमा र मानव हृदयमा हुने असल र खराब, सही र गलतबिचको संघर्षको रूपमा बुझियो। स्वामी विवेकानन्दका अनुसार यसबाहेक महाभारतले रहस्यमयी दृष्टिकोणहरू अगाडि सार्छ। जसअनुसार त्यहाँ सर्वोत्कृष्ट अवस्था रहन्छ जसले असल र खराब एवम् ठीक र बेठीक दुवैलाई ज्यादा बनाउँछ। यस्तो अवस्थालाई उच्च तहको मूल्यवान् गुणका रूपमा लिइन्छ। यसबाट मानव जातिलाई हौसला प्राप्त हुन्छ (पृ.७०, १९८४)। यी अमरत्व र मुक्तिका पर्यायवाची विषय हुन्।

भगवद्गीता- महाभारतको एक रत्न

भगवद्गीता वैष्णववादमा प्रचलित प्राचीन ग्रन्थ हो। वैष्णव धार्मिक परम्परामा देवीलाई केन्द्रमा राखेर विष्णुको स्वरूपमा पूजा गरिन्छ, खासगरी विष्णुको कृष्ण अवताको रूपमा। वैदिक कालमा जरो गाँसिएको यो परम्परा आधुनिक मथुरा क्षेत्रमा बीसीइको छैटौं शताब्दीमा फैलियो र त्यहाँबाट अन्य भारतीय उपद्वीपका विभिन्न भागमा फैलियो। आज वैष्णव परम्परा भारतमा पाँच ठुला धार्मिक परम्परा मध्येमा पर्छ। अन्य चार परम्परामा शैव (शिव मान्ने), शक्ति (शक्तिलाई मान्ने, दैवीको स्त्री शक्तिमा विश्वास), गणपति (हात्तीको टाउकोधारी देवता गणेश वा गणपतिमा केन्द्रित) र सौर (सौर्य देवता सूर्यमा केन्द्रित) हुन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गीताले हामीलाई अथाह अन्तर्दृष्टि मात्रै प्रदान गरेन, यी कुराहरू जुनसुकै समय र सबै धर्मका लागि समेत ठीक ठहरियो। यहाँ हरेक काममा जोश छ, यो हाम्रो आत्मासँग सम्बन्धित छ। भगवद्‌गीता साक्षात् भगवान् कृष्ण र उनका शिष्य युवराज अर्जुनबिचको संवाद हो। जुन संवाद कुरुक्षेत्रको युद्धभूमिमा भएको थियो। यो क्षेत्र भनको आधुनिक दिल्लीको गंगेटिक समथर भूमि वरिपरि पर्छ। यो अमर संवाद काव्यिक कथाको उत्कर्ष हो। यसलाई योगको पूर्ण विकसित ग्रन्थका रूपमा लिएको हुनाले योगका विद्यार्थीका लागि यो अवश्य पनि महत्त्वपूर्ण छ। वास्तवमा गीता स्वयंले पौराणिक सत्यताहरूको पुनर्व्याख्या दिँदै योग शास्त्र वा योग शिक्षणको बारेमा बताउँछ।

ऐतिहासिक रूपमा भन्नुपर्दा भगवद् गीतालाई उक्त काव्यिक कालमा हिन्दुत्वभित्र प्रचलित विविध रेसाहरूमा रहेको आध्यात्मिक विचारहरूलाई एकीकरण गर्ने जोडदार प्रयासका रूपमा बुझियो। यसले धर्मनिष्ठ पुरेत्याइको यज्ञ सम्बन्धी रीतिरिवाज र पूर्वकालीन उपनिषद्, बौद्ध धर्म एवम् जैन धर्मका भित्री सिर्जनशील शिक्षणहरूबिच मध्यस्थताको कार्य गर्छ। क्रिष्टोफर इशरवुड र स्वामी प्रभवानन्दले अनुवाद गरेको गीताको परिचय दिँदै अल्डोस हक्सलीले आफ्नो पुस्तकमा यसलाई पौराणिक कार्य भनेका छन्। उनले यसलाई सम्भवतः ज्यादै सुव्यवस्थित रूपमा प्रस्तुत गरिएको सर्वकालिक दर्शनको ग्रन्थ भनेका छन्।

परम्परागत धर्म, नैतिक कार्य र अलौकिक तपस्वीका लक्ष्यहरूबिच सन्तुलन कायम राख्नु नै भगवान् कृष्णका गीताको मूल सन्देश हो। कृष्णका अनुयायीहरूको शिक्षणको निष्कर्षलाई यसरी श्लोकहरूमा प्रस्तुत गर्न सकिन्छः

शान्ति र ज्ञानोदय प्राप्तिका लागि कृष्ण घोषणा गर्छन्, 'उसले संसार त्याग्नु पर्दैन। जिम्मेवारीहरू त्याग्नुपर्दैन। लेखराज पुरीका अनुसार ऊ युद्धभूमि जान बाध्य भएपनि उसले यसो गर्नुपर्दैन। कर्मको संन्यास आफैंमा राम्रो कुरा हो। तर अहिलेसम्म त्योभन्दा पनि राम्रो भनेको कर्ममा संन्यास हो। यो नै 'कर्महीन कर्म' वा 'कर्ममा निष्कर्म' भन्ने हिन्दु आदर्श हा(पृ.५३, १९८८)। यो नै कर्मको योगको आधार हो। यो संसारको जीवन र आध्यात्मिक जीवन सिद्धान्ततः एकआपसका वैरी होइनन्। यिनीहरूलाई एकसाथ विकास गर्न सकिन्छ र गर्नुपर्छ। यो नै जीवनको एकत्व वा सम्पूर्णताको तङ्कव हो।

कर्मको निवृत्तिद्वारा मानिसले कर्म श्रेष्ठताको आनन्द लिन सक्दैन न त संन्यास मात्रले उसले पूर्णता हासिल गर्न सक्छ।

किनभने एकपल पनि कोही कर्म नगरीकन बस्न सक्दैन। हरेकले थाहै नपाई प्रकृतिका गुणद्वारा कर्म प्राप्त गरिहेको हुन्छ।

जसले कर्मका आफ्ना अंगहरूमा विश्वास गर्छ, उसले आफ्नो मनमा चेतनाका वस्तुहरू सम्झिरहन्छ। यसलाई ढोंगी भनिन्छ। किंकर्तव्यविमूढ व्यक्ति भनिन्छ। हे अर्जुन! त्यो व्यक्ति महान् हो, जसले आफ्नो मनसहित चेतनालाई वशमा राख्छ, कर्मका अवयवसहित कर्म योगप्रति स्वाधीन जहाजमा सफर हुन्छ।

तिमीले जहिले पनि निर्धारित कर्म गर्नैपर्छ। किनकि कर्म निष्कर्मभन्दा प्रधान हुन्छ। कतिसम्म भने निष्मर्कद्वारा तपाईंको शरीरको प्रक्रिया समेत सिद्ध हुँदैन।

रहस्य सबै कार्यका प्राथमिक स्रोतका रूपमा मानव मस्तिष्कमा रहेको हुन्छ। यदि मन शुद्ध, कर्मप्रति आसक्तिरहित छ भने सिपालु खेलाडी नै भएपनि उनीहरूले परास्त गर्न सक्दैनन्। यस्ता कर्म होइन कि आसक्तिले नैतिक कार्यकारण सम्बन्धको नियम तयार पार्छ। यसद्वारा व्यक्ति संघर्षको हरेक नयाँ पुनर्वातको चक्रमा बाँधिन्छ। मन ऐनाजस्तै परिष्कृत बन्छ। आसक्तिको कलंकबाट पूर्णतः मुक्त हुन्छ। जुन चीज वास्तवमा जे हो, त्यसलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निष्कलंक रूपमा प्रकट गरिदिन्छ। र, वास्तवमा जे हो त्यही देखिनु नै उत्कृष्टता हो। त्यही नै आत्मा हो। निपुण योगीजनले जहिले पनि उक्त उत्कृष्ट दृष्टिप्रति आनन्द लिन्छन्।

युद्धमा होमिएका अर्जुन साक्षात् भगवान्को दूरदर्शी सल्लाहबाट आकर्षित भएका थिए, जसमा कृष्णले अर्जुनलाई उच्च तहको नैतिक नियममा रहन जोड दिएका थिए। शक्तिका भोका र भ्रष्ट कौरव शासकहरूले राजगद्दी हडपेका थिए। अर्कोतिर शान्तिप्रिय पाण्डवहरू जनताको ह्रदयमा सौभाग्य, सुखका रूपमा रहेका थिए। पूर्णतः सही र न्यायसंगत हुँदाहुँदै पनि रणभूमिमा उत्रदाँ अर्जुनको मनमा उठेका सन्तापबारे गीताले चित्रण गर्छ। आफ्ना पूर्व गुरुहरू एवम् दाजुभाइका छोराछोरीहरूलाई युद्धभूमिमा विपक्षीका रूपमा देख्दा अर्जुन आफ्नो धनुष उतार्न र राजगद्दीमाथिको कौरवहरूको दाबी सुम्पन तयार भएका थिए। त्यस कारण भगवान् कृष्णले उनलाई अर्को बाटोतिर प्रशिक्षित गराए। कृष्णको यौगिक प्रशिक्षण शान्तिवादभन्दा टाढा र युद्धोत्तेजक बाटोतिर गयो। कोनराड एल्स्टका अनुसार उनको सिकाई एकातिर कमै गरिने जिम्मेवारीभन्दा टाढा र अर्कोतिर बाध्यताको बेवास्तातर्फ गयो (पृ.२२, १९९१)। अन्तिम विश्लेषणमा भगवान् कृष्णले आफ्नो समर्पण नैतिक अधिकारभन्दा परको कदम हुने अपेक्षा गरेका छन्। उनले यसलाई उपदेशका रूपमा विकास गरे र विधिवत् नियम बनाए:

यो योगलाई उपयुक्त हैसियत प्रदान गर्ने काम वास्तवमै कठिन हो। यो जनन योग र कर्म योग मात्र होइन। भक्ति योग पनि हो। यसले मानव जातिको सबै पक्षलाई एकीकृत गर्ने प्रयास गर्दछ र यो सत्जीवनमै मोक्ष प्राप्तिको विशाल उद्योगमा हामीलाई नियुक्त गर्दछ। यही कारण प्राचीन पूर्ण-योगका प्रकारमा कृष्णको मार्गलाई उत्कृष्ट भनेर वर्णन गरिएको हुनसक्छ।

भगवद्गीताले निर्वाणका दुई प्रकारबारे बताउँछ। जसले पूर्णताको क्रमिक दुई चरणका रूपमा ज्यादै यथार्थपरक व्याख्या गरेको छ। ब्रम्ह निर्वाण भनिने पहिलो चरणमा भूधरातलको उन्मूलन गरिन्छ। यसमा योगीजनहरू अविछिन्न स्थान-समयभन्दा पनि माथि पुग्छन् र तिनीहरू आ-आफ्नै मूल प्रकृतिमा निवास गर्छन्। तर यो अवस्था भनेको बहिजाने मायाहीन हो। र दिव्य व्यक्तित्व कृष्ण तिनीहरूबाट अप्रकट नै रहे। निर्वाणको उच्च स्वरूपमा मात्र परम व्यक्तित्वको बोध गरिन्छ, जतिखेर योगीजनहरू भगवान्मा जागृत हुन्छन्।

सबै मोहहरू पूर्णतया परित्यक्त गर्ने व्यक्ति आकांक्षारहित हुन्छन्, 'मेरो' (को विचार) भन्ने भावनारहित हुन्छन्, अहं भावरहित उसले शान्ति प्राप्त गर्छ।

मुक्त योगीजनहरूसहभागी हुने अतीन्द्रिय भक्तिलाई हामी कसरी बुझ्न सक्छौं ? अन्त कतै मैले यस्तो प्रस्ताव राखेको छु।

आत्मा रत्तिभर र भगवान्बिच नित्य रूपमा सुशोभित हुने भक्तिसहित जागृत भएर जो आफ्नो उपस्थिति देखाउँछ त्यो नै अवर्णनीय दैविक सिर्जना हो। समग्रता स्वयं ऊसँग जोडिन्छ। तार्किक मन यस्तो विरोधाभासबाट पछि हट्छ। यसले आधार प्राप्त गर्न असफल हुन्छ , जुन क्षेत्रमा सबै विरोधीहरू एक हुन्छन्। सर्वोच्च परीक्षा सीधा अनुभवमा हुनैपर्छ। यो पर-भक्ति ईश्वरको आवश्यकीय पक्ष हो र यो ईश्वर भित्र र ईश्वरका माध्यमबाट मात्रै बोध गर्न सकिन्छ। यो भक्ति शर्तहीन र उद्देश्यहीन हुन्छ।

मोक्ष-धर्म पढ्ने हो भने सबै प्रकारका शिक्षणहरूको थोरबहुत कुराहरूलाई विस्तृत रूपमा व्याख्या गरेको स्वरूपमा पाउन सक्छौं। वास्तविक अभ्यासको कुरा गर्दा योगका अधिकारीहरूले काव्यमा आफ्नो उपस्थिति ठोस नैतिक धरातलमा जोड दिएर गरे। उनीहरूले सत्यता, विनम्रता, अहिंसा, गैर स्वत्वात्मकता, सहानुभूतिजस्ता सदाचारको माग गरे। यसले त्यसपछिका योगका लागि आधारशीला खडा गरिदियो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कामुकता, क्रोध, लोभ र भय योगीजनहरूका ठुलो शत्रुका रूपमा चित्रित हुन थाले । साथै सपना र निद्रावस्था, सम्मोह, र मानसिक संग्रहणी (ब्रम्ह) का निर्देशनहरूसमेत आउन थाले । यसमा शङ्का र असन्तोष समेत थपियो । यी सबै आध्यात्मिक मार्गका बाधकहरूका रूपमा लिन थालियो । अन्य विचारणीय अवरोधहरूलाई चाहिँ शक्तिको रूपमा लिइयो । यसलाई सिद्धि वा विभूति भनियो । यसले योगीजनलाई आफ्नो वास्तविक सरोकारबाट टाढा लैजान्छ । जसले आत्मा अहं व्यक्तित्वलाई उचाइमा पुऱ्याउँछ । यी शक्ति भनेका योगीजनको ध्यान अभ्यासद्वारा उत्पादन हुने प्राकृतिक 'बाइप्रोडक्ट' (गौण उत्पादन) हुन् ।

मोक्ष-धर्म गुरुहरूले सही भोजन र उपवासहरूबारे समेत महत्त्वपूर्ण कुराहरू प्रदान गरेका छन् । साथै यौगिक अभ्यासका लागि आवश्यक उचित वातावरणको ज्ञान समेत दिएका छन् । उनीहरूले श्वास नियन्त्रण (प्राणायाम) र शरीरमा सञ्चार हुने जीवनशक्तिका पाँच प्रकार (पञ्च)को मूल्य समेत राम्ररी बुझेका थिए । श्वास नियन्त्रणले क्रमिक अर्न्तमुखी चरणमा प्रवेश गर्नका लागि तयार राख्छ । यो भनेको बाह्य संसारबाट चेतनाहरूलाई प्रत्याहार गरिदिनु हो ।

पूर्व-शास्त्रीय योगका अधिकांश संस्थाहरूले मोक्ष-धर्मलाई निरोध-योग वा निवारण-योगभन्छन् । यो उपागम चैतन्यको विषयवस्तुलाई दृढतापुर्वक अस्वीकार गर्नु हो । भावहरूदेखि विचार, उच्च अभ्याससम्म यस्तो हुन्छ । कतिसम्म भने उत्तमोत्तम आत्मा आफ्नो पूर्ण चमकताका साथ अगाडि फैलिरहँदा पनि यस्तो अस्वीकार देखिन सक्छ । यद्यपि संवेदक निरोध, एकाग्रता र ध्यानलाई योगका प्राथमिक माध्यमका रूपमा लिइन्छ ।

निरोध योग

मोक्ष-धर्ममा चर्चा गरिएको योगको अर्को प्रकार हो, जनना-दीप्ति योग । यसलाई ज्ञान प्रभाको योग समेत भनिन्छ । यो अतिसूक्ष्म वस्तुहरूमा दृढतापूर्वक दीर्घकालीन एकाग्रतामा अवस्थित हुन्छ । उदाहरणका लागि, पाँचवटा वस्तुमध्ये कोही मानिसको ध्यान पहिल्यै एउटामा केन्द्रित हुन्छ । यस्तो आकर्षणलाई मन (मानस)को एकाग्रता वा उच्च मानस (बुद्धि)ले समेत पछ्याउँछ । अथवा योगीजनले शरीरका विभिन्न विन्दुहरू, जस्तै, मुटु, नाभि वा शिर र क्रमशः आत्मा स्वयंमा एकाग्र भएर प्रस्थान गर्न सक्छ । एकाग्रतापूर्ण यस्ता अभ्यासलाई धारणा भनिन्छ ।

एकै शब्दमा भन्नुपर्दा योग मिसावटहीन गहनासरह हो । यो पहिले भित्र जम्मा हुन्छ र त्यसपछि सूर्यका किरणले प्रकाश छरेजस्तै फैलन्छ । अवश्य पनि आत्माको लागि सूर्य ब्रम्हाण्डीय संकेत हो । जुन अभ्यास चमकदार प्रभाको रूपमा रहन्छ । यो आध्यात्मिकताले एकाग्रताका आवश्यकीय यौगिक प्रक्रियाहरूबारे राम्ररी वर्णन गर्दछ । धारणा किरणहरूमा जम्मा हुन्छ वा मस्तिष्कमा घुमिरहन्छ र आफैंभित्रको आत्मामा यिनीहरू केन्द्रित हुन्छन् । यो क्रम त्यतिबेलासम्म चलिरहन्छ जतिबेलासम्म आत्मा भरोसा असीम आनन्द (समाधि)को अवस्थामा अभिव्यक्त हुँदैन र योगीजनका सम्पूर्ण आत्माहरूलाई रूपान्तरण गर्दैन ।

मैत्र्यायणीय –उपनिषद्का षड्-अंग योग

मैत्र्यायणीयबारे ब्रम्हमा पहिल्यै उल्लेख गरिसकिएको छ र यिनीहरू कृष्ण (कालो) यजुर्वेदसँग सम्बन्धित छन् । यिनीहरू भगवान् रुद्रसँगको विशेष सम्बन्ध भएकोले देखिएको थियो । रुद्र पछि शास्त्रीय कालका शिवसँग विलीन भए । अन्य कार्यहरूमध्ये मैत्र्यायणीय पुजारीहरूले शत रुद्रीय खडा गरे । राक्षसहरूबाट सुरक्षित रहनका लागि यो पाठ गरिन्थ्यो । साथै यसलाई ध्यानका लागि समेत प्रयोग गर्न थालियो । मैत्र्यायणीय-उपनिषद् भन्ने शीर्षकले नै लामो समय पछिसम्म यो तिनै ग्रन्थकर्तासँग सम्बन्धित रहेको बुझिन्छ । जब कि यो गुप्त ग्रन्थमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आदिमकालीन यौगिक विद्या अटाएको छ। यसको विद्यमान पाठ सम्भवतः बीसीइको दोस्रो वा तेस्रो शताब्दीसम्म पनि रचिएको थिएन। यो उपनिषद्को खण्डले मैत्रेय उपनिषद्को नामबाट स्वतन्त्र ग्रन्थको विकास गर्छ। यो दक्षिणी भारतमा विकास भएको हुनुपर्छ।

मैत्र्यायणीय-उपनिषद् राजा बृहद्रथको कथासँगै शुरु हुन्छ। बृहद्रथलाई महाभारतमा मगध राज्यको शासक र शिवका निष्ठावान् पूजक भनेर सम्झिइन्छ। स्वामी निरजानन्द सरस्वतीका अनुसार उनका छोरालाई शासकको रूपमा ल्याएपछि कथा अघि बढ्छ। अनि राजा बृहद्रथ आफ्नो राज्य छोडेर तपस्याका लागि जंगलतिर लाग्छन् (पृ.२९, २००३)। अचल भएर तपस्या गरेको एक हजार दिनपछि उनको शास्त्र आकाशियो र सूर्यतिर एकटकले केन्द्रिकृत भयो। अनि उनमा साङ्ख्य पारंगत आत्मबोध भएको सवार भयो। बृहद्रथलाई गुणवान् उपदेशकको रूपमा पाउँदा साङ्ख्य उनैमा प्रकट भए। आत्माका दुई प्रकारको रहस्य- मौलिक आत्मा (ब्रम्हमा भूत आत्मा लेखिएको) वा अहं व्यक्तित्व र उत्तमोत्तम आत्मा, सहित साङ्ख्य प्रकट भए।

मैत्र्यायणीय-उपनिषद् अहिलेसम्म पनि विशेष छ। यसले केन्द्रीय प्रणाली (सूक्ष्म-न-नदि) बारे उल्लेख गर्छ, जसले शरीरको अक्ष विकास गर्दछ। यहीभित्र मेरुदण्डको स्तम्भदेखि शिरको सम्राट् र त्यहाँभन्दा पनि धेरै परसम्म जीवनशक्ति (प्राण) रहेको हुन्छ। यो प्रक्रियामा श्वास, मन र पवित्र शब्द ॐलाई सँगसँगै सम्पादित गरिन्छ। अनि साङ्ख्यले अज्ञात रचनाकारका दुईवटा श्लोक उद्धृत गर्दछ। जसअनुसार योग भनेको श्वास र ॐ शब्दको युक्तता हो। अथवा श्वास, मन र चेतनाको जोडाइ हो।

यो ग्रन्थमा थुप्रै चित्ताकर्षक विचारहरू, अभ्यासका लागि संकेतहरू समाविष्ट छन्। यसले योगको आगामी उन्नत विकासलाई लक्षित गर्छ। जुन पतञ्जलिको शास्त्रीय सूत्रीकरणका लागि ठुलो धरातल तयार गऱ्यो।

माण्डूक्य-उपनिषद्को अस्पर्श योग

काव्यिक कालदेखिका थुप्रै उपनिषद्हरू छन्। त्यसमा ईशा, मुण्डको, प्रश्न र माण्डुक्य बढी प्रचलित हुन्। काव्यिक कालको विशिष्टतासहित साङ्ख्य योग परम्परासँग यी उपनिषद्हरूको प्रत्यक्ष सम्बन्ध भने छैन। तर वेदान्तिक अद्वैतवादको मूलधारसँग भने सम्बन्धित छ (जुन जनना योगको स्वरूप हो)। यहाँभने माण्डुक्य उपनिषद्को बारेमा मात्र चर्चा गरिनेछ। यसलाई अलग गर्न उचित हुन्छ। किनभने यसले पारंगत गौडपादलाई आफ्नो प्रिय माण्डुक्य कारिका रचना गर्न उत्प्रेरित गऱ्यो। यसलाई आगम-शास्त्रको नामले समेत चिनिन्छ। गौडपाद शङ्कराचार्यका परम-गुरु थिए। शङ्कराचार्य भारतीय उग्र अद्वैतवाद परम्परा वेदान्तका प्रसिद्ध दार्शनिक हुन्। परम-गुरु भनेर यसको अर्थ यो हुनसक्छ कि गौडपाद शङ्करका गुरु गोविन्दका समेत गुरु थिए। अथवा यस्तो पनि हुन सक्छ कि शङ्कराचार्यको वंश परम्परामा उनी मूल गुरु थिए, जसप्रति शङ्कराचार्य ठुलो श्रद्धा राख्थे। गौड-पादबारे विश्वासिलो स्रोत केही पनि छैन। नवौ शताब्दीको वेदान्त विद्वान् आनन्दगिरिले शङ्कराचार्यको रचना माण्डूक्य-करिकामा एउटा टिप्पणी (टीका) लेखे। त्यसमा आनन्दगिरिले गौडपादले भगवान् नारायणप्रति समर्पित हुने पवित्र स्थल बद्रिका आश्रममा तपस्या गरेको बताएका छन्। नारायणले नै गौडपादलाई अद्वैतवादिताको पाण्डित्य घोषणा गरेका थिए।

माण्डूक्य-कारिका विचारहरूको एउटा महान् दार्शनिक प्रतिपादन हो, जुन उपनिषद्मा समेत त्यही नाममा पाइन्छ। वास्तवमा गौडपादको कार्यलाई अद्वैतवादको औपनिषदिक आत्मतङ्कवज्ञानको प्राचीन सुव्यवस्थित वर्णनको रूपमा लिइन्छ। माण्डूक्य उपनिषद्मा के भनिएको छ भने यदि कसैले १०८ वटै उपनिषद्हरू अध्ययन गर्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सक्दैन भने अझै उसले मुक्ति प्राप्त गर्न सक्छ । यदि ऊ माण्डुक्यभित्र छिरेमा उसले मुक्ति पाउँछ । किनभने माण्डूक्यमा औपनिषदिक विद्याको सारांश समेटिएको छ।

जम्मा १२ वटा श्लोकहरू समेटिएको सिंगो माण्डुक्य-उपनिषद् पवित्र शब्द ॐको गुप्त प्रतीकात्मकताको वर्णन हो। साधारणतया यो प्राचीन मन्त्र तीन एकाइमा संरचित भएको मानिन्छ। ती हुन्, अ, उ, म। यी प्रतीकात्मक रूपमा चैतन्यको तीन आधारभूत अवस्थासँग सम्बन्धित छन् । ती चार आधारभूत अवस्था हुन्, जागृत, स्वप्निल, निद्रावस्था र उत्तमोत्तम अवस्था। यसलाई चौथो (चतुर्थ-तुरीय) भनिन्छ। गौडपादको रचनाले यसको थप व्याख्या गर्छ। उनले अमूर्त योग (अशं योग) को अवधारणा विकास गरे। स्पर्शको अर्थ हो 'छुनु' वा 'सम्पर्क'। र, अस्पर्शको शाब्दिक अर्थ हुन्छ, 'यस्तो वस्तु जुन स्पर्श वा सम्पर्कबाट मुक्त हुन्छ। अर्को शब्दमा भन्नुपर्दा जुन चीज अमूर्त हो र त्यससँग सम्बन्ध राखिराख्नु पर्दैन (संसार)। यो योग भनेको उग्र सुधारवादी अद्वैतवादी अभ्यासकर्ताका लागि हो जो आन्तर्यमा र आत्मामा चिरस्थायी हुन्छ। यसमा कथित वस्तुगत संसारसँगको सम्मिश्रण र सम्पर्कबाट टाढै रहिन्छ।

उच्चतम स्वरमा चाहिँ अस्पर्श योग जनना योगकै समानार्थी हो । यसप्रकारले यहाँ अस्पर्श योगले उपनिषद्हरूको सिंगो अद्वैतवादी परम्पराको सर्वोच्चतालाई प्रतिनिधित्व गर्छ। शङ्कराचार्यको सिपालु हातमा परेर यो बौद्ध परम्पराको ठुलो प्रतिस्पर्धी बन्यो। साथै पतञ्जलिको योग विचारधाराको समेत प्रतिस्पर्धी छ।

निष्कर्ष

उक्त लेखले योग र सनातन परम्परा एक अर्काका परम्परा रहेको तथा योग एक साधनाको माध्यम भन्दा पनि सनातन जीवनशैली रहेको कुरा प्रस्ट पारेको छ । वर्तमान जीवनमा योगलाई एक साधन बनाइए पनि सनातन परम्परामा योग जीवनशैली नै थियो र प्रमुख आध्यात्मिक व्यक्तित्व र ग्रन्थ विश्लेषणबाट उक्त कुरा स्थापित पनि भएको छ।

सन्दर्भ सामाग्रीहरू

मुकुन्दानन्द, स्वामी (२०१३ *भगवद्गीताः भगवान्को गीत*। जगद्गुरु कृपालुजी योग।

विवेकानन्द, स्वामी (१९८४)। *संक्षिप्त योग वाशिष्ठ*। न्यूयोर्क स्टेट विश्वविद्यालय।

पुरी, लेखराज (१९८८)। *रहस्यवादः आध्यात्मिक यात्रा*। राधा स्वामी सत्सङ्ग।

एल्स्ट, कोनराड (१९९१)। *आयोध्या र त्यसपछाडि*। भ्वाइस अफ इन्डिया।

निरजनान्द सरस्वती, स्वामी (२००२)। *योग दर्शनः योग उपनिषदहरू*। योग पब्लिकेशन ट्रस्ट।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मशास्त्रमा वर्णित प्रायश्चित्तका प्रमुख साधनहरू

डा. वासुदेव खनाल
सहप्राध्यापक, वाल्मीकि विद्यापीठ

लेखसार

वैदिक संहितादेखि लिएर स्मृतिग्रन्थहरूका साथ पछिल्ला निबन्ध ग्रन्थहरूमा पनि मानव जीवनका कर्तव्याकर्तव्यका विभिन्न पक्षको विवेचना गरिएको सन्दर्भमा प्रस्तुत लेखमा धर्मशास्त्रमा वर्णित प्रायश्चित्तको वर्णनका साथै त्यसका प्रमुख साधनहरूका बारेमा चर्चा गरिएको छ। ज्ञात वा अज्ञात रूपमा गरिएको अपराध या दुष्कर्मजनित दोष परिमार्जनलाई सामान्यतया प्रायश्चित्त भनिन्छ। वैदिक साहित्यदेखि लिएर सूत्र, स्मृति तथा परवर्ती संस्कृत साहित्यमा प्रायश्चित्तको स्वरूपका सम्बन्धमा विशेष वर्णन गरिएको पाइन्छ। शास्त्रकारहरूले प्रायश्चित्तका विभिन्न साधनहरू रहेको उल्लेख गरेका छन्। जसअनुसार पश्चात्ताप (अनुताप), प्राणायाम, तप, होम, जप, दान, व्रत, तीर्थयात्रा, भिक्षाटन र स्वाध्याय प्रायश्चित्तका प्रमुख साधन हुन्। प्रस्तुत लेखमा व्याख्या र विश्लेषण विधिद्वारा यी साधनहरूका बारेमा विशद् विवेचना गरिएको छ।

मानवको सहज प्रवृत्ति सांसारिक विषयमा हुन्छ नै जसले गर्दा समय-समयमा कामक्रोधादि भावनाबाट ग्रसित भएर अनेकौं निषिद्ध कर्म गर्छ। यसरी बेलाबेला मानिसबाट हुने पापकर्मबाट मनोवृत्तिलाई निर्मल तुल्याउनका लागि तथा मानिसलाई सन्मार्गतर्फ अभिप्रेरित गर्नका लागि स्मृतिशास्त्रमा प्रायश्चित्तको विधान गरिएको हो। श्रुति अर्थात् वेदमा प्रतिपादित प्रायश्चित्त व्यवस्थाको विस्तृत रूप नै स्मृतिमा प्रतिपादित प्रायश्चित्त व्यवस्था हो। प्रायश्चित्तको अर्थ आफूले गरेको पापको संशोधन तथा भविष्यमा त्यस्तो प्रकारको पाप नगर्ने प्रण हो। शास्त्रमा नगर्नका लागि निर्देश गरिएका कुरा गर्नु नै पाप हो, जसको निर्णय स्मृतिशास्त्रद्वारा नै गर्ने गरिन्छ। यदि कसैले पाप गरेर त्यसको संशोधन तथा प्रायश्चित्त गरेन भने उसले दारुण नरकको यातना भोग गर्नै पर्दछ। प्रस्तुत लेखमा गरिएको अनुशीलनबाट शास्त्रकारले मानवलाई कठोर नरकभोगबाट बचाउनका लागि तथा कठिन यातनालाई सरल बनाउनका लागि विहिताकरणजन्य तथा निषिद्धाचरणजन्य प्रत्यवाय रूप प्रायश्चित्तको व्यवस्था गरेका हुन् भन्ने कुरा निष्कर्षित हुन्छ।

शब्दकुञ्जी - धर्मशास्त्र, प्रायश्चित्त, प्रत्यवाय, वेदविहित, सदाचार, स्वाध्याय।

लेखको समस्या र उद्देश्य- *सहज सांसारिक जीवन बिताउने क्रममा मानिसबाट हुने पापकर्मबाट परिशुद्ध तुल्याउन स्मृतिशास्त्रमा प्रायश्चित्तको विधान गरिएको हो। स्मृतिशास्त्रहरूमा यस्तो विधान केकस्तो छ भन्ने प्राज्ञिक जिज्ञासा नै प्रस्तुत लेखको मूल समस्या हो साथै सोही प्रश्नको उत्तर खोज्नु नै यसको उद्‌देश्य हो।*

अध्ययन विधि- प्रस्तुत लेख मूलतः वर्णनात्मक र व्याख्यात्मक विधिमा आधारित छ। सामग्री सङ्कलनका लागि पुस्तकालय विधिलाई अपनाइएको छ।

विषयप्रवेश

संसारमा जति पनि प्राणीहरू रहेका छन् ती सबैको चाहना सुख नै हो। यो सृष्टिको नियम पनि हो। शास्त्रीय मान्यताअनुसार संसारमा लाखौं प्राणीहरू रहेका छन् ती लाखौं प्राणीहरूमध्ये मनुष्य यस्तो योनि हो जसमा उत्पन्न भएर पुण्यकर्मको माध्यमबाट सुख साधनको उपार्जन तथा मोक्ष पनि प्राप्त गर्न सक्दछ। अन्यान्य योनिमा प्राणीहरूको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्मको क्षयमात्र हुन्छ भन्ने शास्त्रीय मान्यता रहेको छ। मनुष्य योनि बाहेक सुखदुःखको साधनभूत पुण्यापुण्यकर्मको उपार्जन अन्य कुनै पनि योनिमा हुन सक्दैन। यही कारणले महर्षिहरूले मनुष्य योनिलाई श्रेष्ठ मानेका छन्। सोही सन्दर्भमा मनुले भनेका छन्-भौतिक पदार्थहरूमध्येमा प्राणी श्रेष्ठ हुन्छन्, प्राणीहरूमध्ये बुद्धिजीवी अर्थात् बुद्धिपूर्वक जीवनयात्रा सञ्चालन गर्ने श्रेष्ठ हुन्छन्, बुद्धिजीवी प्राणीहरूमध्ये मनुष्य श्रेष्ठ हुन्छन्, मनुष्यहरूमध्येमा पनि ब्राह्मण श्रेष्ठ हुन्छन्। ब्राह्मणहरूमध्येमा पनि जो विद्वान् छन् ती श्रेष्ठ हुन्छन्, विद्वान्हरूमध्येमा पनि कृतबुद्धि अर्थात् विद्यानुरूप बुद्धिको स्थिति भएका श्रेष्ठ हुन्छन्, कृतबुद्धिमा पनि कर्ता अर्थात् विद्या अनुकूल काम गर्ने श्रेष्ठ मानिएका छन् भने कर्ताहरूमध्येमा पनि ब्रह्मज्ञानीलाई श्रेष्ठ मानिएको छ।[1] योगीश्वर याज्ञवल्क्यले पनि यही कुराको उल्लेख गरेका छन्। उनका अनुसार ती ब्राह्मणहरूमध्ये पनि जो श्रुतिको अध्ययन र अनुशीलन गर्दछन् तिनीहरू श्रेष्ठ मानिन्छन्, श्रुतिको अध्ययन एवम् अनुशीलन गर्नेहरूमध्येमा पनि जो त्यसलाई व्यवहारमा उतार्दछन् उनीहरू श्रेष्ठ मानिन्छन् र तिनीहरूमध्येमा पनि जो आध्यात्मविद् छन्, उनीहरू श्रेष्ठ मानिन्छन्।[2] जबसम्म आफूले अध्ययन गरेको विद्यालाई व्यवहारमा उतार्न सक्दैन, तबसम्म उसको विद्या एवम् तपस्या अधूरो रहन्छ। केवल विद्या या तपले मात्र सुपात्र हुन सक्दैन। जो वेदविहित सदाचार परायण, विद्या एवम् तपस्याले युक्त छ त्यही नै वास्तविक पात्र हो भन्ने याज्ञवल्क्यको धारणा रहेको छ।[3] मानिसले जानेर होस् या नजानेर विभिन्न पापकर्महरू गरिरहेको हुन्छ। त्यस्ता पापी एवम् महापापीहरू नरकको भोग भोगिसकेपछि मनुष्य योनिमा आउँछन् भनिएको छ।[4] यसरी मनुष्य योनिमा आउँदा महापापी, ब्रह्महत्यारा, क्षयरोगी, परस्त्री हरण गर्ने, ब्राह्मणको धन हरण गर्ने आदिले ब्रह्मराक्षसका रूपमा जन्म लिन्छन् भनिएको छ। यस्तो हुनुको कारण शास्त्रमा बताएको नगर्नाले र गर्न हुँदैन भनिएको कुरा गर्नाले तथा इन्द्रियहरूको निग्रह नगर्नाले हो भनिएको छ।[5] यसरी शास्त्रमा गर्नका लागि निर्देश गरिएका कर्म नगर्ने र शास्त्रमा नगर्न भनिएका कर्म गर्ने व्यक्तिले प्रायश्चित्त गर्नुपर्दछ। त्यही प्रायश्चित्त र प्रायश्चित्तका साधनका सम्बन्धमा यहाँ सङ्क्षिप्त रूपमा उल्लेख गरिएको छ।

प्रायश्चित्त

प्रायश्चित्त शब्द प्रायः र चित्त पदका साथ समास भएर सुट् आगमको योगबाट बन्दछ।[6] प्रायश्चित्त शब्दको व्याख्याका सम्बन्धमा अङ्गिराको वचन अत्यन्त सान्दर्भिक र उपयुक्त देखिन्छ। उनले प्रायःको अर्थ 'तप' र चित्तको अर्थ 'निश्चय' गरेका छन्। त्यही तप र निश्चयको जोडबाट नै प्रायश्चित्त शब्द बनेको उनको भनाइ छ।[7] जानेर होस् या नजानीकन गरिएको अपराध या दुष्कर्मजनित दोष परिमार्जनलाई सामान्यतया प्रायश्चित्त भनिन्छ। वैदिक साहित्यदेखि लिएर सूत्र, स्मृति तथा परवर्ती संस्कृत साहित्यमा प्रायश्चित्तको स्वरूपका सम्बन्धमा सुविस्तृत वर्णन गरिएको पाइन्छ। धर्मशास्त्रीय ग्रन्थमा कामकृत र अकामकृत गरी दुई प्रकारका पाप हुने कुराको वर्णन गरिएको छ। अकामकृत पापलाई प्रायश्चित्तको माध्यमबाट नष्ट गर्न सकिन्छ तर कामकृत पाप प्रायश्चित्तको माध्यमबाट हटाउन सकिँदैन भन्ने कतिपय स्मृतिकारको मत रहेको छ।

---

१. भूतानां प्राणिनः श्रेष्ठाः प्राणिनां बुद्धिजीविनः। बुद्धिमत्सु नराः श्रेष्ठा नरेषु ब्राह्मणाः स्मृताः ॥
ब्रह्मणेषु च विद्वांसो विद्वत्सु कृतबुद्धयः। कृतबुद्धिषु कर्तारः कर्तृषु ब्रह्मवेदिनः ॥ मनुस्मृति, १.९६-९७।

२. सर्वस्य प्रभवो विप्राः श्रुताध्ययनशीलिनः। तेभ्यः क्रियापराः श्रेष्ठास्तेभ्योऽप्यध्यात्मवित्तमाः। याज्ञवल्क्यस्मृति, १.१९९।

३. न विद्यया केवलया तपसा वापि पात्रता। यत्र वृत्तमिमे चोभे तद्धि पात्रं प्रकीर्तितम् ॥ याज्ञवल्क्यस्मृति, १.२००।

४. महापातकजान्घोरान्नरकान्प्राप्य दारुणान्। कर्मक्षयात्प्रजायन्ते महापातकिनस्त्विह ॥ याज्ञवल्क्यस्मृति, ३.२०६।

५. विहितस्याननुष्ठानान्निन्दितस्य च सेवनात्। अनिग्रहाच्चेन्द्रियाणां नरः पतनमृच्छति ॥ याज्ञवल्क्यस्मृति, ३.२१९।

६. अष्टाध्यायी, पाणिनि, ६.१.१५७।

७. प्रायो नाम तपः प्रोक्तं चित्तं निश्चय उच्यते। तपोनिश्चयसंयुक्तं प्रायश्चित्तं तदुच्यते ॥ अङ्गिरा, पराशरमाधवीय, प्रायश्चित्ताध्याय, पृ.२।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जसले पाप गरेका छन् र मैले पाप गरेको छु भन्ने थाहा पाएका छन् तर प्रायश्चित्त गर्दैनन् भने ती रौरवादि नरकमा जान्छन् भन्ने शास्त्रीय मान्यता छ। खास गरेर महापातकी ब्रह्महत्यारा, सुन चोरी गर्ने, रक्सी खाने र गुरुपत्नी गमन गर्ने गरी चार प्रकारका महापातकी भनेर स्मृतिशास्त्रमा निर्देश गरिएको छ। यी चार प्रकारका महापातकीहरूका साथ एकवर्षसम्म सँगै बस्यो भने त्यो पनि महापातकी हुन्छ[८] भन्दै उपपातकी आदिको वर्णनका साथै मानिसले जीवनमा गर्ने र गर्न सक्ने अनेक किसिमका पापहरूको प्रायश्चित्तस्वरूप विभिन्न व्रत तथा उपासनाहरूको वर्णन पनि स्मृतिशास्त्रमा गरिएको छ। महापातक, उपपातक, अनुपातक आदि अनेक वर्गमा पापलाई विभाजन गरिएको छ। विशेष किसिमका पापको प्रायश्चित्तका सम्बन्धमा स्मृतिशास्त्रमा विशेष वर्णन गरिएको छ। जसमध्ये केही प्रायश्चित्तका साधनहरूका सम्बन्धमा यहाँ सङ्क्षिप्त रूपमा उल्लेख गरिएको छ।

प्रायश्चित्तका साधनहरू

जानेर होस् या नजानेर मानिसले विभिन्न किसिमका पापकर्महरू गरिरहेको हुन्छ र त्यसको प्रायश्चित्त गर्नुपर्ने विधान स्मृतिशास्त्रमा गरिएको छ। एक किसिमको पापबाट मुक्त हुनका लागि अनेक प्रकारका उपायहरूको वर्णन स्मृतिकारहरूले गरेका छन्। कुनै किसिमको पाप गरेको व्यक्तिले प्रायश्चित्त नगरेसम्म उसलाई समाजमा घुलमिल हुने अधिकार शास्त्रले दिएको छैन। कतिपय यस्ता पाप पनि हुन्छन् जुन पापका सम्बन्धमा पाप गर्ने व्यक्तिलाई बाहेक अन्य कसैलाई थाहा पनि हुँदैन। यस्ता किसिमका पापबाट पनि व्यक्ति मुक्त हुन नसक्ने कुराको वर्णन श्रुति, स्मृति एवम् पुराणादि ग्रन्थहरूमा गरिएको छ। जसअनुसार वेदमा बताइएको नित्यकर्मलाई अतिक्रमण गरेको अवस्थामा तथा स्नातक व्रत उल्लङ्घन भएको अवस्थामा एक दिन निराहार रहनु नै प्रायश्चित्त हो।[९] मनुले तपस्या गर्ने इच्छुक ब्राह्मणले सदा वेदाभ्यास गर्न निर्देश गर्दै ब्राह्मणका लागि वेदाभ्यासभन्दा ठुलो तपस्या नभएको बताएका छन्।[१०] यस्तै विद्वान्को पवित्रता क्षमाबाट हुन्छ भन्ने कुरा मनुले पनि बताएका छन्।[११] वसिष्ठले काल, अग्नि, मन, तुष्टि, जल र मनन गरी छ प्रकारका शुद्धि रहेको बताएका छन्।[१२] मनुले ज्ञान, तपस्या, अग्नि, आहार, माटो, मन, पानी, उपलेपन, वायु, कर्म, सूर्य र काल अशुद्ध प्राणिका शुद्धिका कारण भएको बताएका छन्।[१३] प्रच्छन्न पापले युक्त व्यक्ति जपबाट र वेदको परमार्थलाई जान्नेहरू तपस्याबाट शुद्ध हुने कुराको उल्लेख मनुले गरेका छन्।[१४] यस्तै शरीरको शुद्धि पानीबाट, मनको शुद्धि सत्यबाट, जीवात्मा ब्रह्मविद्या र तपस्याबाट र बुद्धिको शुद्धि ज्ञानबाट हुने कुराको उल्लेख मनुले पनि गरेका छन्[१५]। यही क्रममा शास्त्रकारहरूले प्रायश्चित्तका विभिन्न साधनहरू रहेको उल्लेख गरेका छन्। जसअनुसार पश्चात्ताप (अनुताप), प्राणायाम, तप, होम, जप, दान, व्रत, तीर्थयात्रा, भिक्षाटन र स्वाध्याय प्रमुख रहेका छन्। जसका सम्बन्धमा यहाँ सङ्क्षिप्त रूपले उल्लेख गरिएको छ।

---

८. ब्रह्महा मद्यपः स्तेनस्तथैव गुरुतल्पगः। एते महापातकिनो यश्च तैः सह संवसेत्॥ याज्ञवल्क्यस्मृति, ३.२२७।

९. वेदोदितानां नित्यानां कर्मणां समतिक्रमे। स्नातकव्रतलोपे च प्रायश्चित्तमभोजनम्॥मनुस्मृति, ११.२०३।

१०. वेदमेव सदाऽभ्यस्येत् तपस्तप्तन् द्विजोत्तमः। वेदाऽभ्यासो हि विप्रस्य तपः परमिहोच्यते॥ मनुस्मृति, २.११६।

११. क्षान्त्या शुध्यन्ति विद्वान्सो। मनुस्मृति, ५.१०७।

१२. कालोऽग्निर्मनसस्तुष्टिरुदकान्यवलेखनम्। अविज्ञातं च भूतानां षड्विधा शुद्धिरिष्यते॥ अपरार्क, पृ.९२८।

१३. ज्ञानं तपोऽग्निराहारो मृन् मनोर्वायुपाञ्जनम्। वायुः कर्माऽर्ककालौ च शुद्धेः कर्तॄणि देहिनाम्॥ मनुस्मृति, ५.१०५।

१४. प्रच्छन्नपापा जप्येन तपसा वेदवित्तमाः॥ मनुस्मृति, ५.१०७।

१५. अभिर्गात्राणि शुध्यन्ति मनः सत्येन शुध्यति। विद्यातपोभ्यां भूतात्मा बुद्धिः ज्ञानेन शुध्यति॥ मनुस्मृति, ५.१०९।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पश्चात्ताप (अनुताप)

आफूले गरेको दुष्कर्मप्रति आफैलाई धिक्कार्नु पश्चाताप या अनुताप हो । मनुका अनुसार व्यक्तिले आफूले गरेको दुष्कर्मप्रति आफैलाई जति घृणा गर्दछ त्यति नै उसको शरीर ऊ द्वारा गरिएको पापबाट मुक्त हुन्छ अर्थात् पाप गर्ने व्यक्तिले आफ्नो मनले जसरी आफ्नो नराम्रो कर्मको निन्दा गर्दछ त्यसरी नै उसको त्यो शरीर अधर्मबाट छुट्दै जान्छ ।[१६] मानिसले पाप गरिसकेपछि त्यो पापकर्मका लागि अनुताप या पश्चाताप गर्दछ र आगामी दिनमा यस्तो दुष्कर्म कहिल्यै पनि गर्ने छैन भनी आफूलाई प्रतिबद्ध बनाउँछ भने त्यो पवित्र बन्दछ भन्ने कुरा पनि मनुले बताएका छन् ।[१७] मनुले आफूले गरेको पापका सम्बन्धमा सार्वजनिक रूपमा बताउनाले, मैले यस्तो दुष्कर्म गरें मलाई धिक्कार छ भनेर भन्ने त्यसको समनका लागि वेदादि पाठ गर्ने तथा आफ्नो क्षमताअनुसार दान गर्ने व्यक्ति उक्त पापबाट मुक्त हुने कुरा पनि बताएका छन् ।[१८] जुन पापी मनुष्यले आफूले आफ्नो जीवनमा गरेको पापका सम्बन्धमा सबैलाई बताउँछ काँचुलीबाट सर्प मुक्त भएजस्तै मानिस पनि पापबाट मुक्त हुन्छ भन्ने कुरा पनि मनुले बताएका छन् ।[१९] यसरी आफूले गरेको पाप सार्वजनिक रूपमा व्यक्त गर्नु भनेको आगामी दिनमा मैले यस्तो कर्म गर्ने छैन भनेर प्रतिबद्धता जनाउनु पनि हो ।

प्राणायाम

विभिन्न स्मृति एवम् धर्मशास्त्रीय ग्रन्थहरूमा मानिस आफूले गरेको पापबाट मुक्त हुनका लागि प्राणायामको निर्देश पनि गरिएको छ । प्राणायामको सामान्य अर्थ प्राणहरूको विस्तार हो । योगशास्त्रमा यसको विशेष व्याख्या र विश्लेषण गरेको पाइन्छ । महर्षि पतञ्जलिले सामान्य श्वासप्रश्वासको गति विच्छेदलाई प्राणायाम भनेका छन् ।[२०] विभिन्न धर्मसूत्रकार र स्मृतिकारहरूले प्राणायामलाई पनि प्रायश्चित्तको एक साधन मानेका छन् । बौधायनले योगको माध्यमबाट तत्त्वज्ञान, धर्मज्ञान तथा सबै प्रकारका गुणहरू प्राप्त हुने बताएका छन् । उनले सधै योगाभ्यासमा लागेर प्राणायाम गर्न निर्देश पनि गरेका छन् । प्राणायामको माध्यमबाट मानिस कपाल(रौं)को अन्त्यसम्म र नङको अग्रभागसम्म तपश्चरणले युक्त हुन्छ । प्राणवायुको निरोधबाट वायु उत्पन्न हुन्छ र त्यही वायुबाट अग्निको उत्पत्ति हुन्छ । यस्तै अग्निबाट जल उत्पन्न हुन्छ र यी तीनबाट मानिसको सूक्ष्म शरीर या अन्तरात्मा शुद्ध हुन्छ भन्ने कुरा बौधायनले बताएका छन् ।[२१] बौधायनले प्राणायामको प्रमाण बताउँदै भनेका छन्-प्राणवायुलाई रोकेर ओंकार तथा सिरस्का साथ गायत्री मन्त्र तीनपटक जप गरेपछि एक प्राणायाम हुन्छ ।[२२] व्याहृतिका साथ सोह्र प्राणायाम एकवर्षसम्म गरेको अवस्थामा भ्रूणहत्या जनित दोषबाट पनि मुक्त हुने कुराको उल्लेख पनि बौधायनले गरेका छन् ।[२३] प्रत्येक दिन सातवटा व्याहृति एवम् ॐकार सहित गायत्रीमन्त्रका साथ प्राणायाम गर्नाले भ्रूणहत्या जनित पापबाट एक महिनामा पवित्र हुने कुराको उल्लेख मनुले पनि गरेका छन् ।[२४] जानीबुझीकन आफ्नो वीर्यस्खलन गर्ने

---

१६. यथा यथा मनस्तस्य दुष्कृतं कर्म गर्हीति । तथा तथा शरीरं तत्तेनाधर्मेण मुच्यते ॥ मनुस्मृति, ११.२२९।

१७. कृत्वा पापं हि संतप्य तस्मात्पापात्प्रमुच्यते । नैवं कुर्यां पुनरिति निवृत्त्या पूयते तु सः ॥ मनुस्मृति, ११.२३० ।

१८. ख्यापनेनानुतापेन तपसाऽध्ययनेन च । पापकृन्मुच्यते पापात्तथा दानेन चापदि ॥ मनुस्मृति, ११.२२७ ।

१९. यथा यथा नरोऽधर्मं स्वयं कृत्वानुभाषते । तथा तथा त्वचेवाहिस्तेनाधर्मेण मुच्यते ॥ मनुस्मृति, ११.२२८ ।

२०. तस्मिन् सति श्वासप्रश्वासयोः । गतिविच्छेदः प्राणायाम । योगसूत्र, द्वितीयपाद ।

२१. अवर्तयेत्सदा युक्तः प्राणायामान् पुनः पुनः । आकेशान्तान्नखाग्राच्च तपस्तप्यत उत्तमम् ॥
निरोधाज्जायते वायुर्वायोरग्निश्च जायते । तापेनाऽऽपोऽधिजायन्ते ततोऽन्तश्शुद्ध्यते त्रिभिः ॥ बौधायन धर्मसूत्रम्, ४.१.२५ । बौधायनधर्मसूत्रम् ४.१.२८ ।

२२. सव्याहृतिकां सप्रणवां गायत्रीं शिरसा सह । त्रिः पठेदायतप्राणः प्राणायामस्स उच्चते ॥ बौधायनधर्मसूत्रम्, ४.१.२९ ।

२३. सव्याहृतिकास्सप्रणवाः प्राणायामास्तु षोडश । अपि भ्रूणहनं मासान्पुन्त्यहरहः कृताः ॥ मनुस्मृति,११.२४८ ।

२४. सव्याहृतिप्रणवकाः प्राणायामास्तु षोडश । अपि भ्रूणहणं मासात्पुनन्त्यहरहः कृताः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्तिले एकहजार गायत्री जपका साथ तीन प्राणायाम गरेपछि मुक्त हुने कुरा महर्षि पाराशरले उल्लेख गरेका छन्।[२५] उपर्युक्त विषयवस्तुको विवेचनबाट प्राणायामको माध्यमबाट विभिन्न किसिमका पापबाट पनि मानिस मुक्त हुन सक्दछ। व्यक्तिले प्राणवायुलाई रोकेर व्याहृति एवम् ओंकारका साथ मनैबाट गायत्री आदि जप गरेको अवस्थामा उसको अन्तरात्मा शुद्ध हुन्छ। उसले आगामी दिनमा गर्ने कर्म पनि राम्रा गर्दछ, वचनले पनि उसले कसैलाई नराम्रो बोल्दैन। वास्तवमा भन्ने हो भने मन सबै इन्द्रियहरूको स्वामी पनि हो भने प्राणलाई मनको स्वामी मानिएको छ। प्राण नियन्त्रित भएको अवस्थामा मन पनि नियन्त्रित एवम् संयमित हुन्छ। दुष्कर्मजन्य जो दुस्संस्कार मनमा दृढ भएको अवस्थामा प्राणायामको अनुष्ठानबाट सबै क्षीण हुन्छन् र व्यक्ति शुद्धः अन्तःकरणले युक्त हुन्छ। यसर्थ प्राणायाम भनेको चित्तवृत्तिलाई शान्त गर्नमा श्रेष्ठ साधन हो। यसर्थ प्राणायाम गरेको अवस्थामा चित्तमा रहेका दुषित वृत्तिहरू शान्त बन्दछन् भने उसको चित्त निर्भय बन्दछ। तसर्थ प्राणायामलाई प्रायश्चित्तको साधन मानिएको हो।

तप

धर्मसूत्र एवम् स्मृतिशास्त्रमा 'तप' लाई प्रायश्चित्तको साधनका रूपमा वर्णन गरिएको छ। तपको सामान्य अर्थ ब्रह्मचर्य, सत्यभाषण, त्रिकाल स्नान, स्नानपछि धोएर निचोरिएका वस्त्र लगाउनु, भुइँमा सुत्नु, भोजन त्याग आदिलाई भनिएको छ। यस्तै अहिंसा, चोरी नगर्नु, गुरुको सेवा, एकवस्त्र धारण आदिलाई पनि तप भनिएको छ। योगदर्शनमा तपको परिभाषा गर्दै भनिएको छ- सुख-दुःख, मान-अपमान, सर्दी-गर्मी आदि द्वन्द्वलाई सहन सक्ने क्षमता राख्नु तप हो। कृच्छ्र एव चान्द्रायण आदि व्रतहरूको अनुष्ठानलाई पनि तप भनिएको छ। बौधायनका अनुसार ब्रह्मचर्य, सत्यवचन, प्रतिदिन तीनपटक स्नान(विहान, दिउसो र साँझ), चिसा वस्त्र लगाउनु(जबसम्म शरीरकै तापले सुक्दैनन्), अहिंसा, अस्तेय(कसैको सम्पत्तिमा आँखा नलगाउनु), गुरुको सेवा एवम् उपवासलाई तप भनिएको छ।[२६] गौतमले अहिंसा, अस्तेय, गुरुशुश्रूषालाई छोडेर बौधायनले बताएको कुरालाई तप भनेका छन्।[२७] बौधायन र गौतमले पापको स्वरूपअनुसार तपको विधि बताएका छन्। उनले एकवर्ष, छ महिना, चार महिना, दुई महिना, एक महिना, चौबीस दिन, बाह्र दिन, छ दिन, तीन दिन, एक दिन र एक रातको तपको पनि उल्लेख गरेका छन्।[२८] गौतम एवम् बौधायनले ठुला-ठुला पापका लागि धेरै तप र साना-साना पापका लागि थोरै तपको उल्लेख पनि गरेका छन्।[२९] मनुष्यको सुखको जरो तप हो र त्यो सुख तपमा मात्र स्थिर रहन्छ र त्यो सुखको अन्तिम लक्ष्य पनि तप नै हो यस्तो महर्षिहरूको विश्वास रहेको छ र यो संसारको मूल आधार नै तप हो भन्दै विज्ञ विद्वानूले तपलाई नै यो संसारको मध्य एवम् अन्त्य पनि हो भन्नुको साथै देवता एव मनुष्यहरूको सुख पनि तपकै कारण प्राप्त हुन्छ भन्ने कुराको उल्लेख गरेका छन्।[३०] मनुले ब्राह्मणको तप भनेको ज्ञान हो, प्रजाको रक्षण नै क्षत्रियको तप हो यस्तै कृषि तथा व्यापार गर्नु वैश्यको तप हो एवम् शूद्रको तप भनेको अन्य वर्णको सेवा गर्नु हो भनेका छन्।[३१] इन्द्रियहरूलाई वशमा राख्न सक्षम ऋषिमहर्षिहरू फल, मूल एवम् वायुको भक्षण गर्दै तपस्याद्वारा नै सम्पूर्ण चराचरले युक्त तीनवटै लोकको

---

२५. गृहस्थः कामतः कुर्यौद्रेतसः स्खलनं यदि। सहस्रन्तु जपेद्देव्याः प्राणायामस्त्रिभिः सह॥ पराशरस्मृति, १२.६।

२६. अहिंसा सत्यमस्तेयं सवनेषूदकोपस्पर्शनमार्दवस्त्रताऽधारयिताऽनाशक इति तपांसि। बौधायनधर्मसूत्रम्, ३.१०.१४।

२७. ब्रह्मचर्य सत्यवचनं सवनेषूदकोपस्पर्शनमार्द्रवस्त्राऽधशयिताऽनाशकइतितपांसि। गौतमधर्मसूत्रम्। ३.१.१५।

२८. संवत्सरः षण्मासाश्चत्वारस्त्रयो द्वावेकश्चतुर्विंशत्यहो द्वादशाहाष्डहस्त्रऽहोरात्रमेकाह इति कालाः। बौधायनधर्मसूत्रम्, ३.१०.१६।
गौतमधर्मसूत्रम्,३.१.१७।

२९. एतान्यनादेशे क्रियेरननेनस्सु गुरूषु गुरूणि लघुषु लघूनि॥ गौतमधर्मसूत्रम् ३.१.१८। बौधायनधर्मसूत्रम्,३.१०.१६।

३०. तपोमूलमिदं सर्वं दैवमानुषकं सुखम्। तपोमध्यं बुधैः प्रोक्तं तपोऽन्तं वेददर्शिभिः॥ मनुस्मृति, ११.२३४।

३१. ब्राह्मणस्य तपो ज्ञानं तपः क्षत्रस्य रक्षणम्। वैश्यस्य तु तपो वार्ता तपः शूद्रस्य सेवनम्॥ मनुस्मृति, ११.२३५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दर्शन गर्न समर्थ हुन्छन् भन्ने कुरा पनि मनुले उल्लेख गरेका छन् ।[३२] सबै प्रकारका औषधिहरू, निरोगिता, विद्याप्राप्ति, देवताहरूको अनेक प्रकारको स्थिति यी सबै तपस्याद्वारा नै सिद्ध हुन्छ किनभने ती सबैको एकमात्र साधन तपस्या नै हो भन्ने कुरा पनि मनुले बताएका छन् ।[३३] यो संसारमा जति पनि कठिनताले प्राप्त हुने दुर्लभ पदार्थ, दुर्गम स्थान तथा दुष्कर वस्तुहरू छन ती सबै तपसाध्य छन् । यही कारणले अनेक महापात गर्ने व्यक्ति र अन्य अवशिष्ट उपपातकादि अनुचित कार्य गर्ने व्यक्ति पनि राम्ररी गरिने तपस्याबाट आ-आफ्नो पापबाट मुक्त हुन्छन् भन्ने कुरा पनि मनुले उल्लेख गरेका छन् ।[३४] यो संसारमा मानिसहरूले मन, वचन र शरीरबाट जे जस्ता पापकर्म गर्दछन् ती सबै पापलाई तपस्वीहरूले तपस्याको माध्यमबाट छिटै नष्ट गरिदिन्छन् ।[३५] तपस्याको माध्यमबाट शुद्ध भएका ब्राह्मणको यज्ञमा देवताले हवि स्वीकार गर्दछन् र कामना पूर्ण गर्दछन् ।[३६] ब्रह्माले पनि यो शास्त्रको रचना तपस्याको माध्यमबाट गरेका हुन् र त्यसैगरी वेदहरूलाई पनि ऋषिहरूले तपस्याकै माध्यमले प्राप्त गरेका हुन् ।[३७] यो संसारका प्राणीहरूको उत्तम एवम् पवित्र जन्म तपस्याको प्रभावबाट भएको देखेर देवताहरूले पनि तपको माहात्म्यलाई बताउँछन् ।[३८] यसरी तपबाट पनि प्रायश्चित्त सम्पन्न हुन सक्नै ऋषिमहर्षिहरूको धारणा छ ।

होम

स्मृतिशास्त्रमा होमलाई पनि प्रायश्चिको साधन मानिएको छ । होमको सामान्य अर्थ स्वार्थ त्यागपूर्वक देवताहरूको निमित्त अग्निमा द्रव्य त्याग गर्नु हो । जसलाई यज्ञ पनि भन्ने गरिन्छ । गौतम, आपस्तम्ब, बौधायन, वसिष्ठ आदि धर्मसूत्रकारहरूले अपवित्रलाई पवित्र गर्ने विभिन्न साधनहरूमध्ये होमलाई पनि एक मानेका छन् । जसले होम गर्न चाहन्छ त्यो व्यक्तिले निश्चित नियमहरूको पालनका साथ होम गर्नुपर्दछ । आपस्तम्बका अनुसार जुन गृहस्थ तथा उसकी पत्नीले अन्न खान्छन् त्यसको समन्त्रक होम पनि गर्नुपर्दछ जुन होम स्वर्गीय सुख, समृद्धिका लागि गर्ने गरिन्छ ।[३९] यसरी होम तथा बलि कर्मका लागि प्रयोग गरिने वैदिक मन्त्रहरू सिक्ने समयमा गृहस्थले बाह्रदिनसम्म भूमिमा शयन गर्नुपर्दछ, मैथुन गर्नुहुँदैन र सामुद्रिक नून पनि खानुहुँदैन ।[४०] जुन-जुन पापका कारण आत्मालाई शान्ति मिल्दैन त्यो त्यो पापबाट निवृत्तिका लागि गायत्रीमन्त्रले तिलहोम गरेपछि पापमुक्त हुने कुराको उल्लेख योगीश्वरले गरेका छन् ।[४१] वर्णहरूमध्येको उत्तम वर्ण ब्राह्मण हो, जसले धर्मको निर्देश पनि गर्दछ, होम यस्तो यज्ञ हो त्यसले अनेक किसिमका पापहरूलाई पनि जलाउँछ त्यसैले होमलाई ब्रह्महत्या जस्ता ठुला पापका लागि कठिन भन्दा कठिन प्रायश्चित्तको व्यवस्था गरिएको छ । यति हुँदा हुँदै पनि यज्ञकर्मबाट व्यक्तिको चित्त शान्त हुनुको साथै एकाग्र पनि बन्दछ । होमको माध्यमबाट सबैजसो देवता एवम् शक्ति तृप्त हुने भएकाले पनि होम प्रायश्चित्तको एउटा साधन बन्न गएको देखिन्छ ।

---

३२. ऋषयः संयतात्मानः फलमूलानिलाशनाः । तपसैव प्रपश्यन्ति त्रैलोक्यं सचराचरम् ॥ मनुस्मृति, ११.२३६ ।
३३. औषधान्यगदो विद्या दैवी च विविधा स्थितिः । तपसैव प्रसिध्यन्ति तपस्तेषां हि साधनम् ॥ मनुस्मृति, ११.२३७ ।
३४. महापातकिनश्चैव शेषाश्चाकार्यकारिणः । तपसैवसुतप्तेन मुच्यन्ते किल्बिषात्ततः ॥ मनुस्मृति, ११.२३९ ।
३५. यत्किंचिदेनः कुर्वन्ति मनोवाङ्मूर्तिभिर्जनाः । तत्सर्वं निर्दहन्त्याशु तपसैव तपोधनाः ॥ मनुस्मृति, ११.२४१ ।
३६. तपसैव विशुद्धस्य ब्राह्मणस्य दिवौकसः । इज्याश्च प्रतिगृह्णन्ति कामान्संवर्धयन्ति च ॥ मनुस्मृति, ११.१४२ ।
३७. प्रजापतिरिदं शास्त्रं तपसैवासृजत्प्रभुः । तथैव वेदानृषयस्तपसा प्रतिपेदिरे ॥ मनुस्मृति, ११.२४३ ।
३८. इत्येतत्तपसो देवा महाभाग्यं प्रचक्षते । सर्वस्यास्य प्रपश्यन्तस्तपसः पुण्यमुत्तमम् ॥ मनुस्मृति, ११.२४४ ।
३९. गृहमेधिनो यदशनीयं तस्य होमा बलयश्चस्वर्गपुष्टिसंयुक्ता । आपस्तम्बधर्मसूत्रम्, २.२.१२ ।
४०. तेषां मन्त्राणामुपयोगे द्वादशाहमधश्शरया ब्रह्मचर्य क्षारलवणवर्जनं च । आपस्तम्बधर्मसूत्रम्, २.२.१३ ।
४१. यत्र यत्र च संकीर्णमात्मानं मन्यते द्विजः । तत्र तत्र तिलैर्होमो गायत्र्या वाचनं तथा ॥याज्ञवल्क्यस्मृति, ३.३०९।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जप

सूत्र एवम् स्मृतिकारहरूले जपलाई पनि प्रायश्चित्तको साधन स्वीकार गरेको देखिन्छ । जपको सामान्य अर्थ जिब्रो, ओठ आदिको सामान्य व्यापार मात्र नभएर शब्दार्थको चिन्तनपूर्वक मनमा जुन मन्त्रको उच्चारण गरिन्छ त्यही नै वास्तवमा जप हो । सूत्रकार, स्मृतिकार एवम् पुराण आदि ग्रन्थहरूमा जपको विधि, प्रकार र महत्त्वका सम्बन्धमा प्रकाश पारिएको छ । दिउसोको समय वायुभक्षण अर्थात् केही नखाइकन विताउने, रात्रिको समयमा जलभित्र बसेर विताउने र विहानको समयमा सूर्योदयपछि एकहजार गायत्री जप गरेको अवस्थामा ब्रह्महत्यादि महापातक बाहेकका उपपातकादि पापबाट मुक्त हुने कुराको उल्लेख याज्ञवल्क्यले गरेका छन् ।[४२] मनुले पनि आफूले गरेका साना-ठुला पापबाट मुक्त हुनका लागि व्यक्तिले **'अव ते हेडो वरुण नमोभि'**(ऋ.१.२४.१४), **'यत्किंचेदं वरुण दैव्ये जने'** **(ऋ.७.८९.५) र 'इति वा इति मे मनः'**(ऋ.१०.११९.१-१३) सूक्त एकवर्षसम्म जप गरेको अवस्थामा शुद्ध हुन्छ भनेका छन् ।[४३] यस्तै यसैगरी ग्रहण गर्न योग्य दान स्वीकार गर्ने तथा निन्दित अन्न भक्षण गर्ने व्यक्तिले **'तरत्समन्दी धावति'** (ऋ.९.५८.१-४) इत्यादि ऋचा दिनमा तीनपटक जप गरेको अवस्थामा पवित्र हुन्छ भन्ने कुरा पनि मनुले बताएका छन् ।[४४] योभन्दा बढी पाप गर्ने व्यक्तिले **'सोमारुद्राधारये'**(ऋ.५.१.१८) इत्यादि ऋचा तथा **'अर्यमणं वरुणं मित्रमेषा'** (ऋ.३.४.२६) इत्यादि दुई ऋचालाई एक महिनासम्म जप गरिसकेपछि प्रवाहमान नदीमा स्नान गरेपछि शुद्ध हुने मनुले बताएका छन् ।[४५] यस्तै किसिमका अन्य पापहरू गर्ने व्यक्तिले **'इन्द्रं मित्रं वरुणमग्नि'**(ऋ.१.७.२४) इत्यादि सात ऋचाहरू छ महिनासम्म जप गरेपछि शुद्ध हुन्छ ।[४६] यस्तै यजुर्वेदको **'देवकृतस्य'(यजु.८.१३)** भन्ने शाकलहोम विषयक मन्त्रहरूबाट वर्षभरि घीउले होम गरेको अवस्थामा वा **'नम इन्द्रेण'**(ऋ.२.६.२२) इत्यादि ऋचा जप गरेको अवस्थामा द्विज ठुला-ठुला पापबाट पनि मुक्त हुन्छ ।[४७] यस्तै तीन **'पराक'** नामक प्रायश्चित्त व्रतबाट शुद्ध भएको द्विजातिले जंगलमा यत्नपूर्वक वेदसंहिता दिनमा तीनपटक अभ्यास गरेको अवस्थामा सबै प्रकारका पापबाट मुक्त हुने कुराको उल्लेख मनुस्मृतिमा गरिएको छ ।[४८] यस्तै संयतेन्द्रिय भएर तीन दिनसम्म प्रातः, मध्यान्ह र सायंकालमा जलले तीनपटक स्नान गर्दै तीनपटक अघमर्षण मन्त्र जप गरेर यदि उपवास गर्दछ भने पनि त्यो व्यक्ति सबै किसिमका पापबाट मुक्त हुन्छ भनेर मनुले नै भनेका छन् ।[४९] यसरी जपलाई पनि प्रायश्चित्तको साधन मानिएको छ ।

दान

धर्मसूत्र एवम् स्मृतिशास्त्रअनुसार दानको सामान्य अर्थ निस्वार्थ भावले कुनै वस्तु या सेवालाई त्याग गर्नु हो । निषिद्ध तथा कुत्सिक कार्य जसले राग या लोभका कारण गर्दछन् त्यस्ता व्यक्ति सत्पात्रमा दान गर्नाले शुद्ध हुन्छन् । दान आत्मख्यापन तथा स्वत्कर्षको सम्पादनको कारण हो । जसबाट आत्मशुद्धिको सम्पादन पनि हुन्छ । किनभने दानशब्दको उत्पत्ति **'दाण दाने'** धातु बाट हुन्छ । यो शब्दको उत्पत्ति **'दैप् संशोधने'** भन्ने धातुबाट पनि हुन्छ । मनुले जुन भावनाले दान गऱ्यो त्यही वस्तु जन्मान्तरमा प्राप्त हुने कुराको उल्लेख गरेका छन्[५०] । उनले अकार्यकारी तथा

---

४२. वायुभक्षो दिवा तिष्ठन् रात्रिं नीत्वाप्सु सूर्यदृक् । जप्त्वा सहस्रं गायत्र्याः शुद्ध्येद्ब्रह्मवधादृते ॥ याज्ञवल्क्यस्मृति, ३.३११।
४३. एनसां स्थूलसूक्ष्माणां चिकीर्षन्नपनोदनम् । अवेत्यृचं जपेदब्दं यत्किंचेदमितीति वा
४४. प्रतिगृह्याप्रतिग्राह्यं भुक्त्वा चान्नं विगर्हितम् । जपंस्तरत्समन्दीयं पूयते मानवस्त्र्यहात् ॥ मनुस्मृति, ११.२५३ ।
४५. सौमारौद्रं तु बह्वेना मासमभ्यस्य शुद्धति । स्रवन्त्यामाचरन्स्नानमर्यम्णामिति च तृचम् ॥ मनुस्मृति, ११.२५४ ।
४६. अब्दार्धीमिन्द्रमित्येतदेनस्वी सप्तकं जपेत् । मनुस्मृति, ११.२५५ ।
४७. मन्त्रैः शाकलहोमीयैरब्दं हुत्वा घृतं द्विजः । सुगुर्वप्यपहन्त्येनो जप्त्वा वा नम इत्यृचम् ॥ मनुस्मृति, ११.२५६ ।
४८. अरण्ये वा त्रिरभ्यस्य प्रयतो वेदसंहिताम् । मुच्यते पातकैः सर्वैः पराकैः शोधितस्त्रिभिः ॥ मनुस्मृति, ११.२५८ ।
४९. त्र्यहं तूपवसेद्युक्तस्त्रिरोऽभ्युपयन्नपः । मुच्यते पातकै सर्वैस्त्रिर्जपित्वाऽघमर्षणम् ॥ मनुस्मृति, ११.२५९ ।
५०. येनयेन तु भावेन यद्यद् दानं प्रयच्छति । तत्तत् तेनैवभावेन प्राप्नोति प्रतिपूजितः ॥ मनुस्मृति, ४.२३४ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाप गर्नेहरू दानबाट शुद्ध हुने कुरा पनि बताएका छन्[५१]। समुचित पात्रमा श्रद्धापूर्वक कुनै वस्तु दिनु नै दान हो र यसलाई प्रायश्चित्तको साधनको रूपमा प्राचीनकालदेखि लिइदै आएको देखिन्छ।

धर्मशास्त्रमा दानलाई प्रत्येक गृहस्थको एक आवश्यक कर्तव्यको रूपमा लिएको पाइन्छ। विभिन्न शास्त्रकारहरूले दान शब्दलाई विभिन्न किसिमले परिभाषित गरेको देखिन्छ। दान क्रियाको पूर्णताका लागि स्वस्वत्वनिवृत्तिपूर्वक परस्वत्वको उत्पत्ति आवश्यक देखिन्छ। यसरी त्यागपूर्वक उपभोगको माध्यमबाट सनातन धर्ममा स्वार्थका साथ-साथ परार्थलाई पनि ध्यान दिएको देखिन्छ। कुनै पनि समाजको सर्वाङ्गिण विकास मानवीय मूल्यको स्थापनाका साथ समाज एवम् संस्कृतिको उत्थानबाट नै सम्भव छ। सनातन धर्ममा इष्ट र पूर्त गरी दुई प्रकारका धर्मको चर्चा पनि गरिएको पाइन्छ। जसमध्ये इष्टधर्म अग्निहोत्रादि यागादिसँग सम्बन्धित रहेको छ भने पूर्तधर्म अन्तर्गत दान समावेश हुन्छ। इष्टको सम्बन्ध यज्ञसँग रहेको छ भने पूर्तको सम्बन्ध दान सँग रहेको छ। इष्टधर्मबाट मनुष्यको स्वार्थको पूर्ति हुन्छ अर्थात् त्यसबाट मानिसले स्वर्गादि भोग प्राप्त गर्दछ भने पूर्तधर्मको सम्बन्ध परमार्थसँग रहेको छ। अर्थात् परार्थको पूर्तिको साधन पूर्तधर्म तथा दान हो। स्मृतिहरूमा ब्राह्मणादि तीन वर्णका आवश्यक कर्तव्यमा दानलाई पनि लिइएको छ[५२]। दानसँगै उत्सर्ग शब्दको प्रयोग पनि स्मृतिशास्त्रमा हुँदै आएको छ जसलाई चारैवर्णका लागि धर्मको साधन मानिएको छ[५३]। ऋग्वैदिक मन्त्रहरूमा सम्पन्नवर्गद्वारा प्रदत्त दान एवम् सामान्यजनद्वारा दिइने दानतर्फ पनि संकेत पाइन्छ। त्यहाँ दानलाई ऐश्वर्य एवम् सुख प्राप्त गर्ने उत्तम साधनको रूपमा चित्रित गरिएको छ। जुन व्यक्तिले आफ्ना आश्रित व्यक्तिहरूलाई धन, धान्यादिले समृद्ध गर्दछन् तिनीहरूले सबै प्रकारको स्वर्गीय आनन्द प्राप्त गर्नुको साथै देवत्व प्राप्त गरी प्रतिष्ठित बन्दछन्[५४]। यो विलक्षण उपलब्धी त्यही दाताले मात्र प्राप्त गर्दछ, दिव्य लोकमा पनि सूर्यदेवले स्वास्थ्य प्रदान गर्दछन्, दाताले नै अमर पद प्राप्त गर्दछ, दान ग्रहीताको प्रसन्नताले दानीप्रति व्यक्त शुभकामानादिले गर्दा दानी व्यक्तिको आयु बढ्दछ[५५]। जुन व्यक्तिले दान दिएर आफ्नो धनको सदुपयोग गर्दैन त्यो व्यक्ति सधै मानसिक चिन्ता एवम् शोकले पीडित रहन्छ[५६]। दानको प्रशंसा गरिएका सूक्त एवम् मन्त्रहरू ऋग्वेदका अनेकौं स्थानमा पाइन्छन्। आफूले गरेको पाप व्यक्त गर्नाले, पश्चाताप गर्नाले, तप एवम् वेदाध्ययनादिबाट मुक्त भइन्छ। तपादिमा असमर्थ भएको अवस्थामा आपत्तकालमा दान दिदा पनि पापबाट मुक्त भइन्छ।[५७] यसरी दानलाई पनि प्रायश्चित्तको प्रमुख साधन मानिएको देखिन्छ।

व्रत

व्रतको सामान्य अर्थ 'नियम' हो। जसअनुसार संयमपूर्ण जीवन यापन गर्नु नै वास्तवमा व्रत हो। धर्मसूत्र एवम् स्मृतिहरूमा व्रतलाई प्रायश्चित्तको साधन मानिएको छ। आपस्तम्बधर्मसूत्रका अनुसार पति-पत्नीका लागि पर्वका दिन व्रतको व्यवस्था गरिएको छ जसअनुसार कुनै पनि वस्तु नखाइकन बस्न नसकेको अवस्थामा दिनमा एक पटक

---

५१. दानेनाऽकार्यकारिणः। मनुस्मृति, ४.७।

५२. यजनं याजनं विप्रे तथा दानप्रतिग्रहौ। अध्यापनमध्ययनं कर्माण्येतानि षट् तथा।
प्रजानां रक्षणं दानमरीणां निग्रहस्तथा। यजनाऽध्ययने राज्ञि विषयासक्तिवर्जनम्॥
यजनाऽध्ययने दानं पाशुपाल्यं तथा विशि। वाणिज्यं च कुसीदं च षट्कर्मकं प्रकीर्तितम्॥ बृहत्पराशरस्मृति, ४.२१३-२१५।

५३. इष्टापूर्ते द्विजातिनां सामान्ये धर्मसाधने। अधिकारी भवेद् शूद्रः पूर्ते धर्मे न वैदिके॥ लघुशङ्खस्मृति, १.६।

५४. नाकस्य पृष्ठे अधि तिष्ठति श्रितो यः पृणाति स ह देवेषु गच्छति। ऋग्वेद, १.२५.५।

५५. दक्षिणावतामिदिमानि चित्रा दक्षिणावतां दिवि सूर्यासः। दक्षिणावन्तो अमृतं भजन्ते दक्षिणावन्तः प्रतिरन्त आयुः॥ ऋग्वेद, १.२५.६।

५६. मा पृणन्तो दुरितमेन आरन्मा जारिषुः सूरयः सुव्रतासः। अन्यस्तेषां परिधिरस्तु कश्चिदपृणन्तमभि सं यन्तु शोकाः॥ ऋग्वेद, १.२५.७।

५७. ख्यापनेनानुतापेन तपसाऽध्ययनेन च। पापकृन्मुच्यते पापात्तथा दानेन चापदि॥ मनुस्मृति, ११.२२७।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्रतका लागि योग्य पदार्थ खान सक्ने कुराको उल्लेख पनि उनले गरेका छन् ।[५८] गौतमधर्मसूत्रका अनुसार व्रतको वास्तविक अर्थ उपवास हो उनले जप, तप, होम, उपवास र दानलाई व्रतको साधन मानेका छन् ।[५९] मनुले वेदमा बताइएको नित्यकर्मलाई अतिक्रमण गरेको अवस्थामा तथा स्नातक व्रत उल्लंघन भएको अवस्थामा एक दिन निराहार रहनु नै प्रायश्चित्त हो भनेका छन् ।[६०] ब्राह्मणलाई मार्ने इच्छाले दण्ड मात्र उठाउनेले प्रायश्चित्तस्वरूप कृच्छ्र व्रत र ब्राह्मणलाई दण्ड प्रहार गरेको अवस्थामा अतिकृच्छ्र व्रत गर्नुपर्दछ । यस्तै शरीरबाट रगत निस्केको अवस्थामा प्रायश्चित्त स्वरूप कृच्छ्र एवम् अतिकृच्छ्र दुबै व्रत गर्नुपर्दछ ।[६१] धर्मसूत्र एवम् स्मृतिग्रन्थहरूमा प्रायश्चित्त विधानको सन्दर्भमा विहित व्रतहरूको विस्तारपूर्वक वर्णन गरिएको पाइन्छ । जसमध्ये चान्द्रायण, कृच्छ्र, देवकृच्छ्र, तप्तकृच्छ्र, तुलापुरूषकृच्छ्र, अतिकृच्छ्र, कृच्छ्रातिकृच्छ्र, सान्तपन, पराक, तुलापुमान, अघमर्षण आदि अनेक व्रतहरूको वर्णन धर्मसूत्र एवम् स्मृतिशास्त्रमा गरिएको छ ।

तीर्थयात्रा

धर्मसूत्र एवम् स्मृतिग्रन्थहरूमा तीर्थयात्रालाई पनि प्रायश्चित्तको साधन मानिएको छ । तीर्थयात्रामा निस्कनु भनेको मानिसले आफ्नो जीवनमा गरेका पापकर्मलाई त्याग गरेर सन्मार्गगामी हुनु हो अर्थात् मानिसले जीवनमा गरेका पापकर्मरूपी सागर तर्नु नै तीर्थयात्रा हो । बौधायनले सम्पूर्ण पर्वत, बग्ने नदी, पवित्र जलाशय, तीर्थ (स्नान घाट) ऋषिहरूको आश्रम, गोठ, देवमन्दिर, गुफाहरू आदि सबै दुष्कर्मजन्य पापलाई नाश गर्ने स्थान हुन् भनेका छन् ।[६२] महर्षि पराशरले दुई योजन तीर्थयात्रा बराबर एक कृच्छ्रव्रत भएको उल्लेख गरेका छन् ।[६३] पराशरले कृच्छ्रव्रत, दुईसयपटक प्राणायाम र पुण्यतीर्थमा बाह्रपटक डुबुल्की लगाउनुलाई समान मानेका छन् ।[६४] महर्षि पराशरले चारै वेदको विद्वान् भए पनि यदि ब्रह्मघाती छ भने रामेश्वर स्थित सेतुबन्ध दर्शनबाट मुक्त हुने कुराको उल्लेख गरेका छन् ।[६५] यसै प्रसङ्गमा त्यहाँ भनिएको छ-तपोवन, तीर्थ, नदीहरूको प्रवाह आदि स्थानमा आफूले गरेको पापलाई व्यक्त गर्दै समुद्रमा पुगेर दशयोजन चौडा र सय योजन लामो छ जसको निर्माण रामचन्द्रको आज्ञाले नलले गरेका थिए । उक्त समुद्र सेतुलाई देखेको अवस्थामा ब्रह्महत्या जनित पापबाट पापी मुक्त हुन्छ । यसरी सेतु देखिसकेपछि समुद्रमा स्नान गर्न निर्देश पनि पराशरले गरेका छन् ।[६६] बिन्ध्याचल पर्वतभन्दा उत्तरमा बस्नेहरूका लागि यो व्यवस्था रहेको कुरा पनि महर्षि पराशरले उल्लेख गरेका छन् ।[६७] यसै सन्दर्भमा महर्षि पराशरले मद्यप द्विजातिले प्रायश्चित्त गर्न चाहेको अवस्थामा समुद्रगा नदीमा गएर चान्द्रायण व्रत गर्न र ब्राह्मण भोजनका साथ दक्षिणाको रूपमा साँडे सहित गाई दान गर्न निर्देश पनि गरेका छन् ।[६८]

---

५८. पर्वसु योभयोरूपवासः । औपवस्तमेव कालान्तरे भोजनम् ॥ आपस्तम्बधर्मसूत्रम्, २.१.४-५ ।
५९. तस्य निष्क्रयाणि जपस्तपो होम उपवास दानम् । गौतमधर्मसूत्रम्, ३.१.११ ।
६०. वेदोदितानां नित्यानां कर्मणां समतिक्रमे । स्नातकव्रतलोपे च प्रायश्चित्तमभोजनम् ॥ मनुस्मृति, ११.२०३ ।
६१. अवगूर्य चरेत्कृच्छ्रमतिकृच्छ्रं निपातने । कृच्छ्रातिकेच्छ्रौ कुर्वीत विप्रस्योत्पाद्य शोणितम् ॥ मनुस्मृति, ११.२०८ ।
६२. सर्वे शिलोच्चयाः सर्वाः स्रवत्यः सरितः पुण्याह्रदतीर्थण्यृषिनिकेतनानि गोष्ठक्षेत्रपरिष्कन्दा इति देशाः ॥ बौधायनधमसूत्रम्, ३.१०.१३ ।
६३. द्वियोजने तीर्थयात्रा कृच्छ्रमेकं प्रकल्पितम् । पराशरस्मृति, १२.६३ ।
६४. कृच्छ्रं देवयुतं चैव प्राणायामशतद्वयम् । पुण्यतीर्थेऽनार्द्रशिरः स्नानं द्वादशसङ्खया ॥ पराशरस्मृति, १२.६२ ।
६५. चतुर्विद्योपपन्ने तु विधिवद् ब्रह्मघातके । समुद्रसेतुगमनं प्रायश्चित्तं विनिर्दिशेत् ॥ पराशरस्मृति, १२.६४-६५ ।
६६. तपोवनेषु तीर्थेषु नदीप्रस्रवणेषु च । एतेषु ख्यापयन्नेनः पुण्यं गत्वा तु सागरम् ॥
दशयोजनविस्तीर्णं शतयोजनमायतम् । रामचन्द्रसमादिष्टं नलसञ्चयसञ्चितम् ॥
सेतुं दृष्ट्वा समुद्रस्य ब्रह्महत्यां व्यपोहति । सेतुं दृष्ट्वा विशुद्धात्मा त्ववगाहेत सागरम् ॥ पराशरस्मृति, १२.६८-७० ।
६७. बिन्ध्यादुत्तरतो यस्य निवासः परिकीर्तितः । पराशरमतं तस्य सेतुबन्धस्य दर्शनात् ॥ पराशरस्मृति,१२। ७३-७४।
६८. मद्यपश्च द्विजः कुर्यान्नदीं गत्वा समुद्रगाम् । चान्द्रायणे ततश्चीर्णे कुर्याद् ब्राह्मणभोजनम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी तीर्थयात्राबाट पापी तथा महापापी पनि शुद्ध हुने कुराको उल्लेख शास्त्रीय ग्रन्थहरूमा गरिएको छ। तीर्थमा गएर तीर्थ स्नान गरेको अवस्थामा पापीको मनमा रहेको पापसम्बन्धी धारणाबाट उसको मलिन चित्तमा शान्ति मिल्दछ। वातावरण एवम् आचरणको पवित्रताका कारण उसको अन्तःकरण पनि शुद्ध हुन्छ। यति मात्र होइन तीर्थ यात्राका लागि निश्चित नियम र विधान पनि रहेको छ त्यो नियम र विधानअनुसार तीर्थयात्रा गरेको अवस्थामा मानिस निश्चय उसले जीवनमा जानेर या नजानेर गरेका विभिन्न पापबाट ऊ मुक्त हुन्छ।

भिक्षाटन

भिक्षाटनलाई पनि धर्मशास्त्रीय ग्रन्थहरूमा प्रायश्चित्तको साधन मानिएको छ। बौधायनले पवित्र व्यक्तिका घरको भिक्षाबाट मानिस पापबाट मुक्त हुने कुराको उल्लेख गरेका छन्। उनका अनुसार अग्निहोत्रीको घरबाट प्राप्त भिक्षाबाट व्यक्ति एक महिनामा, यायावर गृहस्थको घरबाट प्राप्त भिक्षाबाट दश दिनमा, वानप्रस्थको घरबाट प्राप्त भिक्षाबाट पाँच दिनमा र जसको घरमा एक दिनका लागि मात्र अन्न छ त्यस्तो घरबाट प्राप्त भिक्षाबाट एक दिनमै शुद्ध हुन्छ। यस्तै कपोतवृत्तिबाट अन्न प्राप्त गरेर जीवन यापन गर्ने व्यक्तिबाट जल मात्र भए पनि पीयो भने मानिस तत्काल शुद्ध हुने कुराको उल्लेख बौधायनले गरेका छन्।[६९] भिक्षाले मानिसको अहंकारलाई नष्ट गरिदिनुको साथै विश्वबन्धुत्वसँग जोडिदिन्छ। जसको कारण मानि सत्त्वप्रधान बन्न पुग्दछ। त्यसैले पनि भिक्षालाई प्रायश्चित्तको साधन मानिएको हो।

स्वाध्याय

स्वाध्यायलाई पनि प्रायश्चित्तको साधन मानिएको छ। बौधायनका अनुसार विना भोजन ऋग्वेद, यजुर्वेद र सामवेदको पारायण गर्ने व्यक्ति अत्यन्त पवित्र बन्दछ।[७०] मनुले वेदहरूको अभ्यास नगर्नाले, आचरणको परित्याग गर्नाले, आलस्यका कारण तथा अन्नदोषले गर्दा मृत्युले ब्राह्मणलाई मार्ने इच्छा गर्दछ भनेका छन्।[७१] यसर्थ वेदाभ्यास ब्राह्मणका लागि अत्यन्त आवश्यक तत्त्व भएको स्पष्ट हुन्छ। यस्तै मनुले अज्ञानपूर्वक गरिएको पाप वेदको अध्ययनबाट नष्ट हुने बताएका छन्।[७२] द्विजातिले वेदको अध्ययन नगरेर अन्य शास्त्रमा परिश्रम गर्दछ भने त्यो जीवित हुँदा हुँदै पनि उसले आफ्नो वंशसहित शीघ्र नै शूद्रत्व प्राप्त गर्दछ भन्ने कुरा पनि मनुले बताएका छन्।[७३] वेदज्ञ तथा वैदिक पण्डितहरूको शुद्धि वेदाभ्यासबाट नै हुन्छ। मनुले तपस्या गर्ने इच्छुक ब्राह्मणले सदा वेदाभ्यास गर्न निर्देश गर्दै ब्राह्मणका लागि वेदाभ्यासभन्दा ठुलो तपस्या नभएको बताएका छन्।[७४] यस्तै विद्वान्को पवित्रता क्षमाबाट हुन्छ भन्ने कुरा मनुले बताएका छन्।[७५] यसरी द्विजातिका लागि वेदाभ्यास तथा स्वाध्याय अति आवश्यक रहेकोले स्वाध्यायलाई पनि प्रायश्चित्तको साधन मानेर स्वाध्यायतर्फ प्रवृत्त हुन स्मृतिकारहरूले अभिप्रेरित गरेको देखिन्छ।

अनडुत्सहितां गां च दद्यात् विप्रेषु दक्षिणाम् ॥ पराशरस्मृति, १२.७४-७६।

६९. भैक्षाहारोऽग्निहोत्रिभ्यो मासेनैकेन शुद्ध्यति। यायावरवनस्थेभ्यो दशभिः पञ्चभिर्दिनैः ॥
एकाहं धनिनोऽन्नेन दिनेनैकेन शुद्ध्यति। कापोतवृत्तितिष्ठस्य पीत्वाऽपशुद्ध्यते द्विजः ॥ बौधायनधर्मसूत्रम् ४.५.२७-२८

७०. ऋग्यजुस्सामवेदानां वेदस्याऽन्यतमस्य वा। पारायणं त्रिरभ्यस्येदनश्नन् सोऽतिपावनः ॥ बौधायनधर्मसूत्रम्, ४.५.२९।

७१. अनभ्यासेन वेदानामाचारस्य च वर्जनात्। आलस्यादन्नदोषाच्च मृत्युर्विप्राञ्जिघांसति ॥ मनुस्मृति, ५.४।

७२. अकामतः कृतं पापं वेदाभ्यासेन शुध्यति। मनुस्मृति, ११.४६।

७३. योनधीत्य द्विजो वेदमन्यत्र कुरुते श्रमम्। स जीवन्नेव शूद्रत्वमाशु गच्छति सान्वयः ॥मनुस्मृति, २.१६८।

७४. वेदमेव सदाऽभ्यस्येत् तपस्तप्तन् द्विजोत्तमः। वेदाऽभ्यासो हि विप्रस्य तपः परमिहोच्यते ॥ मनुस्मृति, २.११६।

७५. क्षान्त्या शुध्यन्ति विद्वान्सो। मनुस्मृति, ५.१०७।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निष्कर्ष

वैदिक संहितादेखि लिएर स्मृतिग्रन्थहरूका साथ पछिल्ला निबन्ध ग्रन्थहरूमा पनि मानव जीवनका कर्तव्याकर्तव्यका विभिन्न पक्षको विवेचना गरिएको पाइन्छ। मानवको सहज प्रवृत्ति सांसारिक विषयमा हुन्छ नै जसले गर्दा समय-समयमा काम क्रोधादि भावनाबाट ग्रसित भएर अनेन निषिद्ध कर्म गर्न पुग्दछ। यसरी बेला बेलामा मानिसबाट हुने पापकर्मबाट मनोवृत्ति हटाउनका लागि तथा मानिसलाई सन्मार्गतर्फ अभिप्रेरित गर्नका लागि स्मृतिशास्त्रमा प्रायश्चित्तको विधान गरिएको हो। श्रुतिमा प्रतिपादित प्रायश्चित्त व्यवस्थाको विस्तृत रूप नै स्मृतिमा प्रतिपादित प्रायश्चित्त व्यवस्था हो। प्रायश्चित्तको अर्थ आफूले गरेको पापको संशोधन तथा भविश्यमा त्यस्तो प्रकारको पाप न गर्ने प्रण हो। शास्त्रमा नगर्नका लागि निर्देश गरिएका कुरा गर्नु नै पाप हो जसको निर्णय स्मृतिशास्त्रमा नै गरिएको छ। यदि कसैले पाप गरेर त्यसको संशोधन तथा प्रायश्चित्त गरेन भने उसले दारुण नरकको यातना भोग गर्नै पर्दछ। अतः शास्त्रकारले मानवलाई त्यो कठोर नरकभोगबाट बचाउनका लागि तथा कठिन यातनालाई सरल बनाउनका लागि विहिताकरणजन्य तथा निषिद्धाचरणजन्य प्रत्यवाय रूप प्रायश्चित्तको व्यवस्था गरेका हुन्।

सन्दर्भसूची

अथर्ववेद. (सन् १९८५). जयदेव शर्म्मा (भाष्यकार). अजमेर : आर्य साहित्य मण्डल।

अष्टादशस्मृति .(वि.सं. १९६९). श्यामसुन्दरलाल त्रिपाठी (अनु.). बम्बै : खेमराज श्रीकृष्णदास।

आचार्य, गोविन्दप्रसाद (वि.सं.२०६९). **शास्त्रीय अंशबण्डा र नेपालमा प्रचलित अंशबण्डाको तुलनात्मक समीक्षा**. वासुदेव खनाल (सम्पा.). काठमाडौं : श्रीमती ईश्वरी आचार्य।

कणाद, **वैशेषिकसूत्रम्**. (वि.सं.२०४१).षडदर्शनसूत्रसंग्रह. द्वारिकादास शास्त्री (सम्पा.). वाराणसी : सुधीप्रकाशनम्।

काणे, पाण्डुरंग वामन (सन् १९९२). चतुर्थ संस्करण, **धर्मशास्त्र का इतिहास**. अनुवादक, अर्जुन चौवे काश्यप, उत्तप्रदेश : हिन्दी संस्थान ।

कात्यायन, (वि.सं.२०२९). द्वितीयसंस्करणम् **कात्यायनश्रौतसूत्रम्**.चौखम्बा संस्कृत सीरीज वाराणसी ।

कौटिल्य, **अर्थशास्त्रम्**. (सन् १९२४). (गणपतिशास्त्रिणा विरचितया श्रीमूलाख्यया व्याख्यया समुपेतम्) वाराणसी : राजकीय मुद्रणालय।

गैरोला, वाचस्पति (वि.सं.२०१७). **संस्कृत साहित्य का इतिहास**. वाराणसी- १ : चौखम्बा विद्याभवन ।

गौतम, (वि.सं.२०४३). **गौतमधर्मसूत्रम्**. टीकाकार हरदत्त, वाराणसी : चौखम्बा संस्कृत संस्थान ।

चतुर्वेदी, गिरिधर शर्मा (वि.सं. २०५५)., **पुराण-परिशीलन**. द्वितीय संस्करण, पटना-४ : विहार-राष्ट्रभाषा-परिषद ।

नारद, (सन् १८८५-१८८६). **नारदस्मृति**. कलकत्ता : एशियाटिक् सोसाइटी ।

पराशर, (वि.सं. २०६७). **पराशरस्मृति**. टीकाकार माधवाचार्य, हिन्दी टीकाकार जयकृष्णमिश्र, वाराणसी : चौखम्बा संस्कृत सीरीज आपिस।

पारस्कर, (सन् १९८०). **पारस्करगृहसूत्रम्**. टीकाकार हरिहर, वाराणसी : चौखम्बा अमरभारती प्रकाशन ।

पाणिनि, (वि.सं. १९३२). **अष्टाध्यायीसूत्रपाठ**. सप्तमसंस्करणम्, वाराणसी : चौखम्बा संस्कृत सीरीज अपिस ।

बाहादुर, राधाकान्तदेव (वि.सं.२०२४). **शब्दकल्पद्रुम**. तृतीय संस्करण, (श्रीवरदाप्रसाद-वसुना तदनुजेन श्रीहरिचरण-वसुना च अशेषशास्त्रविशारदकोविदवृन्दसाहायूयेन च संपरिवर्द्धित) वाराणसी-१ : चौखम्बा संस्कृत सिरिज।

बौधायन, (वि.सं.२०५१). **बौधायनधर्मसूत्रम्**. टीकाकार गोविन्दस्वामी, वाराणसी : चौखम्बा संस्कृत संस्थान।

बृहस्पति, (सन् १९२१). **बार्हस्पत्यसूत्रम्**. अर्थात् **बार्हस्पत्य अर्थशास्त्रम्**. लाहोर : पञ्जाव संस्कृत बुक डिपो।

भगवद्दत्त, (सन् १९३१).**वैदिक वाङ्मय का इतिहास**. लाहोर : रिसर्च डिपार्टमेण्ट डीएभी कलेज।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भट्ट, कमलाकर (वि.सं.१९६५). **निर्णयसिन्धु.** (शिवदत्तेन संशोधित टिप्पण्यालंकृतश्च) मुम्बय्याम् : क्षेमराज श्रीकृष्णदासश्रेष्ठिना ।

मनु, (सन् १९८३).**मनुस्मृति.** (श्रीकुल्लुकभट्टविरचितया मन्वर्थ मुत्तावल्या व्याख्यया समुपेता), दिल्ली : मोतीलाल बनारसीदास पब्लिशर्स प्रा.लि. ।

मिश्रमित्र, (सन् १९१३).**वीरमित्रोद. आन्हिकप्रकाश.** (पर्वतीयनित्यानंदशर्मणा संशोधित) बनारस : चौखम्बा संस्कृत बुक डिपो ।

यास्क, (सन् १९९३). **निरुक्तम्.** तृतीय संस्करण, (दुर्गाचार्य संस्कृत टीका, भगीरथ शास्त्रीकृत् सुबोधिनी हिन्दी व्याख्या) नयाँ दिल्ली : मेहरचन्द लक्षमनदास पब्लिकेशन्स ।

याज्ञवल्क्य, (सन् १९०३). **याज्ञवल्क्यस्मृति.** (अपरार्कापराभिधापरादित्यविरचितटीकासमेता), भाग १, पूना : आनन्दाश्रममुद्रणालय ।

याज्ञवल्क्य, (सन् १९०४). **याज्ञवल्क्यस्मृति.** (अपरार्कापराभिधापरादित्यविरचितटीकासमेता), भाग १-२, पूना : आनन्दाश्रममुद्रणालय ।

याज्ञवल्क्यादि शिक्षासंग्रह. (वि.सं.२०४६). संकलक एवम् सम्पा. रामप्रसाद त्रिपाठी, हरिश्चन्द्रमणि त्रिपाठी, वाराणसी : सम्पूर्णानन्दसंस्कृत विश्वविद्यालय ।

वल्लालसेनदेव, (सन् १९५३). **दानसागर.** कलकत्ता : ओरीएन्टल प्रेस ।

वात्स्यायन, (सन् १९९९). **कामसूत्र,** यशोधररचित जयमङ्गला व्याख्यासहित, हिन्दी व्याख्याकार पारसनाथ द्विवेदी, वाराणसी : चौखम्बा सुरभारती प्रकाशन ।

विष्णु, (वि.सं.२०१८). **विष्णुस्मृति.** (नन्दपण्डितविरचितसंक्षिप्त वैजयन्ती व्याख्योपेता) वाराणसी : चौखम्बा संस्कृत सीरीज आपिस ।

विद्यालंकार, अत्रिदेव (सन् १९६०). **आयुर्वेदका बृहत् इतिहास.** उत्तर-प्रदेश : प्रकाशन शाखा सूचना विभाग ।

विष्णुगुप्त, (वि.सं.२०४८). **कौटलीयार्थशास्त्रम्.** वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय ।

वेदालंकार, हरिदत्त (वि.सं.२०११). **हिन्दु-परिवार-मीमांसा.** (वैदिक युग से वर्तमानकाल तक के हिन्दु-परिवार का ऐतिहासिक, समाजशास्त्रीय और तुलनात्मक अध्ययन), प्रस्तावना लेखक वासेदव शरण अग्रवाल, बंगाल : बंगाल हिन्दी मण्डल ।

वेदार्थ मञ्जरी. (सन् १९९५). (पं. चन्द्रबली त्रिपाठी स्मृति ग्रन्थ) सम्पादक विद्यानिवास मिश्र, दिल्ली : ऋत्विज प्रकाशन ।

व्यास, (सन् १९००). **ब्रह्मसूत्र.** द्वितीय संस्करण, (आनन्दगिरिकृतटीकासंवलितशांकरभाष्यसमेतानि) पूना : आनन्दाश्रममुद्रणालय ।

शतपथब्राह्मणम् (शुक्लयजुर्वेदस्य माध्यन्दिनशाखीयम्). (सन् १९०८)(श्रीमत्सायणाचार्यकृतवेदार्थप्रकाशनामभाष्येण सहितम्, सामश्रमीत्युपनामाचार्यसत्यव्रतशर्मणा यथामति संशोध्य सण्टीक्य च सम्पादितम्) बंगाल : एसियाटिक सोसाइटी ।

ईशावास्योपनिषद्. (शकाब्दि १८२७). शाङ्गरभाष्य, पूना : आनन्दाश्रममुद्रणालय ।

शिक्षासंग्रह. (वि.सं.२०४६). (सङ्कलयिता सम्पादकश्च आचार्य रामप्रसादत्रिपाठी) वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय ।

शुक्लयजुर्वेदसंहिता. (सन् १९२९). द्वितीयावृत्ति, (उवटाचार्यविरचित मन्त्रभाष्य, महीधरविरचित वेददीपाख्य भाष्य) पाण्डुरङ्ग जावजी, निर्णय बम्बै : सागर प्रेस ।

स्मृतीनां समुच्चय. (सन् १९२९) द्वितीय संस्करण, पूना : आनन्दाश्रममुद्रणालय ।

त्रिपाठी, कृष्णमणि (सन् १९८०).**अष्टादशपुराणपरिचय.** सम्पादक श्रीपति अवस्थी, वाराणसी : चौखम्बा संस्कृत भवन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिड्नी सपनामा डायस्पोरिकता

डा. लेखप्रसाद निरौला
सहप्राध्यापक, वाल्मीकि विद्यापीठ

सार

सिड्नी सपना नेपाली डायस्पोरिक उपन्यास हो । यसमा डायस्पोरिक उपन्यासमा पाइने आप्रवासन र अस्तित्वको खोजी, अतीतमोह वा गृहस्मृति, सङ्घर्ष, उत्पीडन र एकान्तिकता आदि वैशिष्ट्य पाइन्छन् । त्यसैगरी पात्रहरूसँग गाँसिएका द्वैध मानसिकता, द्वैध सांस्कृतिक चेतना, रोमाञ्चकता, यौनिकता आदि सन्दर्भहरूले पनि यसलाई डायस्पोरिक उपन्यासका रूपमा स्थापित गराएको पाइन्छ । यहाँ स्वप्नविम्बको प्रयोग पाइन्छ भने परदेशीय परिवेशको व्यापक उल्लेख भएको छ । गृहस्मृतिसँगै नेपालका विभिन्न परिवेश, सन्दर्भ र परिघटनाहरू समेटिएका छन् । यसकारण पनि यो सिड्नी सपना डायस्पोरिक रहेको निष्कर्ष निकालिएको छ ।

शब्दकुञ्जी – अतीतमोह, आप्रवासन, एकान्तिकता, डायस्पोरिकता, द्वैध मानसिकता ।

विषयपरिचय

सानु घिमिरे ज्योत्स्ना (२०४० झुम्का, हाल सिड्नी) बहुमुखी प्रतिभाकी धनी एवम् डायस्पोरिक साहित्यकार हुन् । पूर्वाञ्चल विश्वविद्यालयबाट आमसञ्चार तथा पत्रकारिता विषयमा स्नातकोत्तर गरेपश्चात् ओसेनियाली नेपाली डायस्पोराको प्रतिनिधित्व गर्दै आएकी घिमिरेका उपन्यास, कथा, कविता, गीत, गजल आदिका साथै अनेकौं मुक्तकहरूसमेत प्रकाशित हुँदै आएका छन् । उनको *मुसलमानप्रेमी* शीर्षकको पहिलो कथा सन् २००९ मा इ-पत्रिकामार्फत प्रकाशित भएको थियो । त्यसपछि उनका सिर्जनाहरू निरन्तर रूपमा देखापर्दै आएका छन् र त्यसै क्रममा २०७५ सालमा यो *सिडनी सपना* शीर्षकको उपन्यास प्रकाशित भएको हो ।

पहिलो संस्करणमा सोह्र विश्रामसहित १६० पृष्ठको सानो आकारमा संरचित यस उपन्यासले नेपाली डायस्पोरिक उपन्यास परम्परामा महत्त्वपूर्ण कडीको काम गरेको छ । विषयवस्तुको चयन, चरित्रचित्रण, परिवेशविधान र भाषाशैली आदिका क्षेत्रमा गरिएका नवीनतम प्रस्तुतिका कारण पनि यसले डायस्पोरिक नेपाली उपन्यासका क्षेत्रमा विशेष उपस्थिति जनाएको मानिन्छ । अर्थात्, नेपाली उपन्यास परम्परामा भित्रिँदै गएका नवप्रवृत्तिहरूकै क्रममा डायस्पोरिकताले जुन किसिमको एउटा स्वतन्त्र अस्तित्व वा पहिचान बनाएको छ, त्यसैलाई नै यस उपन्यासले आत्मसात् गरेको छ । यसलाई नेपाली औपन्यासिक परम्परा, प्रयोग र प्रवृत्तिहरूमा भित्रिँदै गएको एउटा पृथक् वा नौलो सन्देशका रूपमा लिन सकिन्छ । यो आफैमा नेपाली डायस्पोरिक औपन्यासिक प्रवृत्तिको सुन्दर उदाहरण पनि हो । आप्रवासन, अस्तित्वको खोजी, अतीतमोह, घरदेशको स्मृति, सङ्घर्ष आदि अनेकौं नवप्रवृत्तिहरूकै कारणले पनि यसलाई डायस्पोरिकताको नौलौ पहिचान मानिएको हो । त्यसैले यसभित्रको डायस्पोरिक समालोचनाका क्रममा आप्रवासन अवस्थाको आत्मपहिचान र स्वत्वको खोजीमा अन्वेषण, आप्रवासी पीडा, सांस्कृतिक विचलन, बिरानोपन र स्वदेशप्रतिको अनुराग आदिबारे विश्लेषण गर्नु सान्दर्भिक देखिन्छ (गौतम, २०७०) । प्रस्तुत अनुसन्धानात्मक लेखमा *सिड्नी सपना*भित्रका त्यस्ता डायस्पोरिक प्रवृत्तिहरूको विश्लेषण र मूल्याङ्कन गरिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्ययनका समस्या र उद्देश्य

*सिड्नी सपना*ले नेपाली डायस्पोरिक उपन्यास परम्परामा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । यसभित्र पाइने डायस्पोरिक प्रवृत्तिहरू आफैमा उदाहरणीय मानिन्छन् । यसकारण प्रस्तुत उपन्यासको अध्ययन अनुसन्धानका लागि देहायबमोजिका समस्याहरू निर्धारण गरिएका छन् :

(क) सिड्नी सपनाको आख्यानीकरणमा केकस्ता डायस्पोरिक प्रवृत्तिहरू पाइन्छन् ?

(ख) सिड्नी सपनाको शिल्पसंयोजनमा पाइने डायस्पोरिक प्रवृत्तिहरू केकस्ता छन् ?

उपर्युक्त समस्याहरुको निराकरण गर्नु नै यस अनुसन्धानको मुख्य उद्देश्य रहेको छ।

अध्ययनविधि

यो नेपाली डास्पोरिक उपन्यास *सिड्नी सपना*को अनुसन्धानका लागि पुस्तकालयबाट सामग्री सङ्कलन गरिएको छ । त्यसक्रममा यो विवेच्य उपन्यास *सिड्नी सपना* र विश्लेषणको आधारका रूपमा रहेका डायस्पोरिक सिद्धान्तकेन्द्री कृतिहरूलाई प्राथमिक सामग्री र अनुसन्धानका लागि उपयोगी हुने अन्य समालोचनात्मक सन्दर्भहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । साथै डायस्पोरिकताका सन्दर्भमा स्थापित मान्यताहरूलाई आधार मानी डायस्पोरिकताको मर्मअनुरूपकै सिद्धान्तका आलोकमा औपन्यासिक प्रवृत्तिहरूको निरूपण गरिएको छ । यसर्थ यो अनुसन्धानात्मक लेख गुणात्मक विधिका माध्यमबाट विश्लेषणपश्चात् तयार पारिएको छ ।

नेपाली डायस्पोरा साहित्य सिद्धान्त

डायस्पोरा शब्दको मूल स्रोत ग्रिस हो। ग्रिसेली भाषामा करिब तीन हजार वर्षपहिले प्रयोग भएको डायस्पोरा शब्दले समयअनुसार आफ्नो अर्थलाई विस्तार गर्दै आएको छ । सुरुमा बाइबलको प्रसङ्गसँग गाँसिएको यस शब्दले अफ्रिकी, आर्मेनियाली र आइरिसजस्ता यहुदीहरूको आम निस्कासनलाई बुझाउने गरेको पाइन्छ । त्यसपछि जहाँसुकैबाट पनि निष्कासित वा निर्वासित शरणार्थी अथवा बसाइँ सरेका अल्पसङ्ख्यक विदेशीसँग यसको अर्थ गाँसिदै जान्छ (भट्टराई, २०६८) । पछिल्लो चरणमा डायस्पोराबारे विस्तृत अध्ययन अनुसन्धान हुन थालेको छ र विभिन्न सन्दर्भसँग यसको अर्थ पनि गाँसिँदै आएको छ। साहित्य, भूगोल, इतिहास, भाषाविज्ञान, समाजशास्त्र आदि हरेक पक्षसँग डायस्पोराको अर्थगत सम्बन्ध खोजिँदै छ । ब्रुबेकर (सन् २००५) का विचारमा यो विभिन्न पैंतालिसओटा विषय क्षेत्रसँग सम्बन्धित छ। तिनमा समाजशास्त्र, इतिहास, साहित्य, धर्म, दर्शन, सञ्चार, लोकविद्या, सिनेमा, नृत्य, सङ्गीत, रङ्गमञ्च, नारीअध्ययन, शिक्षा आदि पर्दछन् । तर पनि डायस्पोराको अर्थविस्तार र सङ्कुचनका प्रक्रियाहरू निरन्तर चलायमान हुने हुँदा डायस्पोरा प्यानलमा प्रस्तुत विज्ञहरूको अवधारणा लिनुपर्ने सुझावसमेत उल्लेख गरिएको पाइन्छ (एटम, २०७०) । वर्तमान विश्वले दक्षिण एसियाली डायास्पोराजको अनेक पक्षले अध्ययन गर्दै छ। साउथ एसिएन डायास्पोराजबाट सिख, तामिल, बङ्गाली आदिका अलग अलग समूह बन्दै छन् । तिनीहरूको विभिन्न पक्षबाट अध्ययन हुँदै छ। विश्वका अनेक मूलुकबाट नेपाली डायास्पोरा छरिएको चार दशक भन्दा बढी हुन लागेको छ। तर तिनीहरूको आरम्भचाहिँ जीविकाको खाँजमा एसियाली छिमेकितिर छरिने नेपाली र त्यसपछि गोर्खाभर्तीले स्थापना गराएका क्यान्टोन्मेन्ट हुन् । यद्यपि आज यसका व्यापारिक, श्रमिक, आप्रवासी, विद्यार्थी, शरणार्थी आदि अनेक स्वरूप भइसकेका छन् (भट्टराई, २०६८) । नेपाली डास्पोराको सन्दर्भगत अर्थका रूपमा अन्तर्राष्ट्रिय परिवेशमा उपस्थिति जनाउँदै आएका नेपालीहरूको सङ्घर्षमय जीवन प्रस्तुतिलाई लिन थालिएको छ । त्यसमा पनि दक्षिण एसियाली मुलुकभन्दा बाहिर रहेका र खासगरी राहदानी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वाहकका रूपमा अन्य देशमा पुगी पिआर, ग्रिनकार्ड, हङकङ आइडी आदि स्थायी बसोबासको प्रमाणपत्र लिएका वा लिने तरखरमा रहेका नेपालीहरूको जीवनयात्रामा केन्द्रित गर्न थालिएको छ।

नेपाली डायस्पोरा साहित्यले मूलतः परदेशमा बसोबास गर्ने नेपालीहरूको कथाव्यथालाई समेट्ने गरेको छ। पुर्ख्यौली थलो अर्थात् नेपालजस्तो गृहनगर (घरदेश) लाई विभिन्न कारणले छोड्दै टाढा टाढा अपरिचित मुलुकमा बसोबास गर्नुपर्दा बेहोरेका समस्या र उपलब्धिहरूलाई दर्साउने गरेको छ। विचरणशीलता हरेक मानव जातिको प्रवृत्ति हुने गरेझैँ नेपालीहरूले पनि सुदूर देशहरूमा विचरण गरिरहँदा अथवा त्यहाँको बसोबासलाई स्थायित्व प्रदान गरिरहँदा भोग्नुपरेका यावत् परिघटनाहरूलाई उजिल्याउने कार्य गरेको छ। कतिपय डायस्पोरिक साहित्यलाई औपनिवेशिक आदि सन्दर्भले पनि प्रत्यक्ष-परोक्ष प्रभाव पार्छ। यताबाट छुटेका र उतापटि नजोडिएका वा राम्ररी जोडिन नसकेका वा तन उता र मन यता भएकाहरूबाट त्यस्तैत्यस्ता सन्दर्भहरूलाई लिएर आत्मपहिचानको सङ्कट, गृहस्मृति/गृहविरह (लयकतबनिष्ब), भय, पीडा, त्रास, असुरक्षा, अनिश्चितता, अपरिचय, बिरानोपन, आफू र आफ्नो सत्व हराएको औपनिवेशिक अनुभूति र त्यसको खोजी, द्वैध मनस्थिति आदिको अभिव्यक्ति गरिएका साहित्यलाई डायस्पोरिक साहित्यमा मानिन्छ र डायस्पोरिक साहित्यका विशेषता भनेका पनि यिनै हुन् (लुइटेल, २०६८)। त्यसैले कसरी नेपालीहरूले आप्रवानसलाई निरन्तरता दिइरहेका छन् ? कसरी तिनीहरूले अस्तित्वको खोजीका लागि विभिन्न उपायहरू अवलम्बन गरिरहेका छन् ? तिनको सङ्घर्ष, उत्पीडन र एकान्तिकताको अवस्था के कस्तो छ ? तिनलाई द्वैध मानसिकता अथवा द्वैध सांस्कृतिक चेतनाको पीडाले कसरी प्रभावित तुल्याउँदै छ ? के तिनीहरूले परदेशमा रोमाञ्च र यौनिकताका प्रसङ्गहरूलाई आत्मसात् गरेका छन् ? यदि छन् भने तिनीहरूको अवस्था के कस्तो छ ? इत्यादि सन्दर्भहरूको खोजी एवम् चित्रणमा आधारित नेपाली साहित्य नै नेपाली डायस्पोरिक साहित्यका रूपमा स्थापित हुन थालेको छ। त्यस्तो साहित्यमा पाइने स्वप्नविम्ब, परदेशीय परिवेश र भाषाशैलीको नवीनता केकस्तो छ आदि प्रवृत्तिहरूको पहिचान गर्ने दिशामा पनि नेपाली डायस्पोरिक साहित्यले सैद्धान्तिक पहिचान बनाउँदै आएको छ। यसर्थ प्रस्तुत अनुसन्धानात्मक लेखमा यिनै उल्लेखित डायस्पोरिक मान्यताका आलोकमा *सिड्नी सपना* उपन्यासको चिरफार गरिन्छ।

सिड्नी सपनामा डायस्पोरिकता

सिड्नी सपना अस्ट्रेलियाली परिवेशमा आधारित नेपाली डायस्पोरिक उपन्यास हो। यसमा नेपाल मूलघर घएका पात्रहरूका माध्यमबाट अस्ट्रेलियामा गरिएका सङ्घर्ष र उपलब्धिहरूलाई मुख्य विषयवस्तु बनाइएको छ। उपन्यासकार स्वयम् पनि पूर्वी नेपालको सुनसरी झुम्काबाट हाल अस्ट्रेलियामा बसोबास गर्दै आएकी डायस्पोरिक नागरिक हुन् भने औपन्यासिक विषय पनि यस्तै चरित्रहरूको जीवनयात्रामा केन्द्रित रहेको छ।

औपन्यासिक केन्द्रीय चरित्र सृष्टि विराटनगरकी हुन्। उनका साथीहरू निकिता र विवेक काठमाडौँका हुन्। पृथाको पारिवारिक पृष्ठभूमि पनि विराटनगरकै रहेको छ। यस्तै नेपालका विभिन्न क्षेत्रका चरित्रहरूले अस्ट्रेलियाको परिवेशसँग आफूलाई समाहित गर्दै औपन्यासिक विषय तयार गरेका छन्। जसअन्तर्गत पहिलो कुरा अस्ट्रेलिया गएका नेपालीहरूले त्यहाँको पिआरका लागि बेहोर्नुपरेका परिघटनाहरू नै मुख्य मानिन्छन्। त्यसैसँग गाँसिएर पढाइ, काम, मनोरञ्जन, गृहस्मृति, यौनिकता आदि विषयहरू समेटिँदै गएका छन्। यस्ता डायस्पोरिक जीवन चरित्रसँग गाँसिएका तमाम अभिव्यक्तिहरू नै यस उपन्यासको पहिचान बनेको छ। यसरी डायस्पोरिकतालाई झल्काउने मुख्य मुख्य औपन्यासिक सन्दर्भहरू यसप्रकार रहेको छन् :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(क) **आप्रवासन र अस्तित्वको खोजी (पिआर, ग्रिनकार्ड) :** मानिसको यायावरीय जीवनशैलीले स्थानान्तरणलाई प्राथमिकता दिइरहन्छ । कुनै निश्चित पृष्ठभूमिको मानिस अर्को परिवेशमा क्रियाशील हुन थाल्छ । पुर्ख्यौली थलो एकातिर र कर्मथलो अर्कातिर बनाउनमा मानिसलाई कुनै हिचकिचाहट हुँदैन । बाध्यता, आवश्यकता, अभिरुचि, सम्भाव्यता र सुखमय जीवनको अपेक्षामा मानिसले आप्रवासनको प्रवृत्तिलाई निरन्तरता दिइरहन पुग्छ । त्यस्तै नेपालीहरूले अन्तर्राष्ट्रिय परिवेशमा आफूलाई उभ्याउँदै जानेक्रममा आप्रवासन प्रवृत्तिले निरन्तरता पाउँदै आएको छ । अस्ट्रेलिया, युरोप, अमेरिका आदि विभिन्न देशहरू नेपालीका गन्तव्य बनेका छन् । जुनसुकै हालतमा पनि परदेशमा पुग्नु र त्यहाँको स्थायित्वका लागि विभिन्न प्रयासहरू जारी राख्नुलाई नेपालीहरूको आप्रवासन र अस्तित्वको खोजीतर्फको यात्रा मानिन्छ । डायस्पोराको सानो समुदाय वा व्यक्ति हुनाले त्यस देशको समुदायअगाडि किनाराकृत अल्पसङ्ख्यक हुन्छ । यस्तो स्थितिमा सुरुमा अस्तित्व, पहिचानको खोजी, तथा बिस्तारै जोगाएको पहिचान विलय हुने चिन्ता हुन्छ (राई, २०६९) । नेपाली डायस्पोरिक उपन्यासमा यस्ता प्रसङ्गहरूले निकै प्राथमिकता पाएका छन् र सिड्नी सपनामा पनि यस्ता प्रसङ्गहरू प्रशस्त मात्रामा पाइन्छन् ।

ब्राह्मण परिवारकी सृष्टिलाई विराटनगरको पढाइ सकिएदेखि नै विदेश पढ्न जाने अभिरुचिले छोड्दैन । उनी काठमाडौँ बस्दा पनि यही कुरालाई प्राथमिकतामा राखिरहन्छिन् । उनको आप्रवासनको चाहनाजस्तै पृथा, निकिता, सुनीता, विवेक, अद्वितीय आदि अनेक नेपालीहरूले आत्मसात् गरेका छन् । र, जो जो नेपाली अस्ट्रेलियाको भूमिमा जुनसुकै प्रक्रियाबाट पुगे पनि तिनले त्यहाँको स्थायित्व वा आफ्नो अस्तित्वको खोजीलाई निरन्तरता दिएका छन् । हप्ताको दुई दिन पढाइ, चार दिन ददस घण्टा काम र बाँकी दुई दिन विश्रामको अस्ट्रेलियन जीवनशैलीभित्र सृष्टि र निकिताजस्ता तमाम नेपालीहरूले आफूलाई समाहित गर्दै लगेका छन् । पढाइ, खर्च व्यवस्थापन र घरपरिवारका आवश्यकता पूरा गर्नका लागि अन्तिम विकल्प भनेको त्यहाँको पिआर नै उपयुक्त रहेको निष्कर्षका निकालेका छन् । अझ स्वअस्तित्वको खोजीका लागि पनि पिआर नै उपयुक्त माध्यम भएको पाएका छन् । त्यसैले उपन्यसाभित्रका आप्रवासित नेपाली चरित्रहरूले विभिन्न परिघटनाहरू बेहोर्दै पिआरको आशामा अथवा प्राप्तिमा आफूलाई रूपान्तरित गरेका छन् । यस्ता विषयहरूको प्रतिपादनका दृष्टिले सिड्नी सपना उपन्यासको कथावस्तु प्रारम्भदेखि अन्तिमसम्म पनि उस्तै ढङ्गबाट विकसित भएको पाइन्छ ।

(ख) **अतीतमोह (नोस्टाल्जिया) वा गृहस्मृति :** पुर्खा, आफन्त, आमाबाबु घरपरिवार आदि पक्षहरूलाई एकातिर राखेर अथवा आफ्नो अतीतलाई पन्साएर नयाँ परिवेशमा रूपान्तरित भइरहँदा निश्चय पनि हरेक डायस्पोरिकलाई अतीतमोह वा गृहदेशको संस्मृतिले सताउँछ नै । परदेशका प्रत्येक गतिविधिहरूसँगै घरदेशका संस्मृतिहरू ताजा हुन थाल्छन् । सङ्घर्ष, अभाव, पीडा, चिन्ता, एकान्तिकता, खुसीयाली, मनोरञ्जन आदि जुनसुकै परिस्थितिमा पनि अतीतमोह वा घरदेशको संस्मृतिबाट अलगिन सकिँदैन । डायस्पोरा साहित्यमा भोगिरहेको जीवन डायस्पोरामा भए पनि स्मृति, कल्पना, आदि घरदेशप्रति रहिरहेको हुन्छ । यही घरदेशको काल्पनिक विम्बलाई व्यक्त गरेको साहित्यलाई डायस्पोरा साहित्य भनिन्छ (राई, २०६९) । डायस्पोरिक उपन्यासभित्रका चरित्रहरूमा पाइने यस्ता प्रवृत्तिहरू पर्याप्त मात्रामा उल्लेख हुने गरेका छन् ।

सिड्नी सपनामा सृष्टिलाई कहिले आमाको यादले सताएको छ । कहिले बाल्यकालीन सहपाठीको संस्मरण भएको छ । कहिले आफूसँग सम्भोग गर्ने विनोद सरसँगको घटनाले तर्साएको छ । कहिले नयाँ प्राकृतिक परिवेशमा पुग्दा नेपाली रमणीयताको झझल्को आएको छ । कहिले प्रेमिल परिवेशलाई देख्दा अचानक नेपाली समाजको परम्पराप्रति आक्रोश जागेको छ । त्यस्तै पृथालाई पनि आफ्ना सन्तान र घरका अन्य सदस्यहरूको संस्मृतिले कहिल्यै छोडेको छैन । निकितालाई बुबाआमाले अन्तरजातीय विवाह नगर्न दिएको सल्लाहले अझै छुटकारा दिएको छैन । किनी र बिनीको पारिवारिक पृष्ठभूमि र उनीहरूको वर्तमान जीवन-सङ्घर्षभित्र पनि गृहस्मृतिका तमाम सन्दर्भहरू गाँसिएका छन् । यसरी प्रस्तुत उपन्यासभित्र अतीतमोह वा गृहस्मृतिको चित्रण पाइन्छ, जुन डायस्पोरिक उपन्यासको एउटा प्रवृत्ति पनि हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ग) **सङ्घर्ष, उत्पीडन र ऐकान्तिकता :** मानवीय जीवनमा जहिलेसुकै सङ्घर्षको क्रम चलिरहन्छ । तर, डायस्पोरिक जीवनका प्रारम्भिक सङ्घर्षहरूले निश्चय नै फरक अनुभूति प्रदान गरिरहेका छन् । नौलो ठाउँ, नौलो भाषासंस्कृति, नौलौ नियमकानुन र नौला मानिसहरूसँग घुलमिल हुन र आफूलाई स्थापित तुल्याउन गरिने सङ्घर्षको चरण अविस्मरणीय नै बन्दछ । कहिले उत्पीडनको सिकार हुनुपर्छ त कहिले एकान्तिकताभित्र रुमलिनुपर्ने हुन्छ । यस्ता तमाम भोगाइहरू डायस्पोरिक जीवनका अनिवार्य सर्तझैँ हुने गर्छन् । डायस्पोरिक उपन्यासभित्र सङ्घर्ष, उत्पीडन र एकान्तिकताको मार्मिक एवम् हृदयस्पशी चित्रण पाउन सकिन्छ ।

सिड्नी सपना उपन्यास एक किसिमबाट सङ्घर्षैसङ्घर्षको दस्तावेजका रूपमा रहेको मान्न सकिन्छ । यसका हरेक चरित्रलाई नजिकबाट नियालेर हेर्दा सङ्घर्षविहीन कोही पनि देखिँदैनन् । परदेशमा आवश्यकता परिपूर्तिका लागि खर्चबर्चको खोजी गर्नु एउटा सङ्घर्षको चरण मानिन्छ । यहाँ सृष्टि, निकिता, विवेक, अद्वितीय, पृथाको श्रीमान्, संयोग, अमित, किनी बिनी, दिपा, दीपक र शशी आदि सबै सङ्घर्षकै चरणमा छन् । कोही उत्पीडित नै छन् त कोही उत्पीडनलाई बेवास्ता गरिरहेका छन् । कसैलाई एकान्तिकताको परिवेश र पीडाका सुसेलीहरूले पिरोलेको छ भने कसैलाई त्यस्तो अवसर प्राप्त भएको छैन । सृष्टि, पृथा, निकिता र सुनीता आदिलाई एकान्तिकताको नमिठो अनुभूति भएको देखिन्छ ।

(घ) **द्वैध मानसिकता र सांस्कृतिक चेतना :** गृहदेशको समस्या, अभाव, गरिबी र अशिक्षा आदिबाट मुक्त हुने प्रयोजनका लागि परदेशको चयन गर्ने मानवीय प्रवृत्ति बढिरहेकै छ । मानिसको एउटा सांस्कृतिक पृष्ठभूमिले अर्को सांस्कृतिक परिवेशलाई आत्मसात् गर्नुपर्ने परिस्थिति सिर्जना हुँदै गएको छ । तर, जुन उद्देश्य, परिकल्पना, सोच र अठोटका साथ परदेशमा पाइला टेटिएको हुन्छ त्यो सोचेजस्तो परिस्थिति तयार हुन नसक्नुले डायस्पोरिक जीवनमा द्वैध मानसिकताको अवस्था बढिरहेको पाइन्छ । बरु परदेशको पीडा, अभाव, सङ्घर्ष र अस्तित्वहीनता भन्दा गृहदेशकै समस्या ठिक हो कि भन्ने अनुभूतिले सताउन थाल्छ । त्यस्तो द्वैध मानसिकताको अवस्थामा डायस्पोरिक जीवन गुज्रिरहेको पाइन्छ । त्यस्तै गृहदेश र परदेशका बिच सांस्कृतिक अन्तरघुलनका क्रममा पनि द्वैध सांस्कृतिक चेतनाले प्रभाव पारिरहेको देखिन्छ । डायस्पोराको मन पैतृक भूमितिर हुन्छ तर बुद्धि नवभूमिमा प्राप्त हुने अवसर र लाभतिर हुन्छ । तसर्थ, यी जातिलाई मन र मस्तिष्कको मनोवैज्ञानिक विभाजनले सधैँ दोधारमा पारिरहन्छ (राई र तेम्बे, २०७२) । यस्ता परिस्थिति वा अवस्थाहरूको चित्रणका दृष्टिले डायस्पोरिक उपन्यासहरू प्रभावित हुने गर्छन् ।

*सिड्नी सपना*की सृष्टिलाई सुरु सुरुमा परदेशको पीडा, अभाव र सङ्घर्षका कारण कत्तिपटक बरु गृहदेशकै परिस्थिति अनुकूल हुने द्वैध मानकसिकता जागेको पाइन्छ । त्यस्तै पृथालाई पनि सन्तान छोडेर सिड्नीको बसाइका क्रममा बरु घरदेशकै समस्या सामान्यजस्तो लागेको देखिन्छ । कहिलेकाही सुनीता, निकिता र दीपाहरू पनि द्वेध मानसिकताको अवस्थामा देखापर्छन् । त्यसरी नै परदेशमा देखिएका वैयक्तिक प्रेमका सम्बन्ध र यौनिक जीवनका सन्दर्भहरूले परदेशीय सांस्कृतिक आकर्षण र गृहदेशीय सांस्कृतिक अनुसरणका बिच द्वैध मानसिकता सिर्जना गरको देखिन्छ ।

(ङ) **रोमाञ्च, यौनिकता र स्वप्नविम्ब :** एउटा देशबाट अर्को देशमा पुगेपछि जति सङ्घर्ष र सक्रियता बढ्दै जान्छ त्यति त्यति नै नौला अनुभूतिहरू पनि थपिँदै जान्छन् । जहिलेसुकै उत्पीडन, चिन्ता र हीनताबोधको अवस्था मात्र रहँदैन त्यसैबिच पनि रोमाञ्चका क्षणहरू तथा यौनिक जीवनसँगका सम्बन्धहरू पनि फस्टाउँदै जान्छन् । त्यस्ता कतिपय सन्दर्भहरूलाई स्वप्नविम्बका रूपमा समेत अनुभूति गरिन्छ । डायस्पोरिक जीवनशैलीमा यस्ता क्षण, अवसर, अनुभूति र भोगाहरूले निकै प्रभाव पारिरहेका हुन्छन् । डायस्पोरिक साहित्यमा चेतनका वाष्पचालित प्रकृतिका प्रवाहहरू, समाज मनोवैज्ञानिक संवेगका आधारमा प्रस्तुत हुने भावशृँखलाहरू, मानसिक सङ्घातका कारण जन्मिने पीडाका सन्तापहरू, यौनमनोविज्ञानका अतृप्त र बुभुक्षाका तृष्णा र वितृष्णाहरू, अतृप्त सांसारिक जीवनभोगको अपेक्षाका संवेगहरू पनि मनोविज्ञानका सहमा प्रस्तुत हुन्छन् (सुवेदी, २०७२) । यसर्थ नेपाली डायस्पोरिक उपन्यासमा पनि रोमाञ्च, यौनिकता र स्वप्नविम्बका प्रसङ्गहरू समेटिन्छन् नै ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिड्नी सपनाका कैयौँ पात्रहरूले फरक फरक परिवेशमा फरक फरक किसिमबाट उल्लेखित सन्दर्भहरूसँग आफूलाई गाँस्दै आएको पाइन्छ। निकिताले विवेकसँगको सान्निध्यमा पाएको अनुभूति, सृष्टिले विवेकको जन्मदिनका क्रममा अद्वितीयसँग पाएको अनुभूति, पृथाले रोहितसँग पाएको अनुभूति निश्चय नै रोमाञ्चका द्योतक मानिन्छन्। यौनलाई जैविक आवश्यकताका रूपमा लिइए पनि यसैसँग गाँसिएर मानव जीवनका सुमधुर सम्बन्ध र कटुताहरू सिर्जना भएका छन्। निकिताले विवकसँग गाँसेको सम्बन्धमा यौनिक जीवनले जति आनन्द प्रदान गरेको छ त्यति नै सृष्टिले अद्वितीय र विनोदसँग गाँसेको यौनिक सम्बन्धले घृणा, तिरस्कार, पीडा र प्रतिशोधको भावना सिर्जना गरको छ। यौनकै कारण परदेशीय नेपाली युवायुवतीहरूको जीवन प्रभावित बनेको देखिएको छ। पृथाको श्रीमान् र सुनीताको श्रीमानूले यौनसन्तुष्टि दिन नसकेको तथा यौनका क्षेत्रमा अप्राकृतिक सम्बन्ध कायम गर्न खोज्ने अद्वितीयको जीवन पनि प्रभावित बनेको छ।

(च) **परदेशीय परिवेश :** भौगोलिक दुरी, प्राकृतिक भिन्नता र सामाजिक-सांस्कृतिक अन्तरजस्ता कुराहरूबाट डायास्पोरिक जीवनको अवस्थालाई मूल्याङ्कन गरिन्छ (निरौला, २०७३)। त्यसैले डायस्पोरिक उपन्यासभित्र परदेशीय परिवेश नै बढी मात्रामा समेटिन्छन्। प्रत्यक्ष रूपमा समेटिने परदेशीय परिवेशभित्रै चारित्रिक रहस्यहरू तथा घटनासन्दर्भहरू देखापर्दै जान्छन्। केवल संस्मृतिका रूपमा मात्र गृहदेशका परिवेशहरू उद्घाटिन हुन्छन्। गृहदेशका भन्दा फरक अनुभूति गराउने परदेशका स्थानीय परिसन्दर्भहरू औपान्यासिक पात्रका लागि कतै रोमाञ्चकारी तुल्याउने किसिमका हुन्छन् भने कतै फरक सांस्कृतिक, प्राकृतिक र सामाजिक मूल्य र मान्यताहरूको बोध गराउने प्रकृतिका हुन्छन्। परदेशीय वातावरणले डायस्पोरिक व्यक्तिहरूलाई कतै अन्योलता र कतै उत्कण्ठाको भुँवरीमा डुबाउने गरेको पाइन्छ।

सिड्नी अस्ट्रेलियको सुन्दर सहर हो। यसलाई पर्यटकीय नगरीका रूपमा पनि लिने गरिन्छ। यहाँका हार्बरब्रिज र ओपेरा हाउसले पर्यटकको मनलाई लोभ्याउँछ नै। अस्ट्रेलियमा रहेका डायस्पोरिक नेपालीहरू पनि यस्ता दृश्यहरूबाट प्रभावित हुने गरेका छन्। सिड्नी सपनाका सृष्टि, निकिता, अद्विचीय, विवेक आदि पात्रहरू तथा अमित, दिपालगायतका पात्रहरू अस्ट्रेलियाका विभिन्न ठाउँहरूमा रहेका वा पुगेका पाइन्छन्। त्यस्ता ठाउँ वा सहरअन्तर्गत अर्बन प्लेटफार्म, हिमालयन ग्रोसरी, स्टेसन रोड, अर्बन पार्करोड, द रक्स क्याफे, विन्यार्ड, क्रिज गेट, टाउन हल, वेस्टफिल्ड सपिङ, सिड्नी टावर, रिभोल्डिङ रेस्टुरेन्ट, व्रिसबेन, बन्डाबर्ग, मेलवर्न, यारा नदी आदि रहेका छन्। कालिक दृष्टिले हेर्दा सन् २००९ तिरका घटनाहरू उल्लेख भएको पाइन्छ किनभने सृष्टिले अस्ट्रेलिया आएपछि सन् २००९ फेब्रुअरी १२ मा विनोदले पठाएको इमेल हेरेकी छन्। त्यस्तै गहृदेशीय संस्मृतिमा आधारित स्थानीय परिवेशअन्तर्गत नेपालका विराटनगर, काठमाडौँ तथा पश्चिमी क्षेत्रका केही ठाउँहरूको सोत उल्लेख भएको पाइन्छ।

(छ) **प्रयोगधर्मिता र चेतनप्रवाह शैली :** नेपाली डायस्पोरिक साहित्य आफैमा एउटा प्रयोगधर्मी लेखन हो। यसमा पूर्वीय र पाश्चात्य मान्यता, गृहदेश र परदेशको सहभागिता, परम्परित अवधारणा र आधुनिकताको दोसाँध, अग्रगमन र पश्चसंस्मृतिको द्वन्द्व, विरह र हर्षको प्रभाव, आशा र निराशाको भुँवरी आदि अनेक पक्षहरू एकै ठाउँ प्रयोग गरिन्छ। त्यसैले विषय, प्रस्तुति र शैली आदि विभिन्न पक्षहरूका कारण डायस्पोरिक साहित्य प्रयोगधर्मी बन्दै जान्छ। नव प्रयोग वा उत्तरआधुनिक चिन्तनको प्रभावसमेत प्रस्ट हुँदै जान्छ। त्यस्तै प्रथम पुरुष दृष्टिविन्दु होस् कि तृतीय पुरुष, दुवै समाख्यातामा पाइने मनोवैज्ञानिक संवेगले कतै चेतनप्रवाहात्मक शैली त कतै आत्मसंस्मरण, यथार्थ, अतियथार्थ, अस्तित्व र विसङ्गतिजस्ता पक्षहरू प्रतिविम्बित हुने गर्छ। मनोविज्ञानका विभिन्न आयामहरूको एक प्रकार्य नै चेतनप्रवाहको संवेदना भएकाले (सुवेदी, २०७२) पनि डायस्पोरिक साहित्य प्रयोगधर्मीका साथै चेतनप्रवाह शैलीको प्रभावमा रहेको पाइन्छ।

सिड्नी सपनाभित्र तृतीय पुरुष दृष्टिविन्दु भए पनि यहाँ वस्तुविन्यास, चारित्रिक विनियोजन तथा परिघटनात्मकता र परिवेशीय प्रस्तुति आदि पक्षहरू नितान्त प्रयोगधर्मी किसिमबाट देखापर्छन्। अद्वितीय र सृष्टिमा पाइने यौनिक जीवनप्रतिका दृष्टिकोण, पृथा र सुनीतामा पाइने यौनिक चाहना र तिनका श्रीमानूहरूको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यस्तता, किनी र बिनीका पारिवारिक पृष्ठिभूमि र वर्तमान परिवेश आदिको चित्रण आफैमा प्रयोगधर्मी किसिमबाट भएका छन् । कहिले आशा त कहिले निराशाका सांवेगिक सन्दर्भहरू तथा औपन्यासिक भाषाशैली र संरचनामा देखापर्ने प्रयोशीलताजस्ता विषयले यस उपन्यासमा प्रयोगधर्मिता र चेतनप्रवाह शैलीको सशक्त उपस्थिति पुष्टि हुन्छ ।

निष्कर्ष

सानु घिमिरे ज्योत्स्नाको पहिलो उपन्यास सिड्नी सपनामा डायस्पोरिक प्रवृत्ति पाइन्छ । यसले नेपालबाट अस्ट्रेलिया पुगेका नेपालीहरूको सङ्घर्ष, पीडा, चुनौती, अस्तित्वको खोजी, रोमाञ्चकता, गृहस्मृति आदि अनेक पक्षहरूलाई समेटेको छ । यहाँ केन्द्रीय चरित्रका रूपमा सृष्टिलाई उल्लेख गरिएको छ तापनि अन्य सहयोगी चरित्रका रूपमा अद्वितीय, निकिता र अमित आदि अनेकौं चरित्रहरू रहेका छन् । त्यस्तै विभिन्न डायस्पोरिक नेपाली चरित्रहरूद्वारा स्थायित्व वा अस्तित्वको खोजीका लागि गरिएका प्रयासहरू अथवा आय आर्जनका लागि गरिएका कामहरूले यहाँ प्राथमिता पाएका छन् । परदेशमा शिक्षा तथा धन आर्जनका लागि गर्नुपरेका कामहरू, पिआरका लागि गरिएका प्रयास र सम्झौताहरू, खुसीयाली साटासाटका क्रममा भएका समारोह र भ्रमणहरू, यौनिक स्वतन्त्रताका लागि अपनाइएका पद्धतिहरू आदि यस डायस्पोरिक उपन्यासका वैशिष्ट्य बनेका छन् । हरेक पात्रहरूले गृहदेशको संस्मरण गर्नु, गृहनगरका अविस्मरणीय क्षणहरूलाई विभिन्न परिस्थितिहरूसँगै एकाएक मानस पटलमा सजाउन पुग्नु तथा कहिले विगत र कहिले वर्तमानको द्वैध मानसिकतालाई आत्मसात् गर्नु आदि पनि यस उपन्यासका डायस्पोरिक प्रवृत्ति बनेका छन् । ऐकान्तिकता, यौनिक संवेग र प्रेमिल स्वतन्त्रता, कार्यगत अस्थिरता र परदेशभित्रै पनि निरन्तर स्थानान्तरता तथा द्वैध संस्कृति आदिलाई समेत यहाँ डायस्पोरिक प्रवृत्तिकै रूपमा लिन सकिन्छ । अतः सिड्नी सपना नेपाली डायस्पोरिक उपन्यासका क्षेत्रमा उल्लेखनीय कृतिका रूपमा रहेको पुष्टि हुन्छ । यसले समेटेको विषयवस्तु, यसभित्रका पात्रचयन, यसबाट पाइने सन्देश तथा यसको परिवेश र भाषाशैली निश्चय नै डायस्पोरिक औपन्यासिक प्रवृत्तिका दृष्टिले उच्चकोटिका देखिन्छन् ।

सन्दर्भसूची

एटम, नेत्र (२०६७), *नेपाली डायस्पोरा र अन्य समालोचना,* काठमाडौँ : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि ।

एटम, नेत्र(सम्पा) (२०७०), *नेपाली डायास्पोराका नारी कथाकार र कथा,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

गौतम, लक्ष्मण (२०७०) *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना,* (दो.सं.) काठमाडौँ : ओरिएन्टल पब्लिकेन हाउस प्रा.लि.।

निरौला, लेखप्रसाद (२०७३) *दृष्टिकोण,* काठमाडौँ :काष्ठमण्डप पुस्तक घर ।

भट्टराई, गोविन्दराज (२०६२), *उत्तरआधुनिक ऐना,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भट्टराई, गोविन्दराज (२०६४), *उत्तरआधुनिक विमर्श,* काठमाडौँ : मोडर्न बुक्स ।

भट्टराई, गोविन्दराज (२०६६) "साहित्यमा डायास्पोरा : सिद्धान्त र समालोचनाको स्वरूप", *रश्मि,* २५ : १.पृ.११-३० ।

राई, पुरण (२०६९), *डायस्पोरा : लाहुरे स्रष्टा र कविता,* काठमाडौँ : डायस्पोरा अध्ययन प्रतिष्ठान ।

राई, रक्ष र तेम्बे मिजास (२०७२) *डायस्पोरा सिद्धान्त रचना र समालोचना,* ? : गोर्खा बुक्स पब्लिकेसन प्रा.लि ।

लुइटेल, खगेन्द्रप्रसाद. (२०६६) "नेपाली साहित्यमा डायस्पोराको योगदान", *हाम्रो ध्वनि,* (४०/९, २०६६ जेठ-असार), पृ. १३-२१ ।

लुइटेल खगेन्द्र (२०६७) '*डायस्पोराको सैद्धान्तिक स्वरूप*', समकालीन साहित्य डट कम, (२०६७ जेठ ४)

सुवेदी, राजेन्द्र (२०७२), *स्रष्टा होम : द्रष्टा अनेक,* (सम्पा), काठमाडौँ : पाठ्यसामग्री पसल ।

सुवेदी, होमनाथ (२०६५), *समुद्रपारका समालोचना,* अमेरिका : अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वाल्मीकिरामायणमा गणितको प्रयोग

डा. जयन्त आचार्य
सहप्राध्यापक, वाल्मीकि विद्यापीठ

लेखसार

हाम्रो जीवनमा गणित एउटा अपरिहार्य तथा सर्वदैव प्रयोग हुने विषय हो। गणितको प्रयोग यत्रतत्र सर्वत्र भएको देख्न सकिन्छ। हाम्रा वेद, पुराण, व्याकरण, साहित्य, कला, न्याय, दर्शन, ज्यौतिष, आदि शास्त्रहरूमा त झन् गणितको प्रयोग स्पष्टरुपमा देख्न सकिन्छ । यस लेखमा हिन्दूसमाजमा अत्यन्त पूज्यस्थानमा वस्न सफलरहेको वाल्मीकिरामायणमा गणितको प्रयोग कहा कहा कसरी गरिएको रहेछ भन्नेकुरा प्रमाण सहित देखाउने प्रयास गरिएको छ । यसबाट समाजमा रहेको वाल्मीकिरामायण प्रतिको विश्वासलाइ प्रमाणका आधारमा अझपुष्टि हुने कुरामा विश्वास गरिएको छ।

मुख्य शब्दावली – अयुत, नियुत, सैनिक, कोटि

विषयपरिचय

संस्कृत साहित्यमा रामायणको महत्त्वपूर्ण स्थान छ । हाम्रा साहित्यिक ग्रन्थहरूमा गणितको प्रयोग प्रशस्तमात्राम हुन्छ भन्ने सन्दर्भमा यसलेख तयार पारिएको छ । अध्यात्ममार्फत गणितको प्रचुरमात्रामा प्रयोगहुनु आफैमा एउटा आश्चर्यको कुरा हो. भने भगवानको कथामाथि प्रकाशपार्दै गणितजस्तो जटिल बिषयमा चिन्तकलाई शिक्षित तुल्याउन महत्त्वपूर्ण योगदान पुऱ्याउनु हाम्रा शास्त्रको विशेषता नै हो भन्नु पर्दछ। रामायणमा आधार रहेर उक्तग्रन्थको गणितीय तवरबाट विश्लेषण तथा चर्चा परिचर्चा गर्दै यसलेखलमा पाठकको ध्यान तथा चिन्तनलाई अझ स्पष्टपार्ने काम गरिएको छ।

समस्या, उद्देश्य र विधि

हिन्दुसमाजमा रहेको हाम्रा हिन्दूग्रन्थहरू के अध्यात्ममा मात्रै सिमित छन् ? गणितजस्तो विज्ञानसग सम्बन्तित शास्त्र हाम्रा ऋषि मुनीहरू जान्दैनथे ? यस्ता प्राज्ञिक प्रश्नहरू यसलेखको मूलसमस्या हो भने विभिन्न समयमा आक्रामक रुमपमा आइरहने यस्ता प्रश्नहरूको रामायणबाट नै समाधान र उदाहरण समेत प्रस्तुत गर्नु यसलेखको उद्देश्य हो । हाम्रा शास्त्र केलन भगवानको स्तुतीगानका लागिमात्रै लेखिएका होइनन् यीनमा त वैज्ञानिकता देख्न सकिन्छ भनी हाम्राशास्त्रमा भएको आक्रमणलाई निश्तेज पार्नमा मद्दत पुर्याउनु पनि यसलेखको उद्देश्य हो । यस लेखमा निगमन तथा आगमन दुवै विधिहरूको यथा सक्य प्रयोग गरिएको छ। यस लेखको लेखनका सन्दर्भमा पुस्तकालयीय विधिमा समेत प्रयोग गरिएको छ।

विश्लेषण

हाम्रा प्राचीन ग्रन्थहरूलाई केवल धर्मशास्त्रीय तथा अन्धविश्वास पूर्ण ग्रन्थहरूको रुपमा हेर्नै गरिएको छ। हाम्रा वेद पुराण, महाभारत, रघुवंश, वाल्मीकिरामायण, उत्तररामचरित, नैषध आदि ग्रन्थहरूमा गणितीयशब्दहरूको उपयोग, प्रयोग तथा व्याख्या समेत गरिएको सजिलै पाउन सकिन्छ। साहित्यको छन्दशास्त्रमा त छन् गणितको अति विशिष्ट तथा चातुर्यताको उपयोग हुने प्रस्तार ९ एभचकगतबतष्यलक बलम अयदष्लबतष्यलक० को प्रयोग गरेको देख्न सकिन्छ । यस बाट के भन्न करै लाग्दछ भने प्रचीन कालका ऋषिमुनि प्रणीत ग्रन्थहरू गणितीय रूपमा भरिपूर्ण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहेछन् र उनीहरूले आफ्नो शास्त्रलाई वैज्ञानिकता पुष्टिगर्न गणितको समेत प्रयोग गर्ने गरेका रहेछन् । वाल्मीकिरामायणमा कति श्लोक छन् ? कति सर्ग छन् ? कति काण्ड छन् भन्ने कुरा वाल्मीकिरामायणमा यसरी वर्णन गरिएको छ ।

चतुर्विंशत् सहस्राणि श्लोकानामुक्तवानृषिः ।
तथा सर्गशतान् पञ्च, षट्काण्डानि तथोत्तरम् ।

रामायणमा यस्ता उदाहरणहरू प्रसस्त भेट्न सकिन्छ खाली हेर्ने दृष्टिकोण को आवश्यकता मात्र पर्दछ । सम्पूर्ण उदाहरणहरू एउटै लेखमा समावेश गर्न असम्भव भएकाले केहि महत्त्वपूर्ण सामग्रीको मात्र यहा उल्लेख गरिएको छ । दशरथले राज्यगरेको अयोध्या नगरी कत्रो छ त यसको लम्बाई चौडाई कत्रो छ भन्ने कुरा पनि रामायणमा नै भेट्न सकिन्छ,

आयता दश च द्वे च योजनानि महापुरी ।
श्रीमती त्रीणि विस्तीर्णा सुविभक्तमहापथा ॥

आयतकार अयोध्या नगरी द्वादश योजन अर्थात् १२ × ४ = ४८ कोश लम्बाइ र त्रियोजन अर्थात् ३ × ४ = १२ कोश चौडाइ को छ भन्ने कुरा को वर्णन बाट रामायणकालमा समेत आफ्नो देशको क्षेत्रफल कति हो कहा सम्म आफ्नो सीमाना हो भन्ने कुरो नापेर गणना गरेर राख्दथे र यस समयमा गणितको प्रयोग प्रचुर मात्रामा हुने रहेछ भन्ने कुरा थहापाउन सकिन्छ।

जव राजा दशरथले अश्वमेध यज्ञ गर्ने इच्छा प्रकट गरे त्यसवखतमा विभिन्न सामानहरूको आवश्यकता भयो ती सामानको संकलनको प्रसङ्गमा कामदारको संख्या, विद्वानूहरूको संख्या, प्रहरीको संख्या स्पष्ट बाताइएको देखिन्छ।

निमन्त्रयस्व नृपतीन् पृथिव्या ये च धार्मिकाः ।
ब्राह्मणान् क्षत्रियान् वैश्यान् शूद्राश्चैव सहस्रशः ॥
एकविंशति यूपास्ते एकविंशत्यरत्नयः ।
वासोभिरेकविंशद्भिरेकैकं समलङ्कृताः ॥

युद्धकाण्डमा त विशेषगरेर सैन्यशक्ति प्रदर्शनकालागि तथा राज्यसुरक्षाका लागि सैन्य संख्या गनेर अयुत, नियुत, प्रयुत, न्यर्बुद तथा कोटि संख्याको प्रयोग भएको देखिन्छ।

अयुतं रक्षसामत्र पूर्वद्वारं समाश्रितम्
शूलहस्ता दुराधर्षाः सर्वे खड्गाग्रयोधिनः ॥

जव हनुमान लंका गएर फर्किए त्यस वेलामा उनले लंकाको वर्णन गर्ने क्रममा विभिन्न अंकको उल्लेख गरेको प्रसङ्गले पनि रामायणमा गणितको प्रयोग रहेको कुरा हामीहरूले भन्न सक्दछौ चारवटा ढोकाको उल्लेख गर्नु प्रत्येक ढोकामा कति कति संख्यामा सैन्य रहेछन् भनेर यसरी उल्लेख पाइन्छ।

दक्षिण ढोकामा एकलाख सेनारहेका घोडाहात्तिरथ आदिले सुसज्जित सैन्य संख्या यसरी वताएको पाइन्छ।

नियुतं रक्षसाम् अत्र दक्षिणद्वारमाश्रितम्
चतुरङ्गेण सैन्येन योधास्तत्राप्यनुत्तमाः ॥

त्यसैगरि पश्चिम ढोकाको सैंन्यसंख्या

प्रयुतं रक्षसामत्र पश्चिमद्वारमाश्रितम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चर्मखड्गधराः सर्वे तथा सर्वास्त्रकोविदाः ॥

त्यसरी नै उत्तरढोकामा रहेका राक्षस तथा हात्ति घोडाका संख्या यसरी बताईएको छ

न्यर्बुदं (१०००००००००) रक्षसामत्र उत्तरद्वारमाश्रितम् ।
रथिनश्चाश्ववाहाश्च कुलपुत्राः सुपूजिताः ॥

हनुमान लंकाको मध्यभागमा कोटिभन्दा बढि सैनिक रहेको वर्णन यसरी गर्दछन्

शतशोऽथ सहस्राणि मध्यमं स्कन्धमाश्रिताः ।
यातुधाना दुराधर्षाः साग्रकोटिश्च रक्षसाम् ॥

यसरी विभिन्न स्थानमा वाल्मीकिरामायणमा संख्याको उल्लेख भएको पाइन्छ

शतं शतसहस्राणां पृतनर्क्षवनौकसाम् ।
लङ्काद्वाराण्युपाजग्मुरन्ये योद्धुं समन्ततः ॥

त्रिकूटपर्वतको शिखरमा लंकापुरी रहेको सो पर्वतको वरिपरि वानर सैन्य १००००×१००० = १०००००० वानर सेनाले घेरेर वसेका छन् भनी स्पष्टरुपमा संख्याको उल्लेख गरेबाट गणना कति परसम्म गरिएको रहेछ भनेर ज्ञान गर्न सजिलै सकिन्छ ।

आवृतः स गिरिः सर्वैस्तैः समन्तात्प्लवङ्गमैः ।
अयुतानां सहस्रं च पुरीं ताभ्यवर्तत ॥

यसरी कैयौ ठाउमा अंक र संख्याको प्रयोग तथा उल्लेख यत्र तत्र पाइन्छ।

निष्कर्ष

यसरी रामयणमा आफ्नो राज्य कहासम्म हो भन्नका लागि, कति संख्याका सेना कहिले कहा छन् दर्शाउनकालागि या सेतु निर्माणगर्दा कति लामो सेतु वनाउने कति संख्याका कामदार प्रयोग भए कति दिनमा काम सम्पन्न भयो, घोडा हात्ति रथ आदि कतिकति रहेका छन्, रावणको चारै ढोकामा कति सैनिकले गस्ती गरिरहेका छन् आदि कुराको ज्ञानमा गणितको उपयोग संख्याको प्रयोग गरिएको देख्न सकिन्छ । रामायण एउटा धार्मिक तथा पौराणिक कथा वर्णित ग्रन्थ नभई त्यसवेलामा गणितको उच्चतम प्रयोग भएको एउटा वैज्ञानिक ग्रन्थ हो भन्दा फरक पर्दैन । जैन गणितज्ञ महावीराचार्यले

बहुभिर्विप्रलापैः किं त्रैलोक्ये सचराचरे
यत्किञ्चिद्वस्तु तत्सर्वं गणितेन विना न हि ॥

भनेर गणितको महत्त्व दर्शाए झै रामायणजस्तो ग्रन्थमा पनि गणितको सर्वव्यापकता रहेको कुरामा दुइमत हुनै सक्दैन ।

सन्दर्भसूची

महर्षि वाल्मीकि (२०४०) श्रीमद्वाल्मीकि रामायण, गीताप्रेस गोरखपुर ।
.... (२०४२) श्रीमद् वाल्मीकि रामायण, गीताप्रेस गोरखपुर ।
माघः,(१९९३) शिशुपालवधम् , चौखम्बा विद्याभवन वाराणसी ।
महावीराचार्य, श्रीगुलावनन्द हिराचन्द जोशी, (१९६३) गणितसारसंग्रह, जैनसंस्कृति संरक्षक संघ सोलापुर ।
श्रीहर्ष,(१९९८) नैषधीयचरितम्, चौखम्बा विद्याभवन वाराणसी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पिटक पर्यालोचन

शालिग्राम ढकाल
उपप्राध्यापक, वाल्मीकि विद्यापीठ

लेखसार

सृष्टि आफैंमा रहस्यमय छ। यसभित्र अनेक तत्त्व छन्। ती रहस्यात्मक तत्त्वको बोध गर्नु गौरवको विषय हो। परमात्माको श्वासस्वरूप वेदपुरुषको षडङ्गमध्ये आँखाको रूपमा ज्योतिष रहेको छ। ज्योतिषको संहिता भागले शारीरिक मीमांसा गर्दछ। जसलाई अङ्गविद्या वा सामुद्रिक शास्त्र भनिन्छ। अङ्गविद्यामा शारीरिक अवयवका समस्त दृश्य ऊहापोहलाई वर्णन गरिएको पाइन्छ। मानव शरीरमा अनेक पिटक अर्थात् कोठी हुन्छन्। ती पिटकले विभिन्न रहस्योद्घाटन गर्दछन्। त्यसैले अङ्गविद्यामा पिटकको स्थान विशेष रहेको हुन्छ। काला, रातालगायतका पिटकले थरिथरि अर्थ बुझाउँछन्। मनोदशाको सूक्ष्मफल स्पष्ट पार्ने पिटक सूर्यादि नवग्रहजन्य शुभाशुभ फलको द्योतक हो। पिटक शिरदेखि पाउसम्म हुन्छ। पुरुषको दायाँ र महिलाको बायाँ भागमा भएका कोठी विशेष शुभकारक हुन्छन्। पूर्वजन्मको शुभाशुभ कर्मको फल भोग्न जन्मिएको शरीर र त्यस शरीरमा भएका अनेक पिटक भूत, भविष्य र वर्तमान अवस्थाको सङ्केतक हो।

शब्दकुञ्जी – कर्मफल, शारीरिक, अङ्गविद्या, शुभाशुभ, रहस्य, कोठी।

विषयपरिचय

परब्रह्म परमात्माबाट सृष्टि भएको यो चराचर जगत् उनै परमात्मामा अवस्थित छ र अन्तिममा उही ब्रह्मतत्त्वमा विलीन हुन्छ। **यतो वा इमानि भूतानि जायन्ते। येन जातानि जीवन्ति। यत्प्रयन्त्यभिसंविशन्ति। तद्विजिज्ञासस्व। तद् ब्रह्मेति**(तैत्तिरीयोपतिषद् ।३।१।१)। त्यसैले त यो सारा सृष्टि आफैंमा रहस्यमय छ। त्यसो त यो समस्त सृष्टिसञ्चालकलाई आश्चर्यजनक नै मानिएको छ। **आश्चर्यवत्पश्यति कश्चिदेनमाश्चर्यवद्वदति तथैव चान्यः। आश्चर्यवच्चैनमन्यः श्रृणोति श्रुत्वाप्येनं वेद न चैव कश्चित्** (श्रीमद्भगवद्गीता,२।२९)। रहस्य खोलेर रहस्य बाँकी भनेजस्तै रहस्य रहस्य नै हुन्छ। उनै परब्रह्मको श्वासको रूपमा वेदहरू प्रकट भए, दृष्टिबाट पञ्चमहाभूत पैदा भए। जस्को मुस्कान नै चराचर जगत् हो र जस्को निद्रा नै संसारको प्रलय हो। भनिएको छ -**निःश्वसितमस्य वेदाः वीक्षितमस्य पञ्च भूतानि। स्मितमेतस्य चराचरं यस्य च सुप्तं जगत्प्रलयः** (ब्रह्मसूत्र शाङ्करभाष्य भामतीटीका मङ्गल २)। यसबाट के स्पष्ट हुन्छ भने परमात्माको सास नै वेद हो। तिनै वेदको माध्यमले जगत्को सृष्टि भएको छ। बताइएको छ - **यस्य निःश्वसितं वेदा यो वेदेभ्योऽखिलं जगत्** (जीवन्मुक्तिविवेक,पृ.१)।

यसप्रकारको भगवान्को श्वासको रूपमा रहेको वेदलाई छ भागमा बाँडिएको छ। शिक्षा, कल्प, निरुक्त, व्याकरण, छन्द र ज्योतिषलाई वेदका षडङ्ग भनिन्छ। ती षडङ्गमध्ये वेदपुरुषको नेत्रको रूपमा ज्योतिष शास्त्र विराजित छ। ज्योतिष शास्त्रका सिद्धान्त, संहिता र होरा गरी तीन प्रमुख शाखा छन्। ती शाखामध्ये संहिता शाखा अन्तर्गत अङ्गविद्या अर्थात् सामुद्रिक शास्त्र पर्दछ। आपादमस्तकको वर्णनमा सामुद्रिक शास्त्रले वैशिष्ट्यवहन गरेको छ। त्यही वर्णनको क्रममा रहस्यात्मक रूपमा रहेको पिटकको पर्यालोचन पाउन सकिन्छ। यत्पिण्डाण्डे तद् ब्रह्माण्डे वा यद् ब्रह्माण्डे तद् पिण्डाण्डे अर्थात् जुन शारीरिक पिण्डमा छ त्यो सारा ब्रह्माण्डमा छ अथवा जुन ब्रह्माण्डमा छ त्यो शरीराकृति पिण्डमा छ। यसबाट के स्पष्ट हुन्छ भने परमात्माको यो सृष्टि नै ब्रह्माण्ड हो र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यही भित्रको एक अंश नै हो पिण्डाण्ड अर्थात् यो मानव शरीर । पूर्वपूर्व जन्ममा गरिएको शुभाशुभ कर्मको फल भोग्नको लागि नै शरीरको उत्पत्ति भएको हो । पूर्व जन्ममा शुभ कर्मको आधिक्य भएमा जीवले स्वर्ग प्राप्त गर्दछ भने दुष्कर्मको आधिक्यले नरक प्राप्त गर्दछ । पुण्य र पाप बराबर भएमा जीव मानव योनिमा जन्म लिन्छ । **शुभैराप्नोति देवत्वं निषिद्धैर्नारकीं गतिम् । उभाभ्यां पुण्यपापाभ्यां मानुष्यं लभतेऽवशः** (नैष्कर्म्य सिद्धि,१।४१) । त्यत्तिकै कहाँ भनिएको हो र **भोगायतनं शरीरम्** (तर्कसङ्ग्रहपदकृत्य, किरणावलीव्याख्या,पृ.२१) । **शीर्यते रोगादिना इति** विग्रहबाट तथा विकृत हुँदै जानु अर्थको शृधातु (सिद्धान्तकौमुदी, पृ ५०७) मा उणादि सूत्रले ईरन् प्रत्यय लागेपछि शरीर शब्द बन्दछ । जसको अर्थ हुन्छ निरन्तर अपक्षय हुनु, परिवर्तन भइरहनु । त्यसैले शरीरको धर्म हो छ वटा विकारले विकृत हुनु । ती विकारलाई शङ्कराचार्यले यसरी उल्लेख गरेका छन् । जस्तै - **अस्ति जायते वर्धते विपरिणमते अपक्षीयते विनश्यतीति षड्भावविकारं शरीरम्** (तत्त्वबोध,पृ.१७) । अर्थात् जो छ वटा विकारले विकृत हुन्छ त्यो नै शरीर हो । यस्तो शारीरिक पिण्डाण्डको समस्त ज्ञान हुन्छ पिटक अर्थात् कोठीबाट । शरीरका बाह्य विभिन्न भागमा भएका कोठीबाट व्यक्तिको बारेमा अनेक आन्तरिक रहस्य पत्ता लगाउन सकिन्छ । वास्तवमा कोठीले मानसिक अवस्थालाई बुझाउँछ अनि चरित्रलाई राम्ररी चित्रण गरिदिन्छ । साथै भूत, भविष्य र वर्तमानको सही पहिचान दिने गर्दछ । कुनै कोठी जन्मजात हुन्छ भने कुनै कोठी पछि आउने गर्दछ । सूर्यादि नवग्रहको शुभ प्रभाव परेको बेलामा शुभफलदायक कोठी निस्कन्छन् भने अशुभ ग्रहको संकेतको रूपमा खराब फलदायक कोठी निस्कने कुरा अनुभवसिद्ध छ । यस लेखले पिटकको सर्वाङ्गीण पक्षलाई समेटेको छ ।

समस्याकथन

मानव शरीरका विभिन्न भागमा हुने अनेक पिटकले केकस्ता खालका हुन्छन् र केके फल प्रदान गर्दछन् भन्ने जिज्ञासको आधारमा तयार पारिएको यस अनुसन्धानात्मक लेखमा निम्नानुसारका समस्याहरू तय गरिएका छन्ः

(क) शुभशुभफल सङ्केतक पिटक केकस्ता हुन्छन् ?

(ख) शरीरका कुन-कुन भागमा रहेका पिटकले केके कुरा बुझाउँछन् ?

अध्ययनको उद्देश्य

समस्याकथनमा तय गरिएका जिज्ञासाहरूको प्राज्ञिक समाधान खोज्ने उद्देश्यले प्रस्तुत अनुसन्धानात्मक लेख तयार गरिएको हो र यसका उद्देश्यहरू निम्नानुसार रहेका छन्ः

(क) शुभाशुभफल सङ्केतक पिटकको अनुशीलन गर्नु,

(ख) शरीरका विभिन्न भागमा रहेका पिटकका शुभाशुभ फलको निर्क्योल गर्नु ।

अध्ययनविधि

प्रस्तुत अनुसन्धान ज्योतिष शास्त्रको संहिता खण्ड अन्तर्गत अङ्गविद्या तथा सामुद्रिक शास्त्रको आधारमा तयार पारिएको हो । यस अनुसन्धानको विश्लेषण गर्नको लागि सामग्री सङ्कलन विधि र विश्लेषणात्मक विधिको निश्चित परिसीमा अवलम्बन गरिएको छ । यसका लागि अङ्गविद्या तथा सामुद्रिक शास्त्रहरूका साथै विभिन्न संहिता शास्त्रहरू सामग्रीका रूपमा रहेका छन् । तिनै मूल स्रोतका आधारमा व्याख्या, वर्णन एवम् तुलनात्मक विधिलाई समेत अङ्गीकार गरी निष्कर्ष दिइएको छ र सत्यतथ्यको सत्यापन गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पिटकका प्रकार

मानवको शरीरमा विभिन्न कोठी हुने गर्दछन् । महर्षि पराशर, आचार्य वराहमिहिर आदि महान् दैवज्ञहरूले शरीरमा हुने पिटक अर्थात् कोठीहरूको गहन चर्चा गरेका छन् । अङ्गविद्या तथा सामुद्रिक शास्त्रमा शरीरका विभिन्न भागमा रहेका अनेक कोठीको शुभाशुभ फलको वर्णन प्रशस्त पाइन्छ । कोठीहरू सेता, राता, पहेंला, काला, हरिया गरी विभिन्न रङ्गका हुन्छन् । अझ आचार्य वराहमिहिरले ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रलाई रङ्गअनुसारको कोठीको फल मिल्ने कुरा बताएका छन् । अर्थात् ब्राह्मणलाई सेतो कोठी, क्षत्रियलाई सेतो र रातो, वैश्यलाई सेतो,रातो र पहेंलो तथा शूद्रलाई सेतो, रातो, पहेंलो र कालो कोठी फलदायक हुन्छ । भनिएको छ -

सितरक्तपीतकृष्णा विप्रादीनां क्रमेण पिटका ये ।

ते क्रमशः प्रोक्तफला वर्णनां नाग्रजातानाम् (बृहत्संहिता,५२।१) ।

वराह मिहिरले यस्तो भने तापनि शास्त्रमा विशेष गरी काला र राता कोठीको बारेमा चर्चा परिचर्चा गरिएको छ । मानिसलाई आफ्नो शरीरको विभिन्न ठाउँमा भएका कोठीको बारेमा जिज्ञासा हुने गर्दछ कि यी र यस्ता कोठीको शुभाशुभ फल केकस्तो होला ? वास्तवमा शरीरका कोठीले अनेक प्रकारका रहस्यको उद्घाटन गर्दछ । त्यस्तो कोठी पुरुषहरूको शरीरको दाहिनेतिर र महिलाको देब्रेतिर भएमा शुभ हुने कुरा महर्षि पराशरले उद्घोष गरेका छन् । कोठी मात्र हैन रोमावली पनि सोही भागमा हुनु शुभ हो । जस्तै-

अङ्गनानां च वामाङ्गे दक्षिणाङ्गे नृणां शुभम् ।

रक्ताभं तिनकाभं वा लोम्नां चक्रमथापि वा (बृहत्पाराशरहोराशास्त्र,८३।२) ।

आचार्य वराहमिहिरले पनि पुरुषको दाहिने भागतर्फ नै कोठी हुनु, अङ्ग फर्फराउनुलाई शुभ मानेका छन् भने त्यसको विपरीत अर्थात् देब्रे भागमा स्त्रीलाई शुभ हुन्छ । भनिएको छ-

उत्पातगण्डपिटका दक्षिणतो वामतस्त्वभीघाताः ।

धन्या भवन्ति पुंसां तद्विपरीताश्च नारीणाम् (बृहत्संहिता,५२।९) ।

दाहिने अङ्गमा कोठी हुनु, दाहिने भाग स्फुरण हुनु शुभ तथा पिठ्युँ र हृदयस्फुरण हुनु अशुभ भन्ने कुराको सङ्केत महर्षि व्यासले यसरी गरेका छन्-

अङ्गदक्षिणभागे तु शस्तं प्रस्फुरणं भवेत् । न शस्तं तु तथा वामे पृष्ठस्य हृदयस्य च ।

लाञ्छनं पिटकं चैव विज्ञेयं स्फुरणं तथा । विपर्ययेणाभिहितं सव्ये स्त्रीणां शुभं भवेत् (अग्निपुराण,२२८।७-८) ।

यी कुराको प्रमाणको रूपमा श्रीमद्भागवतमहापुराणको प्रसङ्गस्मरण गर्नु सान्दर्भिक हुन्छ जुन रुक्मिणीविवाहमा आएको छ । सन्देश लिएर गएका ब्राह्मण नआएकाले चिन्तित बनेकी नववधू रुक्मिणीको बायाँ जाँघ, हात र आँखा फर्फरायो, जसले प्रियतम श्रीकृष्णको आगमनको सङ्केत गरिरहेको थियो । भनिएको छ -

एवम् वध्वाः प्रतीक्षन्त्या गोविन्दागमनं नृप ।

वाम ऊरुर्भुजो नेत्रमस्फुरत् प्रियभाषिणः (श्रीमद्भागवतमहापुराण,१०।५३।२७)

यसबाट के स्पष्ट हुन्छ भने स्त्रीको बायाँ अङ्ग र पुरुषको दायाँ अङ्ग फर्फराउनु, कोठी हुनुलाई शुभ मानिन्छ । अझै रामायणको प्रसङ्ग पनि यहाँ विशेष स्मरणीय र सान्दर्भिक रहेको छ । मर्यादा पुरुषोत्तम श्रीराम र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुग्रीवको मित्रताको बेलामा जगज्जननी माता सीता, बाली र लङ्काका राक्षसहरूको देब्रे आँखा फर्फरायो । जुन सीताको लागि राममिलनको शुभ सङ्केत तथा राक्षसहरूको विनाशको सूचक थियो । जसलाई महर्षि वाल्मीकिले यसरी उल्लेख गरेका छन् -

सीताकपीन्द्रक्षणदाचराणां राजीवहेमज्वलनोपमानि ।

सुग्रीवरामप्रणयप्रसङ्गे वामानि नेत्राणि समं स्फुरन्ति (वाल्मीकिरामायण,४।५।३१) ।

यही शास्त्रीय मान्यता हाम्रो लोकव्यवहारमा रूढ भइसकेको स्पष्ट नै छ।

शरीरका विभिन्न स्थानमा भएका पिटक र तिनका फल

कुनै व्यक्तिको शिरमा चम्किलो कोठी शिरमा छ भने धनसंग्रहको योग बनाउँछ। निधारमा छ भने सौभाग्यको संकेत गर्दछ । यदि दुईवटै आँखीभौंमा छ भने त्यो कोठी दुर्भाग्यको सूचक हो । आँखीभौंको ठिक बिचमा छ भने चाँडै नै स्वजनसित भेट हुन्छ साथै दुराचारी पनि हुने संकेत गर्दछ। आँखाको कुना कुनामा कोठी भए पिर,चिन्ता पर्ने संकेत गर्दछ भने आँखाको नानीमा कोठी छ भने आफूले चाहेको इष्ट दर्शन गर्न सकिने संकेत हो । दुवै आँखाको नानीभन्दा बाहिर कोठी भए प्रव्रज्या योगको संकेत हो। अश्रुस्थानमा भएको कोठीले शोकको संकेत गर्दछ।

वराहमिहिर आफ्नो शास्त्रमा उल्लेख गर्दछन् -

सुस्निग्धव्यक्तशोभाः शिरसि धनचयं मूर्ध्नि सौभाग्यमारा-

द्दौर्भाग्यं भ्रूयुगोत्थाः प्रियजनघटनामाशु दुःशीलतां च ।

तन्मध्योत्थाश्च शोकं नयनपुटगता नेत्रयोरिष्टदृष्टिं

प्रव्रज्यां शङ्कदेशेऽश्रुजलनिपतनस्थानगा रान्ति चिन्ताम् (बृहत्संहिता,५२।२) ।

कुनै स्त्रीको निधार अथवा दुई आँखीभौंको बिचमा कोठी छ भने सुखी, प्रशस्त सम्पत्ति भोग गर्ने र पतिपुत्रले सम्पन्न हुने कुरा दैवज्ञ जीवनाथले आफ्नो शास्त्रमा यसरी उल्लेख गरेका छन् -

मशकोऽपि ललाटपट्टवर्ती यदि जागर्ति स मध्यगो भ्रुवोर्वा ।

तनुते सुखमर्थराशिभोगं सततं पत्युरपत्यभृत्ययोश्च (भावकुतूहल,१०।१०६)

कुनै व्यक्तिको शिरको देब्रेतिर मात्रै कोठी छ हीनताबोधको कारक हुन्छ,त्यस्तै दाहिनेतिर मात्रै कोठी हुँदा धनवृद्धिकारक हुन्छ । निधारको बिचमा कोठी छ भने निःस्वार्थ प्रेम गर्ने हुन्छ । पतिपत्नीको प्रेमवर्द्धक हुन्छ । शान्तिप्रिय, समझदार, विषम परिस्थितिबाट सहजै पार पाउने हुन्छ भने निधारको दाहिनेतिरको कोठी कुनै विषयमा निपुणता हासिल गर्ने संकेत हो भने देब्रेतर्फको कोठीले अनावश्यक खर्च गराउने हुन्छ। कुनै पुरुषको दाहिने निधारमा कोठी छ भने त्यो धनसम्पन्न हुन्छ। आँखीभौंमा कोठी हुने पुरुषले गुणवती पत्नी प्राप्त गर्दछ। आँखाको कोणमा कोठी हुने पुरुष शान्त स्वभावको,नम्र बानी भएको र व्यवसायी हुन्छ।

दुवै आँखीभौंमा भएको कोठी यात्राकारक हुन्छ। दाहिने आँखीभौंमा मात्रै कोठी हुँदा जीवन सुखी हुने संकेत हो भने देब्रेतिर मात्र भएको कोठीले कष्टपूर्ण दाम्पत्य जीवनको संकेत हो । साथै आँखाभित्रको कोठी चाँडै नै भावुकता र संवेदनशीलताको द्योतक हुनुका साथै विपरीतलिङ्गीप्रति बढी झुकाव राख्ने हुन्छ। कसैकसैको मतमा कुनै व्यक्तिको देब्रे वा दाहिने आँखाभित्रै कोठी छ भने त्यस्तो व्यक्ति प्रख्यात हुन्छ। महर्षि पराशरको मतमा निधार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वा दुवै आँखीभौंको बिचमा रातो कोठी छ भने विशेष राजयोग हुन्छ भने गालामा रातो कोठी भए सधैं मिष्टान्न भोजन प्राप्तिको योग बन्दछ । भनिएको छ -

भ्रुवोर्मध्ये ललाटे वा लाञ्छनं राजसूचकम् ।

कपोले मशको रक्तो नित्यं मिष्टान्नदायकः (बृहत्पाराशरहोराशास्त्र,८३।६) ।

त्यस्तै कुनै व्यक्तिको नाकमा कोठी छ भने खुलस्त दिलको हुनुका साथै ईर्ष्याको भावना नराख्ने, साथीभाइसित राम्रो मित्रता कायम गर्ने हुनुका साथै स्वाभिमानी पनि बनाउँछ भने स्वभावमा अलि दुष्ट बनाउँछ त्यस्तै घमण्डी पनि बनाउँछ तर पनि अनुशासित बनाउँछ । साथसाथै नाकको कोठीलाई अल्पायु जीवनको सूचकको रूपमा पनि लिइन्छ । कुनै व्यक्तिको नाकको दायाँ र बायाँ कोठी छ अनि दाँतको बिचमा छिद्र छ भने त्यो अत्यन्त राम्रो हो । ३०,३२ वर्षको उमेरमा सहजै लक्ष्मीप्राप्ति हुन्छ ।

होराशास्त्रअनुसार कुनै महिलाको नाकको टुप्पामा रातो कोठी छ भने त्यसलाई महत्त्वपूर्ण राजकारक मानिन्छ भने कालो कोठी छ भने पुंश्चली र वैधव्यकारकको संकेत गर्दछ।

भनिएको छ -

नासाग्रे लाञ्छनं रक्तं राजपत्न्याः प्रजायते ।

कृष्णवर्णं तु यस्याः सा पुँश्चली विधवाऽथ वा (बृहत्पाराशरहोराशास्त्र,८३।८) ।

नासाग्र भागको मुगाजस्तै चम्किलो रातो कोठी र भ्रमरपंखजस्तै कालो कोठीको बारेमा दैवज्ञ जीवनाथले पराशरको मतलाई हुबहु स्विकारेका छन् । जस्तै -

मशकोऽपि च नासिकाग्रगामी सदृशी विद्रुमकान्तिरर्थदायिनी ।

अलिपक्षनवाभ्ररूपधारी पतिहन्त्री किल पुँश्चली विशेषात् (भावकुतूहल,१०।१११) ।

आचार्य वराह मिहिरको मतमा नाकको कोठीले लत्ताकपडा उपलब्ध गराउँछ । गालाको कोठीले पुत्रप्राप्ति, दुवै ओठमा भएको कोठीले भोजनप्राप्ति, अन्नलाभ, निधार र चिउँडामा भएको कोठीले प्रशस्त धनलाभ गराउँछ । घाँटीमा भएको कोठीले आभूषण तथा मिष्टान्न भोजनको मिल्दछ भने कानमा भएको कोठीले कर्णाभूषण मिल्नुका साथै अनेक ज्ञानविज्ञानले युक्त हुन्छ । भनिएको छ -

घ्राणागण्डे वसनसुतदाश्चेष्ठयोरन्नलाभं

कुर्युस्तद्वच्चिबुकतलगा भूरि वित्तं ललाटे ।

हन्वोरेवं गलकृतपदा भूषणान्यन्नपाने

श्रोत्रे सद्भूषणगणमपि ज्ञानमात्मस्वरूपम् (बृहत्संहिता,५२।३) ।

त्यस्तै अन्य मतमा कुनै व्यक्तिको कानको बिच भागमा र बुढी औंलाको फेदमा तिलकोठी छ भने दीर्घायु हुने संकेत हो । कसैको तिलकोठी तल्लो ओठमा छ भने त्यस्तो व्यक्तिलाई चिल्लो, अमिलो, पिरो असाध्यै मन पर्दछ । साथै त्यो कोठी कामुकताको द्योतक पनि हो । त्यस्तै कुनै व्यक्तिको माथिल्लो ओठ वा नाक र ओठको बिच तथा आसपासमा कोठी छ भने त्यस्तो व्यक्ति मनोरञ्जनमा रमाउने हुन्छ । माथिल्लो ओठमाथि कोठी भएकी स्त्री धनी र सफल भविष्य भएकी हुन्छिन् । त्यस्तै तल्लो ओठमा कोठी हुने स्त्री पतिलाई अति नै प्रेम गर्ने खालकी हुन्छिन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हत्केलामा, गालाको तल्लो भागमा, घाँटीको तल्लो भागमा अथवा कानको तल्लो भागमा कोठी भएकी महिला पतिप्रिया हुने कुराको संकेत जीवनाथ दैवज्ञले गरेका छन् । भनिएको छ -

यदि करे च कपोलतलेऽथवा भवति कण्ठगतं तिलकं तदा ।

श्रुतितलेऽपि च सा पतिवल्लभा वरदृशी मशकामललाञ्छनैः (भावकुतूहल,१०।११३) ।

व्यक्तिलाई लोभी र वाचाल पनि बनाउँछ । तर ओठमुनि भएको कोठीले गरिबीको संकेत गर्दछ । देब्रे वा दाहिने गालाको कोठी अत्यधिक भावुकताको सूचक हो । जिब्रो माथि रातो कोठी कुनै व्यक्तिको छ भने त्यो अल्पभोजी हुन्छ तर कालो कोठी छ भने बोलेको कुरा पुग्ने खालको हुन्छ । गर्दनको कोठीले सुखी, सम्पन्न र आरामदायी तथा सन्मित्रको समागम गराउनुका साथै वचनको पक्का र सबैको भरपर्दो हुन्छ । पूरै शरीर मध्ये कानमा मात्रै कोठी छ भने अल्पायुको संकेत हो । चिउडोमा कोठी हुने व्यक्ति अरुलाई केही नगर्ने तर अरुबाट धेरै आश गर्ने खालको हुन्छ । कुनै पुरुष वा स्त्रीको देब्रे आँखाको मुनि गालामा र छातीमा रातो कोठी छ भने शङ्कास्पद चरित्रको बनाउँछ ।

शिरःसन्धिग्रीवाहृदयकुचपार्श्वोरसि गता

अयोघातं धातं सुततनयलाभं शुभमपि ।

प्रियप्राप्तिं स्कन्धेऽप्यटनमथ भिक्षार्थमसकृद्

विनाशं कक्षोत्था विदधति धनानां बहुमुखम् (बृहत्संहिता,५२।४) ।

अर्थात् शिर र गर्दनको बिचमा कोठी भएमा शस्त्रास्त्रबाट पीडा हुने संकेत हो भने गर्दनमा भएको कोठीले जातकलाई आघात पुग्ने संकेत हो । त्यस्तै हृदयमा कोठी छ भने पुत्रप्राप्तिको योग हुन्छ । स्तनमा कोठी छ भने शोक तथा चिन्ताको संकेत गर्दछ । छाती र काखीमुनि कोठी भएमा प्रियवस्तुको प्राप्ति हुने संकेत हो । काँधमा कोठी भए भिक्षाको लागि भौंतारिनु पर्ने संकेत हो । कोखमा कोठी भए अनेक कारणले धनहानि हुने संकेत गर्दछ । छातीको बिच भागमा कोठी छ भने त्यो व्यक्ति लामो यात्रा गर्ने हुन्छ । कुनै पुरुषको दाहिने छातीमा कोठी छ भने पुत्रीरत्न प्राप्त हुनुका साथै भाग्यवृद्धिको संकेत गर्दछ साथै धेरै माया गर्ने र धेरै माया पाउँने हुन्छ । छातीको देब्रेतिर मात्रै कोठी छ भने ससुराली पक्षबाट सहयोगमा कमी हुने संकेत गर्दछ । गालाको बिचमा रातो कोठी भएकी महिलाका हरेक चाहना पूरा हुन्छन् भने हृदयको कोठीले राज्यसुखोपभोग गराउँछ । भनिएको छ -

मशकोऽपि कपोलमध्यगामी सुदृशो लोहित एवमिष्टदः स्यात् ।

हृदयं तिलकेन शोभितं लसनेनापि च राज्यकारणम् (भावकुतूहल,१०।१०७) ।

कुनै महिलाको देब्रे कान, देब्रे गाला, देब्रे गला र देब्रे हातमा मात्र एक-एक कोठी छ भने पहिलो सन्तानको रूपमा पुत्ररत्न मिल्दछ । त्यस्तै कुनै स्त्रीको काखीमा कुनै ठुलो कोठी छ भने त्यस्ती स्त्री पतिप्रिया र पुत्रवती हुने कुराको संकेत गर्दछ । साथै देब्रे स्तनमा कालो कोठी छ भने स्त्री अति नै सौभाग्यवती हुन्छन्, अनेक ऐश्वर्यले परिपूर्ण भई राजकीय सुखोपभोग गर्ने हुन्छन् । स्तनमा रातो कोठी हुने स्त्रीलाई अनेक पुत्रपुत्रीको माता हुनुको गौरव मिल्दछ भन्ने तथ्य दैवज्ञ जीवनाथको रहेको छ । जस्तै -

लोहितेन तिलकेन मण्डितं सुभ्रुवो हि कुचमण्डलं यदा ।

जायते किल सुताचतुष्टयं बालकत्रयमुदीरितं तदा (भावकुतूहल,१०।१०८) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हृदयको कालो कोठी स्त्रीको सौभाग्यको सूचक हो । महिलाको दाहिनेतर्फ छातीमा रातो कोठी छ भने पारिवारिक सुख र सौभाग्यले सम्पन्न हुने संकेत हो । देब्रे स्तनमा रातो कोठी हुने स्त्रीको सर्वगुणसम्पन्न एउटा मात्र पुत्र हुने कुराको बोध गराउँछ भने दाहिने स्तनको रातो कोठीले पुत्रपुत्री दुवैबाट सुख हुने कुराको ज्ञान हुन्छ । भनिएको छ -

तिलादिलाञ्छनं स्त्रीणां हृदि सौभाग्यसूचकम् ।
यस्या दक्षिणवक्षोजे रक्ते तिलकलाञ्छने ॥
सा सन्ततितितिं सूते सुखसौभाग्यसंयुताम् ।
रक्ताभं तिलकं यस्याः स्त्रिया वामे स्तने भवेत् ॥
एक एव सुतस्तस्या भवतीति विदो विदुः ।
पुत्रीपुत्रयुता ज्ञेया तिलके दक्षिणे स्तने (बृहत्पाराशरहोराशास्त्र,८३।३-५) ।

देब्रे स्तनमा रातो कोठी हुने स्त्रीले यौवनावस्थामा विद्वान् पुत्र जन्मिए पछि वैधव्यको दुःख भेल्नुपर्ने मत दैवज्ञ जीवनाथको रहेको छ । भनिएको छ -

भवति वामकुचेऽरुणलाञ्छनं शुभदृशास्तिलकं कमलप्रभम् ।
प्रथमतस्तनयं परिसूय सा कृतिवरं विधवा तदनन्तरम् (भावकुतूहल,१०।१०९) ।

पृष्ठभागमा कोठी छ भने अनेक दुःखकष्ट नाश गर्दै सुख प्राप्त गर्ने हुन्छ । पाखुरामा भएको कोठी शत्रुगणसंहारको सूचक हो । मणिबन्धमा भएको कोठीले बन्धनमा पर्ने संकेत गर्दछ । हातमा भएको कोठी आभूषण दिलाउने हुन्छ । भनिएको छ-

दुःखशत्रुनिचयस्य विनाशं पृष्ठबाहुयुगजा रचयन्ति ।
संयमं च मणिबन्धनजाता भूषणाद्यमुपबाहुयुगोत्थाः (बृहत्संहिता,५२।५) ।

कुनै व्यक्तिको हत्केलामा कोठी छ र मुठ्ठी पार्दा भित्र पर्दछ भने त्यो अत्यन्त शुभ हुन्छ अर्थात् धनसम्पत्ति आयआर्जन प्रशस्त हुने संकेत हो । तर त्यो कोठी पुरुषको दाहिने हातमा र स्त्रीको देब्रे हातमा हुनुपर्दछ । हातको औंलाको बिच-बिचमा कोठी छ भने त्यो व्यक्ति खानपानको रुचि राख्ने हुन्छ । जता गए पनि उसलाई सानै प्रयासले चाहेजस्तै सामग्री जुट्छन् । कुनै जातकको बृहस्पति पर्वतमा र हत्केलाको ठिक बिचमा पनि कोठी छ भने त्यो विशेष धनयोग हुन्छ, सदैव धनधान्यको वर्षा भइरहन्छ । पुरुषको दाहिने हातमा भएको कोठी भाग्यवृद्धिको सूचक हो । दाहिने पाखुरामा भएको कोठी धैर्यको सूचक हो । कुनै स्त्रीको दाहिने हातमा कोठी छ भने त्यो पतिको लागि अत्यन्त सौभाग्यवृद्धिकारक हुन्छ । अर्थात् त्यस्ती महिलासित विवाह भएपछि पतिको हरेक कार्य पूर्ण रूपले सफल हुन्छ, भाग्य चम्कन्छ । सामान्य हिसाबले कुनै पुरुषको दाहिने हातमा भएको कोठी प्रतिष्ठावृद्धिकारक र देब्रे हातमा भएको कोठी विमति र कुविचारकारक मानिनुका साथै धूर्तताको सूचक पनि हो । त्यस्तै हत्केला पछाडिको कोठी कृपणताको द्योतक हो । कुइनोको कोठी विद्वत्ताको सूचक हो । बुढी औंलाको कोठी कार्यकुशलता, न्यायप्रिय, निडर र स्पष्टवादिताको द्योतक हो भने चोरी औंलाको कोठी विद्वत्ता, सम्पन्नताको सूचक तथा शत्रुपीडाको संकेत पनि हो । त्यस्तै माझी औंलाको कोठीले जीवन सुखमय र शान्तिपूर्ण हुने संकेत गर्दछ । साहिली औंलाको कोठीले व्यक्तिलाई ज्ञानी, यशस्वी, धनी र पराक्रमी बनाउँछ भने कान्छी औंलाको कोठीले व्यक्तिलाई धनी त बनाउँछ तर जीवन दुःखमय बनाउँछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संहिता शास्त्रमा बताइएको छ-

धनाप्तिं सौभाग्यं शुचमपि कराङ्गुल्युदरगाः
सुपानान्नं नाभौ तदध इह चौरैर्धनहृतिम् ।
धनं धान्यं बस्तौ युवतिमथ मेढ्रे सुतनयान्
धनं सौभाग्यं वा गुदवृषणजाता विदधति (बृहत्संहिता,५२।६) ।

अर्थात् हातको कोठीले धनप्राप्ति र औलाको कोठीले सौभाग्यप्राप्ति गराउँछ । पेटको कोठीले सन्ताप बढाउँछ भने नाभिमा भएको कोठीले मिष्टान्न भोजन मिलाउँछ । नाभिभन्दा ठिक तल भएको कोठीले चोरद्वारा धनसम्पत्तिहरणको संकेत गर्दछ । बस्ति भाग(नाभि र जननाङ्गको बिच)मा भएको कोठीले धनधान्यप्राप्तिको संकेत गर्दछ । कमरमा कोठी हुने स्त्री निःस्वार्थप्रेमी हुन्छन् ।

युवतिको नाभिभन्दा तल कोठी हुनु सौभाग्यको संकेत हो । भनिएको छ-

यदि नाभेरधोभागे तिलकं लाञ्छनं स्फुटम् ।
सौभाग्यसूचकं ज्ञेयं मशको वा तनभ्रुवाम् (भावकुतूहल, १०।११२) ।

पराशरका अनुसार बस्ति क्षेत्रमा कोठी हुनु स्त्री र पुरुषका लागि शुभकारक मानिन्छ । कान, गाला, घाँटी अथवा हातमा कोठी भएकी स्त्रीको प्रथम सन्तान पुत्र हुनुका साथै सुख र सौभाग्य यथेष्ट मिल्दछ । जंघामा भएको कोठी कष्टकारक मानिन्छ । होराशास्त्रमा भनिएको छ-

नाभेरधो नृणां स्त्रीणां लाञ्छनं च शुभप्रदम् ।
कर्णे गण्डे करे वाऽपि कण्ठे वाऽप्यथ लाञ्छनम् ॥
प्राग्गर्भे पुत्रदं ज्ञेयं सुख-सौभाग्यदं तथा ।
तिलादिलाञ्छनं विप्र गुल्फदेशे च दुःखदम् (बृहत्पाराशरहोराशास्त्र,८३।९-१०) ।

गुह्याङ्गमा भएको कोठीले स्त्री र सुन्दर सन्ततिको संकेत गर्दछ । गुदामा भएको कोठीले धनलाभ तथा अण्डकोषमा भएको कोठीले सौभाग्यप्राप्तिको संकेत गर्दछ तर कुनै व्यक्तिको शरीरमा अन्त कतै पनि कुनै कोठी छैन मात्र अण्डकोषमा छ भने परस्त्रीप्रति अत्यधिक लोलुपताका कारण पत्नीसँग राम्रो सम्बन्ध हुँदैन, पत्नीलाई दुःखी बनाउँछ । केवल जननेन्द्रियमा मात्र कोठी हुने स्त्री र पुरुषको सोच वासना परिपूर्तिभन्दा अरु हुँदैन । गुप्ताङ्गमा धेरै कोठी हुनु दीर्घ रोग वा डरलाग्दो रोगको संकेत हो ।

कुनै महिलाको गुदाको दाहिनेतिर कालो कोठी छ भने धनधान्यले परिपूर्ण राजरानी हुनुका साथै राजमाता हुने संकेत हो । अर्थात् यस्ती स्त्रीको पुत्र महान् हुनेमा कुनै शङ्का रहदैन । भनिएको छ -

लसति बालमधुव्रतसन्निभं शुभदृशास्तिलकं गुददक्षिणे ।
नरपतेरबला कमलालया नृपमपत्यमरं जनयेदलम् (भावकुतूहल,१०।११०) ।

कुनै स्त्रीको गुप्ताङ्गको देब्रे भागमा कोठी हुनु कन्या सन्तति र दाहिने भागमा हुनु पुत्र सन्ततिको सूचक हो । पाराशरी मतअनुसार जननाङ्गको दाहिने भागमा कोठी हुनु विशेष राजयोगकारक मानिन्छ । भनिएको छ -

भगस्य दक्षिणे भागे लाञ्छनं यदि योषितः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सा हि पृथ्वीपतेः पत्नी सूते वा भूपतिं सुतम् (बृहत्पाराशरहोराशास्त्र,८३।७)।

त्यस्तै रातो कोठी पेटमा छ भने साहसिक कार्यमा सफलता मिन्दछ, सैन्य क्षेत्रमा सम्मान मिल्दछ।

त्यस्तै तिघ्रामा कोठी छ भने वाहनसुख र स्त्रीसुखको कारक हुन्छ। घुँडामा भएको कोठीले शत्रुबाट हानिको संकेत गर्दछ। जंघाको कोठीले शस्त्रास्त्रबाट हुने कष्टको संकेत गर्दछ भने गोली गाँठामा भएको कोठीले यात्राबाट कष्ट तथा बन्धनबाट हुने पीडाको संकेत गर्दछ। भनिएको छ -

ऊर्वोर्यानाङ्गनालाभं जान्वोः शत्रुजनात् क्षतिम्।

शस्त्रेण जङ्घयोर्गुल्फेऽध्वबन्धक्लेशदायिनः (बृहत्संहिता,५२।७)।

अन्य मतमा घुँडाको कोठीले गृहस्थजीवन अर्थात् दाम्पत्यजीवनको सफलताको द्योतन गर्दछ। कुनै स्त्रीको दाहिने घुँडामा कोठी छ भने अत्यन्त गुणवान् पति मिल्ने कुरातर्फ इङ्गित गर्दछ। अर्थात् उसले सोचेजस्तै घरपरिवार र पति प्राप्त हुने संकेत हो।

त्यस्तै फिलामा कोठी भए धनहानि हुने कुराको संकेत मिल्दछ भने कुर्कुच्चामा हुने कोठीले अगम्यगमनको बोध गराउँछ। पैतालामा कोठी भए यात्रा सफल हुने कुरा बुझ्नुपर्दछ। अर्थात् जैवनिक यात्रा सफल हुन्छ। यसो भन्नुको तात्पर्य उच्चपदको भागी हुन्छ, जग्गाजमिन,घर, गाडीलगायत समस्त भौतिक सुखसुविधाले सम्पन्न हुन्छ। बुढी औंलामा कोठी भए कुलश्रेष्ठ हुनुका साथै मानसम्मानको योग बन्दछ भने अरु औंलामा कोठी हुनु बन्धनबाधाको संकेत हो। प्रमाणको रूपमा आचार्य वराहमिहिर यसरी उद्घोष गर्दछन्-

स्फिक्पार्ष्णिपादजाता धननाशागम्यागमनमध्वानम्।

बन्धनमङ्गुलिनिचयेऽङ्गुष्ठे च ज्ञातिलोकतः पूजाम् (बृहत्संहिता,५२।८)।

उपसंहार

यसप्रकार परमात्माको सृष्टि मानव अनि मानव शरीरमा निस्कने विभिन्न स्थानका कोठीको रहस्य रहस्यपूर्ण हुन्छ। एकै ठाउँमा धेरै कोठी हुनुको फल केही मिल्दैन अर्थात् निष्फल हुन्छ। **वामाङ्गे च शुभः स्त्रीणां प्रायः पुंसाञ्च दक्षिणे** अर्थात् स्त्रीको देब्रे अङ्गको र पुरुषको दाहिने अङ्गको कोठी शुभफलदायक हुने शास्त्रको डिण्डिमघोष छ। पूर्व जन्मको शुभाशुभ कर्मको साम्यावस्था नै मानव चोला हो। पूर्व जन्मको कर्मको फल भोग्न र आगामि जन्म तय गर्न मानवले अनेक कर्म गर्दछ। अनि गरेको कर्ममा सफल हुन्छ कि असफल हुन्छ भन्ने ज्ञान मानवकै शरीरको कोठीले बताउँछ। शिरदेखि पैतालासम्मका काला तथा राता कोठीले आयु, विद्या, वित्तलगायत समस्त शुभाशुभ फल बताउँछ। हुनत हिजोआज शारीरिक सौन्दर्यको नाममा कोठीलाई निकाल्ने चलन पनि आएको छ। सूर्यादि ग्रहको सङ्केतको रूपमा निस्किएका ती कोठी घाउखटिराबाट हुने दागबाट जोगाउने हुन्छन्। जन्मजात कोठीले पूर्वजन्मको सञ्चित कर्मको बोध गराउँछ भने पछि आउने कोठीले शुभाशुभ ग्रहजन्य फलको सूचना दिन्छ। कालो कोठीभन्दा रातो कोठीलाई अति नै शुभफलदायक मानिन्छ। यसरी शरीरमा हुने कोठीको वास्तविक ज्ञान हुनु अति नै आवश्यक छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भसूची

अन्नम्भट्ट, (वि.सं. २०३२),तर्कसंङ्ग्रह, दिल्ली : चौखम्बा संस्कृत प्रतिष्ठान। आचार्य,वराहमिहिर, (सन् १९९७), बृहत्संहिता, वाराणसी : चौखम्बाविद्याभवन।

गिरि,रामानन्द, (वि.सं. २०७२), श्रीमद्भागवतमहापुराण-रामानन्दी टीका, (पञ्चम-खण्ड), देवघाटधाम महेश-संस्कृत-गुरुकुलम्।

गिरि, रामानन्द, (वि.सं. २०७३), ईशादि दश उपनिषद्, देवघाटधाम : महेश संस्कृत गुरुकुल।

दीक्षित,भट्टोजि, (सन् १९८५),सिद्धान्तकौमुदी, दिल्ली : चौखम्बा संस्कृत प्रतिष्ठान।

पराशर, (सन् २०१७), बृहत्पाराशरहोराशास्त्र, वाराणसी : चौखम्बा कृष्णदास अकादमी।

वाल्मीकि, (वि.सं. २०६१), वाल्मीकिरामायण, गोरखपुर : गीताप्रेस।

विद्यारण्यमुनि, (सन् १९७८), जीवन्मुक्ति-विवेक, पुणे : आनन्दाश्रममुद्रणालय।

वेदव्यास, (सन् १९५७), अग्निपुराण , कलकत्ता : गुरुमण्डलग्रन्थमालाप्रकाशन, ।

शङ्कराचार्य, (वि.सं. २०५८), तत्त्वबोध, मुम्बई : खेमराज श्रीकृष्णदास।

शङ्कराचार्य, (वि.सं.२०६०), ईशादि नौ उपनिषद्, शाङ्करभाष्य, गोरखपुर : गीताप्रेस।

शर्मा, जीवनाथ, (सन् २०१३), भावकुतूहल, वाराणसी : चौखम्बा सुरभारती प्रकाशन।

शास्त्री, अनन्तकृष्ण, (सन् २००२),ब्रह्मसूत्रशाङ्करभाष्य, दिल्ली : राष्ट्रिय संस्कृत संस्थान

श्रीमद्भगवद्गीता, (वि.सं.२०५७), देवघाटधाम : महेश-संस्कृत-गुरुकुलम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जल तथा मौसम पूर्वानुमानसम्बन्धी ज्योतिषीय विवेचन

हरिप्रसाद पौडेल
उपप्राध्यापक, वाल्मीकि विद्यापीठ

लेखसार

मूलतः मौसम भनेकै ज्योतिषीय ग्रहहरूको सकारात्मक या नकारात्मक प्रभाव हो। आकशीय ग्रहहरूको प्रभाव यो भूमण्डलीय वातावरणमा प्रत्यक्षरूपले परेको हुन्छ। ज्योतिषशास्त्रका तीन शाखाहरू सिद्धान्त,संहिता र होरामध्ये जल तथा मौसम पूर्वानुमान सम्बन्धी विषयको विस्तृत एवम् गम्भीर विवेचना संहिताशाखाले गरेको पाइन्छ। आदिदैविक,आदिभौतिक र आध्यात्मिक गरी तीनप्रकारका दुःखले मानवजातीलाई सताईरहेको हुन्छ। यी तीन प्रकारका तापबाट सम्पूर्ण मानवजातिले दुःख पाईरहेको देखिन्छ। यी मध्ये मौसम आदिदैविक सन्ताप अन्तर्गत पर्दछ। मान्छेले सबैकुरालाई वशमा पार्न सक्दछ तर मौसमलाई आफ्नो वशमा पार्न सक्दैन किन कि यो दैवाधीन विषय हो, त्यसैले त "दैवाधीनं जगत् सर्वम्" यस्तो उक्ति प्रख्यात छ। यसकारण ग्रहनक्षत्रहरूको अधीनमा मौसम निर्भर गर्दछ। पृथ्वी,जल,तेज,वायु, आकाश यी पाँच विषयलाई पञ्चतत्व भनेर जानिन्छ। मौसम अर्थात वातावरण यिनै पञ्चतत्वमा निर्भर रहेकोछ। सारा विश्वब्रह्माण्ड नै त्यही पञ्चतत्वको स्वरूप हो भने हाम्रो शरीर समेत यही पञ्चतत्वले बनेको छ। सूर्य र मंगल तेज तत्वका देवता हुन्, चन्द्रमा र शुक्र जल तत्वका,बुध पृथ्वीतत्वको, गुरु आकाशतत्वका अधिपति देवता हुन् भने शनि वायुतत्वको अधिपति देवता हुन। यिनै नवग्रहहरूको अधीनमा सारा विश्वब्रह्माण्डको मौसम निर्भर रहेको हुन्छ। यसर्थ पनि ज्योतिषशास्त्रले जे जस्तो जल तथा मौसमपूर्वानुमान सम्बन्धी विषयहरूको वर्णन गरेकोछ त्यो यथार्थ सत्य देखिन्छ। अतः यस सम्बन्धी ज्ञानको प्रचार प्रसार गरी व्यवहारमा उतार्न सकेमा ज्योतिषशास्त्रको महत्त्व अझै बढेर जानेछ। सरकारको तर्फबाट जल तथा मौसम विज्ञान सम्बन्धी अध्ययन अनुसन्धानको लागि प्राचीनकालदेखि नै विद्वानज्योतिषीहरू राख्ने प्रचलन रहीआएकोले हाल सरकारी अंगको रूपमा रहेको निकाय जल तथा मौसम विज्ञान पूर्वानुमान महाशाखामा एकैजना भएपनि दैवज्ञ ज्योतिर्विद् अनिवार्य राखिनुपर्दछ भन्ने पनि यस लेखको अशय रहेको छ।

शब्दकुञ्जी – तामसकीलक, प्रवर्षण, रोहिणीशकटभेद, सद्योवर्षण, होरा

विषयप्रवेश

परापूर्वकालदेखि ऋषिमहर्षिहरूले अतिवृष्टि, अनावृष्टि, भूकम्प,उल्का,उत्पात आदि प्राकृतिक प्रकोपहरूको भलीभाँती अध्ययन अनुसन्धान गरी त्यसबाट हुने हानीनोक्सानी सम्बन्धी क्षति न्यूनीकरण र निराकरणका उपायहरूको बारेमा जानकारी दिने उद्देश्यले ज्योतिषशास्त्रमा यस सम्बन्धी विषयको विस्तृत अध्ययन अनुसन्धान गरेको पाइन्छ। आधुनिक पाश्चात्यपद्धति प्रयोगमा आउनु भन्दा अगाडि जल तथा मौसम विज्ञान सम्बन्धी अध्ययन गर्ने एकमात्र आधार ज्योतिषशास्त्र थियो। ज्योतिषीहरूले नै पञ्चाङ्ग अर्थात् पात्रो मार्फत यससम्बन्धी विषयको बारेमा जानकारी गराउने गर्दथे। जसमा वृष्टियोगसम्बन्धी तिथिमिति तोक्नुका साथै अतिवृष्टि, अनावृष्टि, उल्का, उत्पात, भूकम्प आदि प्राकृतिक प्रकोप सम्बन्धी जानकारी दिने प्रचलन रही आएकोमा यथामति अहिलेसम्म कुनै न कुनै रूपमा कायम भएको छ। प्राचीनकालदेखि नै राज्यले प्राकृतिकप्रकोप सम्बन्धी अध्ययन गरी त्यसबाट हुने हानीनोक्सानी सम्बन्धि क्षति न्यूनीकरण गर्ने उद्देश्यले ज्योतिषीहरू नियुक्त गरेको हुन्थ्यो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृषिकार्यको लागि त ज्योतिषशास्त्र अति उपयोगी र लाभदायक रहेकोछ । कृषिविज्ञानको निकटतम सहयोगीको रूपमा ज्योतिषशास्त्रलाई लिने प्रचलन परापूर्वकालदेखि नै रहीआएको थियो । ज्योतिषशास्त्रको संहिताशाखाले कृषिसम्बन्धी विषयको विस्तृत विवेचना गरेको पाइन्छ। पूर्वकालमा ज्योतिषीय आधारमा खेतीपाती गर्ने प्रचलन रहेको थियो भने आजकल पनि ज्योतिषीय वृष्टियोगहरू हेरेर बिउ राख्ने परम्परा ग्रामीण क्षेत्रमा रहीआएको पाइन्छ। कुनै पनि काम गर्दा सबैतर्फबाट राम्रोसंग सोचविचार गरेर गर्नुपर्छ। कुनै सोचविचार नै नगरीकन गरेको कामको परिणाम दुःखदायक हुनसक्दछ। ठिक अन्नबाली पाक्ने बेलामा उपद्रवहरू आइपरेमा गरेको सम्पूर्ण दुःख त्यसै खेर जान्छ। अतः समयलाई विचार गरेर काम गर्नु राम्रो हुन्छ। ज्योतिषशास्त्रमा कृषिको लागि आवश्यक पर्ने भूमि जल सम्बन्धी ज्ञान, वृक्षरोपण प्रविधि, वगैंचा वाटिका निर्माण विधि , अन्नबालीमा लाग्ने रोगहरूको उपचारविधि वृष्टियोगहरू, अतिवृष्टि, अनावृष्टि, उल्का, उत्पात आदिहरूको बारेमा राम्रोसंग वर्णन गरेको पाइन्छ। जसको पूर्वविचार गर्नाले ठुलो हानिनोक्सानी हुनबाट जोगिन सकिन्छ र राम्रो प्रतिफल समेत लिन सकिन्छ। यी सबै विषयहरूको वर्णन यहाँ अहिले गरेर सम्भव छैन तसर्थ केही उपयोगी वृष्टिविचार गर्ने केही प्रमुख आधारहरू र मौसम पूर्वानुमान सम्बन्धी ज्योतिषीय विधिको बारेमा जानकारी यहाँ दिन गईरहेकोछु।

समस्या र उद्देश्य

यहाँ मुख्य व्याख्येय विषय जल तथा मौसम विज्ञान रहेको छ र यस विषयसंग सम्बन्धित समस्याहरू यसप्रकार रहेकाछन्

क) जल तथा मौसम पूर्वानुमान गर्ने ज्योतिषीय आधारहरू के के हुनसक्दछन् ?

ख) जल तथा मौसम सम्बन्धी कारणले हुने क्षतिको न्यूनीकरण गर्ने उपायहरू के के हुन् ?

ग) यस सम्बन्धी विषयलाई व्यावहारिक प्रयोगमा कसरी ल्याउन सकिन्छ ?

घ) यस विषयको अध्ययनले सामाजिक कल्याण कसरी गर्नसक्दछ ?

यस विषयसंग सम्बन्धित प्रस्तुत समस्याहरूको समाधानको उपायहरूको बारेमा प्रकाश पार्न खोज्नु नै यस लेखको मुख्य उद्देश्य रहेकोछ । सरकारको जल तथा मौसम विज्ञान पूर्वानुमान महाशाखामा ज्योतिषशास्त्रज्ञ विद्वानलाई समेत समावेश गरिनुपर्दछ भन्ने आशयको बारेमा प्रकाश पार्नु पनि यसको मुख्य उद्देश्य रहेकोछ।

अनुसन्धान विधि

यस आलेखमा प्रस्तुत समस्याहरूको समाधान हेतु मुख्य रूपले विश्लेषणात्मक विधिको प्रयोग गरिएकोछ।

मूल विषय – जल तथा मौसम विज्ञान पूर्वानुमान सम्बन्धी ज्योतिषीय विवेचना

जल तथा मौसम विज्ञानका साथसाथै अतिवृष्टि, अनावृष्टि,भूकम्प, उल्का उत्पात आदि प्राकृतिक प्रकोप सम्बन्धी गहिरो अध्ययन अनुसन्धान ज्योतिषशास्त्रको वराहमिहिराचार्यद्वारा विरचित बृहत्संहितामा गरेको पाइन्छ । प्राचीन कालमा आकाशमण्डलमा हुने उल्का उत्पातहरूको निरीक्षण गरी त्यसबाट हुने शुभाशुभ फलसम्बन्धी सूचना प्रवाहित गर्नको लागि आकाशनिरीक्षण गर्न भनी चारजना ज्योतर्विदहरू अहोरात्र खटिएर बसेका हुन्थे । जसमध्ये एकजनाले पूर्वदिशातर्फ दोस्रोले दक्षिण, तेस्रोले पश्चिम र चौथोले उत्तरदिशाको निरीक्षण अहोरात्र गर्नुपर्दथ्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुनदिशामा उल्का उत्पात आदि देखिन्थ्यो त्यसले मौसममा पार्ने प्रभाव र असर सम्बन्धी सूचना र सावधानी सरकारलाई अवगत गराउनुपर्दथ्यो[1] र सरकारले जनतालाई सुसूचित गराउने नियम रहेको थियो ।

अन्नं जगतः प्राणाः प्रावृट् कालस्य चान्नमायात्तम् ।
यस्मादतः परीक्ष्य प्रावृट्कालः प्रयत्नेन[2] ॥

कलौ अन्नगताः प्राणाः अर्थात् कलियुगमा प्राण अन्नमा अडिएकोछ । अन्नपानीको अभावमा हाम्रो जीवन छैन । अन्नको उत्पादन वर्षामा निर्भर गर्दछ र ज्योतिषशास्त्रको संहिताग्रन्थमा वर्षा सम्बन्धी विषयको अध्ययन अनुसन्धान व्यापकरूपले गरेको पाइन्छ । आकाशमा मेघको गर्भधारणका साथै गर्भलक्षण, गर्भवृद्धि, प्रवर्षणयोग, रोहिणी-स्वाती-आषाढीयोग, वातचक्रयोग र सद्योवर्षणयोग गरी ९ अध्यायमा वृष्टिसम्बन्धी विषयको वर्णन गरेकोछ । जसको अध्ययन गरी त्यसलाई व्यावहारिक प्रयोगमा ल्याउनसकेमा हाम्रो समाज र देशको मात्र नभई सम्पूर्ण जगतको भलाई हुनेमा शङ्का छैन । ज्योतिषशास्त्रमा वर्षाविचार गर्ने धेरै विधिहरू भएपनि प्रमुखरूपमा भने चार अवस्थाको वर्णन मुख्यरूपले गरेको देखिन्छ । ती हुन् १. गर्भधारणयोग २. गर्भवृद्धियोग ३. प्रवर्षणयोग र ४. सद्योवर्षण अर्थात मनसुनयोग ।

मेघको गर्भधारण र मनसुन समय विचार

वर्षाको लागि मेघको (बादलको) आवश्यकता पर्दछ । आकाशमा बादल नलागीकन पानी पर्दैन । बादलको बीजारोपण नै मेघको गर्भधारण हो । जसरी प्राणीहरूको गर्भधारण भएपछि त्यो गर्भ बढ्दै गएर दशौं महिनामा गर्भ पूर्ण भएपछि जन्म हुन्छ ठिक मेघको पनि त्यही प्रक्रिया हुन्छ । शरद ऋतुमा आकाश सफा हुन्छ । जब हेमन्त ऋतु(मंसीर) लाग्दछ त्यसपछि मेघको गर्भधारण हुन्छ । मंसीर या पुस महिनामा पहिलोपल्ट जुन दिन आकाशमा बादल देखिन्छ,आकाशमा गड्याङ्गुडुङ्को आवाज सुनिन्छ या पूर्वी शीतलवायुका साथ मन्द मन्द पानी पर्छ , या त सन्ध्याकालमा इन्द्रधनु, प्रतिसूर्य देखिन्छ भने त्यही दिन बादलको गर्भधारण भएको मानिन्छ । त्यो मेघ प्रतिदिन बढ्दै जान्छ र असार साउनमा पूर्ण भएपछि वर्षाको रूपमा झर्नथाल्दछ यसैलाई नै मनसुन प्रारम्भ भएको मानिन्छ । मंसीर या पुस महिनामा जुनदिन आकाशमा बादलको गर्भधारण हुन्छ त्यस दिनदेखि ठिक १९५ दिन पश्चात् मनसुन प्रारम्भ हुन्छ ।[3]

प्रायशः वर्षा कहिले कहिले हुन्छ ?

प्रायः गरेर ग्रहहरूको उदयास्त समयमा,ग्रहयुद्ध र ग्रहयुतिको समयमा,ग्रहसमागमको अवस्थामा, संक्रान्ति, औंशि पूर्णिमा, अयनपरिवर्तन अर्थात् माघे संक्रान्ति र साउने संक्रान्तिमा अनि सूर्य आर्द्रा नक्षत्रमा गएको दिनमा प्रायशःपानी पर्ने गर्दछ[4] ।

---

१. न चैकाकिना शक्यन्तेऽहर्निशमवधारयितुं निमित्तानि । तस्मात् सुभृतेनैव दैवज्ञेनान्येऽपि तद्विदश्चत्वारः कर्तव्याः । तत्रैकेनैन्द्री चाग्नेयी च दिगमवलोकयितव्या । याम्या नैर्ऋती चान्येनैवं वारुणी वायव्या चोत्तरा चैशानी चेति । यस्मादुल्कापातादीनि शीघ्रमपगच्छन्तीति तस्याश्चाकारवर्णस्नेहप्रमाणदिग्रहर्क्षोपघातादिभिः फलानि भवन्ति । – बृहत्संहिता, सांवत्सरसूत्राध्यायः

२. बृहत्संहिता, गर्भलक्षणाध्यायःश्लोक १

३. यन्नक्षत्रमुपगते गर्भश्चन्द्रे भवेत् स चन्द्रवशात् ।
पञ्चनवते दिनशते तत्रैव प्रशवमायाति ॥
सितपक्षभवाः कृष्णे शुक्ले कृष्णा द्युसम्भवा रात्रौ ।
नक्तंप्रभवाश्चाहनि सन्ध्याजाताश्च सन्ध्यायाम् ॥ बृहत्संहिता,गर्भलक्षणाध्यायः,श्लोक ७-८

४. प्रायो ग्रहाणां उदयास्तकाले समागमे मण्डलसंक्रमे च ।
पक्षक्षये तीक्ष्णकरायनान्ते वृष्टिर्गतेऽर्के नियमेन चार्द्राम् ॥ बृहत्संहिता,सद्योवर्षणाध्यायः,श्लो. २०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तत्काल वृष्टिको लागि केही अन्य लक्षणहरू यसप्रकार छन्- रातिमा भ्यागुता खूबसित कराउनु, बिरालोले बारम्बार भूमि खोस्रनु, फलाम या काँशमा कालोपन या गन्ध आउनु, चन्द्रमाको वरिवपरि परिवेष देखिनु तत्काल पानी पर्ने संकेत हो। सूर्योदयको बेलामा या सूर्यास्त समयमा इन्द्रधनु देखिनु,प्रतिसूर्य देखिनु, गाई भैसी,कुकुर आदि घरपालुवा जनावरहरू आकाशतिर फर्केर कराउनु, छेपाराहरू रुखमाथि चढेर आकाशतिर हेरेर बस्नु, सर्पहरू रुखमाथि चढ्नु, एक्कासी अत्यन्त गर्मी बढ्नु, सूर्यको किरण अत्यन्त कडा हुनु, रातीमा जुनकिरीहरू पानीको नजीक जानु, आदि प्राकृतिक लक्षणहरू देखिएमा तत्कालै पानी पर्दछ[५]। त्यस्तै प्रकारले रातमा बादल गर्जन्छ र दिनमा बिजुली चम्कन्छ यदि भने पनि त्यसदिन पानी पर्दछ। त्यस्तै पूर्वी चिसो हावा चल्नु, कमिलाहरूले बिनाकारण अण्डाहरू एक ठाउँबाट अर्को ठाउँमा ओसार्नु, पशुपंक्षीहरू सूर्यतिर मुख गरेर कराउनु,एक्कासी अत्यन्त गर्मीको अनुभव हुनु, नुनमा या पानीमा विकार उत्पन्न हुनु तत्काल पानी पर्ने संकेतहरू हुन्।

त्यस्तै प्रकारले बुध र शुक्रको युतिकालमा अथवा बुध र गुरुको या त गुरुशुक्रको समागमको समयमा पानी पर्दछ भने मंगल र शनिको युतिसमयमा आँधीबेरीको भय हुन्छ[६]। यदि मेघको गर्भधारणकालमा मन्द वायुका साथ हल्का मेघगर्जन र बिजुली चम्किदै यदि मन्द मन्द वर्षा हुन्छ भने त्यसकिसिमको गर्भधारण धैरै राम्रो मानिन्छ। यस्तो गर्भधारण भएमा त्यस वर्ष मनसुन राम्रो हुन्छ।

जलमापन गर्ने प्राचीन प्रविधि

आकाशे पानी कति पऱ्यो भन्ने जान्नको लागि एक हात गहिरो र चौडा भाँडो बनाउने यदि सम्भव नभएमा खाडल बनाई त्यसमा खसेको पानीको परिमाणको आधारमा वर्षातको जलप्रमाण मापन गर्ने प्रविधि प्राचीनकालमा थियो। पुरानो परम्परामा लिटरको प्रयोग नभएकाले पल, आढक र द्रोणको आधारमा नाप्ने प्रचलन थियो। पचासपलाको एक आढक र चार आढक बरावर एव द्रोण हुन्छ।

वर्षा विचारको लागि रोहिणी,स्वाती र आषाढीयोगसम्बन्धी फल

आषाढ महिनाको कृष्णपक्षमा रोहिणीचन्द्रयोगको विचार गर्नुपर्दछ भने आशाढशुक्लपक्षमा स्वाती र आषाढीयोगको विचार गर्नुपर्दछ। जुनदिन चन्द्रमा यी नक्षत्रहरूमा जान्छ त्यस दिनको रात्रिमा यदि वर्षा भयो भने त्यो वर्ष मनसुन राम्रो हुनुका साथै अन्नबालीहरूको उत्पादन राम्रो हुनाले लोकमा सुभिक्ष हुन्छ। यसको विपरीत उक्त योगको दिनमा पानी नपर्नु, हावा बेस्सरी चल्नुका साथै आकाशमा उल्का उत्पात आदि यदि देखियो भने त्यस वर्ष ठुलो अनिकाल, माहामारी, दुर्भिक्ष हुन्छ।

रोहिणीशकटभेदन सम्बन्धी अनिष्टफल

आषाढकृष्णपक्षको रात्रीमा दुई विक्षेपांशले युक्त रोहिणीनक्षत्रको दक्षिणतर्फबाट यदि चन्द्रमा जान्छ भने त्यसलाई रोहिणीशकटभेद भनिन्छ। यस्तो भएमा त्यस वर्ष ठुलो महामारी,अतिवृष्टि,अनावृष्टि,अनिकाल र ठुला प्राकृतिक दुर्घटनाहरू आइपर्दछन्। यसप्रकार रोहिणीनक्षत्रलाई स्पर्श गर्दै यदि दक्षिणतर्फबाट चन्द्रमा जान्छ भने त्यस वर्ष सर्वथा नराम्रो हुन्छ। यदि रोहिणीनक्षत्रलाई स्पर्श गर्दै या त स्पर्श नगरीकनै पनि उत्तरतर्फबाट चन्द्रमा जान्छ भने

---

५ मार्जारा भृशमवनिं नखैर्लिखन्तो लोहानां मलनिचयः सविस्रगन्धः।
रथ्यानां शिशुरचिताश्च सेतुबन्धाः सम्प्राप्तं जलमचिरान्निवेदयन्ति॥ बृहत्संहिता,सद्योवर्षणाध्यायः,श्लो.५

६. पवनसलिलविद्युद्गर्जिताऽभ्रान्वितो यः स भवति बहुतोयः पञ्चरूपान्वितो यः।
विसृजति यदि तोयं गर्भकालेऽति भूरि प्रसवसमयमित्वा शीकराम्भः करोति॥ बृहत्संहिता,गर्भलक्षणाध्यायः,श्लोक ३७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसवर्ष सुवृष्टि हुनाले अन्नबालीको उत्पादन राम्रो हुन्छ ।[७] ज्योतिषशास्त्र मौसमपूर्वानुमान सम्बन्धी शास्त्र पनि हो । मौसम समयमा निर्भर गर्दछ भने समयको अध्ययन गर्ने शास्त्र नै ज्योतिषशास्त्र हो । समयरूपी कालपुरुषको आत्मा सूर्य,मन चन्द्रमा,बल मंगल,वाणी बुध,ज्ञान बृहस्पति,सुख भोग शुक्र हो भने शनि दुख हो । त्यस्तै प्रकारले सूर्यचन्द्र राजा, मंगल नेता, बुध राजकुमार,बृहस्पति र शुक्र मन्त्री हुन् भने शनि भृत्यग्रह हो । यिनै नवग्रहको आधारमा दिनरात, हप्ता, महिना, अयन, ऋतु, वर्ष आदि परिवर्तन भईरहन्छन् । जगतमा सुभिक्ष, दुर्भिक्ष, उल्का, उत्पात, महामारी, भूकम्प आदि कारणहरूले गर्दा मौसम परिवर्तन भईरहन्छ । ज्योतिषशास्त्रको अध्ययनबाट मौसमको पूर्वानुमान गर्न सजिलो हुन्छ

ग्रहविकृतिको आधारमा मौसममा अनिष्टता – नवग्रहरूमा अनेकप्रकारका विकारहरू यदाकदा देखिन्छन्,जसले जगतमा सर्वथा अनिष्टफल मात्र आइपर्दछ । यस विषयको वर्णन वराहमिहिराचार्यले बृहत्संहितामा ग्रहचारमा भलिभाँती वर्णन गरेकाछन् । ती मध्ये केही संक्षिप्तरूपमा यहाँ उल्लेख गर्दछु ।

तामसकीलक – यी सूर्यमण्डलमा देखिने कालो धब्बाहरू हुन् । यी तेत्तीसप्रकारका हुन्छन् जसलाई राहुपुत्र केतुका नामले चिनिन्छ । सूर्यमण्डलमा यस्ता काला दाग या धब्बाहरू देखिएमा ठुलो आधीबेरी आउने,आगलागी एवम् भूकम्पको भय, ऋतुविपरीत मौसम परिवर्तन हुने, दिग्दाह, निर्घात आदि उत्पातहरू आइपर्दछन् ।[८]

उल्का,उत्पात आदिबाट हुने मौसम सम्बन्धी पूर्वानुमान – आकाशमण्डलमा उल्कापातहरू भएमा त्यसको वर्ण,स्थान,आकार आदि लक्षणको आधारमा शुभाशुभफलको पूर्वानुमान गर्न सकिन्छ । आकाशमण्डलमा कुनै तारा जस्तो चम्कीलो आकारको कुनै नयाँ कुरा देखिनु, ठुलो चट्याङ पर्नु, आगाको ज्वाला खस्नु, तारा खसेको देखिनु आदि उल्काहरू हुन् । यी जुन ग्रह या नक्षत्रको नजीक देखिन्छन् भने त्यसग्रहनक्षत्रसंग सम्बन्धित स्थान र देशमा ठुलो प्राकृतिक अनिष्टको संकेत जनाउँछ ।[९] जे कुराहरू प्रकृतिको विपरीतरूपमा देखिन्छन् ती सबै उत्पातहरू हुन् । दिव्य,अन्तरिक्ष र भौम गरी तीनप्रकारका उत्पातहरू हुन्छन् । केराको बोटमा दुईवटा घरी पसाउनु, गाईबाखाहरूको पाँचवटा खुट्टा हुनु, अधिक अंग या हीनाङ्गले जन्मनु, देवताको मूर्तिमा पसिना आउनु, ज्वालामुखी विस्फोट हुनु, भूकम्प, अतिवृष्टि, अनावृष्टि, भूक्षय आदि प्राकृतिक उपद्रवहरू सबै उत्पातहरू हुन् । मान्छेले गरेका दुष्कर्मबाट पापको घैंटो भरिएपछि यसप्रकारका उत्पातहरू आउने गर्दछन् भनेर शास्त्रहरूमा बताएको छ ।[१०]

यस्तै प्रकारले पानीमा आगो देखिनु र हतियारमा ज्वाला आएको देखिएमा अग्निभय र राजाको मरण हुन्छ । जंगलमा आफै आगो लाग्नु र ज्वालामुखी न आउने ठाउँमा ज्वालामुखी आयो भने ठुलो आँधीबेरी र अग्निभयका साथै महामारीरोगको पूर्वानुमान हून्छ । घर अगाडिको रुखको ठुलो हाँगो बिनाकारण भाँच्चियो भने घरमूलिको विनाश हुन्छ । केरा,धान,गहुँ आदि बालिहरूमा दुई तीनबटा फल लागेमा पनि मालिकको मरण हुन्छ । वर्षा ऋतुबाहेक अन्य समयमा एक हप्तासम्म वर्षा भएमा रोगव्याधिको साथै अन्नबालीको नाश हुने पूर्वानुमान शास्त्रकारहरूले

७. कालात्मा दिनकृन्मनश्च हिमगुः सत्वं कुजो ज्ञो वचो जीवो ज्ञानसुखे सितश्च मदनो दुःखं दिनेशात्मजः ।
राजानौ रविशीतगू क्षितिसुतो नेता कुमारो बुधः सूरिर्दानवपूजितश्च सचिवौ प्रेष्यः सहश्रांशुजः ॥ बृहज्जातकम्,ग्रहयोनिभेदाध्यायः श्लो.१

८. तामसकीलकसंज्ञा राहुताः केतवस्त्रयोत्रिंशत् ।
वर्णास्थानाकारैस्तान् दृष्ट्वार्के फलं ब्रूयात् ॥ बृहत्संहिता,आदित्यचाराध्यायः,श्लो.७

९. नक्षत्रग्रहघातैस्तद्भक्तीनां क्षयाय निर्दिष्टा ।
उदये घ्नन्ति रवीन्दू पौरेतरमृत्यवेऽस्ते वा ॥ बृहत्संहिता,उल्कालक्षणाध्यायः,श्लो.१७.

१०. अपचारेण नराणामुपसर्गः पापसंचयाद् भवति ।
संसूचयन्ति दिव्यान्तरिक्षभौमास्त उत्पाताः ॥ बृहत्संहिता,उत्पाताध्यायः,श्लो.२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बताएकाछन् । यसप्रकारका उत्पातहरू देखिएमा त्यसको शान्ति राज्यले गर्नुपर्दछ अन्यथा ठुलो जनधनको क्षति हुन्छ।[११]

भूकम्पसम्बन्धी पूर्वानुमान र यसले मौसममा पार्ने असर

भूकम्प कहिले र कुन समयमा जान्छ भनेर अहिले सम्म कुनैपनि शास्त्रले ठोकुवा गरेर स्पष्टरूपमा तिथिमिति तोकेर बताएको छैन तर पनि ज्योतिषशास्त्रले भूकम्पसम्बन्धी पूर्वानुमानका लक्षणहरू व्यापकरूपले बताएको छ । गएका ठुला भूकम्प हुनुभन्दा अगाडि त्यस सम्बन्धी लक्षणहरू स्पष्टरूपमा देखिएका पनि थिए। भूकम्प सम्बन्धी जुन लक्षणहरू ज्योतिषशास्त्रको बृहत्संहितामा बताएको छ ती लक्षणहरूलाई यदि राम्रोसंग बुझेर ठम्याउन सकेमा भूकम्प आउने पत्ता लगाउन सकिन्छ। आग्नेयी भूकम्प, वायव्य भूकम्प, वारणीभूकम्प र ऐन्द्रीभूकम्प गरी चारप्रकारका भूकम्पको बारेमा बृहत्संहितामा बताएको छ। ज्योतिषशास्त्रका तीनवटा शाखाहरू मध्ये प्राकृतिक प्रकोपहरू जस्तै भूकम्प, उल्का, उत्पात आदि विषयहरूको अध्ययन संहिताको मुख्य विषय हो। यसले ग्रहनक्षत्रहरूको गति, चार, उदयास्त, वक्रमार्ग, ग्रहयुति, ग्रहयुद्ध ग्रहसमागम, ग्रहवर्षफल, वर्षाविचार, परिवेश, उल्का दिग्दाह, भूकम्प जस्ता विषयहरूको अध्ययन राम्रोसंग गर्दछ ।

जुन वर्ष राजा शनि र मन्त्री मंगल हुन्छन् त्यस वर्ष भूकम्प जस्ता प्रकृतिक उत्पातहरू आइपर्ने, अतिवृष्टि अनावृष्टि हुने, रोगव्याधीको भय, महामारी फैलने,प्राकृतिक उत्पातहरूद्वारा धेरै ठुलो जनधनको क्षति हुने, भोकमरी,राजनैतिक संकटहरू उत्पन्न हुन्छ भनेर ज्योतिषशास्त्रमा बताएकोछ। ७२सालमा राजा शनि र मन्त्री मंगल पर्नगएका थिए । ज्योतिषशास्त्रको बृहत्संहितामा भूकम्पका ४ कारणहरू बताएकोछ जसमध्ये १.अग्नि सम्बन्धी कारणले हुने आग्नेय भूकम्प, २.वायु ग्यास सम्बन्धी कारणले हुने वायव्य भूकम्प ३.जलसम्बन्धी कारणले हुने वारुणी भूकम्प र ४.पर्वत सम्बन्धी कारणले हुने ऐन्द्री भूकम्प । यी मध्ये प्लेटपरिवर्तनको कारणले हुने ऐन्द्रीभूकम्प हो।

भूकम्पको विस्तार र प्रभाव - वायव्यभूकम्पको विस्तार केन्द्रविन्दुबाट दुईसय योजन सम्म, आग्नेयभूकम्प एकसय दशयोजन सम्म, वारुणीभूकम्पको विस्तार एकसय असी योजन र ऐन्द्रीभूकम्पको विस्तार केन्द्रस्थानबाट एकसय साठी योजनसम्म पुग्दछ ।[१२] भूकम्पले मौसममा धेरै ठुलो प्रभाव पार्दछ। ठुला भूकम्प गएपछि पानीका मुहानहरूसुक्ने, महामारी, रोगव्याधीको प्रकोप बढेर जाने, कीराफट्याङ्ग्राहरू बढ्नाले अन्नबालीको उत्पादकत्वमा कमी आउने जस्ता असरहरूको बारेमा ज्योतिषशास्त्रमा बताएकोछ। भूकम्प एक किसिमको प्राकृतिक उत्पात भएकाले यसले मौसम परिवर्तनमा ठुलो प्रभावन पार्दछ ।

भूकम्पपूर्वानुमानका लक्षणहरू - यी भूकम्प जानुभन्दा १ हप्ता १५ दिन या १ महिना पहिले देखिबाट नै आकाश धमिलो भईरहने,दिशाहरू नखुल्ने, ग्रहनक्षत्रको किरणहरू मलीन हुने , बेमौसमी वर्षा भईरहने, आधीबेरीका साथै वायुसम्बन्धी प्रकोप भईरहने, अग्निसम्बन्धी प्रकोपहरू बारम्बार भइरहने , तारा खस्ने, आकाशमा उल्का उत्पातहरू देखिने, घरपालुवा जनावर कुकुर,गाईभैसीहरू रुने, जस्ता संकेतहरू लाक्षणिक रूपमा देखिन्छन् जसको आधारमा यी भूकम्प जानसक्ने पूर्वानुमान गर्न सकिन्छ।

---

११. मन्त्रैराग्नेयैः क्षीरवृक्षात् समिद्भिर्होतव्योऽग्निः सर्षपैः सर्पिषा च ।
अग्न्यादीनां वैकृते शान्तिरेवं देयं चास्मिन् काञ्चनं ब्राह्मणेभ्यः ॥ बृहत्संहिता,उत्पाताध्यायः,श्लो.२४

१२. चलयति पवनः शतद्वयं शतमनलो दशयोजनान्वितम् ।
सलिलपतिरशीति संयुतं कुलिशधरोऽभ्यधिकं च षष्टितः ॥ बृहत्संहिता,भूकम्पलक्षणाध्यायः,श्लो.२८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यी लक्षणहरू ७२ सालको भूकम्प जानुभन्दा १ महिना पहिले देखिबाट नै देखिएका थिए । बेमौसमी वर्षा वारम्बार भईरहेको थियो, आकाश सधैं जसो मलीन हुन्थ्यो, ग्रहनक्षत्रका किरणहरू पनि मलीन थिए, सफा दिन प्रायशः कहिल्यै जसो देखिन्नथ्यो । कुनैपनि अनिष्टकारक घटनाहरूका संकेतहरू पूर्वसूचनाका रूपमा आईरहेका हुन्छन् त्यस कुरालाई ज्योतिषीहरूले ठम्याउनुपर्दछ, ठम्याउन नसक्नु भनेको हाम्रो कमीकमजोरी हो ।

ज्योतिषशास्त्र मानवजीवनका साथै प्रकृतिक आपतविपत सम्बन्धी विषयहरूको पूर्वानुमान गर्ने शास्त्र हो । काल सर्वद्रष्टा, सर्वव्यापक, सर्वशक्तिमान र सर्वज्ञ पनि छ त्यसकारण कालले नेदेखेको नजानेको कुनैपनि विषय यस संसारमा छैन । कालले हाम्रा बाजे बराजुहरूलाई पनि देखेको थियो र आगामी सन्ततिहरूलाई पनि देख्नेछ । समयको अगाडि कुनैपनि कुरा लुकेको हुँदैन त्यसकारण पनि काललाई जान्न र बुझ्न सकेमा सबैकुराहरूको जानकारी पाइन्छ । कुनैपनि आइपर्ने घटनाको पूर्व जानकारी समयले दिईरहेको हुन्छ र त्यही समयको अध्ययन गर्ने शास्त्रलाई नै ज्योतिषशास्त्र भनिन्छ । अतः यस शास्त्रले समयलाई चिन्न र जान्न सिकाउँछ । समयलाई विचार गरी त्यसअनुसार हुनसक्ने भावी घटनाहरूको बारेमा जानकारी जसले गराउन सक्दछ त्यो नै वास्तविक ज्योतिषी कहिन्छ ।[१३]

उपसंहार

हाम्रो पूर्वीय सभ्यता, ज्ञान र विज्ञान धेरै समृद्ध भएर पनि त्यसलाई व्यवहारमा प्रयोग गर्न नसक्नु नै हाम्रो कमी कमजोरी हो । आफ्नो समृद्ध ज्ञानको भण्डारलाई थप नयाँ खोज अनुसन्धानका साथ अगाडि बढाउँदै लगेमा मात्र हामी समृद्धिको शिखरमा पुग्न सक्दछौं । ज्यातिषशास्त्र गणितको साथै विज्ञानको समेत जननी हो । पाश्चात्य गणितपरम्परामा ज्यामिती र बीजगणितका सबै विषयहरू पूर्वीय ज्योतिषशास्त्रबाट लिइएको देखिन्छ । ज्योतिषशास्त्र एक प्रत्यक्ष प्रमाणको आधारमा स्थापित शास्त्र भएकाले यसलाई नकार्न सकिदैन । ज्योतिषशास्त्रका पनि तीन शाखाहरू सिद्धान्त, संहिता र होरा रहेका छन् । सिद्धान्तले ग्रहगणितका साथै सम्पूर्ण खगोल सम्बन्धी विषयको व्यापक अध्ययन गर्दछ भने संहिताशाखाले विशेषगरी प्राकृतिक प्रकोप, उल्का, उत्पात, अतिवृष्टि, अनावृष्टि, भूकम्प जस्ता प्राकृतिक विषयहरूको विस्तृत अध्ययन गर्दछ । ज्योतिषशास्त्रको अर्को शाखालाई होरा भनिन्छ । यसले मानवजीवनको रहस्यको उद्घाटन गर्दछ । मान्छेको आयु,कर्म,विद्या,भाग्य,मृत्यु आदि विषयहरूलाई यसले बताउँछ । त्यसैले त अहिलेको वैज्ञानिकयुगमा समेत यसको महत्त्व उत्तिकै देखिन्छ ।

जल तथा मौसम पूर्वानुमानसम्बन्धी अध्ययन गर्ने हाम्रो ज्योतिषीय परम्परा अहिले आएर पाश्चात्यविज्ञानको प्रभावमा ओझेलमा परेको देखिन्छ । आज भन्दा करीब १५०० वर्ष अघिदेखि चलीआएको परम्परा र ज्ञानलाई विर्सदै जानु भनेको बाँदरको हातमा नरिवल जस्तै हो । आफ्नो भाग्य सपार्ने या विगार्ने आफ्नै हातमा रहेको हुन्छ । नेपालको कृषिपरम्परा प्रायशःआकाशे वर्षामा निर्भर रहेकोछ । ज्योतिषशास्त्रको संहिताशाखामा विवेचना गरेको वृष्टिविज्ञानलाई प्रचार प्रसार गर्नसकेमा जगको भलो हुने कुरामा शङ्का छैन । ज्योतिषशास्त्रका आधारमा वर्षाका साथसाथै मौसम सम्बन्धी पूर्वानुमान गरी त्यसबाट हुने जनधनको क्षतिलाई न्यूनीकरण गर्ने उद्देश्यले परापूर्वकालदेखि नै राज्यले ज्योतिषीहरू नियुक्त गरेर राख्दथ्यो भने त्यो परम्परा अहिले आएर टुटेकोछ । हाल यस सम्बन्धी विषयको अध्ययन अनुसन्धान गरी पूर्वानुमान फलादेश गर्ने सरकारी निकाय जल तथा मौसमविज्ञान पूर्वानुमान महाशाखा

---

१३. चत्वार्यम्णाद्यान्यादित्यं मृगशिरोऽश्वयुक् चेति । मण्डलमेतद्वायव्यमस्य रूपाणि सप्ताहात् ॥
धूमाकुलीकृताशे नभसि नभस्वान् रजः क्षिपन् भौमम् । विरुजन् द्रुमाश्च विचरति रविपटुकरावभासी च ॥बृ.सं.भूकम्पाध्यायः,श्लो.८-९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहेकोछ तर यस शाखामा यस सम्बन्धी ज्ञाता ज्योतिर्विद भने राखेको छैन। यसले के पुष्टि हुन्छ भने हामीले आफ्नो ज्ञानविज्ञानलाई उपेक्षा गरेर पाश्चात्यविज्ञानको दास बनेका छौं । अतः यस शाखामा मौसम विज्ञानसम्बन्धी हाम्रो ज्योतिषविषयको प्रतिनित्व गराउनुपर्ने आवश्यकता टट्कारो रूपमा रहेको छ।[१४]

सन्दर्भसूची

आचार्य वराहमिहिर, *बृहत्संहिता* भाग१ ,सम्पूर्णानन्द विश्व वि, वाराणसी, सन् १९९६

आचार्य वराहमिहिर, *बृहत्संहिता भाग २, स*म्पूर्णानन्द विश्वविद्यालय, वाराणसी,सन् १९९६

.आचार्य वराहमिहिर, *बृहज्जातकम्,* चौखम्बा प्रकाशन, वाराणसी, सन् १९८१

आचार्य लोकमणि दाहाल, *भारतीय ज्योतिषशास्त्रस्येतिहासः*, चौखम्बा सुरभारती प्रकाशन, वाराणसी,सन् २००३

.वैद्यनाथ, *जातकपारिजात,* चौखम्बा सुरभारती प्रकाशन, वाराणसी,वि.सं.२०५५

.महर्षि वेदव्यास, *श्रीमद्भागवतमहापुराणम्,* गीताप्रेश, गोरखपुर, वि.सं.२०६७७६.मन्त्रेश्वर, फलदीपिका,मोतीलाल बनारसीदास, वाराणसी,वि.सं.२०२६

माधवप्रसाद पुरोहित सम्पादक, मय विरचित *सूर्यसिद्धान्त,* चौखम्बा संस्कृत प्रतिष्ठान, वाराणसी, सन् २०००

गणेशदैवज्ञ, *जातकालङ्कार,* ठाकुरप्रसाद एण्ड सन्स,वाराणसी, सन् २००१

[१४] यस्तु सम्यग् विजानाति होरागणितसंहिता। अभ्यर्च्यः स नरेन्द्रेण स्वीकर्तव्यो जयैषिणा ॥

बृ.सं, सांवत्सरसूत्राध्यायः, श्लो.१९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक संस्कारहरूमा उपनयन

लोकनाथ लम्साल
सहप्राध्यापक, वाल्मीकि विद्यापीठ

लेखसार

संस्कारमा उपनयन संस्कार महत्त्वपूर्ण मानिन्छ । ब्राह्मणादि वर्णका उपनयनका कालहरू मुख्य र गौण गरी निर्धारण गरिएका छन् । तिनीहरूको अनुसरण गरी उपनयन नगर्दा व्रात्यता दोष आउछ र त्यसको परिहार गरेर मात्र उपनयन संस्कार गर्नु पर्दछ । उपनयन सँस्कार गरे पछि मात्र वेदाध्ययन गर्ने योग्यताको प्राप्ति हुन्छ । अध्ययनले मानिसमा रहेका दुर्गण, अपयश, दुर्बुद्धि आदि नकारात्मक सोच हदाउदै सद्गुणहरूको विकास हुन्छ । आफूमा अव्यक्त अवस्थामा रहेका सद्गुणहरूको विकास एवम् परलोक सुधार्ने काममा समेत उपनयन संस्कारको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

शब्दकुञ्जी – अन्त्येष्टि, उपनयन, ब्रह्मग्रन्थी, ब्रह्मचर्याश्रम, यज्ञोपवीत ।

विषयप्रवेश

संसारमा भएका पदार्थहरू दुई स्वरूपमा पाइन्छन् १.प्राकृत २.संस्कृत । प्रकृतिजन्य जस्ताको तस्तो रूप प्राकृत मानिन्छ र त्यसलाई काटछाँट गरी उपयुक्त रूपमा राम्रो, सुन्दर र शुद्ध बनाइएको संस्कृत मानिन्छ । संस्कृत भनेको संस्कार गरिएको हो । संस्कारले प्राकृतिक वस्तुलाई समय साध्य, शुद्ध, योग्य र सुन्दर बनाउने काम गर्छ । संस्कार शब्दको व्याकरणगत व्युत्पत्ति गर्दा "**संस्कियते इति संस्कारः**" सम्पूर्वक कृञ् धातुदेखि भावमा घञ् प्रत्यय गरी सुट्आगम गर्दा यो रूप सिद्ध हुन्छ । संस्कार शब्दले कार्यको भावार्थलाई दर्शाउँछ । प्रतियत्न, एक रूपबाट अर्को रूपमा परिणत गर्नु, शुद्धि गर्नु आदि संस्कारका पर्यायवाची रूप मानिन्छन् । वैशेषिक दर्शनमा संस्कारलाई चौबीस गुण अन्तर्गतको एक गुण मानिन्छ । मीमांसकहरूले संस्कारको अर्थ आहुति दिनु भन्दा पहिले गरिने यज्ञभूमि, अग्नि, यज्ञपात्र, पुरोडास आदि यज्ञिय सामाग्रीको विधिपूर्वक परिस्कार अर्थात प्रोक्षणादि शुद्धिको अर्थमा प्रयोग गरेको पाइन्छ "**प्रोक्षणादिजन्य संस्कारो यज्ञाङ्गपुरोडाशेष्विति द्रव्यधर्मः ब्रीह्यादेश्च यज्ञाङ्गता प्रदानाय वैदिकमार्गेण प्रोक्षणादि ।**" संस्कृत साहित्यमा पनि संस्कारलाई विभिन्न अर्थमा प्रयोग गरेको पाइन्छ -

शिक्षा अर्थमा - निसर्गसंस्कार विनीत इत्यसौ । (रघुवंश ३/३५)

कार्यको परिणाम वा विशेषता अर्थमा - **फलानुमेयाः प्रारम्भाः संस्काराः प्राक्तना इव** । (रघुवंश १/२०)

शब्दशुद्धिका अर्थमा - **संस्कारवत्येव गिरामनीषि तया स पूतश्च विभूषितश्च** । (कुमार सम्भव १/२८)

प्रभाव वा छाप पार्ने अर्थमा - **यन्नवे भाजने लग्नः संस्कारो नान्यथा भवेत्** । (हितोपदेश प्रस्ताविका ८)

श्रृङ्गार वा गहना अर्थमा - **स्वभाव सुन्दरम् वस्तु न संस्कारमुपेक्षते** । (अभिज्ञान शाकुन्तलम्)

उपर्युक्त उदाहरणअनुसार संस्कार शब्दको व्यापक अर्थमा प्रयोग हुन्छ तापनि यहाँ उल्लेख गर्न खोजिएको संस्कार चाहिँ श्रुति-स्मृतिका वचनअनुसार वैदिक परम्परा प्राप्त द्विजातिका गर्भाधानादि संस्कार हुन् । यी संस्कारद्वारा संस्कार्य व्यक्तिको बाह्याभ्यान्तर शुद्धि हुने हुनाले यिनलाई शुद्धि संस्कार पनि भनिन्छ । यी सबै संस्कारका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्रियासमुदायको मूल आधार वेद हो । यी संस्कारहरू वेदमन्त्रोच्चारण सहित गरिन्छन् । **"ब्रम्हक्षत्रियविटशूद्राः वर्णास्त्वाद्यात्रयो द्विजाः । निषेकाद्याः स्मशानान्ता तेषां वै मन्त्रतः क्रियाः"** (याज्ञवल्क्यस्मृति) । यी संस्कारको उद्देश्य शारीरिक शुद्धता मात्र नभएर संस्कार्य व्यक्तिको सम्पूर्ण व्यक्तित्व नै परिस्कृत र शुद्ध पार्नु हो । विधिपूर्वक गरिएको संस्कारले ब्राह्मण्य पैदा हुने कुरो शास्त्रमा पाइन्छ **"चित्र कर्म यथानैके रङ्गैरुन्मील्यते शनैः । ब्राह्मण्यमपि तद्वत्स्यात् संस्कारैर्विधिपूर्वकैः"** (अङ्गिरस्मृति) । अर्थात् जसरी अनेक रङ्ग प्रयोग गरी कुचिद्वारा राम्रो चित्र बनाइन्छ त्यस्तै विधिपूर्वक गरिएको गर्भाधानादि संस्कारद्वारा मानव शरीर पनि ब्रम्हज्ञान प्राप्त गर्न समर्थ हुन्छ ।

अध्ययनविधि

यस अध्ययनमा सामग्री संकलनको लागि पुस्तकालयहरूको प्रयोग गरी पुस्तकालयविधि र संकलित सामग्रीको प्रयोगका लागि विश्लेषण विधिको प्रयोग भएको छ ।

अध्ययनको औचित्य र सीमाङ्कन

वेदाध्ययनको लागि उपनयन संस्कार अनिवार्य सर्त के कसले अध्ययन गर्न पाउँछन् र उपनयन भनेको के हो भन्ने सन्दर्भलाई यस अध्ययनले देखाउन खोजेको छ । खास गरी वेदको व्याख्या एवम् विधि वताउने श्रुतिग्रन्थ र स्मृतिग्रन्थहरू वेदको अध्ययनलाई सघाउ पुर्‍याउने सनातन धर्मलाई आधार मानेर लेखिएका ग्रन्थहरूको अध्ययन गर्ने यसको सीमा निर्धारण गरिएको छ ।

विषयविश्लेषण

प्रकृतिअनुसार जुन वस्तु जुन तत्त्वबाट बनेको हुन्छ त्यो वस्तु वा पदार्थ नै उसलाई समृद्ध वा दृढ गर्न सबभन्दा सहयोगी हुन्छ । मानवलाई प्रकृतिगत कुराहरू (पञ्चतत्त्व) जसरी सहयोगी मानिन्छन् त्यस्तै द्विजातिलाई वैदिक तत्त्व सहयोगी हुन्छन् । द्विजातिलाई वैदिक तत्त्वको योगबाट बनेको मानिन्छ । **"ब्राह्मणोऽस्यमुखमासीद्"** (शु.यजु. ३१/११) **"गायत्र्या छन्दसा ब्राह्मणामसृजत् । त्रिष्टुभाराजन्याम् । जगत्या वैश्यम्"** (वशिष्ठस्मृति) । त्यसैले द्विजातिलाई वेदमन्त्रोच्चारपूर्वक संस्कार गर्नुपर्छ किनकि द्विजाति वैदिक प्रकृतिबाट उत्पन्न भएको हो । संस्कारको उद्देश्य दोष परिमार्जन, गुणको आधान र हीनाङ्गपूर्ति हो । जसरी खानीबाट प्राप्त स्वर्णलाई निश्चित तापमा पकाइन्छ यो यसको दोष परिमार्जन हो । स्वर्णकारले जब त्यसलाई आभूषणको आकार दिन्छ त्यो गुणाधान भयो । ती आभूषणमा विभिन्न रत्नहरू जडान गरी जब पूर्णता दिइन्छ त्यो हीनाङ्गपूर्ति मानिन्छ । त्यसरी नै मनुष्यमा पनि जन्मजात भएका दोषलाई परिमार्जन गरी सभ्य समाजोपयोगी गुण सम्पन्न बनाउनलाई यी विभिन्न संस्कारले सहयोग गरिरहेका हुन्छन् ।

यद्यपि ऋषिमुनिहरूले चालीस संस्कार र आठ आत्मगुण समेत जम्मा ४८ संस्कार मानेका छन् तापनि जसरी षोडशकलाले संयुक्तहुँदा चन्द्रमा परिपूर्ण हुन्छन् त्यसरी नै गर्भाधान देखिका षोडश संस्कारले मनुष्य जीवन पनि सर्वगुणादिले सम्पन्न हुने कुरो पनि बताएका छन् । जसरी साधारण मानिस सिँढिको आधार लिएर उच्च स्थानमा पुग्न सक्दछ त्यसैगरी षोडश संस्कारका आधारमा द्विजाति पनि जीवनको उच्च शिखरमा पुग्न सक्दछ ।

संस्कार सम्बन्धी स्मृतिकारका मतहरू

विभिन्न स्मृतिकारहरूले आ-आफ्नै तरिकाले विभिन्न संस्कारका सम्बन्धी मत उल्लेख गरेका छन् ।

"गर्भाधानं पुंसवनं सीमन्तोन्नयनं ततः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जातकर्माभिधेयं च निष्क्रममाशने क्रमात् ।

चूडोपनयनं वेदब्रतानाञ्च चतुष्टयम् ।

गोदानं मेखलामोको विवाह षोडश क्रिया ।" (कात्यायन)

पारस्करले मुख्यतः विवाह, गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकरण, निष्क्रमण, अन्नप्राशन, चूडाकर्म, उपनयन, केशान्त, समावर्तन, अन्त्येष्टि संस्कार उल्लेख गरेका छन् । मनुस्मृतिमा निम्नअनुसारका संस्कारको उल्लेख पाइन्छ - गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकरण, निष्क्रमण, अन्नप्राशन, चूडाकर्म, उपनयन, विवाह, वानप्रस्थ, सन्यास, अन्त्येष्टि । आश्वलायनगृह सूत्रमा निम्नअनुसारका संस्कारको उल्लेख पाइन्छ - विवाह, गर्भालम्भ, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकरण, अन्नप्राशन, चूडाकर्म, उपनयन, समावर्तन, अन्त्येष्टि । षोडश संस्कारलाई वेदव्यासले यसरी उल्लेख गरेका छन् -

गर्भाधानं पुंसवनं सीमन्तो जातकर्म च ।

नामक्रिया निष्क्रमणोन्नाशनं वपनक्रिया ।

कर्णवेधो व्रतादेशो वेदारम्भ क्रियाविधिः ।

केशान्तं स्नानमुद्वाहो विवाहाग्निपरिग्रहः ।

त्रेताग्नि संग्रहश्चेति संस्काराः षोडशस्मृताः ।

गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकरण, निष्क्रमण, अन्नप्राशन, चूडाकर्म, कर्णवेध, उपनयन, वेदारम्भ, केशान्त, समावर्तन, विवाह, आवसथ्याधान, अन्त्येष्टिलाई मुख्य रूपमा सबै विद्वानहरूले स्वीकार गरेको पाइन्छ ।

संस्कार किन गर्ने भन्ने सन्दर्भमा मनुस्मृतिले संस्कारको महत्त्व यसरी बताएको छ -

"निषेकाद जैविकं चैनो गार्भिकञ्चापमृज्यते । क्षेत्र संस्कार सिद्धिश्च गर्भाधानं फलम् स्मृतम् ।

गर्भाद्भवेच्च पुंसुतेः पुंस्त्वस्य प्रतिपादनम् । निषेकफलवज्ज्ञेयं फलम् सीमन्तकर्मणः ।

गर्भाम्बुपानजोदोषो जातात् सर्वोऽपि नस्यति । आयुर्वर्चोऽभिवृद्धिश्च सिद्धिव्यबहृतेस्तथा ।

नामकर्मफलं त्वेतत् समुद्दिष्टं मनीषिभिः । सूर्यावलोकनादायुरभिवृद्धिर्भवेद् ध्रुवा ।

निष्क्रमादायुः श्रीवृद्धिरित्युद्दिष्टा मनीषिभिः । अन्नासनात्मातृगर्भमलाशादपि शुध्यति ।

बलायुर्वर्चोवृद्धिश्च चूडाकर्म फलं स्मृतम् । उपनीते फलं त्वेतत् द्विजतासिद्धिपूर्विका ।

वेदाधीत्यदिकारस्य सिद्धिः ऋषिभिरीरिताः । पत्न्या सहाग्निहोत्रादि तस्य स्वर्गः फलं स्फुटम् ।

ब्रात्माद्युद्वाहसम्भूतः पितृणां तारकः सुतः । विवाहस्य फलं त्वेतत् व्याख्यातं परमर्षिभिः ।"

अर्थात् - गर्भाधानले बीज तथा गर्भसम्बन्धी सम्पूर्ण दोष नष्ट हुन्छन् र क्षेत्ररूपी स्त्री संस्कार पनि हुन्छ । यस गर्भले पुत्र नै उत्पन्न होस् भन्ने अभिप्रायले पुंसवन संस्कार गरिन्छ । सीमन्तोन्नयनको फल पनि गर्भस्त शिशुको रक्षा गर्नु नै हो । जातकर्म संस्कारद्वारा माताको गर्भमा रहँदा खानपान सम्बन्धी सम्पूर्ण दोष शुद्ध हुन्छ । नामकरण संस्कार गर्नाले आयु तथा तेजको अभिवृद्धिका साथै लोक प्रसिद्धि प्राप्त हुन्छ । निष्क्रमण संस्कारमा आयु र धनधान्यको वृद्धि हुन्छ । अन्नप्राशनद्वारा माताका गर्भाशयमा गरिएका भक्षाभक्ष सम्बन्धी दोष नाश हुन्छ । बल आयु र तेज वृद्धि चूडाकरण संस्कारको फल मानिन्छ । उपनयन संस्कारद्वारा बालकमा द्विजत्व सिद्धि हुन्छ र वेदाध्ययनमा समर्थ हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विवाह संस्कारद्वारा सन्तानलाभ हुनुका साथै अग्न्याधान, अग्निहोत्रादि सम्पूर्ण श्रुतिस्मृतिले बताएका यज्ञको अनुष्ठान गर्ने अधिकार प्राप्त हुन्छ र अन्त्यमा ऋणत्रयबाट मुक्त भई पुरुषार्थ चतुष्टय सिद्धि प्राप्त गर्ने सामर्थ्य प्राप्त हुन्छ।

उपनयन संस्कार

मनुष्यलाई वैदिक लौकिककर्महरूको समग्रबोध गराउन महत्त्वपूर्ण संस्कारविशेषलाई व्रतबन्ध वा उपनयन संस्कार भनिन्छ । अबोध बालकलाई निश्चित नियम परिपालन गराउँदै सम्पूर्ण चराचर जगतको बोध गराई कर्तव्याकर्तव्य सिकाउने यो संस्कार अन्य वैदिक संस्कारहरूमा महनीय र गरिमामय देखिन्छ । अज्ञानरूपी अन्धकारलाई हटाई ज्ञानको ज्योति प्रदान गर्नु यसको विशेषता हो । यो संस्कारद्वारा मानिस भौतिक-व्यावहारिक विज्ञानका साथै पारलौकिक ज्ञान प्राप्त गरी आफ्नो जीवन सफल बनाउन सक्षम हुन्छ । यो ज्ञानार्जन संस्कार भएकोले यसले बालकलाई गुरुकुलमा लगेर राखी ब्रह्मचर्यको पालना गराउँदै सम्पूर्ण शास्त्रको अध्ययन, मनन, चिन्तनका साथै अन्य गृहस्थादि आश्रम सम्बन्धी ज्ञान गराउँदै जीवनलाई समुन्नत बनाउन मार्गदर्शन गर्छ।

उपनयन संस्कारलाई विभिन्न नामले परिभाषित गरेको पाइन्छ –

१. **उपनयन** - वेदाध्ययनकालागि गुरुको नजिक पुऱ्याउने हुनाले यसलाई उपनयन भनिन्छ।

२. **व्रतबन्ध** - व्रतबन्ध शब्दको अर्थ कुनै व्रत अथवा नियमले बाँधिनु हुन्छ । "**व्रतैःस्वशाखोदितैर्नियमैः (यथा - शुक्लयजुर्वेदीय माध्यन्दिशाखाध्यायिनां सावित्रिव्रतागनेयव्रतशुक्रीयव्रतौपनिषदव्रत शौलभव्रत गोदानव्रत षड्भिर्व्रतैः) बध्यते बन्धनं प्राप्यते नियम्यते येन कार्य विशेषेण स कार्यविशेषो व्रतबन्धः संस्कार विशेषः**" । अर्थात आफ्नो सनातन परम्पराअनुसार अध्ययन गर्नुपर्ने वेदको शाखामा तोकिए बमोजिमका व्रतहरूको पालना गर्दै नियममा रहनका लागि गर्नुपर्ने संस्कार व्रतबन्ध हो । आफ्ना वेदका शाखासूत्रले विधान गरेका विधि-निषेधलाई यथोचित पालना गर्दै वेदाध्ययन गर्नुपर्ने भएकाले सोको अधिकारी हुनका निमित्त गरिने कर्म वा संस्कार व्रतबन्ध संस्कार हो ।

३. **मौञ्जीबन्धन वा मेखलाबन्धन** - यो संस्कारमा शास्त्रमा विहित नियमअनुसारको कन्धनी कम्मरमा बाँध्नुपर्ने भएकाले यसलाई मौञ्जीबन्धन संस्कार पनि भनिन्छ।

४. **यज्ञोपवीत संस्कार** - यज्ञद्वारा पवित्र बनाइएको धागो (जनै) धारण गराइने संस्कार भएकाले यसलाई यज्ञोपवीत संस्कार पनि भनिन्छ।

सदोपवीतिना भाव्यं सदाबद्धशिखेन च विशिखो व्युपवीतश्च यत्करोति न तत् कृतम् । (कात्यायन)

कात्यायनको उपर्युक्त कथनले उपनयन वा यज्ञोपवीत संस्कारको महत्त्व अन्य गर्भाधानादि संस्कार भन्दा गहन देखिन्छ। उपनयन संस्कारलाई महर्षिहरूले द्विजत्व साध्य संस्कार मानेर यसका गरिमाको वर्णन गरेका छन् । द्विजको घरमा जन्मलिएर मात्र कोही द्विज हुँदैन । "**संस्कारात् द्विज उच्यते**" उपनयन संस्कार विधिपूर्वक गरेपछि मात्र त्यो द्विज कहलाउँछ । "**न ह्यस्मिन्युज्यते कर्म किञ्चदामौञ्जीबन्धनात्**" (मनु. २/१७१) उपनयन कर्मद्वारा आचार्यका रूपमा पिता र गायत्रीका रूपमा माताको प्राप्ति हुनाले बालकको अर्को जन्म (द्विज) हुन्छ । "**तत्र यद् ब्रम्हजन्मास्य मौञ्जीवन्धन चिह्नितम् । तत्रास्यमाता सावित्री पितात्वाचार्य उच्यते**" (मनु २/१७०) उप समिप नयन लानु । कसका समिपमा लानु भन्ने प्रसङ्गमा पारस्करको आशय छ - विधिना आचार्य समीप गमनं उपनयनम् । वीरमित्रोदयमा पनि उपनयन संस्कारलाई यसप्रकार व्याख्या गरिएको छ - **तत्रोपनयन शब्दः कर्मनामधेयम् । ... स यथा उप समीपे आचार्यादीनां बटोंनयनं प्रापणम् उपनयनं । समीपे आचार्यादीनां नीयते वटुर्येन तदुपनयनमिति वा...** (वीरमित्रोदय सस्कार प्रकाश पृष्ठ ३३४) । वेदमा भनिएको छ - "**आचार्य उपनयमानो ब्रह्मचारिणं कृणुते गर्भमन्तः । तं रात्रिस्तिस्र उदरे विभर्ति तं जातं द्रष्टुमभियन्ति देवा ।**" (अथर्ववेद ११/५/७) अर्थात् आचार्य बालकको उपनयन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कार पूर्वक व्रतादेश गरी आफ्नो गर्भ (गृह)मा राख्दछ यही ब्रम्हचारी तीन रात्री गुरुसँगै रहेर पुनः द्विजरूपमा दोस्रो जन्म ग्रहण गर्छ उसलाई हेर्न (आशीर्वाद दिन) सबै देवता एकत्रित हुन्छन् । यस कर्मद्वारा आचार्यका रूपमा पिता र गायत्रीका रूपमा माता प्राप्त भएपछि अर्को जन्म भएको मानिन्छ।

आचार्यका समीपमा जानुभनेको विद्याध्ययन गर्न जानु हो । यसर्थमा ब्रम्हचर्याश्रम प्रवेश अर्थात् विद्यार्थी जीवनमा प्रवेश हो । विद्या स्वयंमा एउटा संस्कार नै हो । विद्याले मानिसमा रहेका अनेकौं दुर्गुणहरूलाई हटाएर आत्मामा अन्तर्निहित कौशललाई उजागर गराउँछ । विद्याले नै साँचो अर्थमा जीवनलाई कलात्मक अविव्यक्ति दिन्छ । विद्याको अर्थ मात्र आजीविका होइन । विद्याको सार्थकता भनेको जीवनलाई सर्वसम्पन्नता दिलाई आत्मकल्याण गराउनु हो । अज्ञानमा सम्पूर्ण संसारै अँध्यारो हुने र त्यो अन्धकारलाई हटाएर जीवनको अर्थलाई प्रकाशित गरिदिने संस्कार नै उपनयन हो । यस संस्कारको सामाजिक, सास्कृतिक एवम् शैक्षिक पृष्ठभूमिलाई लिएर हिन्दू संस्कार नामक ग्रन्थमा डा. राजबली पाण्डेयले लेखेका छन् -

"प्रकृत संस्कार का उदय समुदाय को नागरिक आवश्यकताओं की पूर्ति के लिए हुआ है । जनसाधारण जातिके महत्त्वपूर्णको समझकर सामुदायिक जीवन को किसि भी मूल्यपर सुरक्षित रखना चाहता है । इस उद्देश्य की पूर्ति के लिए मानव के नवविकसित सुमनों को अनुशासित किया जाता है । जिस से वे सभ्यता तथा संस्कृति की रक्षा का भार बहन करने योग्य हो सके । सांस्कृतिक क्षमता के आधारपर ही कोई भी व्यक्ति समाजकी सदस्यता प्राप्त कर सकता है और पूर्ण अधिकारों तथा विशेष सुविधावों का दावा कर सकता था । उपनयन संस्कार एक प्रकार से हिन्दूऔं के विशाल साहित्य भण्डार के ज्ञानका प्रवेश पत्र था । समाज मे भी प्रवेश का यही साधन था, क्यों कि इसके बिना कोइ भी व्यक्ति आर्यकन्या से विवाह नही कर सकता था । इस प्रकार हिन्दूओं की आदर्श जीवन योजना एवम् व्यापक शिक्षा समाजका अनिवार्य लक्ष्यण और चिह्न मानी जाती थी ।" (हिन्दूसंस्कार पृष्ठ १५३)

उपनयन समय

सूत्रकार पारस्करले उपनयन संस्कारका लागि उमेरको सीमा पनि बताएका छन् "**अष्टवर्ष ब्राह्मणमुपनयेद् गर्भाष्टमेवा । एकादश वर्ष राजन्यम् । द्वादश वर्ष वैश्यम् । (पारस्कर गृ.सू. २/२/१-३)**" मनुले पनि यसैको समर्थन गरेका छन् । "**गर्भाष्टमेऽब्दे कुर्वीत ब्राह्मणस्योपनायनम् । गर्भदिकादशेराज्ञो गर्भात्तु द्वादशे विशः (मनुस्मृति २/३६)**" मनुस्मृतिको यही वचनको मेधातिथि भाष्यमा उल्लेख छ "**ब्राह्मणादिवर्णसम्बन्धिनां छन्दसां पाद्याक्षर संख्यैरूपनयनस्य विधिः**" । अर्थात् यो भेद गायत्र्यादि मन्त्रका पादमा भएका अक्षरको आधारमा गरिएको छ । "**सद्यस्त्वेव गायत्रीं ब्राह्मणायाऽनुब्रुयादाग्नेयो वै ब्राह्मणः इति श्रुतेः । त्रिष्टुभं राजन्यस्य । जगतीं वैश्यस्य (पारस्कर गृ.सू. २/३/७-९)**" ब्राहमणलाई आठ अक्षर पाद भएको गायत्री, क्षत्रियलाई त्रिष्टुब छन्दले युक्त ११ अक्षरका पाद भएको र वैश्यलाई जगती छन्दयुक्त १२ अक्षरका पाद भएको गायत्री मन्त्र दान गर्नुपर्छ । यसै प्रसङ्गलाई लिएर डा. राजबली पाण्डेयको आशय छ - प्राचीन कालमा ब्राह्मण पिता नै ब्राह्मण ब्रम्हचारीहरूका गुरु हुन्थे । त्यसैले अल्पावस्था भए पनि ब्राह्मण बटुको उपनयन संस्कार असुविधाजनक थिएन किनकि शिक्षा प्राप्तिका लागि उनीहरूले गृह त्याग गर्नुपर्ने आवश्यकता थिएन । क्षत्रिय र वैश्यको स्थिति अलिक भिन्न थियो । उनीहरूलाई आफ्ना माता पिता छोडेर गुरुका समीप जानु पर्थ्यो । त्यसकारण सानै उमेरमा आफ्ना माता पिता छोडि अन्यत्र वस्नु बालकलाई सहज थिएन । तसर्थ क्षत्रिय र वैश्यबटुको उपनयन आयु उच्च हुनुमा वात्सल्यका अनुभूतिको परिणाम भन्न सकिन्छ । (हिन्दू संस्कार पृ. १५३)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुहूर्तचिन्तामणिमा व्रतबन्ध मुहूर्त र व्रतबन्धकालिक भेद (१. नित्य २. काम्य ३. गौण) समय यसरी उल्लेख गरिएको छ :

विप्राणां व्रतबन्धनं निगदितंगर्भाज्जनेर्वाष्टमे
वर्षेवाप्यथपञ्चमेक्षितिभुजां षष्ठे तथैकादशे
वैश्यानां पुनरष्टमेऽप्यथ पुनः स्याद्द्वादशे वत्सरे
काले ऽथ द्विगुणे गते निगदितं गौणं तदाहुर्बुधाः ।
क्षिप्रध्रुवाहि चरमूलमृदुत्रिपूर्वा रौद्रेऽ र्कविद्गुरुसितेन्दुदिने व्रतं सत्
द्वित्रीषुरुद्ररविदिक् प्रमिते तिथौ च कृष्णादिमत्रिलवकेऽ पि न चापराह्णे(मु. चि. संस्कार प्र. ३९-४०)

पारस्करले उपनयन संस्कारको अन्तिम सीमा निर्धारण गरी त्यसलाई गौण उपनयन काल मानेका छन् । त्यसको पुष्टि गर्दै मनुले भनेका छन् **"आषोडशाद् ब्राह्मणस्य सावित्री नातिवर्तते । आद्वाविंशात् क्षत्रबन्धोराचतुर्विंशतेर्विशः । (मनु. २/३७)"** ब्राह्मण, क्षत्रिय र वैश्यको अलग ऋतुमा संस्कार गर्ने कुरा पनि शास्त्रकारले बताएका छन् **"वसन्ते ब्राह्मणम्, ग्रीष्मे राजन्यम्, शरदि वैश्यम् ।"** ब्राह्मणलाई वसन्त ऋतुमा, क्षत्रियलाई ग्रीष्म ऋतुमा वैश्यलाई शरद ऋतुमा संस्कार गर्दा उत्तम हुन्छ। यो ऋतु विभाजन पनि प्रकृतिगत देखिन्छ। धार्मिक विधिविधानमा समयलाई धेरै महत्त्व दिएको सबै सम्प्रदायमा पाइन्छ । यसै प्रसङ्गमा पारस्करले **"यदहः पुंसानक्षत्रेण चन्द्रमा युज्येत (पा.गृ.सू. १/१४/३)"** पुंसवन संस्कारको समय बताएका छन् । सबै संस्कारमा त्यही नक्षत्र ग्राह्य नहुन पनि सक्छ । समयको अत्यन्त महत्त्व भएकाले नै महर्षिहरूले विभिन्न वर्णका संस्कारको समय निर्धारण गरेका छन् । यसै प्रसङ्गमा याज्ञवल्क्यले शाकल्यलाई उपदेश गर्दै ३३ देवताको प्रसङ्ग उठाएर उपनयनकालको महत्त्व दर्शाएका छन् **"सहोवाच महिमान एवेषामेते त्रयस्त्रिंशत्त्वेव देवा इति । कतमे ते त्रयस्त्रिंशदित्यष्टौ वसव एकादश रुद्रा द्वादशादित्या एकत्रिंशदिन्द्रश्चैव प्रजापतिश्च त्रयस्त्रिंशावित ।** (बृहदारण्य. ९-२)" अर्थात् ३३ देवतामा अष्टवसु एकादश रुद्र द्वादशादित्य इन्द्र र प्रजापति । देवताहरूमा वसु ब्राह्मण स्वरूप मानिन्छन् रुद्र क्षत्रिय स्वरूप र आदित्य वैश्यस्वरूप मानिन्छन् । वसुहरूमा सर्वप्रथम अग्निको उत्पत्ति भएको पाइन्छ । **"अग्निः प्रथमो वसुभिर्नोव्यात्"** (क्यो?माधवाचार्य) अग्निको ब्राह्मणवर्णसँग धेरै प्रकारको सम्बन्ध छ । **"ब्राह्मणोऽस्यमुखमासीद् तथा मुखादग्निरजायत** (शु.यजु. ३१/११-१२) यी दुबै श्रुतिका वचनले विराटको मुखबाट ब्राह्मण र अग्नि दुबैको उत्पत्ति वर्णन गरेको छ। त्यसैले ब्राह्मण र अग्निको सहोदर सम्बन्ध देखिन्छ। स्मृतिहरूमा पनि **"गुरुरग्निर्द्विजातिनाम्"** ब्राह्मणका गुरु अग्नि मानेका छन् । अष्टवसुको ब्राह्मणसँग सजातीय सम्बन्ध भएकाले ब्राह्मणले अष्टवसुसँग नै शक्ति आर्जन गर्न सक्ने हुँदा ब्राह्मण वटुको आठ वर्षमै (यज्ञोपवीत) उपनयन संस्कार उचित देखिन्छ। रुद्र एकादश छन्। क्षत्रिय जस्तै रजोगुण प्रधान उग्र प्रकृतियुक्त देवता मानिन्छन्। उपनिषदहरूले पनि यिनलाई क्षत्रिय जातिका उपास्य देवता मानेको पाइन्छ। त्यसैले शक्ति सञ्चयार्थ गरिने यो संस्कार क्षत्रिय बालकका लागि ११ वर्षमा नै गर्नु उपयुक्त देखिन्छ।

आदित्य द्वादश छन् । आदित्यको काम आफ्नो सञ्चित समृद्धिले संसारको पोषण गर्नु नै हो । संसारको सम्पूर्ण धन धान्य यिनकै कृपाले फुल्छन् फल्छन्। यी वैश्यहरूका उपास्य देवता मानिन्छन्। त्यसैले आफ्ना उपास्य देवता अनुकूल नै १२ वर्षमा वैश्य बालकको समृद्धियुक्त संस्कार सम्पन्न हुनु हितकर नै देखिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपनयन संस्कारको विधि अन्तर्गत कौपिन धारण, मेखला बन्धन, यज्ञोपवीतधारण, मृगचर्मधारण, दण्डग्रहण, समिधादान, ब्रह्मचर्यव्रत, गायत्रीमन्त्रदान, वेदारम्भ, भिक्षाग्रहण आदि कृत्य समावेश गरिएका हुन्छन् । यी सम्पूर्ण कृत्य मध्ये गायत्री मन्त्र दान, यज्ञोपवित धारण र वेदाभ्यास चाहिँ प्रमुख मानिन्छ । ब्रह्मचर्य व्रत, गुरुकुलमा वास, मृगचर्म, दण्ड धारण र भिक्षाग्रहणादि ब्रह्मचर्याश्रम छोडेर गृहस्थाश्रममा प्रवेश गर्ने वेलामा समावर्तन संस्कार गरी छोड्न पाइन्छ तर गायत्री जप वेदाभ्यास र यज्ञोपवीत धारण चाहिँ आजीवन गर्नुपर्छ । त्यसैले लोक व्यवहारमा उपनयन संस्कार र यज्ञोपवीत संस्कारलाई एकै अर्थमा लिइन्छ।

यज्ञोपवीत सामान्य सूत्रमात्र नभएर विधिपूर्वक बनाइएको ब्रम्हग्रन्थी युक्त हुन्छ । त्यसको निर्माण विधि कात्यायन परिशिष्टमा यसरी बताइएको छ। -

"यज्ञोपवीत निर्माणं वक्षामः । ग्रामाद्बहिस्तीर्थे गोष्ठे वा गत्वाऽनध्यायवर्जित पूर्वाह्नेकृतसन्ध्योऽ ष्टोत्तरशतं सहस्रं वा यथाशक्ति गायत्रीं जपित्वा ब्राह्मणेन तत्कन्यया सुभयया धर्मचारिण्या वा कृतं सूत्रमादाय भूरिति प्रथमां षण्णवतीं मिनोति, भुवरिति द्वितीयां, स्वरिति तृतीयां मीत्वा पृथक पलाशपत्रे संस्थाप्य, आपोहिष्ठेति तिसृभि, शन्नो देवीत्यनेन साबित्र्याचा भिषिच्य वामहस्ते कृत्वा त्रिः संताड्य, व्याहृतिभिस्त्रिवलितं कृत्वा पुनस्ताभि स्त्रिगुणितं कृत्वा, पुनस्त्रिवृतं कृत्वा प्रणवेन ग्रन्थिं कृत्वोङ्कारमग्निं, नागान्, यमपितृन्, प्रजापतिं, वायुं, सूर्यं, विश्वान् देवान् नवतन्तु षु क्रमेण विन्यस्य संम्पूजयेत् । देवस्येत्युपवीतमादाय, उद्वयं तमसस्परीत्यादित्याय दर्शयित्वा "यज्ञोपवीतं परमं पवित्रं प्रजापतेर्यत्सहजं पुरस्तात् । आयुष्यमग्रं प्रतिमुञ्च शुभ्रं यज्ञोपवीतं बलमस्तु तेजः" इत्यनेन धारयेदित्याह भगवान् कात्यायनः"

यज्ञोपवीत निर्माण गर्दा ९६ पटक डोरोलाई बेरी बनाउनु पर्ने सम्बन्धमा शास्त्रहरूमा यस्तो वचन पाइन्छ **"चतुर्वेदेषु गायत्री चतुर्विंशतिकाक्षरी । तस्माच्चतुर्गुणं कृत्वा ब्रह्मतन्तु मुदीरयेत्" (शिष्टस्मृति)** चारैवेदमा व्याप्त गायत्री छन्दका चौबीस चौबीस अक्षर (२४×४=९६) जोड्दा ९६ पुग्छ । त्यसैलाई पुष्टिगर्दै सामवेदको छान्दोग्य परिशिष्टमा **"तिथि वारं च नक्षत्रं तत्व वेद गुणान्वितम् । कालत्रयं च मासश्च ब्रह्मसूत्रं हि षण्णवम्"** । (तिथि १५ बार ७ नक्षत्र २७ तत्त्व २५ वेद ४ काल ३ मास १२ गरी जम्मा ९६को सङ्ख्या उल्लेख गरेको छ । पतञ्जलिले माहाभाष्यमा **"लक्षं तु चतुर्रोवेदा लक्षमेकं तु भारतम्"** वेदका मन्त्र सङ्ख्या १ लाख बताएका छन् । यिनमा ८० हजार मन्त्र कर्मकाण्ड सम्बन्धी छन् । १६ हजार उपासना सम्बन्धी छन् भने ४ हजार ज्ञानसँग सम्बन्धी छन् । उपनयन संस्कार पछि ब्रह्मचर्यावस्थादेखि वानप्रस्थआश्रमसम्म प्रत्येक द्विजाति कर्म र उपासनाका अधिकारी मानिन्छन् । वेदको उपर्युक्त मर्यादालाई विचार गर्दा उपनीत व्यक्तिको ९६ हजार मन्त्रहरूमा मात्र अधिकार शिद्ध देखिन्छ । त्यसैले यिनै ९६ हजार मन्त्रहरूको प्रतिक स्वरूप ९६ डोरायुक्त यज्ञोपवीत बनाइनु युक्ति सङ्गत नै देखिन्छ । शेष ४००० ऋचामा स्वाध्यायको अधिकार सन्यासीलाई मात्र हुने भएकाले ती ९६००० ऋचाको वा ९६ डोरायुक्त यज्ञोपवीतको उनीहरूलाई आवश्यकता हुँदैन र उनीहरू शिखा सूत्र समेत त्यागी तत्त्व ज्ञानार्जनमा लाग्छन् ।

यज्ञोपवीत धारण कहिले देखि प्रचलनमा आयो भन्ने सम्बन्धमा चिन्तन गर्दा सृष्टिको आदिकाल देखि नै वैदिक ज्ञानसँगै प्रचलनमा रहेको भन्ने निष्कर्ष निकाल्न सकिन्छ । शुक्लयजुर्वेदीय रुद्रसूक्तमा यज्ञोपवीतको उल्लेख यस्तो पाइन्छ **"हरिकेशायोपवीतिने (शु.य. १६/१७)"** । यज्ञोपवीत धारण गर्ने परम्परादेखि पढिँदै आएको यो मन्त्र - **"यज्ञोपवीतं परमं पवित्रं प्रजापतेर्यत्सहजं पुरस्तात् । आयुष्यमग्रं प्रतिमुञ्च शुभ्रं यज्ञोपवीतं बलमस्तु तेजः"** यस मन्त्रले यज्ञोपवीतको उत्पत्ति आदिप्रजापति सँगै भएको बताएको छ । यज्ञोपवीत यज्ञ र उपवीत दुई शब्दले बनेको छ । **"यज्ञो वै विष्णुः" (शतपथ. १/१/१/२)** यस मन्त्रका आधारमा भन्दा चराचरमा व्याप्त परमात्मालाई यज्ञ शब्दले स्मरण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गराउँछ। उपवीत शब्दको अर्थ धारण गर्नु भन्ने देखिन्छ। "**यज्ञाख्यः परमात्मा य उच्यते चैव होतृभिः। उपवीतं ततोऽस्येदं तस्मात् यज्ञोपवीतकम्।**" (**स्मृतिसार संग्रहः**)। यज्ञद्वारा संस्कार गरिएको परिधान वा सूत्रलाई यज्ञोपवीत भनिन्छ। स्मृति प्रकाशमा यज्ञोपवीतको निर्वचन यसरी गरिएको छ "**सूचनाद् ब्रह्मतत्वस्य वेदतत्वस्य सूचनात्। यत्सूत्रं उपवीतत्वाद् ब्रह्मसूत्रमिति स्मृतम्।**"

उपनयन संस्कार गरेपछि यज्ञोपवीत सदासर्वदा धारण गर्नुपर्ने सन्दर्भमा शुद्ध यज्ञोपवीत धारण गरियो भने मात्र त्यसको फल हुनेभएकाले त्यसलाई शुद्ध बनाइराख्ने सम्बन्धमा भनिएको छ "**सूतके मृतके क्षौरे चाण्डालस्पर्शने तथा। रजस्वलाशवस्पर्शे धार्यमन्यन्नवं सदा। .... गतेमासचतुष्टये**" (**नारा.संग्रह**) जननाशौच, मृताशौच, क्षौरकर्म, चाण्डालादि स्पर्श भएमा, रजस्वला स्पर्श भएमा, शव (लाश) स्पर्श भएमा र धारण गरेको चार महिना पुरानो भएमा नयाँ यज्ञोपवीत फेर्नु पर्छ। दिशा पिसाब गर्दा बिर्सिएर यज्ञोपवीतिनै भई कानमा वा शीरमा राखिएन भने त्यसलाई पनि त्यागी अर्को धारण गर्नु पर्छ। "**मलमूत्रं त्यजेद्विप्रे विस्मृत्यैवोपवीत धृक। उपवीतं तदुत्सृज्य धार्यमन्यन्नवं तदा**" (**सायणाचार्य**) गृहसूत्रहरूमा मलमूत्र त्याग गर्दा यज्ञोपवीत कानमा वा शीरमा राख्नुपर्छ भनी बताइएको छ। "**दिवसन्ध्यासुकर्णस्थो ब्रह्मसूत्र उदङ्मुखः। कुर्यान्मूत्रपुरीषे च रात्रौ चेद्दक्षिणामुखः**" (**क्यों ? ४०२**)

हुन त मानिसको शरीरको ऊर्ध्वभाग ज्ञानको केन्द्र भएकाले पवित्रै मानिन्छ तापनि दाहिने कानमा विभिन्न देवताहरूको वास हुने हुँदा यसलाई शास्त्रकारहरूले बढी महत्त्व दिएका छन् "**आदित्यावसवोरुद्रा वायुरग्निश्च धर्मराट्। विप्रस्य दक्षिणेकर्णे नित्यं तिष्ठन्ति देवताः**" (**क्यों ? ४०२**)

स्वास्थ्यका दृष्टिकोणले शास्त्रमा बिहित नियमहरू धेरै महत्त्वपूर्ण मानिन्छन्। आयुर्वेदमा बताइएअनुसार मनुष्य शरीरको मध्य भागमा वीर्यकोष हुन्छ। यहीँ बाट लोहितिका वा रक्तवाहिनी नाडी शुरु हुन्छ र दाहिने कान हुँदै मलमूत्रद्वारसम्म पुगेको हुन्छ। शरीर रक्ष महत्त्वपूर्ण वीर्य मलमूत्रमार्गद्वारा नै क्षरित हुने गर्छ। प्रायः मलमूत्र त्याग गर्दा अज्ञात रूपमा नै वीर्य स्खलित भइरहेको हुन्छ। यसलाई ध्यान दिइएन भने स्वास्थ्यको सन्तुलन बिग्रनेखतरा हुन्छ। यदी यो प्रक्रियालाई मलमूत्र त्याग गर्दा नियन्त्रण गर्न सकियो भने वीर्य स्खलित हुने डर हुँदैन। क्रान्तदर्शी महर्षिहरूले यी कुराको प्रत्यक्ष अनुभव गरी उपरोक्त प्रकृयालाई नियन्त्रण गर्ने उपाय खोज्ने क्रममा मलमूत्र त्याग गर्दा यज्ञोपवीतलाई दाहिने कानमा बेरेर वीर्य निकास नियन्त्रण गर्ने उपाय पत्ता लगाएका छन्। यसो गर्दा स्वास्थ्य रक्षाका साथै यज्ञोपवीतको पवित्रतालाई पनि ध्यान दिइएको देखिन्छ भन्ने विषय माधवाचार्यले आफ्नो ग्रन्थ (क्यौं) मा उल्लेख गरेका छन्।

यज्ञोपवीत कति धारण गर्ने भन्ने सम्बन्धमा विभिन्न धर्मशास्त्रहरूमा नियम बताइएको छ "**ब्रह्मचारिण एकं स्यात् स्नातकस्य द्वे बहुनि वा**" (**आश्वलायन गृ.सू.**) ब्रह्मचारीले एक यज्ञोपवीत लगाउने र स्नातक वा गृहस्थले दुई वा त्यो भन्दा बढि। "**यज्ञोपवीते द्वे धार्ये श्रौते स्मार्ते च कर्मणि। तृतीयमुत्तरार्थे च वस्त्राभावे तदिस्यते (हेमाद्रि)**" श्रौतस्मार्त कर्ममा दुई यज्ञोपवीत धारण गर्नुपर्छ। उत्तरीयवस्त्र छैन भने तेस्रो यज्ञोपवीत धारण गर्नाले वस्त्राभावलाई पूरा गर्छ भनिएको छ।

निष्कर्ष

उपर्युक्त तथ्यलाई विचार गर्दा शास्त्रहरूमा संस्कारको व्यवस्था मानवलाई गुणवान्, आचारवान्, कर्मनिष्ठ र योग्यतम बनाउनु नै रहेको देखिन्छ। यी संस्कृत मर्यादा भित्र रहेर व्यवहार गर्दा मानिसलाई धेरै लाभ हुन्छ। संसारमा सफलताको रहस्य नियम पालनमा नै निर्भर हुन्छ। यदि नियम विपरीत काम गरियो भने लाभ नहुनु त छँदै छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कहिलेकाहीँ विपरीत फलदायक पनि हुन जान्छ। त्यसैले सारा वैदिक संस्कारहरूको क्रियापद्धति बुझेर त्यसलाई अपनाउनु पर्छ किनकि यो सर्वाङ्गपूर्ण र दिव्यशक्तिले परिपूर्ण छ। विशुद्ध संस्कारद्वारा संस्कृत व्यक्तिमा मात्र विलक्षण अलौकिक दिव्यशक्तिको प्रादुर्भाव हुने भएकाले त्यसले मात्र अभ्युदय र निःश्रेयस सिद्धि प्राप्त गर्न सक्दछ।

सन्दर्भसूची

शुक्लयजुर्वेदसंहिता-उब्बट महीधरभाष्य- मोतीलाल बनारसीदास दिल्ली, १९७१ ई.
पारस्करगृह्यसूत्र- हिन्दी व्याख्याकार जगदीशचन्द्र मिश्र- चौखम्बा, सुरभारती प्रकाशन वाराणसी, २०१२ ई.
याज्ञवल्क्यस्मृति - निर्णयसागर प्रेस मुम्बई, १९४९ ई.
मनुस्मृति - मोतीलाल बनारसीदास दिल्ली, १९८३ ई.
मुहूर्त चिन्तामणि - श्रीरामदैवज्ञ - मोतीलाल बनारसीदास दिल्ली, १९७२ ई.
आश्वलायन गृह्यसूत्रम् - चौखम्बा संस्कृत सीरिज, २०२८ वि.
चतुर्वर्ग चिन्तामणि - हेमाद्रिचौखम्बा संस्कृत संस्थान, १९८५ ई.
रघुवंश महाकाव्य- कालिदास - चौखम्बा सुरभारती प्रकाशन, १९७९ ई.
कुमारसम्भव - कालिदास - चौखम्बा विद्याभवन, १९८१ ई.
हितोपदेश - नारायण पण्डित संगृहीत - चौखम्बा संस्कृत प्रतिष्ठान, २०११ ई.
मर्यादा - शास्त्रानुसंधान परिषद, वर्ष १ अङ्क १, २०२५ वि.
हिन्दू संस्कार परिचय र विमर्श - डा. लक्ष्मीकान्त पन्थी - रत्नपुस्तक भण्डार, २०७३ वि.
क्यों भाग २ माधवाचार्य शास्त्री संस्करण ८, माधव विद्याभवन दिल्ली २०५३ वि.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अंग्रेजी खण्ड

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Axiomatic Systems and their Properties

Anilchandra Jha
Balmiki Campus, Kathmandu
e-mail: jha.anilchandra3@gmail.com

Abstract

An axiomatic system is a set of axioms that is used to derive theorems. It means that for every theorem in mathematics, there exists an axiomatic system that contains all the axioms needed to prove that theorem. An axiom is a statement that is considered to be true without any proof. The main aim of this paper is to establish that the proof of a specific result is simply a sequence of statement each of which follows logically from the ones before and leads from a statement that is known to be true, to the statement that is to be proved. This paper discusses the relationships among undefined terms, definitions, axioms and theorems of an axiomatic system and properties that can be exhibited by axiomatic systems. For this, we use the analytical method and axiomatic models. This paper helps in understanding axiomatic systems and building logical arguments.

Keywords: Axiomatic system, axiomatic model, consistency, independence, completeness

Introduction

The axiomatic system is any set of axioms from which some or all axioms can be used in conjunction to logically derive theorems (Gemignani, 1971). Euclid or Alexandria has authored the earliest extant axiomatic presentation of Euclidean geometry and number theory (Eves, 1969). Many axiomatic system has been studied intensively only since the end of the nineteenth century, including non-Euclidean geometry, the foundations of real analysis, Cantor's set theory, Frege's work on foundations, and Hilbert's new use of axiomatic method as a research tool (Wylie, 1964). In its earlier sense an axiomatic system was considered as having a meaning content, whereas more recently it has been understood in a purely formal sense - as practically synonymous, in fact, with the formal system. A formal axiomatic system must be considered as a pure system of deduction. Such a system, however, has interest only to the extent that it can be used to investigate the properties of theories having a factual content, i.e., to the extent that there are relationships between this system and contensive statements.

In an axiomatic system there is a set of axioms which are used to derive theorems (Wallace, &West, 1982). What this means is that for every theorem in math, there exists an axiomatic system that contains all the axioms needed to prove that theorem. First of all, for a proof to be convincing, it is necessary to establish ground rules for determining when one statement follows logically from another. For the purposes of this

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

development, the rules of logic are needed. Secondly, it is important that there must be a clear understanding of the terms and statements used in the proof. To ensure this clarity, one might try to define each term in the discussion. If, however, definitions contains an unfamiliar term, then on has a right to expect a definition of this term. Thus a chain of definitions is created. This chain must be either circular or linear. Since circularity is unacceptable in any logical development, it is assumed that the chain of definitions is linear. An unending sequence of definitions is at best unsatisfying, so the collection of definitions must end at some point, and one or more of the terms will remain undefined. These terms are known as the undefined or primitives terms of axiomatic system. The primitive term and definitions can now be combined into the statements or theorems of axiomatic system. For these theorems to be of mathematical values, one must supply logically deduced proofs. One need additional statements to prove these theorems. Once again to avoid circulatory, one or more of these statements must remain unproved. These statements, called axioms or postulates, must be assumed and form the fundamental truths of axiomatic system.

Thus any logical development (Wallace, &West, 1982) of an axiomatic system must, therefore, conform to the pattern represented below :

- Any axiomatic system must contain a set of technical terms that are deliberately chosen as undefined terms.
- All other technical terms of the system are ultimately defined by means of the undefined terms. These terms are the definition of the system.
- The axiomatic system contains a set of statements, dealing with undefined terms and definitions that are chosen to remain unproved. These are the axioms of the system.
- All other statements of the system must be logical consequences of the axioms. These derived statements are called the theorems of the axiomatic system.

An axiomatic system and the relationships among its undefined terms, axioms, and theorems can be shown by the following example.

Example: Axiomatic system for four-point geometry:

Undefined terms: point, line and on

Definition 1: Intersecting lines: Two lines on the same point are said to intersect and are called intersecting lines.

Definition 2: Two lines that do not intersect are called parallel lines.

Axiom 1: There exist exactly four points.

Axiom 2: Any two distinct points have exactly one line on both of them.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Axiom 3: Each line is on exactly two points.

Four-point theorem 1: In the four-point geometry, if two distinct lines intersect, then they have exactly one point in common.

Proof: By definition 1, two distinct intersecting lines have at least one point in common, and axiom 2 prohibits them from having more than one in common. So, if two distinct lines intersect, then they have exactly one point in common.

In the same manner, we can prove the following theorems:

Four-point Theorem 2: The four-point geometry has exactly six lines.

Four-point Theorem 3: Each point of the four-point geometry has exactly three lines on it.

Four-Point Theorem 4: In the four-point geometry, each distinct line has exactly one line parallel to it.

From the above discussion, the importance of relying on axioms and on the underlying logical structure in determining the truth of the theorems has been recognized.

Properties of axiomatic systems:

Axiomatic system mainly exhibit three important properties. They are as follows:

i. consistency
ii. independence
iii. completeness

(i) Consistency

The most important and most fundamental property of an axiomatic system is consistency. A set of axioms is said to be consistent if it is impossible to deduce from these axiom a theorem that contradicts any axiom or previously proved theorem (Wallace, & West, 1982). Without this property, an axiomatic system has no mathematical value, and further study of its properties is useless.

The consistency of an axiomatic system can be established by the following models:

Consider the following axiomatic system:

Undefined terms: Fe's, Fo's and the relation "belongs to".

Axiom 1: There exist exactly three distinct Fe's in this system.

Axiom 2: Two distinct Fe's belong to exactly one Fo.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Axiom 3: Not all Fe's belong to the same Fo.

Axiom 4: Any two Fo's contain at least one Fe that belongs to both.

Let us designate the Fe's as people and the Fo's as committees, and the axioms become the following:

Axiom 1: There are exactly three people.

Axiom 2: Two distinct people belong to exactly one committee.

Axiom 3: Not all people belong to the same committee.

Axiom 4: Any two committees contain one person who belongs to both.

Let the people be Ram, Shyam, Mohan, and the committees be Entertainment (Ram and Shyam), Finance (Shyam and Mohan), and Refreshments (Ram and Mohan) as shown below.



We see that as a collection these axioms are 'correct' statements and, therefore, this interpretation is an example of a concrete model as interpretations of the undefined terms are objects or relations adapted from the real world.

Again, let us designate Fe's as the letters in the set S = {P, Q, R}, and let Fo's be interpreted as all the two element subsets of S as shown below:

P ↔ Ram	{P, Q} ↔ Entertainment Committee
Q ↔ Shyam	{P, R} ↔ Refreshment Committee
R ↔ Mohan	{Q, R} ↔ Finance Committee

This is an example of abstract model. Both models have established the consistency of an axiomatic system. Concrete model has established the absolute consistency of axiomatic system while abstract model has established relative consistency of the axiomatic system.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ii) Independence

An individual axiom is said to be independent if it cannot be logically deduced from the other axioms in the system. The entire set of axioms is said to be independent if each of its axioms is independent (Wallace, & West, 1982). An axiomatic system should not be invalidated simply because its axioms are not independent. Any non-independent system has some redundancies, since one or more of its axioms could also appear as theorems. In general, a mathematician would prefer an independent axiom set, since any axiomatic system is best built on a minimum number of assumptions. It is often advantageous, however, to use a set of axioms that is not independent. For example, the axiomatic development studied in high level school geometry classes is based on a set of axioms that is not independent. The reasoning behind this, which is primarily pedagogical, is that often a very important and useful theorem occur easily in the development, and the difficulty of its proof, using an independent axiom set, may preclude its use for all but an experienced mathematician.

The independence of an axiomatic system can be demonstrated by the use of the following model.

Let the Fe's in the axiomatic system stated in the consistency be the elements in the set {A, B, C, D} and Fo's be the subsets{A , B},{A , C},{A , D}, and {B , C , D}. Then it is clear that Axiom1 is incorrect in this model since it contains four Fe's, but Axiom2 through 4 are all correct. Therefore, Axiom1 is independent of the remaining three.

(iii) Completeness

The property of completeness is concerned with the size of the axiom set (Wallace, & West,1982).It is said that an axiom set is of sufficient size or complete if it is impossible to add an additional consistent and independent axiom without adding additional undefined terms. Whereas independence guaranteed that the set of axioms is not too large, completeness guarantees that the chosen axioms are sufficient in number to prove or disprove any statement that arises concerning the collection of undefined terms.

Testing for the completeness directly is a great task. As with the consistency, the failure to find a new consistent, independent axioms does not eliminate the possibility of its existence and, therefore, is an insufficient procedure by which to completeness. So, one can, however, use the isomorphism of models to

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

demonstrate a form of completeness. If all models of a given axiomatic system are isomorphic, then the set of axioms is said to be categorical. The property of categoricalness can be shown to imply completeness.

Lastly, let us consider an axiomatic system for a collection of committees selected from a set of people to determine whether the axiomatic system is consistent, independent and complete or not (Lee, 1997).

Axiom (a): Each committee consists of exactly two people.

Axiom (b). There are exactly six committees

Axiom (c). Each person serves on exactly three committees.

We can find a model for this axiomatic system: in which each dot represents a person and line segment connecting the two dots indicates the committee.



Therefore, this axiomatic system is consistent.

Consider another model:



This shows that the first two axioms hold but the third does not. So, the third axiom is independent of the other two.

Again, we can show that second axiom is independent of the other two axioms by looking at the following model, in which Axiom (a) and Axiom (c) hold but Axiom (b) does not. Again, we are representing individuals by dots and committees by the line segments.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



If we use the six squares of the cube to represent six committees of four people each, then we have a model in which Axioms (b) and (c) hold, but Axiom (a) does not.

